# साना किसान

द्वैमासिक

# १९ औँ वर्ष प्रवेश विशेषाङ्क

२७ फागुन, २०७६

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

# साना किसान

त्रैमासिक

# १९ औं वर्ष प्रवेश विशेषाङ्क

२७ फागुन, २०७६

## प्रतिबद्धता

यस वित्तीय संस्थाको १९ औं वर्ष प्रवेशको उपलक्ष्यमा
नेपाल सरकार, सहयोगी निकायहरु, बैंक तथा वित्तीय संस्थाहरु,
आबद्ध सबै सङ्घ संस्थाहरु, सरोकारवाला एवम् शुभेच्छुकहरुमा
हार्दिक मङ्गलमय शुभकामना अर्पण गर्दै
वित्तीय समावेशिता, कृषिको व्यावसायीकरण र उद्यमशीलता प्रवर्धनको माध्यमबाट
साना किसानको समृद्धिमा सधैं समर्पित रहने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**
**परिवार**

**प्रमुख सल्लाहकार**
खेम बहादुर पाठक

**संरक्षक**
डा. शिवराम प्रसाद कोइराला

**सम्पादक**
झलेन्द्र भट्टराई

**अतिथि सम्पादक**
गोकुल चन्द्र अधिकारी

**विशेष सहयोगी**
पूजा पौडेल

**प्रकाशक**

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**
सुविधानगर, तिनकुने, पो.ब. नं. २१९५६, काठमाडौं
फोन नं. ०१-४१११८२८/४१११७५२
फ्याक्स ०१-४४१११९०१
Email: editorial@skbbl.com.np

# सम्पादकीय

## सबैमा नमन - साना किसान विकास अभियानको !

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. (साविक नाम : साना किसान विकास बैंक लि.) ले २०५८ असार २२ गते कम्पनी रजिष्ट्रारको कार्यालयबाट दर्ता नामाकरण प्राप्त गरी सोही वर्षको फागुन २७ गते नेपाल राष्ट्र बैंकबाट कारोबार सञ्चालन गर्न इजाजतपत्र प्राप्त गरेको हो । यस संस्थाका लागि यी दुवै दिन महत्वपूर्ण छन् । यसरी हेर्दा यो संस्था कारोबार सञ्चालनको १८ औं वर्ष पुरा गरी १९ औं वर्षमा प्रवेश गरेको छ । तर यी मितिहरूमात्र हेरियो भने विगत ४५ वर्षदेखि अविच्छिन्नरूपमा सञ्चालित साना किसान विकास अभियानलाई न्याय हुँदैन । साना किसान विकास अभियानको नवप्रवर्तनीय अभ्यासको सिलसिलामा संस्थापित यो वित्तीय संस्था आफैंमा एक जीवन्त उदाहरण बनेको छ। तसर्थ, यसको इतिहासलाई ४ खण्डमा हेरियो भने विकासक्रम बुझ्न सजिलो हुन्छ ।

**आयोजना काल :** सरकारको उच्च प्राथमिकतामा परेको कार्यक्रमको रूपमा कृषि विकास बैंकद्वारा वि.सं. २०३२ देखि २०४५ सम्ममा साना किसान विकास आयोजना स्थापना गरी विपन्न बाहुल्य ग्रामीण क्षेत्रहरूमा लक्षित वर्गको समूहगत अभ्यासबाट वित्तीय सेवाका साथै सामाजिक आर्थिक रूपान्तरणका लागि विभिन्न क्रियाकलापहरू सञ्चालन गरिए ।

**संस्थागत विकास काल :** साना किसान विकास कार्यक्रममा साना किसानहरूको उत्साहप्रद सहभागिता र अपनत्वबोधबाट विश्वस्त भई वि.सं. २०४५ देखि २०५० सम्म तिनै विपन्न साना किसानहरूको नेतृत्वमा स्थानीय स्तरमा संस्थागत विकासका अभ्यासहरू थालनी गरिए । समुदायस्तरमा पशु बिमा समिति निर्माण गरी किसानहरूकै सामुदायिक स्वामित्व र व्यवस्थापनमा पशु बिमा कार्यक्रमको अनौठो तर सफल अभ्यास सुरु गरियो । पशु बिमा कार्यक्रमको अभ्यासले साना किसानहरूमा व्यवस्थापकीय एवम् वित्तीय निर्णय क्षमता र सामूहिक उत्तरदायित्वलाई स्थापित गऱ्यो। यसबाट समेत प्रभावित भएर कृषि विकास बैंकद्वारा सञ्चालित साना किसान विकास आयोजनालाई स्थानीय लाभग्राही समुदायको स्वामित्व, व्यवस्थापन र नियन्त्रणमा सञ्चालन हुने पद्धतिको खोजी गरियो। वि.सं. २०४६ को जनआन्दोलन पश्चात स्थापित परिवर्तित राजनीतिक वातावरणले पनि आर्थिक एवम् सामाजिक रूपान्तरणका लागि स्थानीय स्तरको दिगो संस्था स्थापना गर्न प्रेरित गऱ्यो । फलस्वरूप कृषि विकास बैंकबाट सञ्चालित साना किसान विकास आयोजनाहरूलाई वि.सं. २०५० देखि स्थानीय लाभग्राही लक्षित वर्गको स्वामित्व, व्यवस्थापन र नियन्त्रण रहने गरी "साना किसान सहकारी संस्था" को रूपमा रूपान्तरण तथा हस्तान्तरण गरियो। साना किसान विकास अभियानमा कृषि विकास बैंकको यो एक साहसिक र दुरगामी कदम थियो । वि.सं. २०५० देखि साना किसान कृषि सहकारी संस्थाहरू अस्तित्वमा आए। यिनीहरुले सामुदायिक स्तरमा अत्यन्त प्रभावकारी परिणामहरू दिन थाले। आन्तरिक पुँजीको निर्माण, सामूहिक निर्णय प्रणाली, तीन तहको सङ्गठन, वित्तीय अनुशासन, असल अभ्यासको सिको, वित्तीय पहुँचमा अभिवृद्धि आदि यसका सबल पक्षहरू पाइयो ।

**साना किसान विकास बैंकको स्थापना :** साना किसान विकास कार्यक्रमको मुख्य सम्वाहक कृषि विकास बैंक आफैंमा सुदृढीकरण र पुनरसंरचनाको अभियानमा लागेको र वित्तीय सक्षमताका लागि वाणिज्य बैंकिङ्ग अभ्यासमा लाग्नु परेको हुँदा साना किसान कृषि सहकारी संस्थाहरूको लागि छुट्टै एक विशिष्टीकृत वित्तीय संस्थाको आवश्यकता महसुस गरियो । फलस्वरूप वि.सं. २०५८मा नेपाल सरकार, कृषि विकास बैंक केही वाणिज्य बैंकहरू र साना किसान सहकारी संस्थाको समेत लगानीमा "साना किसान विकास बैंक" स्थापना भयो । यसको प्रबन्धपत्रमा नै साना किसान सहकारी संस्थाहरूको बहुमत शेयर स्वामित्व पुऱ्याउने कुरा स्पष्ट व्यवस्था गरिएको छ । कृषि विकास बैंकसँग कारोबार गरिरहेका २१२ वटा साना किसान कृषि सहकारी संस्थाको कारोबार ग्रहण गरी सुरु भएको यो यात्रामा यस वित्तीय संस्थाले अनुसरण विधिबाट नयाँ साना किसान कृषि सहकारी संस्था निर्माण गर्न थाल्यो र आज स्थापित र प्रकृयामा रहेका गरी झण्डै ११ सय सहकारी संस्थाको भरोसाको केन्द्रको रूपमा यो संस्थाले सेवा प्रदान गर्दै आएको छ ।

यस वित्तीय संस्थाको स्थापनाले साना किसान विकास अभियानमा अभूतपूर्व फट्को माऱ्यो। सहकारीमा १०% को हाराहारी रहेको आन्तरिक पुँजी ७०% को छेउछाउ पुग्यो । करिब ३०% रहेको महिला सहभागिता ७८% पुग्यो । अति कमजोर अवस्थाको असुलीदर ९८% पुग्यो । १ लाखको हाराहारीमा रहेको सेवाग्राही सदस्य सङ्ख्या ८ लाखभन्दा बढी पुग्यो । संस्थाहरू कृषि मूल्य शृङ्खलाका विभिन्न अवयवहरूमा केन्द्रित हुन थाले । उत्पादनदेखि बजारसम्म कृषि सहकारीको सेवा विस्तार भयो । यो वित्तीय संस्था नेपाल सरकार, बैंक तथा वित्तीय संस्था, एसियाली विकास बैंक, आईफाड लगायत विभिन्न क्षेत्रबाट वित्तीय स्रोत सङ्कलन गरी सहकारीको बढ्दो माग सम्बोधन गर्न सफल हुँदैगयो । सहकारी संस्थाको सुशासन, क्षमता विकास र सुदृढीकरणका लागि समेत विभिन्न सहयोगी निकायसँग सहकार्य गरी उत्साहप्रद नतिजा प्राप्त गर्न सफल भयो ।

**कृषि सहकारी सङ्घहरूको स्थापना :** यस वित्तीय संस्थाले तत्कालीन जी.टी.जेड. समेतको सहयोगमा नेपालभर नै साना किसान कृषि सहकारी संस्थाहरूसँग अन्तरक्रिया, गोष्ठी र कार्यशालाहरू आयोजना गऱ्यो । त्यसबाट वि.सं. २०६४ पौष २९ गते नेपाल कृषि सहकारी केन्द्रीय सङ्घको स्थापना भयो । नेपालभरिका साना किसानहरूको यो केन्द्रीय सङ्गठनको मातहतमा जिल्ला स्तरीय र प्रदेश स्तरीय सङ्घहरू समेत गठन भइसकेका छन् । नीतिगत वकालत, क्षमता विकास, बजार प्रवर्द्धन र सामूहिक सौदाबाजीमा यी सङ्गठनहरूको महत्वपूर्ण भूमिका रहिआएको छ ।

साना किसानलाई समृद्ध बनाउने यस महान यज्ञमा धेरैवटा सङ्गठन, समूह, व्यक्ति र संस्थाहरूको अनवरत एवम् अथक प्रयास जोडिएको छ । त्यसैले यसलाई "साना किसान विकास अभियान" भनिएको हो । यस अभियानको केन्द्रीय भूमिकाबाट कहिल्यै पछि नहट्ने प्रतिबद्धता यस वित्तीय संस्थाको रहेको छ ।

इतिहासको लामो यात्रा तय गरेको यो कार्यक्रमलाई अझ सुदृढ र युग सापेक्ष बनाउन मुलुकका मूर्धन्य विद्वान, अभ्यासकर्ता, शोधकर्ता, नीतिनिर्माता एवम् अनुभवी महानुभावहरूका विचार, मार्गदर्शन, मूल्याङ्कन र सुझावहरू यस वित्तीय संस्थाको लागि सदैव ऊर्जा बनेको छ । वित्तीय संस्थाको १९ औं वार्षिकोत्सवको अवसरमा उहाँहरूबाट प्राप्त यिनै अमूल्य ज्ञान-खजानालाई पुस्तकाकारमा प्रकाशन गरिएको छ। हामी सम्पूर्ण लेखक विद्वानप्रति आभार व्यक्त गर्दछौं। साना किसान विकास अभियान एवम् यस वित्तीय संस्थालाई यस अवस्थासम्म ल्याई पुऱ्याउन अभिभावकत्व प्रदान गर्नुहुने, नेतृत्व लिनु हुने, संरक्षण प्रदान गर्ने, सहयोग गर्ने, सदासयता देखाउने, सहयात्रा गर्ने र सहकार्य गर्ने सबैमा देशैभरका साना किसानहरूको तर्फबाट नमन अर्पण गर्दछौं ।

# अनुक्रमाणिका


| क्र.सं. | विषय | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को १९ औं वर्ष प्रवेशको उपलक्ष्यमा संस्थाका अध्यक्ष श्री खेम बहादुर पाठकज्यूसँग साना किसान समाचार विशेषाङ्कको तर्फबाट गरिएको विशेष कुराकानी | | १ |
| २ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को १९ औं वर्ष प्रवेशको सन्दर्भमा प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाको विशेष आलेख | | ३ |
| ३ | Israeli Experience and its relevance to Nepal's agricultural sector development | - *H.E. Mr. Benny Omer* | ६ |
| ४ | ऋण पासो होइन, मुक्तिको बाटो बन्नुपर्छ | - *केशव बडाल* | १२ |
| ५ | विपन्नता परास्तको बाटो | - *दीपेन्द्रबहादुर क्षेत्री* | १५ |
| ६ | दिगो विकास लक्ष्यहरूको प्राप्तिमा सहकारीको भूमिका | - *सुदर्शन प्रसाद ढकाल* | १८ |
| ७ | नेपालमा जैविक खेतीको विकासको सम्भावना र साना किसान सहकारीले खेल्न सक्ने भूमिका | - *श्रीकृष्ण उपाध्याय* | २४ |
| ८ | नयाँ बैकिङ प्रणालीको आवश्यकता | - *जनकराज शाह* | २८ |
| ९ | दिगो विकासका लक्ष्य र लघुवित्तको भूमिका | - *डा. प्रकाशकुमार श्रेष्ठ* | ३० |
| १० | नेपालमा जडीबुटी प्रशोधन र आयुर्वेदिक औषधी उत्पादनका समस्या तथा सम्भावना | - *डा. कृष्ण चन्द्र पौडेल* | ३४ |
| ११ | साना किसान विकास कार्यक्रम: नेपालको एक मौलिक कार्यक्रम | - *जलन कुमार शर्मा* | ४० |
| १२ | साना किसान विकास अभियान: केही अनुभव र केही सान्दर्भिक सवालहरू | - *कुशेश्वर महतो* | ४५ |
| १३ | लघुवित्तीय सेवामा वैकल्पिक मोडेल : साना किसान सहकारी प्रणाली | - *कृष्ण प्रधान* | ४८ |
| १४ | नेपालमा लघुवित्त किन मौलाउन सकेन ? | - *नर बहादुर थापा* | ५० |
| १५ | नेपालमा लघुवित्त : गरिबी निवारणको सशक्त माध्यम | - *डा. वेदराज आचार्य* | ५४ |
| १६ | ACCESS TO FINANCE IN NEPAL: PAST, PRESENT AND FUTURE | - *Nara Hari Dhakal* | ५६ |
| १७ | नेपालमा वित्तीय साक्षरता, पहुँच र समावेशिताको अवस्था तथा सम्भावना | - *डा. रमेशप्रसाद चौलागाईं* | ६४ |
| १८ | लघुवित्त वित्तीय संस्थाहरूमा कर्जा जोखिम व्यवस्थापन | - *राजनविक्रम थापा* | ६८ |
| १९ | कृषि, ग्रामीण क्षेत्र र साना किसानदेखि आधुनिक बैकिङ्गसम्म कृषि विकास बैंक लि.: स्थापना, हालको अवस्था र देशको आर्थिक विकासमा पुऱ्याएको योगदान | - *प्रताप सुवेदी* | ७३ |
| २० | साना किसानद्वारा उत्पादित कृषि उपजको बजारीकरणमा नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ लि.को भूमिका | - *रुद्र भट्टराई* | ७८ |
| २१ | सहकारी संस्थाको सफलताका लागि नेतृत्वमा हुनुपर्ने गुणहरू | - *डा. नवराज सिम्खडा* | ८३ |
| २२ | संस्थाको रकम हिनामिना गर्ने पदाधिकारीलाई गर्नुपर्ने कानूनी कारबाही सम्बन्धी एक चर्चा | - *पोषण राज लामिछाने* | ८८ |
| २३ | प्रभावकारी बैठक व्यवस्थापन | - *कृष्ण प्रसाद लामिछाने* | ९२ |
| २४ | संस्था सुसञ्चालनमा व्यवस्थापनको भूमिका | - *अञ्जु पाठक* | ९५ |
| २५ | ग्रामीण स्वावलम्बन कोष : आरम्भदेखि विलयसम्म | - *गोकुल चन्द्र अधिकारी* | ९८ |
| २६ | मेरो दृष्टिमा साना किसान विकास बैंक - सहकारी नेतृत्वकर्ताहरुको अनुभव | | १०३ |
| २७ | इजरायल पुगेर मैले के सिकें? : साना किसान कृषि प्रशिक्षार्थीहरूको अनुभव | | १०७ |
| २८ | तथ्यहरूमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. | | ११० |

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को १९ औं वर्ष प्रवेशको उपलक्ष्यमा संस्थाका अध्यक्ष श्री खेम बहादुर पाठकज्यूसँग साना किसान समाचार विशेषाङ्कको तर्फबाट गरिएको विशेष कुराकानी



किसानले उत्पादन गरेका वस्तुको राम्ररी बजारीकरण हुनसकेको छैन । यसका लागि ऋणी सदस्यको उत्पादनलाई सङ्कलन गर्ने र त्यसलाई प्रशोधन गर्दै गाउँस्तरबाट सङ्कलित वस्तुलाई जिल्ला र प्रदेश हुँदै केन्द्रसम्म पुऱ्याउने प्रयत्नमा हामी निरन्तर लागेका छौं । - अध्यक्ष पाठक

**साना किसान विकास लघुवित्त वित्तीय संस्थाको खास पहिचान के हो ?**

राज्य वा सरकारसमक्ष पहुँच नभएका अनि अन्य वित्तीय संस्थाहरूका सेवा पनि नपुगेका स्थानका कृषक समुदायलाई वित्तीय र विभिन्न प्राविधिक सेवामार्फत सहायता पुऱ्याउनु नै यस संस्थाको मूल पहिचान हो । गरिबी जहाँ बढी छ त्यो नै हाम्रो गन्तव्य हो । पुँजी, प्रविधि, बजारलगायतका समस्या भोगिरहेका र न्यून आय भएका किसानलाई कृषि सहकारी संस्थामार्फत सेवा प्रदान गर्नु नै यस संस्थाको मूल कर्तव्य रहेको छ । हामी गरिबलाई सम्पन्न बनाउने संस्थाको रूपमा आफूलाई सधैं उभ्याइरहेका हुन्छौं

**नेपालमा धेरै खालका वित्तीय संस्थाहरू हुँदाहुँदै साना किसान विकास बैंकका नाममा यो वित्तीय संस्थाको स्थापना किन गर्नुपऱ्यो ?**

समग्र कृषि क्षेत्र र साना किसानलाई आवश्यक पर्ने वित्तीय स्रोत कृषि विकास बैंकले उपलब्ध गराउनेगरेको थियो । सो बैंक वाणिज्य बैंकसम्बन्धी गतिविधिमा केन्द्रित हुँदै गएपछि किसानको समस्यालाई सम्बोधन गर्ने संस्थाको आवश्यकता महशूस गरियो । किसानमध्ये पनि साना किसानको मात्र हितका लागि भनी अलग्गै वित्तीय कार्यक्रमको आवश्यकता देखियो । यही आवश्यकता परिपूर्तिका लागि यो वित्तीय संस्थाको स्थापना गरिएको हो । ग्रामीण क्षेत्रका साना किसानहरू वित्तीय स्रोतको सुविधाबाट बञ्चित हुनुनपरोस् भनेर कृषि विकास बैंककै पहलमा यसको स्थापना गरिएको हो ।

**नेपालमा लघुवित्त क्षेत्रमा थोककर्जा प्रदायकका रूपमा चारवटा संस्थाहरू रहेका छन् । सबैको कार्यशैली एकै देखिन्छ । यस संस्थाको अलग पहिचान के हो ?**

हामीबाहेकका थोककर्जा प्रदायकले अर्काले बनाइदिएका संस्थालाई वित्तीय स्रोत प्रवाह गर्छन् । हामी आफैंले निर्माण गरी आत्मनिर्भर तुल्याइएका संस्थालाई मात्र वित्तीय स्रोत प्रदान गर्छौं । आफैंले असल वित्तीय संस्कार दिएर हुर्काइएका संस्थाहरू भएकाले यिनलाई ढुक्कसँग कर्जा प्रवाह गर्न सकिने अवस्था छ । यो प्रक्रिया अन्तर्गत हामी पहिले गाउँका किसानलाई सङ्गठित गर्दै संस्था निर्माण गर्छौं । त्यसपछि उक्त संस्था हाम्रो साझेदार हुनपुग्छ । यसले गर्दा हामीले लगानीका लागि नयाँ बजार खोजिरहनु पर्दैन । आफैंले जन्माएको संस्था भएकाले हामी दुई (कर्जा लिने र दिने ) बिचको सम्बन्ध पनि बलियो हुन्छ ।

**ग्रामीण क्षेत्रमा रहेका साना किसान कृषि सहकारी संस्थाहरू र साना किसान विकास लघुवित्त वित्तीय संस्थाबिच कस्तो सम्बन्ध छ ?**

साना किसान विकास लघुवित्त वित्तीय संस्था भनेको मूलत, साना किसानको स्वामित्व भएका कृषि सहकारीहरूले मिलेर गठन गरेको संस्था हो । यसमा उनीहरूको शेयर सहभागिता उच्च छ । अर्कातर्फ त्यस्ता कृषि सहकारीहरू भनेका यो वित्तीय संस्थाले जन्माइ हुर्काई गरेका संस्थाहरू हुन् । यसरी हामी दुईबिचको पारस्परिक सम्बन्ध अत्यन्तै कसिलो छ ।

**साना किसानले स्थापना गरेका कृषि सहकारी संस्थाका लागि यो वित्तीय संस्था कर्जा प्रदायक मात्र हो अथवा अभिभावक वा संरक्षकसमेत हो ?**

सबै हो । हामी उनीहरूलाई ज्ञान,सीप,प्रविधि सबैथोक दिन्छौ । अनुगमन निरीक्षण पनि गर्छौं । कुनै विवाद आइपरे सहजीकरण पनि गर्छौं । कर्जा लगानीका लागि बचत र शेयर अपुग भएमा सुलभ कर्जा दिने काम पनि गर्छौं । ती संस्थाहरू बलिया भए हाम्रो संस्था पनि बलियो हुने अनि कमजोर भए हामी पनि कमजोर हुनेछौं भन्ने सोचेर काम गर्छौं ।

ती संस्थाहरूका लागि हामी अभिभावकको रूपमा समेत रहेका छौं । संस्थामा सक्षम नेतृत्व भएन भने सक्षम तुल्याउने काम पनि गरिदिन्छौं । कुनै नीति नियम चाहिएमा त्यसका लागि माथिसम्म सहजीकरण गर्ने

काम पनि गर्छौं । सुलभ कर्जा उपलब्ध गराउने काम पनि गर्छौं । उनीहरू यो संस्थालाई आफ्नो अभिभावक ठान्छन् र कुनै समस्या परे सोभै हामीकहाँ आइपुग्छन् । त्यसैले उनीहरूका लागि हामी सहजकर्ता,अभिभावक सबै हौं ।

**एकातर्फ सामाजिक अभियान अर्कातर्फ वित्तीय संस्थाको रूपमा आफ्नो मूल परिचय । यी दुई विशेषताको सन्तुलन कसरी मिलाउनुहुन्छ ?**

सर्वसाधारण लगानीकर्ताहरू लाभांश र र बोनस माग्छन् । यता कृषकहरू “नाफा होइन सेवा देउ,राम्रो सेवा पाए त, हामी उक्सिहाल्छौ नि” भन्छन् । शेयर खरिद गर्नेहरूले बोनस र लाभांश खोज्नु पनि स्वभाविक हो । सेवामूलक काम गर्दा नाफा घट्नथाल्छ र लगानीकर्ताहरू लाभांश कम भयो भनी कराउछन् । नाफामुखी काम गर्दा सेवामूलक काममा लागेका सहकारीहरूको भावना विपरीत हुनजान्छ । यी दुबैबिचको सन्तुलनका लागि सुलभ कर्जा र अनुदान खोजेर किसानसमक्ष पुऱ्याउने प्रयत्न गर्नेगरिएको छ । हामीलाई प्राप्त अनुदानको पैसाले सेवामूलक काम गर्छौं र थोककर्जाको रूपमा प्रवाह गरिएको वित्तीय स्रोतबाट ब्याज आर्जन गर्छौं ।

हामी न त शुद्ध सहकारीको मात्र अवधारणामा काम गर्ने संस्थाको रुपमा छौं, न त नाफामूलक कम्पनीको रुपमा मात्र । एकातिर खुकुलो बन्दा अर्कातर्फ कसिलो बन्नुपर्ने अवस्था छ । कम्पनी र सहकारी दुबैलाई एकै ठाउँमा राखेर लानुपर्ने अवस्थामा छौं । हामी सहकारी ऐन र कम्पनी ऐनको चेपुवामा छौं । यी दुबै ऐनसँग तालमेल मिलाएर हिंड्नुपर्ने अवस्था छ ।

**एकातर्फ सहकारीको आधारभूत मान्यता अर्कातर्फ स्टक एक्सचेन्जमा आबद्ध नाफामूलक कम्पनी । यसरी फरक पृष्ठभूमिमा तयार भएका ऐन तथा निर्देशनका कारण काम गर्न कत्तिको अफ्ठेरो हुन्छ ?**

हामी न त शुद्ध सहकारीको मात्र अवधारणामा काम गर्ने संस्थाको रूपमा छौं, न त नाफामूलक कम्पनीको रूपमा मात्र । एकातिर खुकुलो बन्दा अर्कातर्फ कसिलो बन्नुपर्ने अवस्था छ । कम्पनी र सहकारी दुवैलाई एकै ठाउँमा राखेर लानुपर्ने अवस्थामा छौं । हामी सहकारी ऐन र कम्पनी ऐनको चेपुवामा छौं । यी दुबै ऐनसँग तालमेल मिलाएर हिंड्नुपर्ने अवस्था छ ।

यसबाट उक्सन अब हामीले अलग्गै परिचय स्थापित गर्नुपर्ने हुन्छ । अलग्गै ऐन तर्जुमा गरेर यसलाई राज्यको विशेष संस्थाको रूपमा अगाडि लाने हाम्रो सोच हो । यस विषयमा विज्ञहरूसँग छलफल गरेर कार्यदिशा निर्धारण गर्नेछौं ।

बजारमा वित्तीय प्रतिस्पर्धा छ । कम ब्याजदरमा कर्जा प्रवाह गर्न धेरै संस्थाहरू साना किसानसमक्ष पुग्नेगर्छन् । तपाइहरूले कृषि सहकारीबाट लिने थोककर्जाको ब्याजदर उच्च भएपछि उनीहरूले पनि महँगो ब्याजमै किसानलाई लगानी गर्नुपर्ने हुन्छ । कम ब्याजदरमै कर्जा उपलब्ध गराउने यस्ता प्रतिस्पर्धी संस्थाहरूको उपस्थितिले तपाइहरूलाई कत्तिको असर गर्नेगरेको छ ।

सहकारीकर्मीहरूलाई हामीले इमान्दारीको संस्कार दियौं । त्यही इमान्दारिता देखेर प्रतिस्पर्धीहरू लोभिएर हाम्रा किसानसमक्ष आएका हुन् । यसो हुन सक्नु हाम्रो सफलता पनि हो । यसमा हामीलाई गर्व छ । कर्जा, बचत आदिजस्ता विषयमा पटक्कै ज्ञान नभएका गाउँलेलाई हामीले कर्जा दिन योग्य ग्राहक बनाएर कृषि सहकारी संस्थामार्फत कर्जा प्रवाह गर्नेगरेका छौं । हामीले सेवा दिने समुदाय गरिब किसान हुन् । तर हामीले सङ्कलन गर्ने स्रोतचै महँगो कस्ट अफ फन्डको हुने गर्छ । आफू सदस्य रहेको सहकारी संस्थामार्फत ऋण लिएमा ती किसानहरूले तिरेको ब्याजबाट प्राप्त लाभांश पनि उनीहरू स्वयंले पाउने हो । बाहिरबाट आई कर्जा प्रदान गर्नेले ब्याज आम्दानी आफैंले लिएर जान्छन् । यो कुरा ती ऋणी सदस्यले राम्ररी बुझेका छन् । त्यसैले प्रतिस्पर्धा बाक्लो भए पनि त्यसले हामीलाई खासै बिथोलेको छैन ।

**तपाईहरूका प्रयत्नबाट हुर्केका साना किसानहरूमध्ये कतिपय त, अब ठूला व्यवसाय गर्ने हैसियतका पनि भैसके । कृषि सहाकारीमार्फत प्रवाह हुनेगरेको रू.१० लाखको कर्जा सीमाले पुग्ने अवस्था छैन । त्यसैले ती ऋणीहरू अन्य वित्तीय संस्थामा जानुपर्ने बाध्यता छ नि ?**

प्रति साना किसान प्रदान गरिने कर्जा रकमको सीमा बढाएर ५० लाखसम्म पुऱ्याउने हाम्रो सोच हो । तर वर्तमान नियामक निकायको निर्देशनले रोकेको छ । एक्लै र समूहगत दुबैखाले व्यवसाय गर्न उनीहरूलाई सक्षम तुल्याउदै लानेछौं । सामूहिक व्यवसायको अवधारणा पनि ल्याएका छौं । यसबाहेका सहकारी स्वयंले व्यवसाय सञ्चालन गर्ने कामलाई पनि प्रवर्द्धन गर्दै लगिएको छ ।

**ग्रामीण स्वावलम्बन कोषको रकम अब यस वित्तीय संस्थामा आइपुगेको छ । यसको परिचालन कसरी गर्नुहुन्छ ?**

पहिलेभन्दा प्रभावकारी ढङ्गले यसको उपयोग गर्नेछौं । दलित,महिला लगायत पछिपरेका समुदायलाई प्रथमिकतामा राखेर यो स्रोतको उपयोग गरिनेछ । यो कोषको रकम हामी समक्ष आएपछि सस्तो ब्याजदरमा पैसा पाइन्छ भनेर कृषक सदस्यहरू खुशी भएको अवस्था छ । यो रकमलाई सकेसम्म अत्यन्तै गरिब र पछिपरेका वर्गलाई गरिखाने र आत्मनिर्भर तुल्याउने कामका लागि उपयोग गर्नेछौं ।

**यो संस्थाको अबको यात्रा कस्तो हुनेछ ? भावी कार्यक्रमहरू के के छन् ?**

हामीले ठूलो सङ्ख्यामा साना किसानलाई सेवा दिनुपर्ने अवस्था छ । हाम्रो सेवा सरकारलाई पनि चित्त बुझेका कारण देशका ७५३ वटै स्थानीय तहमा पुग्नुपर्ने भनी हामीलाई दिशानिर्देश भैसकेको छ । स्थानीय जनताले पनि हाम्रो सेवालाई पर्खिरहेका छन् । साना किसान कार्यक्रम गरिब किसानलाई आत्मनिर्भर बनाउने परियोजनाजस्तै भएकाले अब छुट्टै ऐन निर्माण गरेर राज्यको विशेष कार्यक्रमको रूपमा यो अभियानलाई अगाडि बढाउनुपर्छ । किसानले उत्पादन गरेका वस्तुको राम्ररी बजारीकरण हुनसकेको छैन । यसका लागि ऋणी सदस्यको उत्पादनलाई सङ्कलन गर्ने र त्यसलाई प्रशोधन गर्दै गाउँस्तरबाट सङ्कलित वस्तुलाई जिल्ला र प्रदेश हुँदै केन्द्रसम्म पुऱ्याउने प्रयत्नमा पनि निरन्तर लागेका छौं ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को १९ औं वर्ष प्रवेशको सन्दर्भमा
प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाको विशेष आलेख

# साना किसानको समृद्धिमा साना किसान विकास लघुवित्त वित्तीय संस्थाको अतुलनीय भूमिका



## १. पृष्ठभूमि

दुर्गम तथा ग्रामीण क्षेत्रका विकट भागमा बसोबास गर्ने बहुसंख्यक नेपालीहरूमा चेतना, सीप र ज्ञानको अभाव छ । ग्रामीण क्षेत्रका यस्ता समूहलाई विकासको मूलधारमा समेट्ने गरी उपयुक्त अवसरको सृजना नहुन्जेल ग्रामीण अर्थतन्त्रको रूपान्तरण, समग्र मुलुकको विकास र समृद्धिको कल्पना गर्न सकिन्न ।

यस वित्तीय संस्थले नेपाल सरकार र अन्य दातृ निकायबाट समेत वित्तीय तथा प्राविधिक सहयोग प्राप्त गरी बैंकिङ सेवामा पहुँच नभएका नेपालका विकट र पिछडिएका क्षेत्रहरूमा स्थानीय विपन्न समुदायको स्वामित्व र व्यवस्थापनमै वर्षेनी नयाँनयाँ साना किसान कृषि सहकारी संस्था स्थापना गर्दै वित्तीय सेवाको विस्तार गर्दै आइरहेको छ ।

मानव पूँजी विकासका लागि चेतना र सीप न्यूनतम आवश्यकता हुन् भने भौतिक र सामाजिक पूर्वाधार अनि वित्तीय पहुँच दोस्रो अनिवार्य आवश्यक कुराहरू हुन् । शदियौंदेखि बहुसंख्यक (हाल ६६ प्रतिशत) नेपालीले जीवन निर्वाहको एक मात्र विकल्पको रूपमा अँगालेको कृषि व्यवसायलाई रूपान्तरण, विविधीकरण र आधुनिकीकरण गर्न नसकुन्जेल ग्रामीण गरिबी निवारण र समावेशी दिगो विकासको सम्भावना रहन्न । यति मात्र होइन धनी र गरिबबिचको बढ्दो खाडल न्यून हुन नसकी सामाजिक न्याय, समानता र दिगो विकास लक्ष्य अनुरूपको कोही पछि नपरून् भन्ने चाहनासमेत कोरा कल्पना मात्र हुनजान्छ ।

यस पृष्ठभूमिमा नेपालको समग्र अर्थतन्त्रको विकासका लागि पिछडिएका अति विपन्न समुदाय र खासगरेर विपन्न महिलाहरू, लोपोन्मुख जाति, जनजातिहरूलाई एकैसाथ चेतना, सीप र वित्तीय सेवाका साथै उद्यमशीलताको विकास गराउन एकातिर आवश्यक देखिन्छ भने अर्कोतिर समग्र कृषि प्रणालीमा आमूल परिवर्तनको आवश्यकता छ ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था (साना किसान विकास बैंकको नामबाट स्थापना भएको) को उन्नाइसौं वार्षिक दिवस (फागुन २६ गते) मनाउने सन्दर्भमा यस वित्तीय संस्थाले गरेको विभिन्न उदाहरणीय कार्यहरूमध्ये मुख्य रूपमा वित्तीय समावेशिता कृषिको व्यावसायीकरण र उद्यमशीलता विकासमा भए गरेका कार्य र भविष्यको सोचबारे छोटो चर्चा गर्दछु ।

## २. वित्तीय समावेशिता

वित्तीय समावेशिताको अर्थ बैंकिङ/वित्तीय सेवासँग जोडिन नसकेका खासगरी विपन्न र पिछडिएका समुदायका मानिसहरूलाई समेत उनीहरूले वहन गर्न सक्ने उचित मूल्यमा बैंकिङ प्रणालीमार्फत वित्तीय सेवा पहुँचको प्रत्याभूति हुनु हो ।

यस अर्थमा साना किसान विकास लघुवित्त वित्तीय संस्थाले नेपालका ७० जिल्लाहरूमा ४२० स्थानीय निकायमा रहेका करिब एक हजार साना किसान कृषि सहकारीमार्फत झण्डै ९ लाख परिवारमा लघुवित्तीय सेवा पुऱ्याएको कुरा उल्लेखनीय छ । हरेक घरपरिवारको औसत आकारलाई गणना गर्दा झण्डै ४० लाख साना र विपन्न नेपालीले यस्ता सहकारीमार्फत वित्तीय सेवा प्राप्त गरेका छन् । समावेशिताको कुरा गर्दा कुल सेवाग्राहीमध्ये ११ प्रतिशत दलित र ४१ प्रतिशत आदिवासी जनजाति छन् भने महिलाहरूको सहभागिता ७८ प्रतिशत रहेको छ ।

यस वित्तीय संस्थले नेपाल सरकार र अन्य दातृ निकायबाट समेत वित्तीय तथा प्राविधिक सहयोग प्राप्त गरी बैंकिङ सेवामा पहुँच नभएका नेपालका विकट र पिछडिएका क्षेत्रहरूमा स्थानीय विपन्न समुदायको स्वामित्व र व्यवस्थापनमै वर्षेनी नयाँनयाँ साना किसान कृषि सहकारी संस्था स्थापना गर्दै वित्तीय सेवाको विस्तार गर्दै आइरहेको छ ।

यी सहकारीहरूले आफ्ना शेयर सदस्यहरूका लागि बचत,ऋण, बिमा, रेमिटान्स आदि बैंकिङ सेवाका अतिरिक्त सामाजिक चेतना अभिवृद्धि , क्षमता विकास उद्यमशीलता विकास, सामाजिक सामुदायिक कार्यहरूमा वित्तीय सहयोग, वित्तीय साक्षरता तथा महिला सशक्तिकरणका विविध

कार्यक्रमहरू सञ्चालन गर्ने गर्दछन् । गरिबीको रेखामुनि रहेका भूमिहीन तथा अत्यन्त गरिबीको अवस्थामा रहेका मधेशका दलित समुदायका मानिसहरू जस्तैः डोम, मुसहर,खत्वे, दुसाद र पहाडका चेपाङ, राउटे, बनकरीया दमाई, सार्की आदिलाई समेत समेट्ने गरी यस वित्तीय संस्थाले स्थानीयस्तरमा साना किसान कृषि सहकारीको स्थापना गर्दै ती संस्थाको निरन्तर अनुगमन, निरीक्षणमार्फत वित्तीय दिगोपनको प्रत्याभूतिसमेत गर्दै आइरहेको छ । साना किसान कृषि सहकारीबाट प्राप्त हुने विविध सेवाहरू अन्य कुनै पनि सहकारी वा बैंक वित्तीय संस्थाको तुलनामा उत्कृष्ट छ । यसैको परिणामस्वरूप यी सहकारीका सदस्यहरूको जीवनस्तरमा क्रमिक सुधारका सङ्केतहरू प्रशस्त देख्न सकिन्छ ।

### ३. कृषिको व्यावसायीकरण

कृषिको व्यावसायीकरण भन्नाले कृषिजन्य उत्पादनहरू उत्पादकले आफ्नो उपभोगका लागि आवश्यकभन्दा बढी उत्पादन गरी बिक्रीका लागि बजार पुऱ्याउने र सोको बिक्रीबाट खर्च घटाई नाफा आर्जन हुन सक्ने अवस्था हो । उल्लिखित अर्थमा हेर्दा नेपालका उत्पादक कृषकहरू आजको एक्काइसौं शताब्दीमा पनि परम्परागत हलो खेती गर्न बाध्य छन् । वर्षभरि गरिने खेतीबाट आफ्नै परिवारलाई खान नपुग्ने गरी उत्पादन हुने वा जेनतेन जीवन धान्न सक्ने अवस्था बहुसंख्यक नेपाली कृषकको रहेको स्पष्ट छ । बढ्दो जनसङ्ख्या, उपभोग शैलीमा परिवर्तन, पोषक खानाको बढ्दो माग, बढ्दो शहरीकरण, युवाहरूको विदेश पलायन, खेतीयोग्य जमीनको दैनिक ह्रास, सिँचाईको अभाव, उन्नत बीउ मल, प्रविधि, ज्ञान र सीपको अभाव, जलवायु परिवर्तन, जलस्रोतको कमी, वनविनाश आदिजस्ता कारणहरूले मुलुकको कृषि क्षेत्रमा समस्या ल्याएको छ भने खाद्य सुरक्षामा ठूलै चुनौती थपिएको छ । झण्डै चार, पाँच दशक अघिसम्म पनि खाद्यान्न निर्यातकर्ताको रूपमा रहेको मुलुक नेपाल आज वर्षेनी खरबौंको कृषिजन्य आयात गर्नुपर्ने अवस्थामा पुग्नु नेपालजस्तो कृषि प्रधान मुलुकको लागि सहज अवस्था मान्न सकिन्न ।

साठी प्रतिशतभन्दा बढी साना किसान रहेको र औसत एक हेक्टरभन्दा पनि कम जमीन उनीहरूको स्वामित्वमा रहेको अवस्थामा कृषिको व्यावसायीकरण यान्त्रिकीकरण वा आधुनिकीकरण सम्भव छैन । कृषिको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न अन्य कुराहरूका अतिरिक्त सामुदायिक/सहकारी खेती, यान्त्रिकीकरण, आधुनिक प्रविधि, सीप र ज्ञानयुक्त उत्पादक तथा शिक्षित समुदायको संलग्नता आधुनिक कृषि प्रणालीका आवश्यक शर्त हुन् । यस दृष्टिकोणबाट विचार गर्दा वित्तीय संस्थाको भूमिका कृषिको व्यावसायीकरणका लागि साह्रै उल्लेखनीय रहेको छ ।

कृषि पनि अन्य पेशा सरह मर्यादित व्यवसाय हो, यस पेशाबाट प्रशस्त नाफा आर्जन गर्न सकिन्छ, यस पेशामा निहित जोखिम न्यूनिकरण गर्ने पर्याप्त उपायहरू छन् भन्ने सन्देश पढेलेखेका युवा समुदायमाझ पुऱ्याई उनीहरूलाई कृषि पेशामा आकर्षण गर्ने अभिप्रायले वित्तीय संस्थाले सन् २०१३ देखि इजरायल सरकारसँगको सहकार्यमा नेपाल सरकारको समेत सहयोग प्राप्त गरी वर्षेनी झण्डै ५०० का दरले साना किसान परिवारका युवाहरू (२० देखि ३० वर्ष उमेर समूह) लाई इजरायलको कृषि प्रविधि तथा कृषि मूल्य शृङ्खला सम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्राप्त गर्न ११ महिने तालिमका लागि पठाउने गरिएको छ ।

हालसम्म सो तालिममा करिब ३ हजार २ सय युवाहरूले सहभागिता जनाइसकेका छन् । यस कार्यक्रम अन्तर्गत २ हजार ७ सयभन्दा बढी युवाहरू तलिम सम्पन्न गरी स्वदेश फर्किसकेका छन् र तीमध्ये झण्डै ३५ प्रतिशतले आफ्नै जग्गामा वा जग्गा लिजमा लिएर व्यावसायिक रूपमा कृषि तथा पशुपालन गरिरहेको देख्न सकिन्छ । यस्ता कैयौं उदाहरणहरूमध्ये लमजुङको दुराडाँडाको Arava Nepal Modern Agriculture Ltd. , Kinneret Agro Farm झापा, युवा एकता एग्रिकल्चर प्रा.लि. धादिङ, इजरायल नेपाल कोअपरेटिभ गाई फर्म सिन्धुपाल्चोक आदि युवा प्रशिक्षार्थीले गरेका केही व्यावसायिक कृषि पशुपालनका उदाहरण हुन् ।

यीबाहेक झापाको महारानीझोडामा ८४ विघा जग्गामा गरिएको सामूहिक खेती, झापाकै बनियानीमा प्रधानमन्त्री आधुनिक कृषि परियोजना अन्तर्गत गरिएको खेती, ताराताल, बर्दियाको सहकारी कृषि तथा पशुपालन, उत्तरगङ्गा सुर्खेतको सहकारी कृषि तथा पशुपालन, सानोश्री बर्दियाको चक्लाबन्दी कृषि (सुरुवाती अवस्था) आदि कृषि व्यावसायीकरण र आधुनिकीकरणका केही मात्र दृष्टान्तहरू हुन् । कृषिको व्यावसायीकरणबाट मात्र गरिबी घट्ने र आत्मनिर्भर अर्थतन्त्र निर्माण हुने कुरामा दुई मत छैन ।

### ४. कृषि उद्यमको विकास

नेपालमा हामीलाई चाहिएको हरित क्रान्तिको सम्भावना त्यस बेला मात्र हुन्छ, जब कृषि कच्चा पदार्थमा आधारित साना र मध्यम उद्योगहरूको स्थापना भई सञ्चालन हुन सक्ने उपयुक्त वातावरणको सृजना हुन्छ । यस्ता ससाना कृषि उद्योगबाट उत्पादक किसानहरूले भ्यालु एडिसनको लाभ प्राप्त गरी उत्पादनको उचित मूल्य पाउन सक्छन् । नेपाल राष्ट्र बैंकको हालसालैको अध्ययन (ने.रा.बैंक २०४५) अनुसार लघु, साना र मध्यम उद्योगहरूले कूल कर्जाको १६ प्रतिशतमात्र बैंक/वित्तीय संस्थाबाट प्राप्त गर्न सकेका छन् र ५० प्रतिशत यस्ता उद्योगहरूले मात्र बैंक वित्तीय संस्थाबाट ऋण प्राप्त गरेका छन् । यस बाहेकका अन्य नीतिगत र कानुनी समस्याहरू त छदैछन् । उद्यमशीलताको अभाव, बिजनेस इन्क्यूबेसन सेन्टर र बिजनेस डेभलपमेन्ट सर्भिसको अपर्याप्तता आदिले गर्दा साना उद्योगहरू दिगो रूपमा सञ्चालन हुन सकेका छैनन् ।

उपरोक्त तथ्यलाई आत्मसात् गर्दै गर्दा ग्रामीण रोजगारीको सृजना, गरिबी निवारण र उत्पादक कृषकले आफ्नो उत्पादनको उचित मूल्य पाउने अवस्थाको सृजना गर्न, आयात प्रतिस्थापन गरी व्यापार घाटा न्यून गर्न र उत्पादित वस्तुहरू निर्यात गरी देशको अर्थतन्त्र सुदृढ र आत्मनिर्भर बनाउन पनि लघु साना र मध्यम कृषि उद्योगहरू सञ्चालन गर्नैपर्ने अनिवार्य आवश्यकता हो । यस सन्दर्भमा वित्तीय संस्थाले आफ्ना साझेदार साना किसान कृषि सहकारीमा आबद्ध सदस्यहरू र सहकारी

संस्थालाई समेत कृषि उद्यम स्थापना प्रवर्धन र सञ्चालनमा आवश्यक वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउदै आएको कुरा स्मरणीय छ।

साना किसान कृषि सहकारी सदस्यहरूले सञ्चालन गरेका दूध सङ्कलन केन्द्र, संस्थागत बीउ प्रशोधन संस्थागत बेसार प्रशोधन, तोरीको तेल उत्पादन, चिया उद्योग, दुग्ध उद्योगहरू धेरै सङ्ख्यामा हेर्न सकिन्छ। साना किसान आफैँले आफ्नो स्वामित्वमा स्थापना गरी सफलतापूर्वक सञ्चालन गरेको पृथ्वीनगर, झापा र समालबुङ, इलामको चिया उद्योग उदाहरणीय उद्योग रहेका छन्। व्यावसायिक रूपले कृषि पशुपालन गर्न तथा साना र मझौला कृषि उद्योग स्थापना एवम् सञ्चालन गर्न वित्तीय संस्थाले नेपाल सरकारमार्फत एशियाली विकास बैंकबाट ग्रामीण उद्यम कर्जा आयोजना अन्तर्गत ५ करोड अमेरिकी डलर ऋण सहयोग प्राप्त गर्न भएको छ। यस ऋण रकम र प्राविधिक सहयोगबाट साना उद्यमी किसानहरूले सहजरूपमा कृषि उद्यम स्थापना र सञ्चालनार्थ ऋण सहयोग प्राप्त गरी त्यसबाट व्यावसायिक कृषि र कृषि उद्यमको प्रवर्धन हुने कुरामा विश्वास गर्न सकिन्छ।

> वित्तीय संस्थाले आफ्ना साझेदार कृषि सहकारीमार्फत साना कृषकहरूलाई कृषिको आधुनिकीकरण र व्यावसायीकरणमा अभिप्रेरित गर्नेगरेको छ। कृषि उत्पादनको बजारीकरणमा वित्तीय संस्थाले नेपाल कृषि सहकारी केन्द्रीय सङ्घसँग सहकार्य गरी हुम्ला, जुम्ला, मुस्ताङको साना किसानको उत्पादन काठमाडौँमा समेत बिक्रीवितरण गर्नेगरेको छ।

## ५. अन्तमा

कठिन भौगोलिक अवस्था, भौतिक र सामाजिक पूर्वाधारको कमी तथा वित्तीय साक्षरताको अभावले दुरदराजमा रहेका नेपालीहरू अझै पनि औपचारिक बैंकिङ/वित्तीय सेवाबाट वञ्चित छन्। करिब ६० प्रतिशतले मात्र औपचारिक वित्तीय सेवा प्राप्त गर्न सकेको तथ्यले यस कुराको पुष्टि गर्छ। सबैलाई वित्तीय पहुँच आजको चुनौती हो।

यस्तै कृषिको आधुनिकीकरण र व्यावसायीकरणको कार्य पनि उत्तिकै चुनौतीपूर्ण रहेको छ। यद्यपि नेपाल सरकारको नीति, बजेट र कार्यक्रममा समेत यसले नियमितरूपमा प्राथमिकता पाएको छ। विशेष आयोजनाको रूपमा कृषिको व्यावसायीकरणको लागि Project for Agriculture commercialization and Trade (PACT), High Value Agriculture Project (HVAP) र High Mountain Livelihood Improvement (HIMALI) सञ्चालन भए तापनि यसबाट समेत विविध कारणले राष्ट्रिय लक्ष्य पूर्ति हुन सकेन।

यस्तो अवस्थामा सहकारी खेतीको प्रवर्धन, कृषि उत्पादनका लागि आवश्यक सामग्री (Inputs) मा सहज पहुँच, सडक र बजार पूर्वाधार विकास, मूल्य शृङ्खला पात्रहरूका बिच बलियो होरिजेन्टल र भर्टिकल लिङ्केज आदिजस्ता कृषि नीति र कार्यक्रमको प्राथमिकता तय गर्नु आवश्यक छ। यसबाट कृषि उत्पादन प्रतिस्पर्धी भई व्यावसायीकरणमा टेवा पुग्छ। यिनै कुराहरूलाई मध्यनजर गरी वित्तीय संस्थाले आफ्ना साझेदार कृषि सहकारीमार्फत साना कृषकहरूलाई कृषिको आधुनिकीकरण र व्यावसायीकरणमा अभिप्रेरित गर्नेगरेको छ। कृषि उत्पादनको बजारीकरणमा वित्तीय संस्थाले नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ (NACCFL) सँग सहकार्य गरी हुम्ला, जुम्ला, मुस्ताङको साना किसानको उत्पादन काठमाडौंमा समेत बिक्रीवितरण गर्नेगरेको छ।

मूल्य शृङ्खलाको प्रवर्धनमा अहिले पनि वित्तीय संस्थाले साना किसान कृषि सहकारीमार्फत सदस्य किसानलाई आवश्यक प्रशिक्षण, ऋण र प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ भने माथि उल्लेख गरिएको एशियाली विकास बैंकको ऋण र प्राविधिक सहयोगबाट आगामी ५ वर्षभित्रमा धेरै साना तथा मझौला कृषि उद्योगहरू स्थापना भई ग्रामीण अर्थतन्त्र केही मात्र भए पनि वित्तीय संस्थाको प्रयासबाट थप सुदृढ हुने विश्वास गर्न सकिन्छ।

गरिबी निवारण र ग्रामीण विकासको उदाहरणीय मोडलको रूपमा स्थापित भैसकेको झण्डै एक हजारको सङ्ख्यामा रहेका साना किसान कृषि सहकारीले वित्तीय समावेशिता, कृषिमा व्यावसायीकरण र कृषि उद्यमको प्रवर्धनमा जोड दिई ग्रामीण अर्थतन्त्रको रूपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याएको तथ्यलाई मध्यनजर गर्दै साना किसान विकास लघुवित्त वित्तीय संस्थाको यस १९ औं वार्षिकोत्सवको अवसरमा देशका कुनाकाप्चामा रहेका विपन्न सीमान्त/साना किसानको समृद्धिमा यो वित्तीय संस्था अझ बढी दृढतापूर्वक लाग्ने प्रतिबद्धता व्यक्त गर्दछ।

# Israeli Experience and its relevance to Nepal's agricultural sector development

## By H.E. Mr. Benny Omer, Ambassador of Israel



### Introduction

The State of Israel, a small country in the Middle East and only 72 years age, is one of the youngest countries in the World. Although young, Israel has defeated time and advanced in its development with innovative ideas and noble technologies. Israel, that is 60 percent desert and once a barren land, is now a leader in agriculture.

Israel's agriculture is the success story of a long, hard struggle against adverse land and difficult climatic conditions. Over half of Israel's saline soil is arid or semi-arid (only 20% is arable) and Israel's natural water supplies are below the UN definition of water poverty. Even so, since Israel's establishment in 1948, the country has almost tripled the territory used for farming, and production has multiplied 16 times. Today, Israel manages to produce 95% of its own food requirements.

Israel's agricultural success is the outcome of close cooperation between farmers, Israel's agro industry, and technological research. About 17 % of Israel's budget allocated for agriculture is used for R&D. Technological achievements

**Israel in figures**

| | |
|---|---|
| Area | : 21937 $km^2$, which include 21497 $km^2$ land and 440 $km^2$ water (23.8% agricultural land, 5% forests and 60% desert) |
| Population | : 9 million |
| Climate | : temperate; hot and dry in southern and eastern desert areas |
| Terrain | : Negev desert in the south; low coastal plain; central mountains; Jordan Rift Valley |
| GDP | : $350.7 billion |
| GDP growth rate | : 3.3% |
| GDP - per capita | : $36,400 |
| GDP – composition | : by sector<br>(agriculture: 2.4%, industry: 26.5% and services: 69.5%)<br>Agriculture by products<br>(citrus, vegetables, cotton; beef, poultry, dairy products) |
| Labor force | : 4.068 million - by occupation<br>(agriculture: 1.1%, industry: 17.3%, services: 81.6%) |
| Unemployment rate | : 4.0% |
| Exports | : $108.9 billion |
| Imports | : $107.4 billion |

include computer controlled drip irrigation, computerized early-warning systems, thermal imaging for crop water stress detection, biological pest control and new varieties of fruits and vegetables. Israel has overcome water shortage through extensive water-reuse (86%) and desalination plants.

Most of Israel's farming is based on cooperative principles that evolved in the early 20th century. Two unique types of agricultural communities – the Kibbutz and Moshav. Kibbutz is a collective community in which the means of production are communally owned and each member's work benefits all. While Moshav is a farming village where each family maintains its own household and owns its own land, while purchasing and marketing are carried out jointly. Both communities provide a means to realize the dream of the pioneers to have rural communities based on social equality, cooperation and mutual support.

## Agricultural produces of Israel

Israel grows wide range of crops due to its diversity of land and climate across the country. Israel also grows huge varieties of Mediterranean fruits and grapes, which contribute to the country's growing wine business.

Israel has best quality local cows that produce the highest amount of milk per animal in the world. In an average, an Israeli cow produces 12,000 liters of milk per year. While the milk produced from cows is mostly consumed, milk produced from sheep is exported. In terms of poultry, which makes up two-thirds of meat consumption, 85% originate from moshavim.

Israel has access to saltwater fishing in the Mediterranean Sea and freshwater fishing on the Sea of Galilee. Israel is also using pioneering technology in building artificial lakes in the Negev desert to breed fish. Commercial fishing in the eastern Mediterranean has declined significantly due to depletion of fish reserves and the supply of fresh fish in Israel depends almost entirely on aquaculture.

Israel is one of the world's leading fresh citrus producers and exporters. More than 40 different types of fruits are grown there including pomelit, a hybrid of grapefruit and pomelo, which was developed in Israel.

In 1973, two Israeli scientists, Haim Rabinowitch and Nachum Kedar, developed a unique variety of tomato with slower ripening than ordinary tomatoes in a hot climate. Their research led to the development of the world's first long shelf-life commercial tomato varieties. This discovery transformed agricultural economics in Israel. It also had a global impact, enabling large-scale production through the prevention of spoilage. Previously, farmers were forced to discard 40 percent of their produce.

The Tomaccio tomato was developed by Hishtil Nurseries in Israel, which conducted a 12-year breeding program using wild Peruvian tomato species to create a sweet snack tomato 'cherry tomatoes'.

**Annual agricultural crop productions**

| Agricultural products | Main plant crops in '000 tons |
|---|---|
| **Vegetables** | |
| Potatoes | 511 |
| Tomatoes | 345 |
| Carrots | 220 |
| Peppers | 192 |
| **Fruits** | |
| Bananas | 135 |
| Avocados | 132 |
| Apples | 111 |
| Table grapes | 63 |

**Main animal products**

| | |
|---|---|
| Milk (cow) | 1.6 billion liters |
| Table eggs | 2.2 billion units |
| Broilers | 547000 tons |
| Turkeys | 104000 tons |

## Factors contributing to Israel's agriculture development

### Kibbutzim and Moshavim

In earlier days, there was food rationing in Israel. Jews that migrated to Israel in those days felt the need of living together and formed Kibbutzim and started collective farming to overcome the acute food scarcity.

The first "Kibbutz" was established in 1910 long before the establishment of the State of Israel, as a collective community based on a socialist ideology, which is unique to Israel. A typical Kibbutz was formed as a closely-knit social grouping, sharing all property and means of production and labor, while supplying all the needs of the members.

Kibbutzim were initially almost universally agricultural settlements, but over the years, it has been diversified from their agricultural roots, largely into manufacturing. Today, there are over 270 Kibbutzim in Israel. Kibbutz

companies account for about 10% of the country's agricultural output. Many of these industrial pursuits have led to great successes – Kibbutz Degania's diamond cutting factory now grosses several million dollars a year, whilst Kibbutz Hatzerim's company Netafim was the pioneer of drip irrigation system with a factory in the Kibbutz and many more around the world. Regardless of their status, Kibbutz offers a unique insight into Israeli society, making significant contribution to Israel's economy.

A "Moshav" is a unique type of cooperative farmers' village conceived in Israel in 20th century. As opposed to the more communal Kibbutz, the members of the Moshav preserve a relatively large degree of economic autonomy, but they do share various elements of mutual assistance.

The first Moshav was established in 1921. It is an extraordinary example of rural planning based on vision and ideology of State builders. The village revolves around a circular axis, with the farmers' houses gathered around a virtual "round table" demonstrating equality and collective reliance.

Although the methods have changed, the country's agriculture is still characterized by meager rainfall, saving water, finding new sources and making optimal use of scarce land.

The Moshavim are similar to Kibbutzim with an emphasis on community labour. Farms in a Moshav tended to be individually owned but of fixed and equal size. Farmers produced crops and goods on their land through individual and/or pooled labour and resources and profits are shared in same manner according to their contributions.

The prime activity of Kibbutzim and Moshivim is agriculture. 1.1% population are engaged in this sector, making 2.4% contribution to the GDP. They produce enough food for whole country and exports around USD 1.1 billion each year.

## Agricultural R&D and farmer oriented extension services

The agricultural sector is based on R&D, implemented by cooperation between farmers and researchers. Research results are quickly transmitted through an extension service to the field for trial, and problems are brought directly to the scientists for solutions. Agricultural R&D is carried out primarily by the Ministry of Agriculture's Agricultural Research Organization.

Israel's dairy cows have increased the average yield per cow from 6,300 liters in 1970 to over 12,000 liters today through scientific breeding and genetic testing carried out by the Volcani Institute. By harvesting sperm and ova from cattle of superior bloodlines, Israel is able to upgrade its own herd as well as share its advances in this field with other countries.

Israeli agriculturists have pioneered drip irrigation, agricultural biotechnology, soil solarization, and the sustained use of industrial wastewater for agriculture. These advances have been applied to marketable products, ranging from genetically engineered seeds and bio-pesticides to light-degradable plastics and computerized irrigation/fertilization systems.

Israeli-designed and manufactured computer systems are widely used to coordinate daily farming activities, such as guiding fertilizer injection while monitoring relevant environmental factors, supplying feed for livestock mixed according to tested least-cost/best-yield proportions, and providing a temperature- and humidity-controlled environment for poultry. In addition, a variety of innovative equipment for tilling, sowing, planting, harvesting, collecting, sorting, and packing has been developed, manufactured, and implemented.

Agriculture has also benefited from general scientific research, including automated plant tissue culture, biological insecticides, disease-resistant seeds, and biological fertilization.

## Irrigation

Over 2000 years ago, the earliest desert farmers, the Nabateans, cultivated sophisticated farms in the Negev desert by building terraces and clearing the soil of stones. Every drop of runoff water was collected and then diverted to the lower-lying fields and orchards.

Although the methods have changed, the country's agriculture is still characterized by meager rainfall, saving water, finding new sources and making optimal use of scarce land.

Water saving has been the farmers' main agenda since 1948. The country has eight major and several small-to-medium-sized companies producing irrigation and filtration equipment, all internationally active.

### Drip irrigation

Drip irrigation, a unique Israeli invention, is transforming the lives of millions of farmers not only in Israel but also across the world. It has enabled higher yields from any land, while drastically saving water, fertilizer, energy and the cost. It is the most efficient water and nutrient delivery system for growing crops. It delivers water and nutrients directly to the plant's roots zone, in the right amounts, at the right time, so each plant gets exactly what it needs, when it needs it, to grow optimally.

### Mechanization and Agro-technology

Israel is a world leader in agricultural innovation, which has led to dramatic increase in the quantity and quality of the country's crops. The drive to increase yields and crop quality has led to the development of new seeds and plant varieties, as well as led to innovations such as soil conditioner substance, drip irrigation, etc.

In order to lower costs, increase yields, improve quality and save manpower, innovative agricultural machinery and electronic equipment have been locally designed and manufactured, and are widely used.

Automated milking and dairy herd management systems, egg-collecting equipment, computerized feeding systems and production-recording computers have been introduced, as well as machinery for grading, packing, controlling during refrigeration and transporting of produce.

### Growing Crops in the Desert

First Prime Minister of Israel David Ben-Gurion had a firm belief that Israel will not develop unless its desert blooms.

Since 1948, the sparsely populated desert area between Be'er Sheva and Eilat (the Arava and the Negev) has played an important role in agricultural production. More than 40% of the country's vegetables and field crops are grown there. Today, with shrinking of farmland in the country's densely populated central region, the importance of the Negev and the Arava for farming is increasing. In the process, the pattern of farming in the desert is also undergoing changes, and new varieties of crops suited to the region's conditions are being developed and introduced, along with animal husbandry.

The unique advantages of the two regions are their long hours of sunshine and relatively high temperatures, relatively cheap land and availability of adequate water for irrigation. The advantage of this is that it makes possible to grow for export to Europe during the winter months using less energy, when prices are highest.

The new wave of 'greening the desert' has been encouraging. In the Negev, more suitable climatic conditions and cultivation of new citrus varieties have resulted in yields 50-100 percent higher than those in the North. Desert agriculture is already playing an indispensable role in Israel's food economy.

### Agriculture is business

Agriculture should not only be subsistence oriented rather it is a business. It is considered a risky business and requires proper planning, resource management, production, and marketing of agricultural commodities. As technology has progressed and markets have become increasingly global, agricultural business has developed to meet and solve high-tech farming needs and problems. In order to succeed in Agriculture business, it requires significant investment and proper study of market needs.

### How to engage youth in agriculture

In today's world, youth are less encouraged to engage in agricultural profession. Population is growing alarmingly but the arable land for growing crops remains the same. In order to feed the growing population, the world needs to grow more from the same area of land with the application of modern agro-technologies and improved high yielding seeds to produce high quality agricultural products.

Low profitability, land fragmentation, and high risks are just some of the reasons that youth are not encouraged to agricultural profession and are leaving rural areas to seek jobs in cities, a migration that could see any country with a shortage of farmers in the future. This poses a serious threat to the future of farming and to meeting the demands of a rapidly growing urban population. Growing youth unemployment, ageing farmers and declining crop yields under traditional farming systems mean engaging youth in agriculture should be a priority.

**Suggestions for making agriculture more attractive to younger generations.**

(1) Social media and agriculture

The rise of social media and its attraction among youth with access to the appropriate technologies could be a route into agriculture if the two could be linked in some way. Growing use of mobile phone among youth may serve as an appropriate platform for promoting agriculture related information to motivate and educate younger generation for engagement in agricultural profession.

(2) Promote farmers image as businessmen

Farming is rarely portrayed in the media as a young person's profession. It is mostly portrayed as outdated, unprofitable and hard work. Greater awareness of the benefits of agriculture as a career needs to be built amongst youth, in particular, opportunities for greater market engagement, innovation and farming as a business. Media can be used to help better agriculture's image across a broad audience and for sharing of information and experiences between youth and farmers.

(3) Higher education in agriculture

Relatively few students choose to study agriculture. Agriculture studies must be youth friendly. Beyond technical skills, building capacity for management, decision-making, communication and leadership should also be central to higher education. Reforms to agricultural tertiary education should be designed as such that the process requires their youth's engagement. Youth opting to study in agriculture must be awarded full scholarships by the Government as well as by business firms under their CSR contributions.

(4) Use of Information and Communication Technologies (ICT)

Not only can ICT be used to educate and train those unable to attend higher education in agriculture but it can be used as a tool to help young people spread knowledge, build networks, and find employment in agro based industries.

(5) Empower younger generation to speak up

If youth are to engage in transforming agriculture then the barriers to their engagement, such as access to land and finance, need to be addressed. National policies on farming and food security need to identify and address issues facing young people. As such, youth need to become part of policy discussions at the local and national levels.

(6) Facilitate access to land and credit

Land is often scarce and difficult to access for young people, and without collateral getting credit to lease/buy land is impossible. Innovative financing for agriculture and small businesses is needed. Any youth looking forward to pursue agricultural profession must be given easy access to loan with low interest rate.

(7) Put agriculture on the school curricula

Primary and high school education could include modules on farming, from growing to marketing crops. This could help young people see agriculture as a potential career. Schools providing agriculture as one of the subject for study must have farm for practical experiments.

(8) Public investment in agriculture

Young people may see agriculture as a sector much neglected by the government. Investment in agriculture is more effective at reducing poverty than investment in any other sector. Cloud investment in agriculture must be allowed with simple procedures. These investments must be counter guaranteed by a national insurance policy.

(9) Make agriculture more profitable

This is an easy statement to make but a difficult one to realize. Low yields and market failures reduce the potential of agriculture to be profitable. Making agriculture profitable requires reduction of costs of farming and doing business while at the same time productivity increases. For large-scale commercial farming, this may not be the case.

Of course, all of these solutions come with their own hurdles: access to education and technologies. However, engaging youth in agriculture is not so simple but their involvement in agriculture can transform any country economically.

## Israel's support to Nepal

Israel has been supporting Nepal in human capacity building in the sectors like, agriculture, education, health, etc. since the establishment of diplomatic relations in 1960, through MASHAV (Israel's Agency for International Development Cooperation, Ministry of Foreign Affairs).

Since 2013, another element has been added in its effort to support Nepal develop its agriculture sector. Advanced Agricultural Training in Israel also known as "Learn and Earn Program" is being implemented by Small Farmers Development Bank (SKBBL) together with the Embassy of Israel in Nepal with an objective of attracting youths by providing advanced knowledge and skills for commercial farming. Youths of 22-30 years group belonging to small farmer families, affiliated to Small Farmer Agriculture Cooperatives Ltd (SFACLs) in different districts of Nepal, are given opportunity to participate in 11 months agricultural training in different colleges and agricultural training centers in Israel. So far, between 2013-2019, 3,161 farmers have participated in the program.

**No. of Farmers participating in Learn and Earn Program**

| Year | Male | Female | Total |
|---|---|---|---|
| 2013/14 | 179 | 26 | 205 |
| 2014/15 | 456 | 62 | 518 |
| 2015/16 | 353 | 78 | 431 |
| 2016/17 | 361 | 83 | 444 |
| 2017/18 | 438 | 104 | 542 |
| 2018/19 | 433 | 104 | 537 |
| 2019/20 | 400 | 84 | 484 |


During the training program, farmers are given opportunity to get exposed to new and modern agriculture technologies, best farm practices, and commercial side of agriculture. Besides classroom sessions, they work in the farms to practice what they learned in theory classes.

The farmers returning from Israel, either individually or in a group, are engaged in modern agriculture farming, presenting themselves as role model farmers in their communities to motivate youths to engage in agricultural profession and contribute in Nepal's agricultural sector development.

## Conclusion

The fundamental responsibility of any country is to be able to feed its population. Food sovereignty can be achieved only through extended agriculture. In the beginning, agriculture always plays an important role in any country's development. It is natural that majority of population being engaged in the agricultural profession in earlier days. As country develops, there will be a gradual transition from agriculture to other service sectors, meaning there will be less people available for farming, yet country must produce enough food to feed its population. It will be possible only with use of modern agro technologies, high yielding seeds, fertilizers and postharvest techs in the farming systems. There is always a need for development of the agricultural sector but to involve youths in this sector still remains a challenge.

**No. of Farmers participating in Learn and Earn Program**



# ऋण पासो होइन, मुक्तिको बाटो बन्नुपर्छ



केशव बडाल*

संसारकै विकासको आधार कृषिबाटै निर्माण भएको छ। जापान, कोरिया, चीनलगायतका देशहरूको औद्योगिक विकासको आधार कृषि नै हो। हाम्रो देशको प्रमुख उत्पादक शक्ति किसान र प्रमुख उत्पादनको साधन भूमि नै हो। नेपालमा अध्ययन भएका उच्चस्तरीय भूमिसुधार आयोग, दीर्घकालीन कृषि योजना, कृषि विकास रणनीति जति पनि खोजमूलक लक्ष्य निर्धारण गरिएका छन्, ती सबैले कृषि, भूमि र किसानको महत्वबोध गराएका छन्। प्रमुख उत्पादक शक्ति किसान सन्तुष्ट र उत्साहित हुन सकेका छैनन्। लगानीको प्रतिफल प्राप्त गर्न सकेका छैनन्। भूमिहीनले जमिन पाउन सकेका छैनन्। भूमि हुनेहरूले पनि लागतको प्रतिफल पाउन सकेका छैनन्। उत्पादनमा प्रतिस्पर्धी हुन सकेका छैनन्। यस्तो अवस्थामा परिवर्तन ल्याउन श्रमप्रधान कृषिक्षेत्रमा क्रमशः यान्त्रिकीकरण र आधुनिकीकरणको सख्त आवश्यकता छ। यसका लागि सहकारी खेती आवश्यक भैसकेको छ। जसका कारण मात्रा, गुण र माग अनुसार उत्पादन गर्न सकियोस्।

> साना किसान लघुवित्त वित्तीय संस्थाले गर्ने लगानी र गरेको लगानीमा ऋणीहरू पीडित भएको, पीडा महसुस गरेको भेटिएको छैन। यसकारण सबै लघुवित्त वित्तीय संस्थालाई एउटै डालोमा राखेर हेर्नु उपयुक्त हुन्न।

कृषि विकास गर्दा भारतको पञ्जाब र हरियाणाको जस्तो उत्पादन वृद्धि गर्ने तर दिगो नहुने गरी जानु पनि हुँदैन। हामीले गरेका प्रत्येक विकासले हाम्रो प्रकृति र हाम्रा सन्तानलाई नकारात्मक प्रभाव पार्न दिनु पनि हुँदैन। एकातिर जमिनको एक टुक्रा पनि खेर नजाओस्, अलपत्र नपरोस् भनेर पारिवारिक खेती गर्न जरूरी छ भने साना साना टुक्रामा विभाजित जमिनलाई सहकारी खेतीको रूपमा विकास गरेर विशाल उत्पादन इकाईको विकासबाट उत्पदानको मात्रात्मक र गुणात्मक स्तर विकास गरेर राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारसम्म जान र लान जरूरी छ।

श्रमप्रधान कृषिलाई क्रमशः यान्त्रिकीकरण र आधुनिकीकरण गर्न दक्ष श्रमिक, आधुनिक बिउ प्रविधि ठूलो मात्राको उत्पादनसहितको बजारसँग जोड्ने सशक्त कृषि सहकारी संस्थाहरूको राष्ट्रव्यापी सञ्जाल आवश्यक छ। यसका लागि वित्तीय स्रोतको आवश्यकता पर्छ। लघुवित्त र वित्तीय आवश्यकता पुरा गर्न सरल, व्यावहारिक न्युनतम सहुलियत ब्याजदरमा वित्तीय पहुँच पूरा गर्ने साना किसान विकास लघुवित्त वित्तीय संस्थाको क्षमता बढाउन राज्यले महत्वपूर्ण योगदान गर्न जरूरी छ। यो वित्तीय संस्थाको भूमिका पनि सबै ७ सय ५३ पालिका र ७७ वटै जिल्लासम्म विस्तार गर्न यसको दायरा बढाउन जरूरी छ। संयुक्त राष्ट्र सङ्घले अघि सारेको दिगो विकास लक्ष्य र राष्ट्रले अँगालेको तीन खम्बे अर्थनीति अनुरूप जान पनि जरूरी छ।

साना किसान लघुवित्त वित्तीय संस्थाको प्रोत्साहन र साना किसान कृषि सहकारी केन्द्रीय सङ्घ अन्तर्गत सातै प्रदेश, ७७ मध्ये ७५ जिल्ला र ४ सय २१ पालिकामा गठित र प्रवर्धनका क्रममा रहेको समेत संस्था र सङ्घ गरेर १०८२ छन्। झण्डै १० लाख ५० हजार घर परिवारका करीब ५० लाख मानिसहरू यसमा सामेल छन्। यसरी गठित कार्यक्षेत्रका अल्पसख्यक समुदायका ९६ प्रतिशत नागरिक संस्थामा आबद्ध छन्। महिलाहरू मात्र ७८ प्रतिशतभन्दा बढी आबद्ध छन्। उक्त सङ्घ/संस्थाहरूमध्ये साना किसान कृषि सहकारी केन्द्रीय सङ्घको आफ्नै केन्द्रीय कार्यालय सानेपामा छ भने उक्त सङ्घ/संस्थामध्ये ५ सय ४० को आफ्नै कार्यालय भवन छ।

अन्य लघुवित्तीय संस्थामध्येका कतिपयको लगानी र त्यसको पीडायुक्त तस्बीर हाम्रा अगाडि उदाहरणका रूपमा देखिएका छन्। तर साना किसान लघुवित्त वित्तीय संस्थाले गरेको लगानीको हकमा त्यस्तो पीडा एकजना किसानले पनि बेहोर्नुपरेको छैन। किनभने साना किसान लघुवित्त वित्तीय संस्थाले गर्ने लगानी र गरेको लगानीमा ऋणीहरू पीडित भएको, पीडा महसुस गरेको भेटिएको छैन। यसकारण सबै लघुवित्त वित्तीय संस्थालाई एउटै डालोमा राखेर हेर्नु उपयुक्त हुन्न।

कृषि सहकारी केन्द्रीय सङ्घका सदस्य रहेका संस्था ४ सय २१ पालिकाबाट अब सबै ४ सय ६० गाउँपालिका र २ सय ७६ वटै नगरपालिकामा स्थापित गर्नेगरी अर्थ मन्त्रालय, कृषि विकास बैंक र अन्य बैंकहरूको प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरिने स्रोत यसैमार्फत लगानी गर्न राज्यका सम्बद्ध निकाय तयार हुनुपर्छ। त्यस्तो नहुँदा लक्षित समुदाय र वर्गलाई उत्थान गर्ने लक्ष्य पूरा गर्न सकिदैन। अहिलेसम्म विभिन्न कार्यक्रममार्फत सबै साना किसान कृषि सहकारी, प्रारम्भिक सहकारी संस्था, जिल्ला सहकारी सङ्घ र केन्द्रीय सहकारी सङ्घहरूको साधारण सभा र विभिन्न तालिम प्रशिक्षणका क्रममा प्राप्त सोसल अडिटले यही तथ्यलाई उजागर गरेर देखाएको छ। यसकारण देशका सबै पालिकाहरूमा काम गर्न सक्ने गरी साना किसान कृषि सहकारी केन्द्रीय सङ्घको नेतृत्व र साना किसान लघुवित्त वित्तीय संस्थाको प्रोत्साहनका लागि पर्याप्त स्रोत व्यवस्था गर्न राज्यको भूमिका थप प्रभावकारी हुन आवश्यक छ।

खासगरी व्यवसाय प्रवर्द्धन गर्न रोजगारी सिर्जना गर्न, गरिबी निवारण

* पूर्व मन्त्री एवम् निवर्तमान अध्यक्ष, राष्ट्रिय सहकारी महासङ्घ

गर्न, आयात प्रतिस्थापन गर्न र निर्यात प्रवर्द्धन गर्नका लागि उक्त कुरा आवश्यक छ। सँगसँगै कृषिमा युवा जनशक्ति आकर्षित गर्न र स्वदेशमा नै आकर्षक रोजगारी सिर्जना गरेर वैदेशिक रोजगारीमा जाने युवाको चाप घटाउन आवश्यक छ । हाम्रा सबै विश्वविद्यालय खासगरी कृषि वा वन विश्वविद्यालय, कृषि अनुसन्धान परिषद्, सबैखाले प्राविधिक शिक्षालयको प्रशिक्षणमा यी विषय महत्वका साथ सामेल गरिनुपर्छ । अहिले राष्ट्रिय सहकारी महासङ्घले "मर्यादित श्रम र पर्यटनका लागि सहकारी" भन्ने थिम राखेको छ। यस अघिको थिम "दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी" रहेको थियो ।

हाम्रो देश संयुक्त राष्ट्र सङ्घको सक्रिय सदस्य हो। संयुक्त राष्ट्र सङ्घले दिगो विकासको लक्ष्यमा १७ बुँदा अघि सारेको छ। त्यो लक्ष्य हासिल गर्न अब केवल ११ बर्ष बाँकी छ । त्यो लक्ष्य प्राप्त गर्ने अवसरबाट देशका कुनै पनि भेगका कुनै पनि व्यक्ति बाहिर पर्नु हुँदैन भन्ने अठोट गरिएको छ । त्यसमा नेपालले पनि हस्ताक्षर गरेको छ । यी कुरालाई प्राप्त गर्न खासगरी ग्रामीण क्षेत्रका अल्पसंख्यक र गरीब किसानलाई समेटेर अघि बढ्ने मामिलामा साना किसान कृषि सहकारी केन्द्रीय सङ्घले हासिल गरेको अनुभवबाट अन्य सहकारी क्षेत्रले हासिल गरेको अनुभव, राष्ट्रिय सहकारी महासङ्घले हासिल गरेको अनुभव, प्रा.डा. अमार्त्य सेन, प्राध्यापक डाक्टर युनुस मोहमदले प्राप्त गरेको अनुभवसमेतलाई ध्यानमा राखेर कार्यक्रमहरू अघि बढाउन जरूरी देखिन्छ ।

हाम्रो देशका दीर्घकालीन कृषि योजना, उच्चस्तरीय भूमि सुधार आयोगको सुझाव, कृषि विकास रणनीतिले देखाएका बाटाहरू यसका लागि सन्दर्भ सामग्री हुन सक्छन्। हाम्रो देशको ठोस परिस्थितिको ठोस विश्लेषण गरेर कार्यक्रम अघि बढाउनुपर्छ। नेपाली ग्रामीण जनतालाई ऋणको धरापमा पर्न नदिएर समृद्ध नेपाल सुखी नेपाली बनाउन बल पुग्ने खालको वित्तीय व्यवस्था जरूरी छ ।

उत्पादनले बजार पाउन बजार प्रतिस्पर्धी क्षमता हुन आवश्यक छ । हाम्रो देशको पूर्व दक्षिण र पश्चिम १८८० किलोमिटरको भारतसँग खुला सीमाना छ। उत्तरतर्फ १४०८ किलोमिटर सीमाना छ तर खुला छैन । हाम्रो उत्पादनलगायत, गुणस्तर मूल्य प्रतिस्पर्धी भएन भने विदेशी उत्पादनसँग टिक्न सक्दैन। यसकारण प्रतिस्पर्धी क्षमता बढाउन उक्त देशको उत्पादनमा ती देशले दिनेगरेको सुविधाबाट उत्पादित बस्तुसँग टिक्न सक्ने गरी नेपाली उत्पादनलाई संरक्षण र प्रोत्साहन दिन जरूरी छ। त्यसमध्ये महत्वपूर्ण नेपालको कृषि क्षेत्रको संरक्षणका सबै क्षेत्रमा राज्यको उदारतापूर्ण सहयोग जरूरी छ। वित्तीय सहुलियत पनि महत्वपूर्ण छ । सबै कृषि सहकारी र कृषि क्षेत्रलाई ऋणको धरापबाट जोगाउन राज्यको अभिभावकत्व आवश्यक छ ।

आदिकालदेखि आजसम्म पनि समाजको आर्थिक, सामाजिक र साँस्कृतिक आवश्यकता पूरा गर्नका लागि ऋण आवश्यक पर्दै आएको छ। संसारमा सामान्य साग बेच्ने, चिया बेच्ने र चना चटपटे बेच्नेदेखि लिएर संसारको सबैभन्दा ठूलो अर्थतन्त्र भएको संयुक्त राज्य अमेरिकालाई पनि ऋण आवश्यक पर्छ, परेको देखिन्छ। तर त्यो ऋणको सही उपयोग भएको छ कि छैन ? त्यो ऋणलाई सानो वा ठूलो उत्पादनशील व्यवसायमा उपयोग गरिएको छ कि छैन ? जीवनस्तर उठाउने व्यवसायमा लगाइएको छ कि छैन ? ऋण कारोबारलाई लिएर हाम्रो समाजको प्रचलित उखान छ- "हसियाँ त खाईस् भोली चाल पाउलास्।" यो उखानले ऋण लिनेले सतर्क हुनुपर्ने कुरालाई सङ्केत गर्छ। ऋणदाता को हो ? ऋण दाताको मनसाय के हो ? ऋणको उपभोग केमा, कसरी गर्ने कार्यक्रम के छ ? यो महत्वपूर्ण विषय हो ।

सामाजिक व्यवसायको सोचाई अझै पनि परम्परागत व्यवसायजस्तो सबै साधारण जनतामा लोकप्रिय भैसकेको छैन। क्रमशः अब सामाजिक व्यवसाय अर्थात् सहकारी गतिविधिलाई आधारभूत तहसम्म जनजनमा स्थापित गर्न जरुरी छ । साना किसान कृषि सहकारी केन्द्रीय सङ्घ र अन्तर्गतका सङ्घ/संस्थाले यसलाई अङ्गीकार गर्न प्रयास गरेको देखिन्छ । सामाजिक व्यवसायलाई व्यवहारमा उतार्न साना किसान विकास लघुवित्त वित्तीय संस्थाको भूमिका महत्वपूर्ण छ।

कतिपय लघुवित्त वित्तीय संस्थाहरू अर्थात् लघुवित्त बैंकहरूको ऋण र त्यसले पारेको प्रभावबारे सर्वसाधारण त्रसित बनेको अवस्थालाई हामीले शिक्षाका रूपमा लिएर त्यसलाई किसान वा ऋणी मैत्री बनाउने बेला भएको छ । यसका लागि हामीले समयमा नै संवेदनशील भएर सोच्नुपर्दछ। हाम्रो उद्देश्य उनीहरूलाई सहज रूपमा सेवा दिने हुँदाहुँदै पनि कतै त्यसले व्यावहारिक समस्या सिर्जना गरेको पो छ कि ? यसका केही कारणहरू यस्ता छन्।

**केही उदाहरणः**

- लघुवित्त वित्तीय संस्थाका एजेन्टहरू गाउँगाउँमा परिचालित हुने गर्दछन्।
- गाउँगाउँमा गएर ५ देखि ७ जनाको समूह बनाउँछन्।
- कतिपय संस्थामा परिवारका प्रायः सबै बालिग सदस्यलाई समूहमा सदस्य बनाउने गरिएको पाइन्छ।
- कर्जा के प्रयोजनका लागि भन्ने एकिंन नगरी ऋण दिनेगरिन्छ।
- कर्जाको उपयोग केमा गर्ने ? त्यस्तो कर्जाले आर्जन गर्छ कि गर्दैन ? कर्जा तिर्ने उपाय के हो ? त्यो
- नबुझी लगानीमा जोड दिनेगरेको उदाहरणहरू छन्।
- कहीँ कतै नियमित आम्दानी नहुनेलाई पनि ऋण दिनेगरेको देखिन्छ।
- हरेक हप्ता किस्ता तिर्नुपर्ने नियम बनाइएको पाइन्छ। त्यो कति व्यावहारिक छ। त्यसलाई समय सान्दर्भिक बनाउन पर्छ कि भन्ने विषयलाई पनि ध्यान दिनुपर्छ।
- हरेक हप्ता किस्ता तिरेपछि अर्को हप्ता कसरी तिर्ने होला भनेर चिन्ता हुन थाल्छ । कतिपय ऋणी सोही कारण मानसिक रोगी हुनेगरेका छन्।
- ऋण दिंदा समूहका बाँकी चार सदस्य साक्षी बस्नुपर्ने, समयमा ऋण तिर्न सकेन भने अरु ४ जनाले तिर्नुपर्ने हुँदा ऋणी माथि समूहभित्रकै बाँकी साथीहरूको दबाब पर्ने र समाजबाटै निष्कासनमा पर्ने भएकाले ऋणकै कारण आत्महत्या गर्न विवश हुने अवस्था

सिर्जना हुने गरेको घटना पनि देखिन थालेका छन् ।

- ऋण तिर्न नसकेपछि आफन्त, ससुराली, माइती गएर ल्याएर भए पनि ऋण तिर्न भनी दबाब आउछ । माइत वा सुसुराली गएर पैसा माग्नु भन्दा पासो लगाएर मर्नतर्फ लागेका घटना तराईमा बढी भेटिएका छन् ।
- लघुवित्तको लगानी प्रायः अनुत्पादक क्षेत्रमा गरिएको पाइन्छ । प्रायः विवाह, व्रतबन्ध, पूजाआजा, चाड पर्व, उपचार आदि घरायसी काममा ऋण दिने गरेको पाइन्छ ।
- उत्पादनशील क्षेत्रमा प्रायः लगानी गरेको पाइदैन ।
- गत बर्षसम्मको अनुभवमा ब्याजदर पनि अपत्यारिलो र महँगो पाइएको छ । मानिलिउँ कसैले रू.१ लाख ऋण लियो भने त्यसको ब्याज २४ प्रतिशत, बीमा शुल्क ५ हजार, सेयरका लागि ५ हजार सबै जोड्दा झन्डै ३५ प्रतिशत ब्याज हुन जान्छ ।
- सबैतिर यस्तै छ भन्ने होइन तर आमरूपमा उक्त अवस्था भेटिएको छ । भर्खरै सरकारले सहकारीका लागि बढीमा १६ प्रतिशत र लघुवित्तका लागि १८ प्रतिशतभन्दा बढी ब्याज लिन नपाइने निर्णय गरेको छ । यो स्वागतयोग्य भए पनि अवस्था अझै पनि समस्या रहित छैन ।
- उक्त कारणले ऋणमाथि ऋण थपिने तथा आय स्रोतको अभावमा तिर्न नसक्दा समाजबाट तिरस्कृत हुनु पर्नेजस्ता समस्या देखापर्ने गर्छन् । ऋणमाथि ऋणका कारण अप्ठ्यरोमा परेका परिवारहरू धेरै ठाउँमा देखिएका छन् ।

**अब ऋणलाई बोझ नबनाई उपयोग कसरी गर्ने ?**

- अब गाउँगाउँमा साना किसान कृषि सहकारी संस्था र अन्य सहकारी संस्थाले आधारभूत तहका श्रमजीवी जनतासम्म सदस्यता विस्तार गर्ने ।
- लघुवित्तका एजेन्ट घरघरै पुग्छन् र ऋण लिन प्रेरित गर्दछन् । सहकारीले त्यस्तो गरेको पाइदैन । सहकारीले पनि यस्तै गर्नुपर्छ भन्ने होइन तर सामाजिक व्यवसायको चेतना, उत्पादनशील क्षेत्रमा लाग्न प्रेरित गर्ने चेतना, ऋण लिएपछि त्यस्को उत्पादकत्वमा जानुपर्ने चेतनासहित सहकारी पनि सक्रिय हुन जरुरी छ ।
- सहकारीले सरल ब्याजदरमा लगानी र लगानीको प्रतिफल आउने गरी उत्पादनशील क्षेत्रमा जान र लाग्न प्रयत्न गर्नुपर्छ ।
- सहकारी आफैँमा सामाजिक व्यवसाय भएकाले प्राप्त प्रतिफल सबै सेयर सदस्यमा जान्छ । लघुवित्त कम्पनी भएकाले त्यस्तो व्यवस्था हुँदैन । यो कुराको चेतना स्थानीय समुदाय, समूहमा हुनु आवश्यक छ ।
- सहकारीका सेयर सदस्य सार्वभौम अधिकारसहितका हुनाले नीति र नेतृत्व निर्माणमा सरिक भएर आधारभूत तहका सदस्यको जीवनमा परिवर्तन ल्याउन योगदान गर्नेगरी क्रियाशील हुनुपर्छ ।
- सामाजिक व्यवसाय गर्ने सहकारी आफैं पनि परम्परागत निजी व्यवसाय जतिकै लोकप्रिय भैसकेको छैन । क्रमशः जनजनमा यसको आवश्यकता र महत्वबोध गराउन जरुरी छ ।

सहकारी सामाजिक व्यवसायको आधार हो । समाजबाटै जन्मेर समाजले नै व्यवसाय गरेर समाजकै हितमा समर्पित हुनेगरी अघि बढ्ने अठोट सबै सहकारीले गर्नुपर्छ । जस्का कारण अन्य वित्तीय संस्थाले पारेका केही नकारात्मक परिणमलाई सकारात्मक बनाउन सहकारीले कठोर मेहनत गर्न आवश्यक छ ।

सहकारी सामाजिक व्यवसायको आधार हो । समाजबाटै जन्मेर समाजले नै व्यवसाय गरेर समाजकै हितमा समर्पित हुनेगरी अघि बढ्ने अठोट सबै सहकारीले गर्नुपर्छ । जस्का कारण अन्य वित्तीय संस्थाले पारेका केही नकारात्मक परिणमलाई सकारात्मक बनाउन सहकारीले कठोर मेहनत गर्न आवश्यक छ ।

**सन्दर्भ सामाग्री**


१. कृषि र भूमिको अर्थराजनीति - केशव बडाल

२. क्यापिटल एन्ड द डेप्ट ट्र्याप, कलाउदिया सान्चेजबाजो र ब्रुनो रोलेन्टस

३. नेपाल कृषि सहकारी केन्द्रीय सङ्घका सामग्रीहरू

४ क्रेडिङ्ग ए वर्ल्ड विदाउट पावर्टि, प्रा. डा. युनुस मोहमद ।

# विपन्नता परास्तको बाटो



✍ दीपेन्द्रबहादुर क्षेत्री*

आर्थिक रूपले निम्छरो अवस्थामा रहेका व्यक्ति वा परिवारलाई व्यावसायिक बनाई उनीहरूको सामाजिक अवस्थासमेत सुधार्न सहयोग पुऱ्याउने वित्तीय संस्था साना किसान विकास लघुवित्त वित्तीय संस्था हो । कृषि विकास बैंकले प्रवर्द्धन गरेका २१० साना किसान सहकारी संस्थामा बाँकी रहेको कर्जासमेत हस्तान्तरण गरी वि.सं. २०५८ मा साना किसान विकास लघुवित्त वित्तीय संस्था (तत्कालीन साना किसान विकास बैंक) स्थापना भएको हो । यस वित्तीय संस्थाले आर्थिक वर्ष २०७५/७६ को अन्तसम्ममा ७० जिल्लाका ७५० सहकारी संस्थामार्फत् करिब ८ लाख परिवारमा लघुवित्त सेवा पुऱ्याएको छ। थप २०० भन्दा बढी संस्थाहरू सम्बन्धनको प्रकृयामा रहेका छन् । यस वित्तीय संस्थामा ७८ प्रतिशतभन्दा बढी महिलाको सहभागिता छ । संस्थाको भौगोलिक क्षेत्रमा भएको विस्तार र साझेदार संस्थाहरूको आबद्धतालाई ध्यानमा राख्दा अवस्था सन्तोषजनक देखिए पनि फैलावटको सम्भावना विद्यमान छ ।

लक्षित समूहमा पहाडमा १५ रोपनीभन्दा कम र तराईमा एक विघाभन्दा कम क्षेत्रफलमा जग्गाको स्वामित्व हुने व्यक्ति र घर परिवार पर्दछन् । भूमिहीनका हकमा नियमित आम्दानीको अभावका कारण आर्थिक जोखिमयुक्त जीवनयापन गर्ने अवस्थाका व्यक्ति वा परिवार पनि कार्यक्रममा समावेश गराईन्छ । तर, यो समूहमा पर्न अन्य बैंक, वित्तीय संस्थाको बाँकी कर्जा नभएको हुनुपर्ने शर्त रहेको छ। नेपालको संविधानले आर्थिक सामाजिक रूपले पछाडि परेका भनी उल्लेख गरिएका दलित, मधेशी, पिछडिएका वर्ग, महिला तथा लघु उद्यमी यस वित्तीय संस्थाको सेवाग्राहीका रूपमा रहेको भनी परिभाषित गरिएको छ ।

कृषि सहकारी र गरिबी निवारणमा संलग्न भएकै प्रकृतिका अन्य लघुवित्त संस्थाहरूलाई थोक र पटके कर्जा प्रदान गर्ने काम यस संस्थाको हो । ग्रामीण वित्त बजारको विकास, विस्तार र प्रवर्द्धनका साथै संस्थागत/मानव संशाधन विकास गर्नु पनि संस्थाको जिम्मेवारी हो। सहयोगी संस्थाहरूको संलग्नतामा मूल्य शृङ्खलाका परियोजनाका माध्यमबाट विपन्न वर्गको उत्थानमा योगदान दिने कार्य यो संस्थाले गर्दछ। ग्रामीण क्षेत्रमा छरिएर रहेको पुँजी सङ्कलन गरी वित्तीय मध्यस्थता गर्ने अभियानमा यो संस्था संलग्न छ। संस्थाको नवीनतम जिम्मेवारीका रूपमा नेपाल राष्ट्र बैंकको मार्गदर्शन अनुसार सहकारी संस्था तथा लघुवित्तीय संस्थाको कारोबारको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिने कार्य यस वित्तीय संस्थाले गर्दछ ।

वित्तीय लगानीबाट संस्थाले गरेका उपलब्धि हेर्दा सरकारको ऋण र स्वपुँजीलाई स्रोतका रूपमा लिईएको देखिन्छ। संस्थाको स्थापनाकालदेखि २०७६ असार मसान्तसम्म रू. ८२.१४ अरब लगानी भएको, रू. ६१.७० अरब असुल भई रू. २०.४४ अरब लगानीमा रहिरहेको छ। आर्थिक वर्ष २०७५।०७६ सम्म सरकारबाट रू.९ अरब ऋण प्राप्त गरेको पशुपालन शीर्षकमा संस्थाको समेत गरी रू. १३.७३ अरब लगानी भएको छ । यस आर्थिक वर्षमा रू. १.६० अरब साँवा र बाँकी रकमको ब्याज मात्र रू. २६.६५ करोड चुक्ता गरिएको छ । पशुपालन शीर्षकमा मात्र रू. ७.४० अरब लगानीमा रहीरहेको छ ।

भौतिक उपलब्धिका रूपमा १ लाख २५ हजार ८३४ पशुपालक कृषकलाई प्रदान भएको उक्त कर्जा ६ लाख ७७ हजार १३८ पशुहरू मासु तथा दुग्ध पदार्थ उत्पादन गर्न लगानी भएको छ । आयात प्रतिस्थापन र आन्तरिक उपभोगका लागि भएको उक्त लगानीबाट रू. २० अरब ३४ करोड बराबरको मासु तथा दुग्ध पदार्थ उत्पादन भएको छ। यस आर्थिक वर्षमा मात्र १२ हजार पशुपालक कृषकहरूलाई रू. १ अर्ब ५० करोड ऋण प्रदान गर्ने लक्ष्य रहेकोमा १८६ प्रतिशत अर्थात २२ हजार ३४१ कृषकलाई ऋणको पहुँच पुऱ्याएको र रकम लक्ष्यभन्दा २२५ प्रतिशत बढी अर्थात् रू. ३ अरब ३८ करोड ऋण प्रदान गरिएको तथ्याङ्कले देखाएको छ। मासु र दुग्धजन्य पदार्थ उत्पादन गर्न जम्मा १ लाख २६ हजार ३०५ पशुहरू उत्पादन कार्यमा लगाईएकोमा १६ प्रतिशत भैसी, ८ प्रतिशत गाई र ६२.३ प्रतिशत भेडा, बाख्रा पालिएका थिए । यस विवरणले निम्न आर्थिक अवस्थामा रहेका कृषक घर परिवार र मुलुकको आर्थिक गतिविधिमा योगदान पुगेको सजिलै बुझ्न सकिन्छ । त्यस्का अतिरिक्त आर्थिक वर्ष २०७५।७६मा रू. २१ करोड ३० लाख आयकर दाखिल भएको र रु. २२ करोड ५४ लाख ६८ हजार लाभांश (शेयर तथा नगद) प्रदान भएको थियो ।

क्षमता विकासका सन्दर्भमा हालसम्म ३ हजार ३५ वटा तालिम कार्यक्रम सम्पन्न भएको छ, जसमा १ लाख ४० हजार ४९२ जनाको सहभागिता रहयो । गत आर्थिक वर्षमा मात्र ३ सय ८६ तालिम कार्यक्रम भएकोमा २७ हजार ४१९ सदस्य लाभान्वित भएका छन्। साना किसान प्रशिक्षार्थी कार्यक्रम अन्तर्गत सदस्यका छोराछोरीमध्ये दश जोड दुई उत्तीर्ण गरेका र सामान्य अन्तर्वार्तामा सफल भएका विद्यार्थीहरूलाई इजरायलमा प्रयोगात्मक अध्ययनमा पठाउने गरिएको छ । सातामा एक दिन सैद्धान्तिक अध्ययन र ५ दिन अनुसन्धानमुखी प्रयोगात्मक कार्यमा सरिक गराईने व्यवस्था छ । प्रयोगात्मक कार्यका लागि इजरायली नियम र मापदण्ड अनुसार पारिश्रमिक पनि दिने गरिन्छ। २०७३ देखि काठमाडौं विश्वविद्यालयबाट र २०७६ देखि सिटीई भिटीसँग आबद्ध गराई इजरायलबाट फर्केका विद्यार्थीलाई उपयुक्त शैक्षिक प्रमाणपत्र प्रदान गर्ने

* पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग एवम् पूर्व गभर्नर, नेपाल राष्ट्र बैंङ्क

बन्दोवस्त मिलाईको छ । आर्थिक वर्ष २०७५।७६ को अन्तसम्ममा यस कार्यक्रममा सहभागिता जनाउने प्रशिक्षार्थीको सङ्ख्या २ हजार ६७७ पुगेको छ । फर्केका प्रशिक्षर्थीहरू स्व-व्यवसाय र उपार्जनको असल अवसर सिर्जना गरिरहेका छन् ।

संस्थाबाट सञ्चालित कार्यक्रमहरूमध्ये सामुदायिक एवम् पूर्वाधार विकास कार्यक्रमबाट गतवर्ष २ लाख ३२ हजार ४०० र हाल सम्म १२ लाख ३१ हजार ३९७ परिवार लाभान्वित भएका छन् । त्यस्तै कृषि तथा पशुपालन प्रवर्द्धनबाट गत आर्थिक वर्षमा ३५५ कार्यक्रमबाट १ हजार ९९४ र हालसम्म ४० हजार ४५७ कार्यक्रमबाट १ लाख ३१ हजार ६५१ परिवार लाभान्वित भएका छन् । पशु सुरक्षण कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०७५/७६ मा ३० हजार १५९ परिवारका ८२ हजार ८६२ पशुहरूको बिमा गरिएको थियो । हालसम्म १ लाख २८ हजार ६१२ परिवारका ३ लाख ५३ हजार ६२९ पशुको बिमा गरिएको छ ।

यस वित्तीय संस्थाको महत्तम अभ्यास भनेको आर्थिक गतिविधिमा महिलाको उल्लेख्य सहभागिता रहनु हो । आय आर्जनका हिसावले पछि परेको नेपाली महिला वर्गलाई आर्थिक दृष्टिले आत्मनिर्भरताको दिशामा अग्रसर गराउने अवसर यस संस्थाको माध्यमबाट मिलेको छ ।

यस वित्तीय संस्थामा सबैभन्दा श्रेयस्कर पक्ष महिलाहरूको सहभागिता रहनु हो । ७५० सहकारीमध्ये ३१० सहकारीमा सम्पूर्ण सदस्यहरू महिला मात्र रहेका छन् । कुल७ लाख २८ हजार ८९३ सदस्यमध्ये ५ लाख ६८ हजार ४९४ महिला सदस्य छन् । महिला सहकारीमा मात्र ऋणमा रहेको रकम रू. १२ अरब ४६ करोड १ लाख ७६ हजार छ । लगानीमा रहेको उक्त रकम वित्तीय संस्थाको कुल लगानीमा रहेको रकमको ६०.९ प्रतिशत हुन आउँछ ।

यस वित्तीय संस्थाका अन्य कार्यहरूमा नवीकरणीय ऊर्जा, साना किसान सहकारी चिया उद्योग (चालु पुँजी प्रयोजनका लागि), भूकम्पबाट प्रभावित समुदायका लागि जिविकोर्पाजन, पुनर्स्थापन कार्य, मूल्य शृङ्खला अभिवृद्धिजस्ता गतिविधिका माध्यमबाट पनि विपन्न एवमं निम्न आर्थिक अवस्थामा रहेका व्यक्ति तथा परिवारलाई यसले सघाउ पुऱ्याउँदै आएको छ । उक्त सबै गतिविधिबाट सदस्य ऋणीहरूको आर्थिक, सामाजिक उत्थानका निम्ति महत्वपूर्ण योगदान पुगेको देखिन्छ ।

यस वित्तीय संस्थाको सेवा प्राप्त गर्न कायम गरिएको मापदण्डमध्ये स्वामित्वमा रहेको जमिनको क्षेत्रफलबारे विमर्श गर्दा सो क्षेत्रफलबाट प्राप्त हुने कृषि आयबाट घर परिवारको निर्वाह हुन सक्ने देखिदैन । औषत घर परिवारको सङ्ख्या ५ लिँदा पनि उक्त परिमाण (क्षेत्रफल)को जमिनबाट पारिवारिक खर्च थेग्न सक्ने स्थिति रहन्न । अतः त्यो घर परिवारलाई नयाँ प्रविधिको कृषि, पशुपालन कार्य वा अन्य आय आर्जनको कार्यमा संलग्न नगराउने हो भने आर्थिक असमानता व्याप्त हुन जाने सम्भावना रहन्छ । वर्गीय राजनीतिका निम्ति त्यो वर्ग ऊर्जाशील हुन सक्तछ र ग्रामीण क्षेत्र राजनीतिको उर्वर थलो बन्न सक्तछ । यो स्थितिलाई नितान्त फरक ढङ्गले मननगरी निजी क्षमताको विकासका साथै आर्थिक, सामाजिक उन्नतिका लागि यथोचित वातावरण बनाई वित्तीय स्रोत उपलब्ध गराउने काम यस वित्तीय संस्थाले गर्नेगरेको छ । जसले राष्ट्रको राजनीतिक स्थायित्व, आर्थिक विकास र सामाजिक समन्वयमा पनि ठोस योगदान पुऱ्याएको छ । उत्पादन र वजारीकरणका माध्यमबाट आपूर्ति सहज मात्र होइन, आयात प्रतिस्थापनका माध्यमबाट व्यापार सन्तुलनमा समेत सहयोग पुगेको छ ।

सदस्य ऋणीहरूको क्षमता वृद्धिका लागि विविध प्रकारका तालिम कार्यक्रम र गोष्ठीको निरन्तर आयोजना गर्ने गरिन्छ । व्यवसायलाई दिगो लाभको माध्यम बनाउन यस वित्तीय संस्थाले इजरायलमा प्रयोगात्मक अभ्यासमा सहभागी हुन युवा कृषकहरू पठाउनेसमेत गरेको छ । यो कार्यक्रमबाट व्यावसायिक सिप, उत्पादित वस्तुको भण्डारण तथा वजारीकरणको ज्ञान पनि प्राप्त हुनेगरेको छ । प्रशिक्षणकै अवधिमा त्यहाँको चलनचल्तीको आधारको पारिश्रमिक पनि प्रदान गरिन्छ । सबैभन्दा महत्वको विषय त मेहनत गरे प्रतिफल प्राप्त हुन्छ भन्ने मानसिकताको अभिवृद्धि हो । नेपालमा काम गर्ने संस्कृति उत्साहवर्द्धक छैन । कम काम गर्ने व्यक्ति भलाद्मी र सुखी हुन् भनी संझिने मान्यतालाई चुनौती दिने काम त्यहाँको कार्यसंस्कृतिबाट दीक्षित भएर आएकाहरूबाट हुनेगरेको छ । वैज्ञानिक आधारमा खन, जोत, स्वस्थ्य बिउ, विजन, उपयुक्त समयमा खेतीपाती गर्ने प्रवृत्ति पनि नेपाली जनजीवनका निम्ति नवीनतम व्यवहारको द्योतक हो । जुन इजरायलबाट प्रशिक्षित भई फर्केका नेपाली युवाका निम्ति अनुकरणीय अभ्यास बन्न सक्तछ । आत्मविश्वासका साथ व्यवसाय चलाउनु र त्यसबाट मुनाफा आर्जन गर्नु कृषिलाई व्यवसायीकरण गर्ने पद्धति हो । यस वित्तीय संस्थाको पहलमा सञ्चालित यो कार्यक्रम नेपाली अर्थतन्त्रकै निम्ति उदाहरणीय अभ्यास हो ।

यस वित्तीय संस्थाको महत्तम अभ्यास भनेको आर्थिक गतिविधिमा महिलाको उल्लेख्य सहभागिता रहनु हो । आय आर्जनका हिसावले पछि परेको नेपाली महिला वर्गलाई आर्थिक दृष्टिले आत्मनिर्भरताको दिशामा अग्रसर गराउने अवसर यस संस्थाको माध्यमबाट मिलेको छ । साथै परियोजना सञ्चालनमा निर्णय लिने, कृषि, लघु उद्योगमा आधारित वस्तु उत्पादन, प्रशोधन र वजारीकरणका माध्यमले आय आर्जन बढाउन मद्दत मिलेको छ । हिजो आर्जनरहित अवस्थामा रहेको श्रम शक्ति दिगो आम्दानीको गतिविधिमा सकृय रहँदा पारिवारिक आम्दानी बढ्न गै परिवारका सदस्यको शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रमा पनि प्रगति हुने देखिएको छ ।

कार्यक्रमको अङ्गकै रूपमा इङ्गित गरिएको नेपाल राष्ट्र बैंकको मार्ग दर्शनमा सहकारी तथा लघुवित्तीय संस्थाहरूको अनुगमन, सुपरिवेक्षण गर्ने विषयमा के कति प्रगति भयो, समस्या के छन् भन्ने कुरा वित्तीय संस्थाको गतिविधिमा प्रतिबिम्बित भएको पाइदैन । त्यस्तै, मासुजन्य गतिविधिमा पंक्षीपालन, मत्स्यपालनजस्ता फलदायी गतिविधि भेटिदैन । ग्रामीण परिवेशमा आय आर्जनको राम्रो स्रोत वन्न सक्ने क्षेत्र कुटीर उद्योग सञ्चालन गर्नु पनि हो । कृषि कार्यबाट फुर्सद भएका बखत घरेलु तथा साना उद्योगमा समय उपयोग गर्दै थप आम्दानी गर्ने अवसरको

उपयोग गर्नु पनि लाभदायक विषय हुन सक्तछ। अहिले पनि अल्लोका रेशाबाट बनाईने वस्तुहरू उच्च मूल्यका हुनुको साथै वातावरण मैत्री वस्तुको उत्पादन पनि हुन सक्तछ।

यस वित्तीय संस्थाले थप केही गतिविधिमा ध्यान दिनुपर्ने देखिन्छ। खासगरी नमूनाका रूपमा पकेट क्षेत्र एकिन गरी संस्थागत प्राविधिक सहयोगसमेत जुटाई संभाव्यता रहेको वस्तुको प्रवर्द्धनमा जोड दिनुपर्दछ। उदाहरणका लागि सल्यानको मालनेटामा बोसे (रेसारहित) अदुवा उत्पादन हुन्छ। रेशादारको तुलनामा बासे अदुवा मूल्यमा पनि लाभदायक र वहुउपयोगी हुन्छ। सुठो बनाउन होस् वा क्याण्डी (एक प्रकारको मिठाई) बनाउन बोसे अदुवा अति ग्राह्य हुन्छ। माटो, जलवायु वा बिउ विशेषका कारणले अदुवालाई विशेष बनाउछ भन्ने एकिन गरी अन्य त्यस्तै ठाउँमा पुनरावृत्ति (Replication) गर्ने दिशामा पाइला चालिनुपर्दछ।

> महिला सहभागिता पर्याप्त रहेको र आर्थिक गतिविधिमा समेत सकृयता रहेको आजको अवस्थामा वित्तीय प्रतिफल नमिल्ने घरेलु कार्यमा सीमित जनशक्तिबाट आय आर्जन गर्न, आपूर्ति व्यवस्थामा सघाउ पुन्याउन र आयात प्रतिस्थापन गर्न योगदान पुगेको स्विकार्नुपर्दछ।


विभिन्न कृषि पकेट क्षेत्रको माटोको प्रकृति, जलवायुको प्रवृत्ति, त्यस क्षेत्रमा परम्परागत रूपले हुँदैआएको वाली विशेषको अभिलेख राखी अनुकूल हुने कृषिमा आधारित गतिविधि सञ्चालन गर्न सदस्यहरूलाई प्रोत्साहित गर्नुपर्छ। यस्का निम्ति वित्तीय संस्थाको वार्षिक मुनाफाबाट निश्चित अनुपातमा बजेट छुट्याई अनुसन्धानात्मक एवम् प्रयोगात्मक अभ्यासमा खर्च गरिनु आवश्यक छ। उदाहरणका लागि पोखराको सुन्तला, सिन्धुलीको जुनार, धनकुटाको सुन्तला एक जमानामा नाम चलेका उपभोक्ताद्वारा रुचाइएका उत्पादन हुन्। हाल प्रायः सवैमा विग्रह शुरूभै अस्तित्वहीन बन्नपुगेको स्थिति छ। यस्ता पकेट क्षेत्रका ऋणी सदस्यले अनुसन्धानात्मक कार्यमा योगदान दिन सक्ने अवस्था नहुँदा वित्तीय संस्थाले सरकार एवम् अन्तर्राष्ट्रिय सङ्घ संस्था समेतको सहयोगमा अनुसन्धानशालाको सुरुआत गर्नु उपयुक्त हुनेछ। भौगोलिक समावेशीताका लागि सबै ७७ जिल्लामा संस्थाको उपस्थिति जनाउनु पर्छ।

आयआर्जन बढाउन पशुपालन अन्तर्गत पाडापाडी पाल्ने कार्यमा सदस्यलाई सहयोग प्रदान गर्नेगरिएको छ। यस प्रकृयामा सानो परिमार्जन आवश्यक छ। कतिपय किसानले दुईवटा फाइदा लिन भैसी व्याउँदैका अवस्थामा पाडापाडी जे भए पनि कटाउन दिई भैंसी हत्तुवा (पाडा/पाडी विहीन) बनाउने चलन छ। यस्को नतिजा के भएको छ भने पहाडी मूलको भैंसी प्राय लोप हुने अवस्थामा पुगेको छ। त्यसको प्रतिस्थापन तराईबाट ल्याइएको मुर्रा भैंसीबाट भैरहेको छ। अब सुत्केरी भैंसीको आँकडा लिई कृषकलाई पाडा/पाडी हुर्काउन निश्चित रकम अनुदान दिने व्यवस्था गरिनु पर्दछ। कुनै पालिकाले यो अभ्यास शुरू गरिसकेका पनि छन्। कृषकलाई पाडापाडी राख्न जोड गर्न नसकिएला तर कटाउन दिने कृयाकलाप दण्डनीय घोषणा गर्न सकिन्छ। त्यसरी बचेका पाडापाडी हुर्काउनेलाई प्रोत्साहित गर्न सके अर्को राम्रो, फलदायी कृयाकलाप बन्न सक्तछ। जसरी रक्तचन्दनको विरुवालाई अर्को विरुवाले आवश्यक तत्व प्रदान गर्छ त्यस्तै जम्मा पारिएका पाडापाडीलाई गाईको दुध सेवन गराई स्वस्थ्य बनाउन सकिन्छ।

वित्तीय संस्थाले विभिन्न गतिविधिमा संलग्न कृषकलाई प्रोत्साहित गर्न समान गतिविधिको प्रतिस्पर्धा गराई प्रोत्साहन प्रदान गर्न सक्तछ। सदस्यले उत्पादन गरेका वस्तु उपभोक्तासम्म पुऱ्याउन विशेष पहलका साथ आवश्यक व्यवस्था मिलाउन सके वजारको सुनिश्चितता मात्र होईन उपभोक्ताबिच सदस्य कृषकको उत्पादनको रुचि बढाउन मद्दत मिल्छ। इजरायलबाट फर्की स्वदेशी प्रमाणपत्र प्राप्त तालिमीको रुचि, दक्षता र लगनशीलता विचार गरी छुट्टै जिम्मेवारी तोक्न सकिन्छ। इजरायलबाट सिकेको सिप, लगन र पुँजीको प्रयोगबाट नेपालले प्राविधिकको अभावको समस्याबाट उन्मुक्ति पाउने छ। अर्कोतर्फ मत्स्यपालन, पंक्षीपालनतर्फ वित्तीय संस्थामा देखिएको उदासीनता भङ्ग गरिनुपर्दछ।

अन्तमा, विपन्न व्यक्ति र परिवारको आर्थिक, सामाजिक उत्थानका लागि सञ्चालित यो वित्तीय संस्थाले पशुपालनका क्षेत्रमा वैशिष्ठ्यता हासिल गरेकोमा शङ्का छैन। महिला सहभागिता पर्याप्त रहेको र आर्थिक गतिविधिमा समेत सकृयता रहेको आजको अवस्थामा वित्तीय प्रतिफल नमिल्ने घरेलु कार्यमा सीमित जनशक्तिबाट आय आर्जन गर्न, आपूर्ति व्यवस्थामा सघाउ पुऱ्याउन र आयात प्रतिस्थापन गर्न योगदान पुगेको स्विकार्नुपर्दछ। अन्य गतिविधिबाट प्रतिफल प्राप्त गरे पनि नेपाल राष्ट्र बैंकको दिशा निर्देश अनुसार लघुवित्त लगायत सहकारीहरूको अनुगमनको नतिजा भने देखिएको छैन। पंक्षीपालन, मत्स्यपालन, कुटीर उद्योगजस्ता कृयाकलापमा संलग्नता बढाई आय आर्जनका माध्यमबाट पारिवारिक आर्थिक, सामाजिक उत्थान गर्न राज्यले सघाउनु पर्छ। वित्तीय संस्था आफ्नै पहलमा पकेट विशेषको पहिचान गरी तदनुरुप गतिविधि सञ्चालन गर्ने दिशामा ध्यान जानुपर्छ। अन्य दिशामा जस्तै कुटीर उद्योगको प्रवर्द्धनद्वारा राज्यले लाभ लियोस्। उद्यमी स्वयम्लाई पनि सुनिश्चित आम्दानी प्राप्त गर्न सक्ने क्षमता प्रदान गर्नुपर्दछ र यसबाट राज्य पनि लाभान्वित हुनसक्ने अवस्था सिर्जना गर्नुपर्दछ।

# दिगो विकास लक्ष्यहरूको प्राप्तिमा सहकारीको भूमिका



✍ सुदर्शन प्रसाद ढकाल*

## पृष्ठभूमि

नेपालमा गरिबी, क्षेत्रीय असन्तुलन, सामाजिक तथा सांस्कृतिक विभेदजस्ता समस्याहरू विद्यमान छन् । हामीले अङ्गीकार गर्ने आर्थिक नीतिले गरिबी, बेरोजगारी, विभेद र असमानताको अन्त्य गर्ने लक्ष्यलाई प्राथमिकतामा राख्नुपर्ने बाध्यात्मक अवस्था छ । विगतका वर्षहरूमा नेपालले आर्थिक वृद्धिको उच्च दर हासिल गरेको छ, तापनि सामाजिक सूचकहरूमा दक्षिण एशियाका अन्य देशहरूको दाँजोमा नेपाल पछि परेको छ । शहरमा मात्र नभै आर्थिक गतिविधिहरूले ग्रामीण भूभाग एवम् पछि परेका वर्ग र समुदायलाई समेट्नेतर्फ ठोस पहल गरिनुपर्दछ । सहकारी क्षेत्र गरिबी निवारण, सामाजिक एकीकरण र उत्पादकपूर्ण रोजगारी सिर्जना गर्ने आर्थिक अभियान पनि हो ।

सहश्राब्दी विकासका लक्ष्यहरूको सफलतापछि संयुक्त राष्ट्र सङ्घले व्यापक विकासका लक्ष्यहरू सहित दिगो विकासका लक्ष्यहरू समाहित कार्यक्रम अघि सारेको छ, जसले 'कोही पछि नरहुन्' भन्ने सिद्धान्तलाई निर्देशित गर्दछ । १७ वटा लक्ष्यहरू सहितको दिगो विकासका लक्ष्यहरू (२०१५-२०३०) ले विश्व समुदायको रूपान्तरण गर्ने मुख्य उद्देश्य लिएको छ । यसले सदस्य राष्ट्रहरूलाई निजी क्षेत्र, सहकारी, नागरिक समाजका सङ्घ सङ्गठनहरू र सम्बन्धित अन्य पक्षहरूबिच एकआपसमा सहकार्य गर्ने गरी सुदृढ साझेदारीको परिवेश निर्माण गर्ने र सबै खालका योजना र कार्यक्रमहरूलाई दिगो विकासका लक्ष्यहरूको प्राप्तिमा केन्द्रित गर्न निर्देश गर्दछ ।

## दिगो विकासका लक्ष्यहरू

सयुक्त राष्ट्र सङ्घले उसको महत्वपूर्ण प्रयासको रूपमा सहश्राब्दी विकासका लक्ष्यहरू (२०००-२०१५) को कार्यक्रमको ढाँचा तयार गरी कार्यान्वयन गरीसकेको छ । यद्यपि विश्व सामु देहायका समस्याहरू चुनौतीको रूपमा अहिले पनि रहेका छन् ।

- लैङ्गिक असमानता,
- अति गरिब र अति धनी एवम् शहरी र ग्रामीण क्षेत्रबिचको गहिरो खाडल,
- मौसम परिवर्तन र वातावरणीय दुष्प्रभावका कारण प्राप्त उपलब्धिहरू गौण बन्दै गएको परिस्थिति र गरिबीको अवस्थामा रहेका मानिसहरूले भोग्नुपरेको अतिरिक्त पीडा,
- मानव विकासमा ठूलो डर बनीरहेको द्वन्दको अवस्था र
- आधारभूत आवश्यकता र सेवाबाट बञ्चित रहेको ठूलो समूह ।

यी पृष्ठभूमिमा सहश्राब्दी विकास लक्ष्यका कार्यक्रमपछि संयुक्त राष्ट्र सङ्घले अझ व्यापक दिगो विकासका लक्ष्यहरू (एसडिजी), २०१५-२०३० को कार्यक्रम अघि सारेको छ । यस कार्यक्रम अन्तर्गत १७ वटा लक्ष्यहरू, १६९ परिमाणात्मक लक्ष्यहरू र २१३ वटा सूचकहरू निर्धारण गरिएको छ । संयुक्त राष्ट्र सङ्घका सबै १९३ सदस्य राष्ट्रहरू र नागरिक समाजका सङ्गठनहरूले यी लक्ष्यहरू पुरा गर्न प्रयास गर्नेछन् भन्ने विश्वास लिइएको छ । यद्यपि यो बाध्यकारी सम्झौता भने होइन । दिगो विकासका लक्ष्यहरूको निर्धारण सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्र सङ्घले पारित गरेको सिद्धान्त "हामीले चाहेको भविष्य" माथि अन्तरनिहित रहेको छ । यही महासभामा सदस्य राष्ट्रहरूले सन् २००० मा स्वीकृत गरिएको सहश्राब्दी विकास लक्ष्यको कार्यक्रमको समाप्तिलगत्तै दिगो विकासको लागि एजेण्डा २०३० लाई स्वीकार गरेका छन् । यी लक्ष्यहरूबाट उपयुक्त ढङ्गको पूर्वाधार विकास, रोजगारी सिर्जना र समाजमा पिछडिएका र जोखिमपूर्ण अवस्थामा रहेका वर्ग र व्यक्तिहरूलाई वित्तीय सेवामा पहुँच उपलब्ध गराउने आधार बन्ने छ । यस बाहेक विश्व प्रयास र साझेदारीका आधारमा समता, न्याय र समृद्धि प्राप्तिको लक्ष्य पनि यस अन्तर्गत समाहित छ । महत्वाकांक्षी यो एजेण्डाले सन् २०३० भित्रको गरिबीको अन्त्य, पृथ्वीको सुरक्षा र समृद्धिको खाका प्रस्तुत गरेको छ ।

सहश्राब्दी विकास लक्ष्यहरूभन्दा पृथक दिगो विकासका लक्ष्यहरूले विकासका लक्ष्यहरूको लागि सिद्धान्तहरू तय गर्नुका साथै विकास गर्ने तरिका समेत सुझाव गरेको छ । सिद्धान्ततः दिगो विकासका लक्ष्यहरूले आर्थिक, सामाजिक र वातावरणीय दृष्टिकोणले दिगो भविष्यको सुनिश्चितता खोजेको हुन्छ । यद्यपि, यो कार्यक्रमले गरिबी र भोखमरीलाई तत्कालको सबैभन्दा प्रमुख चूनौतीको रूपमा पहिचान गर्दै मानिसलाई केन्द्रमा राखी सबैका लागि समृद्धि, पृथ्वीको सुरक्षा, विश्वभर शान्तिको स्थापना र सबै सेवाग्राहीहरूबिच साझेदारीको भावनालाई आत्मसात गरेको छ ।

यसैगरी, दिगो विकासका लक्ष्यहरूले विकासको केन्द्र भागमा सबै मानिसलाई राख्ने गरी रणनीतिहरू निर्दिष्ट गरेको छ । यो विश्वका उच्च राजनीतिक नेतृत्वहरूको संयुक्त प्रतिबद्धताको दस्तावेज पनि हो । त्यसैले प्रत्येक सदस्य राष्ट्रले यसका एजेण्डाहरूलाई आफ्नो आवधिक योजना र कार्यक्रमहरूमा समावेश गर्नुका साथै सबै तहका सरकार तथा सामाजिक, आर्थिक र वातावरणीय क्रियाकलापहरूसँग यसलाई अनिवार्य रूपमा जोड्नु आवश्यक हुन्छ । यसका लागि राष्ट्रिय तहको नीति र कार्यक्रमहरूमा दिगो विकासका लक्ष्यहरूलाई आवश्यकता अनुसार विश्व लक्ष्यहरूमा समाहित गर्नु पर्दछ । त्यसैगरी नीति र कार्यक्रमहरूबिच सामञ्जस्यताको अपरिहार्यता रहन्छ । दिगो विकास

* माननीय सदस्य, लोकसेवा आयोग, बागमती प्रदेश एवम् पूर्व रजिष्ट्रार, सहकारी विभाग

लक्ष्यको यो कार्यक्रम आफैँमा परिणाम मात्र नभई प्रक्रियाहरू पनि हो, जसले गन्तव्य र प्रक्रियाहरूमा आ-आफ्नो क्षमता उपयोग गर्न सबै सम्भावित सेवाग्राहीहरूलाई समाहित गरेको छ ।

## दिगो विकासका लक्ष्यहरूको एजेण्डामा सहकारी क्षेत्रको संलग्नता

अन्तर्राष्ट्रिय सहकारी महासंघ (आइसिए) ले दिगो विकासका १७ वटा लक्ष्यहरूभित्र सहकारीको लागि बढी सरोकार राख्ने लक्ष्यहरूको पहिचान गरेको छ । पहिचान गरिएका यी लक्ष्यहरूलाई तीन वटा समूहमा रहने गरी मुख्य कार्यक्षेत्र निर्धारण गरिएको छ, जस अन्तर्गत गरिबी निवारण, आधारभूत वस्तु र सेवाहरूको पहुँचमा सुधार र वातावरणको सुरक्षा रहेका छन् । सहकारी, विशेष गरी खाने कुरा र कृषि क्षेत्रमा बढी क्रियाशील हुने भएकोले यो क्षेत्रलाई विशेष गरी अन्नबाली उत्पादनको क्षेत्रमा सबैभन्दा बढी केन्द्रित हुन छनौट गरिएको छ । दिगो विकास सम्मेलन (रियो जोड २०) ले विकासोन्मुख देशहरूमा सामाजिक समावेशीकरण र गरिबी घटाउन योगदान गर्ने भूमिकाका लागि सहकारीलाई चिनाएको छ । सम्मेलनको प्रतिवेदनको प्यारा ४१ र ६७ ले दिगो विकासको क्षेत्रमा सहकारीहरूलाई निजी क्षेत्रभित्र एउटा महत्वपूर्ण पात्रको रूपमा स्वीकार गरेको छ । त्यसैले सहकारी क्षेत्र दिगो विकासका लक्ष्यहरूको प्राप्तिमा एक भरपर्दो र उत्तम माध्यम भएको विषय सबैले स्वीकार गर्नु पर्दछ ।

## दिगो विकासका लक्ष्यहरूको प्राप्तिमा सहकारीहरूको भूमिका

### दिगो विकासको लक्ष्य १ (एक) : गरिबी निवारण

१.२५ अमेरिकी डलर प्रतिदिनलाई आधार बनाउने हो भने नेपालको गरिबीको आकार सन् २०१५ मा २१.६ प्रतिशत रहेको छ भने १.९ अमेरिकी डलर प्रतिदिनको दरले हिसाब गर्ने हो भने गरिबीको प्रतिशत बढेर ३६ प्रतिशत पुग्दछ । नेपालको बहुआयामिक गरिबीको सूचकभने २८.६ प्रतिशत रहेको छ । नेपालले सन् २०३० सम्ममा चरम गरिबीको दर ५ प्रतिशतभन्दा पनि कम गर्ने र प्रतिव्यक्ति आय सन् २०१५ को ७६६ अमेरिकी डलरमा वृद्धि गरेर २५ सय अमेरिकी डलर पुऱ्याउने परिमाणात्मक लक्ष्य लिएको छ । गरिबी निवारणको यो लक्ष्य पुरा गर्न सहकारी क्षेत्रले प्रमुख भूमिका निर्वाह गर्न सक्दछ । यसले विशेष गरी आर्थिक गतिविधिको प्रबर्द्धन गर्दछ, कसैको पहुँच नपुगेको वर्गलाई समेट्दछ र उनीहरूको सहयोगको क्षेत्रहरू पहिचान गर्नुका साथै सबैलाई आर्थिक गतिविधिहरूमा सहभागी गराउने सुनिश्चितता र सवल वातावरणको निर्माण गर्न सक्दछ ।

सहकारीले गरिबहरूको लागि आर्थिक अवसर जुटाइदिने, पिछडिएको समुदायका व्यक्तिहरूको सशक्तिकरण गरी उनीहरूलाई आफ्नो हितको रक्षा गर्ने तथा आफूसँग सम्बन्धित विषयको निर्णय निर्माणमा सहभागी हुने, व्यक्तिगत जोखिमलाई सामूहिक जोखिममा रुपान्तरण गरी गरिबहरूलाई जोखिमबाट जोगाउनेजस्ता आधारभूत कामहरू गरी गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउदै आएका छन् । सहकारीका कार्यहरूलाई स्थानीयस्तरमा गरिबी निवारणमा केन्द्रित गर्ने कार्यलाई योजनाबद्ध ढङ्गले अघि बढाउने रणनीतिहरूको अवलम्बन प्रत्येक सहकारी संस्थाको कर्तव्य नै हो ।

### दिगो विकासको लक्ष्य २ (दुई) : भोकमरीको अन्त्य

नेपालमा ६ महिना देखि ५९ महिनाभित्रका ३०.१ प्रतिशत बालबालिकाहरू कम तौल भएका छन् । त्यस्तै उमेरका आधारमा कम उचाई भएका ५ वर्ष मुनिका बालबालिकाहरूको सङ्ख्या ३६ प्रतिशत रहेको छ भने उचाइका आधारमा कम तौल भएका बालबालिकाको सङ्ख्या ११.३ प्रतिशत रहेको छ । रक्तअल्पता (एनेमिया) को सिकार भएका वालबालिकाहरूको सङ्ख्या ५३ प्रतिशतको हाराहारीमा रहेको छ । रक्तअल्पताको समस्या भएका महिलाहरूको सङ्ख्या ४६ प्रतिशत रहेको छ । ५९ महिनासम्मका झण्डै एक तिहाई बालबालिकाहरू कुपोषणको सिकार छन् । सन् २०३० भित्र सरकारले यी क्षेत्रहरूमा उल्लेख्य सुधार गर्ने लक्ष्य लिएको छ ।

> सहकारीका कार्यहरूलाई स्थानीयस्तरमा गरिबी निवारणमा केन्द्रित गर्ने कार्यलाई योजनाबद्ध ढङ्गले अघि बढाउने रणनीतिहरूको अवलम्बन प्रत्येक सहकारी संस्थाको कर्तव्य नै हो ।

सहकारी क्षेत्रले सानो आकारको उत्पादकहरू र किसानहरूलाई उनीहरूको आर्थिक उन्नति गराउन बजार, वित्त, सूचना र आवश्यक अन्य श्रोतहरूमाथिको पहुँचमा सुधार गर्नुका साथै कृषि क्षेत्रमा कृषि सामग्रीहरू संयुक्त खरिद, भण्डारण र प्रशोधन कारखानाको स्थापनामा सामूहिक लगानी, उत्पादनको बजारीकरण र सङ्गठित रूपमा सीपमूलक तालिमहरूको व्यवस्था, सुधारिएको र वहनयोग्य कृषि अभ्यासहरूको उपयोग र नवीन प्रविधिहरूको उपयोग, एकीकृत सौदाबाजीको माध्यमबाट उत्पादनको उचित मूल्य प्राप्त गर्न र कारोबारको शर्तहरूमा समेत सुधार ल्याउन सहयोग र सदस्यहरूलाई उचित वित्तीय श्रोतको उपयोगको अवसर जुटाइदिने गरी काम गर्न सक्दछन् ।

### दिगो विकासको लक्ष्य ३ (तीन) : स्वस्थ जीवनको सुनिश्चितता

सन् २०१५ मा नै प्रतिहजार शिशु मृत्यु दर २३ र ५ वर्ष मूनिका बालबालिकाको मृत्यु दर ३८ मा झरेको छ । त्यसैगरी मातृ मृत्यु दर (एमएमआर) पनि (प्रति लाख जीवित जन्ममा) २५८ जनामा झरेको छ । परिवार नियोजन साधनको प्रयोगको दर सन् २०१५ मा ४७.१ प्रतिशत पुगेको छ भने जन्म दर पनि २.३ मा झरेको छ । १० देखि १४ वर्ष बिचको उमेरका (adolescent fertility rate) एक हजार महिलामध्ये ७१ जनाले बच्चा जन्माउने गरेका छन् । यो दर अहिले पनि उच्च नै रहेको छ ।

त्यसैगरी १५ देखि ४९ वर्ष उमेर समूहका युवाहरूमा नयाँ एचआइभी सक्रमणको दर न्यून भएको छ भने क्षयरोग, हात्तीपाइले, डेन्गु, औलो, कालाजार, रेविजजस्ता रोगहरू उल्लेख्य मात्रामा घटेको छ । यद्यपि हेपाटाइटिस, पानीजन्य रोग, सरुवा रोग, नसर्ने घातक रोग, आत्महत्या र सडक दुर्घटना र अन्य कारणले हुने अकाल मृत्यु देशको लागि गम्भीर समस्याको रूपमा रहेको छ ।

दिगो विकासका लक्ष्यहरू अन्तर्गत तीन वटा लक्ष्यहरू प्रस्ताव गरिएको छ । जस अन्तर्गत मातृ मृत्युदर घटाउने, शिशु र बालबालिकाको मृत्युदर घटाउने र एचआइभि सक्रमण, क्षयरोग, औलो, सरुवा रोगहरू र पानीजन्य रोगहरू अन्त्य गर्ने पर्दछन् । सहकारी क्षेत्रले सदस्यहरूको स्वास्थ्यमा सुधारका लागि स्वास्थ्य सम्बन्धी सूचना दिने तथा असल आदतहरूको अनुशरण गर्न उत्प्रेरित गर्ने,सहकारी अस्पताल र स्वास्थ्य संस्थाहरू प्रवर्द्धन गर्ने साथै सदस्यहरूलाई विविध स्वास्थ्य सेवाहरू

जस्तै उपचारका लागि वित्तीय सहयोग, औषधोपचार बिमा आदि उपलब्ध गराउने, दुर्घटना र विरामी हुँदा सहयोग, स्वास्थ्य शिविरको आयोजना, रक्तदान र स्वास्थ्यका बारेमा आवश्यक जनचेतनाका कामहरू गर्ने,सदस्यहरू र समुदायमा नसर्ने घातक रोगहरूबाट बच्ने उपायहरूका बारेमा सङ्गठित रूपमा जनचेतना अभिवृद्धि गर्नेजस्ता कार्यहरूलाई आफ्नो क्षमताका आधारमा आफ्नो कार्ययोजनामा समावेश गरी कार्यान्वयनमा ल्याउन सक्दछन् ।

### दिगो विकासको लक्ष्य ४ (चार) : समावेशी र गुणस्तरीय शिक्षा

नेपालले शिक्षा माथि सबैको पहूँच पुगोस भनेर विशेषगरी गरिब र पछाडि परेको समूहलाई विशेष सुविधा दिदैआएको छ । यसैको परिणामस्वरूप सन् २०१५ मा नै विद्यालय भर्ना दर ९६.६ प्रतिशत पुगेको छ। त्यसैगरी यही अवधिमा १५ वर्ष माथिका उमेरका ६२.२ प्रतिशत र १५ देखि २४ वर्ष उमेर समूहका ८८.६ प्रतिशत जनसङ्ख्या साक्षर भईसकेका छन् । ८१ प्रतिशत बालबालिकाहरूले पूर्व प्राथमिक तहको शिक्षा हासिल गर्न सकेका छन् भने शिक्षामा लैङ्गिक विभेदको समस्या पनि धेरै हदसम्म घटेको छ ।

दिगो विकासको लक्ष्य ४ ले कूल भर्ना दर, प्राथमिक तहको शिक्षा लिने बालबालिका र माध्यमिक तहको शिक्षामा थप सुधार गर्ने लक्ष्य निर्दिष्ट गरेको छ। अन्य लक्ष्यहरूमा एक कक्षामा भर्ना भएका बालबालिकालाई कक्षा ८ सम्मको शिक्षा दिलाउने, युवा र पाकाहरूलाई उपयुक्त सिपमूलक तालिम दिलाउने (रोजगारी, मर्यादित काम र उद्यमशीलताको लागि प्राविधिक र व्यावासायिक सिप), पाका पुरुष महिला दुबैलाई साक्षर बनाउने र अङ्कको शिक्षा दिने र उच्चशिक्षामा लैङ्गिक विभेदको अन्त्य गर्नेजस्ता लक्ष्यहरू तय गरिएको छ ।

शिक्षा र तालिम सहकारी क्षेत्रको महत्वपूर्ण क्रियाकलापभित्र पर्दछ। सहकारीले आफ्ना सदस्यहरूलाई तालिम र शिक्षाको माध्यमबाट जीवनभरी सिक्ने अवसर उपलब्ध गराउने, शिक्षाको लागि वित्तीय लगानी (शैक्षिककर्जा) र प्रत्यक्ष छात्रवृत्तिको व्यवस्था गरी गुणस्तरीय शिक्षाका लागि सदस्यका सन्तानलाई सहयोग पुऱ्याउने,सहकारी शिशु स्याहार केन्द्रहरूमार्फत समुदायभित्रका बालबालिकाहरूलाई गुणस्तरीय र समावेशी शिक्षाको अवसर दिने,स्थानीय विद्यालयको पूर्वाधार र अतिरिक्त क्रियाकलापहरूमा सहयोग पुऱ्याएर सहकारीले शिक्षाको गुणस्तरमा सुधार गर्ने,शिक्षा समुदायका सबैको लागि भन्ने राष्ट्रिय अभियानमा योगदान पुऱ्याउन गरिब र पिछडिएको समुदायका बालबालिकाहरूबिच भर्ना अभियान र जनचेतनाको अभिवृद्धि गर्ने जस्ता कार्यहरूमा सहकारी संस्थाहरूको अगुवाई प्रभावकारी हुन सक्दछ ।

### दिगो विकासको लक्ष्य ५ (पाँच) : लैङ्गिक समानता र महिला सशक्तिकरण

नेपालले लैङ्गिक विभेदको महत्वपूर्ण सामाजिक-आर्थिक क्षेत्रहरू खासगरी शिक्षा, स्वास्थ्य र राजनीतिक निर्णय निर्माण प्रक्रियामा सहभागिताको क्षेत्रमा रहेको खाडल न्यून तुल्याउनु आवश्यक छ । लैङ्गिक असमानता र हिंसालाई प्रवर्द्धन गर्ने विगतका अभ्यासहरू हटाउन पनि धेरै हदसम्म प्रगति हासिल भएको छ । समान कामका लागि समान ज्याला, श्रम शक्तिभित्र लैङ्गिक सन्तुलन र महिलाहरूको राजनीतिक सशक्तिकरणको क्षेत्रमा उल्लेख्य उपलब्धिहरू हासिल भएका छन् । यद्यपि, व्यावसायिक र प्राविधिक श्रमशक्तिभित्र महिला र पुरुष अनुपात, विभिन्न प्रकृतिका लैङ्गिक हिंसा, चेलीबेटी बेचबिखन, दुर्व्यवहारहरू जस्तै बोक्सीको आरोप, छाउपडी, दाइजो, कम उमेरमा हुने विवाहलगायत अन्य विकृतिहरू विद्यमान रहेको छ । भारत र बंगलादेशपछि नेपाल दक्षिण एशियाको तेश्रो ठूलो बालविवाह हुने देशमा पर्दछ। १८ वर्ष पुरा नभई विवाह हुने महिलाको सङ्ख्या ३७ प्रतिशत रहेको छ भने १५ वर्ष नै नपुगी विवाह हुने महिलाको सङ्ख्या १० प्रतिशत रहेको छ ।

दिगो विकास लक्ष्य ५ अन्तर्गत समान कामको समान ज्याला कायम गर्ने, शारीरिक र यौन हिंसा अन्त्य गर्ने, महिलाहरूप्रति गरिने सबैखाले गलत अभ्यासहरू अन्त्य गर्ने, संसदमा महिलाहरूको सहभागिता वृद्धि गर्ने, सरकारी सेवामा महिलाहरूको सहभागिता वृद्धि गर्ने लक्ष्यहरू निर्दिष्ट गरिएको छ। सहकारी क्षेत्रले सहकारीमा महिला सदस्यतालाई प्रोत्साहन गर्ने,सहकारी ऐनमा भएको व्यवस्था बमोजिम निर्णय निर्माणमा महिला सहभागिता कम्तीमा ३३ प्रतिशत पुऱ्याउने,रोजगारी, शिक्षा र तालिममा महिलाहरूलाई अवसर दिई उनीहरूको क्षमता अभिवृद्धि गर्ने,सहकारीको व्यवस्थापन र निर्णय निर्माणमा महिलाहरूको सहभागितालाई पर्याप्त अवसर दिई उनीहरूको नेतृत्व र सिप वृद्धि गर्नेजस्ता कार्यहरू सम्पादन गरी दिगो विकासको यो लक्ष्यमा योगदान पुऱ्याउनु पर्दछ ।

### दिगो विकासको लक्ष्य ६ (छ) : स्वच्छ पानी तथा सरसफाई

सन् २०१५ को अन्त्यसम्ममा खानेपानीको सुविधा ८७ प्रतिशत र सरसफाई (स्यानिटेशन) सुविधा ८२ प्रतिशत जनसङ्ख्यामा पुगिसकेको छ । यद्यपि, खानेपानीको यो सुविधा पाइपमार्फत भने ४९.५ प्रतिशत परिवारले मात्र प्राप्त गर्न सकेका छन् । हालसालै गरिएको अध्ययन अनुसार ८२.२ प्रतिशत घरपरिवार अहिले पनि शुद्ध पानी पिउनबाट बञ्चित रहेका छन्। दुई तिहाई जनसङ्ख्याले शौचालयको प्रयोग गर्दछन् भने ३० प्रतिशत शहरी घरपरिवारले मात्र ढल निकासको सुविधा पाउन सकेका छन् । दिगो विकासको छैठौं लक्ष्य अन्तर्गत सन् २०३० भित्र खानेपानी आपूर्ति र सरसफाईको क्षेत्रमा उल्लेख्य उपलब्धिहरू हासिल गर्ने लक्ष्य राखिएको छ। सहकारीले यो लक्ष्य प्राप्तिका लागि जनचेतना जागृत गराउने र सेवा उपलब्ध गराउन वा आयोजना सञ्चालनमा अगुवाई गर्ने,पानीको मुहानको सरसफाई र शुद्ध पिउने पानीको वितरणको जिम्मेवारी वहन गर्ने, पानी प्रशोधन उद्योग स्थापना गर्नेजस्ता योजनाहरू कार्यान्वयन गर्न सक्दछन् ।

### दिगो विकासको लक्ष्य ७ (सात) : वहनयोग्य र सफा ऊर्जा

देशमा करिब तीन चौथाई घरपरिवारले अहिले पनि ऊर्जाको लागि दाउराको प्रयोग गर्दछन्। करिब २० प्रतिशत घरपरिवारले मात्र एलपिजी ग्यासको उपयोग गर्दछन् । तीन चौथाई घरपरिवारले बिद्युतसेवामा पहूँच राख्दछन् । विद्युतको उपयोग बत्ती, पङ्खा, टेलिभिजन र मोवाइलचार्जजस्ता काममा सीमित रहेको छ। त्यस्तैगरी सीमित क्षेत्रमा सोलार बत्तीको उपयोग गर्ने गरिएको छ। ग्रामीण तथा धेरैजसो बजार हरूमा पनि सुख्खायाममा विद्युत आपूर्ति प्रायजसो नियमित हुन सकेको छैन। विद्युत जडान, मरम्मत खर्च र महशूलको वहन क्षमता पनि गरिब परिवारको लागि समस्याको रूपमा रहेको छ ।

दिगो विकासको सातौ लक्ष्य अन्तर्गत बहुसंख्यक घरपरिवारलाई विद्युत सेवा पुऱ्याउने, दाउराको उपयोगमा आश्रित घरपरिवारको सङ्ख्या घटाउने, एलपिजी ग्यास उपयोगलाई सीमित गर्ने र प्रति व्यक्ति विद्युत

खपत बढाउने लक्ष्यहरू तोकिएको छ । यसका लागि सहकारीले खाना पकाउन दाउराको उपयोग घटाउने, नवीकरणीय ऊर्जाको उपयोगलाई प्रोत्साहन गर्ने, नवीकरणीय ऊर्जा उत्पादन गर्ने, फोसायल फ्यूलको उपयोग घटाउने, वा विकल्पका बारे जनचेतना अभिवृद्धि गर्नेजस्ता काममा योगदान पुऱ्याउन सक्दछ ।

### दिगो विकासको लक्ष्य ८ (आठ) : मर्यादित काम र आर्थिक विकास

नेपालको विगत दुई दशकको आर्थिक वृद्धिदर औसत ४ प्रतिशतको रहेको छ । औद्यौगिक उत्पादनमा कच्चा पदार्थको अंश ६६ प्रतिशतले उच्च रहेको छ । १५ देखि ५९ वर्ष भित्रका अर्ध बेरोजगार व्यक्तिहरूको सङ्ख्या २७.८ प्रतिशत रहेको छ । रोजगार पाउने एक चौथाई कामदारहरू गरिब श्रमिकको रूपमा रहेका छन् । श्रम बजारको अधिकांश हिस्सा अनौपचारिक क्षेत्रले ओगटेको छ , जसमा सामाजिक सुरक्षाको अभाव रहनेगरेको छ । लिङ्गका आधारमा ज्यालामा विभेदजनक व्यवस्था विद्यमान छ । बालश्रमको उपयोग भइरहेको छ, जसमध्ये ३० प्रतिशत जोखिमपूर्ण अवस्थामा कार्यरत रहेका छन् ।

> नेपालको सहकारी क्षेत्रले रोजगारी सिर्जना र आयआर्जनका क्रियाकलापहरु वृद्धि गर्न योगदान पुऱ्याउने, मर्यादित कामको लागि श्रम सहकारीको स्थापनालाई प्रोत्साहन गर्ने, श्रमिकहरुको अधिकारको सुरक्षा र प्रवर्द्धन गर्नेजस्ता कार्यमा योगदान पुऱ्याउन सक्दछन् ।

सन् २०३० को लागि विश्व आर्थिक विकासको वृद्धिदर न्यूनतम ७ प्रतिशतको लक्ष्य राखिएको छ । अन्य लक्ष्यहरू अन्तर्गत औद्यौगिक उत्पादनको लागतमा कच्चापदार्थको अंश घटाउने, अर्ध बेरोजगार कम गर्ने, निकृष्ट किसिमको बालश्रमको अन्त्य गर्ने, पर्यटकीय क्षेत्रमा बढी रोजगारी सिर्जना गर्ने, कूल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धि गर्ने र सामुदायिक वित्तीय संस्थाको सेवामा सुधार गर्ने लक्ष्य राखिएको छ। नेपालको सहकारी क्षेत्रले रोजगारी सिर्जना र आयआर्जनका क्रियाकलापहरू वृद्धि गर्न योगदान पुऱ्याउने, मर्यादित कामको लागि श्रम सहकारीको स्थापनालाई प्रोत्साहन गर्ने, श्रमिकहरूको अधिकारको सुरक्षा र प्रवर्द्धन गर्नेजस्ता कार्यमा योगदान पुऱ्याउन सक्दछन् ।

### दिगो विकासको लक्ष्य ९ (नौ) : वहनयोग्य पूर्वाधार एवम् समावेशी र दिगो औद्योगिकीकरण

भौतिक पूर्वाधारको क्षेत्रमा नेपाल धेरै पछि परेको छ । सन् २०१५/०१६ को अवधिमा देशमा जम्मा १३ हजार किलोमिटर लम्बाईको सडक सञ्जालको विस्तार भएको छ । जिल्लास्तरीय सडकको सञ्जाल २५,७२८ किलोमिटर लम्बाई र गाँउस्तरीय सडक सडकको लम्बाई जम्मा ३१,९०४ किलोमिटर छ । सडकको घनत्व ०.५ किमि प्रति वर्ग किलोमिटर मात्र रहेको छ । धेरैजसो सडकहरू तोकिएको मापदण्डभित्र भएको पाइदैन । दुरसञ्चारको क्षेत्रमा भने ठूलो प्रगति भएको छ । सेलफोनको प्रयोगले जनसङ्ख्याको आकारलाई नाघेको छ । औद्यौगिक क्षेत्र विशेष गरी कलकारखाना, पानी तथा विद्युत र निर्माणको क्षेत्रमा लगानी ज्यादै न्यून र प्रतिस्पर्धात्मक क्षमताको कमी रहेको छ । औद्यौगिक क्षेत्रको योगदान १५ प्रतिशत मात्र रहेको छ भने यसले जम्मा ७ प्रतिशत श्रमशक्ति मात्र खपत गरिरहेको छ ।

वहनयोग्य पूर्वाधारको विकासमा सहकारीले प्रत्यक्ष योगदान पुऱ्याउने सम्भावना नभएपनि सार्वजनिक र निजी क्षेत्रले लगानी गर्न चासो नदिएको वातावरण अनुकूल वस्तु उत्पादन र सेवा प्रवाहमा र युवा सदस्यहरूलाई परिचालन गरी साना तथा लघु उद्योग र उद्यमशीलताको प्रवर्द्धन गर्न सहकारीले योगदान गर्न सक्ने सम्भवाना छ ।

### दिगो विकासको लक्ष्य १० (दश) : असमानता घटाउने

सन् २०१५ को तथ्याङ्क अनुसार गिनी कोइफिसियन्टबाट मापन गर्दा उपभोगमा असमानता ०.३३ र आयमा असमानता ०.४६ रहेको अनुमान गरिएको छ । कूल उपभोगमा तल्लो ४० प्रतिशत जनसङ्ख्याले जम्मा १८.७ प्रतिशत मात्र उपभोग गर्न सकेको पाइएको छ । त्यसैगरी तल्लो ४० प्रतिशत जनसङ्ख्याको आय कूल आयको १२ प्रतिशत मात्र देखिएको छ । यद्यपि सन् २००४ को गिनी कोइफिसियन्ट (०.४७) मापनको आधारमा तल्लो तहको जनसङ्ख्याको आयमा तीव्र वृद्धि आएको देखिएको छ । यो रूपान्तरण पाल्मा अनुपातबाट सिद्ध हुन्छ, जसले माथिल्ला १० प्रतिशत जनसङ्ख्याको आयमा सन् २०१० देखि सन् २०१५ को अवधिको आयमा १.३ को दरमा स्थिर रहेको छ । सन् २०१५ मा भएको गणना अनुसार प्राथमिक शिक्षा पुरा गर्ने अति गरिबीमा रहेको समूहभन्दा अति धनीको अनुपात २.२ गुणाले बढी छ । त्यसैगरी गरिबीको तल्लो समूहभन्दा १.६ गुणाले माथिल्लो धनी समूहका बालबालिकाहरू शोषणबाट मुक्त रहेका छन् ।

दिगो विकासको १० औं लक्ष्य अन्तर्गत उपभोगमा भएको असमानता, आयमा भएको असमानता र पाल्मा अनुपात घटाउने लक्ष्य लिइएको छ । यही अवधिभित्र तल्लो ४० प्रतिशत जनसङ्ख्याको आयमा वृद्धि ल्याउने र न्यूनतम ज्यालाको सूचक समेत उपभोक्ता मूल्यसूचीको आधारमा वृद्धि गर्ने भनिएको छ । सहकारीले हरेक क्षेत्रमा समानता, समता र समावेशीताको प्रवर्द्धन गरी विद्यमान विभेदजनक अवस्थाको अन्त्यका लागि योगदान पुऱ्याउन सक्दछन् ।

### दिगो विकासको लक्ष्य ११ (एघार) : दिगो शहरीकरण र समुदाय

नेपालमा ३० प्रतिशतभन्दा कम जनता सुरक्षित आवासको सुविधाको उपभोग गर्न भित्र पर्दछन् । शहरी क्षेत्रमा सुरक्षित घरको निर्माणको माग उच्च रहेको छ । एक लाखभन्दा बढी मानिसहरू शहरी क्षेत्रमा सुकुम्बासीको रूपमा अवैधानिक जग्गा कब्जा गरी झुप्रो ठड्याएर बसोबास गरिरहेका छन् । एउटा घरमा ५ वा सोभन्दा बढी मानिसहरू बस्ने घरपरिवारको सङ्ख्या करिब ४६.७ प्रतिशत रहेको छ ।

सन् २०३० भित्र कम्तीमा ६० वटा नयाँ सेटेलाइट शहरहरू निर्माण गर्ने लक्ष्य लिइएको छ । सन् २०१५ को भूकम्पले ७ लाख ५६ हजार घर (४ लाख ९९ हजार पूर्ण क्षति) हरू भत्कियो । त्यसैगरी ६ हजार ६३ स्वास्थ्य सेवा दिने केन्द्रहरू र १७ सय ११ अन्य संरचनाहरू नष्ट भयो । भूकम्पको कारण २ हजार ९ सय सांस्कृतिक र धार्मिक महत्वका संरचनाहरू भत्किए । भूकम्पले असर पारेको जिल्लाहरूमा सरकारले सुरक्षित घर निर्माणको लागि अनुदान सहयोग दिएर पुनर्निर्माणको कामलाई निरन्तरता दिइरहेको छ र सन् २०२० भित्र सम्पन्न गर्ने लक्ष्य लिएको छ ।

सन् २०३० भित्र एउटा घरमा पाँच जना सदस्य रहने घरपरिवारको सङ्ख्या घटाउने, धेरै राजमार्गहरू विश्वस्तरको तुलनामा सुरक्षित बनाउने र सुरक्षित आवासको सङ्ख्या वृद्धि गर्ने लक्ष्य लिइएको छ । त्यसैगरी वायु प्रदुषण कम गर्दै लैजाने, प्रकोपबाट हुने मृत्यु र चोटपटकमा नियन्त्रण गर्ने उपायहरूको अवलम्बन गर्ने, भूकम्पबाट क्षतिभएका सबै सांस्कृतिक सम्पदाको पुनर्निर्माण सम्पन्न गर्ने साथै यी सम्पदाहरूको संरक्षण सम्वर्द्धनका लागि बजेटको अनुपात वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

सहकारी क्षेत्रले समावेशी, सुरक्षित, वहनयोग्य, भरपर्दो र वातावरण अनुकूल मानव बस्तीको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने,आवाश सहकारीको स्थापना र प्रवर्द्धनमा योगदान पुऱ्याई सर्वसाधारणलाई उनीहरूको आवश्यकता परिपूर्ति र स्वव्यवस्थापनको माध्यमबाट लाभान्वित बनाउने,औपचारिक बिमाले नसमेटेका प्रकोप र मौसम परिवर्तनको असरबाट प्रभावित व्यक्तिहरूलाई सहकारीले आपसी सहयोग र सुरक्षण विधिको माध्यमबाट योगदान पुऱ्याउने,दीर्घकालीन दृष्टिकोण सहित वातावरण अनुकूल लगानीका लागि जनचेतना अभिवृद्धि गर्ने र संस्कृति र सम्पदाको सम्वर्द्धनका लागि अगुवाई गर्नेजस्तो भूमिका निर्वाह गर्न सक्दछन् ।

### दिगो विकासको लक्ष्य १२ (बाह्र) : दिगो उपभोग र उत्पादन

नेपालमा अपार जलश्रोत रहेको छ, तर यसको १० प्रतिशत अंश मात्र जलविद्युतको रूपमा व्यापारिक प्रयोजनमा आएको छ । अहिले प्रयोगमा आएको खेतीयोग्य जमिनको उर्वराशक्तिलाई दोब्बरभन्दा बढीले वृद्धि गर्नसकिने सम्भावना छदैछ । अहिले पनि खेती गरिएका जमिनमध्ये ८० प्रतिशत जमिनमा परम्परागत अन्नबाली लगाउने प्रचलन रहेको छ । शहरीकरण र अन्य वैकल्पिक उपयोगका कारण खेतीयोग्य जमिनहरू मासिदैगएका छन् । अन्नबालीको खेतीको लागि ७५ प्रतिशत खेतीयोग्य जमिन उपयोगमा ल्याउने लक्ष्य लिइएको छ ।

अहिले प्रतिव्यक्ति दाउराको खपत ०.११ घन मिटर प्रतिवर्ष रहेको छ । यसलाई घटाएर ०.०५ घन मिटर प्रतिवर्ष झार्ने लक्ष्य लिइएको छ । त्यसैगरी सन् २०१५ मा प्रतिव्यक्ति प्लाष्टिकको खपत २.७ ग्राम प्रतिदिन रहेकोमा यसलाई शून्य बनाउने लक्ष्य राखिएको छ । बाली भित्र्याउदा हुने क्षतिलाई सन् २०१५ को १५ प्रतिशतबाट सन् २०३० सम्ममा १ प्रतिशतभन्दा कम गर्ने लक्ष्य लिइएको छ । दिगो विकासको लक्ष्य १२ अन्तर्गत पानीको प्रयोग २० प्रतिशतमा पुऱ्याउने,ऊर्जा खपतमा फोसायल फ्यूलको अनुपात घटाएर १५ प्रतिशतमा झार्ने, उद्योगहरूबाट उत्सर्जन हुने तरल र ठोस फोहोरहरू घटाउने, फोसायल फ्यूलमा दिइएको अनुदानको व्यवस्था खारेज गर्नेजस्ता लक्ष्यहरू राखिएको छ ।

बस्तुहरूको रिसाइक्लिङ र रियुज गर्ने,आपूर्ति श्रृङ्खलाभित्र हुने खाद्यान्नको चुहावट र क्षति नियन्त्रण गर्ने र दिगो प्याकेजिङ र ढुवानीको कार्यमा सहकारी अभियानले योगदान पुऱ्याउँन सक्दछन् । दिगो उत्पादन र उपभोगका मापदण्ड र विधिहरूको उपयोगमा आफ्ना सदस्यहरूलाई अनुशिक्षण गरी राष्ट्रिय अभियानमा सहकारीहरूले प्रत्यक्ष योगदान पुऱ्याउन सहकारी प्रभावकारी माध्यम हो ।

### दिगो विकासको लक्ष्य १३ (तेह्र) : मौसम परिवर्तन

विश्व तापक्रममा निरन्तर वृद्धि भइरहेको छ । मौसमको प्रतिकूलता सहजै महशूस गर्ने अवस्थामा हामी पुगीसकेका छौं । मानवले नै सिर्जना गरेको अत्यन्तै ठूलो चूनौतीको रूपमा मौसम परिवर्तनलाई लिनु पर्दछ । कृषि क्षेत्रले हरितगृह ग्यासको उत्सर्जनमा ६८ प्रतिशतले योगदान पुऱ्याएको छ । यसैगरी यातायात र औद्यौगिक क्षेत्रले १२ प्रतिशत र अन्य व्यापारिक क्रियाकलापका कारण ५ प्रतिशत हरित गृह ग्यासको उत्सर्जन भईरहेको छ । हरित गृह ग्यासको उत्सर्जनले गर्दा मौसममाथि प्रतिकूल असर पुऱ्याएको छ । अहिलेको अनुपातमा सन् २०३० सम्ममा ग्याँस उत्सर्जनलाई आधा घटाउने लक्ष्य रहेको छ । सन् २०३० को लागि १२० वटा गाउँपालिका र नगरपालिकाहरूलाई मौसम परिवर्तन सम्वन्धी योजनाहरू बनाई परिमाणात्मक लक्ष्यहरू प्राप्तिमा अग्रसर गराउने लक्ष्य प्रस्ताव गरिएको छ । त्यसैगरी १७० वटा मौसम अनुकूल गाउँहरूको विकास गरिने भनिएको छ । ५०० वटा मौसम अनुकूल कृषिफार्महरूको विकास गरिने लक्ष्य पनि दिगो विकासको यो लक्ष्य अन्तर्गत समेटिएको छ । सबै विद्यालयहरूमा मौसम परिवर्तन शिक्षाको व्यवस्था गरिने भनिएको छ । सहकारी क्षेत्रले नविकरणीय ऊर्जाको उत्पादन र उपयोग गर्ने, प्लाष्टिकका झोलाको प्रयोगमा रोक लगाउने र प्राकृतिक प्रकोप न्यूनिकरण गर्न समुदायमा सहयोग पुऱ्याउने, बृक्षारोपणको बिशेष कार्यक्रमहरू सञ्चालन गर्ने तथा वातावरणमा आएको परिवर्तनबाट सिर्जना भएका समस्याहरू समाधान गर्ने स्थानीय प्रयासहरू गर्नेजस्ता अभियानमा सरिक भई पृथ्वी र सृष्टिको रक्षामा योगदान पुऱ्याउनु पर्दछ ।

### दिगो विकासको लक्ष्य १४ (चौध) : पानीमा जीवन

दिगो विकासको यो लक्ष्य खासगरी समुन्द्रिक जीवहरूप्रति लक्षित रहेको छ । हाम्रा नदी, ताल र पोखरीहरूको जलचरको सुरक्षा तथा पानीको पर्यावरणलाई जोगाउन सहकारी संस्थाहरूले स्थानीयस्तरमा प्रयत्न गर्न सक्ने अवस्था रहेको छ ।

### दिगो विकासको लक्ष्य १५ (पन्ध्र) : भूमिमा जीवन

नेपालको १९ प्रतिशत वन क्षेत्र समुदायको व्यवस्थापनमा रहेको छ । कूल भूमिको २३.२ प्रतिशत भूमि निकुञ्जको रूपमा आरक्षित गरिएको छ । १,७२७ ताल, तलैया र पोखरीहरूको देशले संरक्षण गरेको छ । पहाडी भूभागको दुई तिहाई (६७.८ प्रतिशत) आरक्षणभित्र पर्दछ । ५,३५८ तालहरूमध्ये २० वटा तालहरू विशेष सुरक्षा दिनुपर्ने अवस्थामा रहेका छन् । त्यस्तै ३३४६ वटा पानीका मुहानहरू (वाटरसेड) को सुरक्षा गरिएको छ । १,६७५ किलोमिटर नदी किनार तथा झरनाहरू वायोइन्जिनियरिङ्ग प्रविधिको उपयोग गरी सुरक्षित राख्ने प्रयत्न भएको छ । प्राकृतिक वातावरणमा आएको प्रतिकूलताका कारण कतिपय जीवजन्तु र वनस्पतिहरू लोपोन्मुख अवस्थामा पुगेका छन् । केही प्रजातिहरू लोप भईसकेका छन् भने केहीको सङ्ख्या र उपस्थिति घटेको छ । १२,४८० प्रजातिका वनस्पतिहरू र ११,७०६ प्रजातिका जीवजन्तुहरूमध्ये ६० (०.४८ प्रतिशत) प्रजातिका वनस्पतिहरू र ९५ (०.८१ प्रतिशत) प्रजातिका जीवजन्तुहरू खतराको सूचीमा परेका छन् ।

सन् २०३० सम्ममा आरक्षित क्षेत्रहरू वृद्धि गरी कूल भूमिको २३.३ प्रतिशत पुऱ्याउने, वनविनासको गतिलाई आधाले कम गर्ने, पहाडी क्षेत्रमा आरक्षित क्षेत्र वृद्धि गर्ने र प्रत्येक वर्ष ५ हजार हेक्टर भूमिमा वृक्षारोपणको कामलाई निरन्तरता दिने लक्ष्य निर्धारण गरिएको छ ।

सहकारीहरूको मुख्य उद्देश्य सदस्यहरूको आवश्यकता परिपूर्ति गर्नु हो । प्राकृतिक वातावरणको संरक्षण नगरे सदस्यहरूको आवश्यकता परिपूर्ति हुन सक्दैन । यसका लागि सहकारीहरूले पानीको मुहान, वन र जैविक विविधताको संरक्षणको काम गर्ने,आफ्ना सदस्यहरूलाई जडिबुटी उत्पादनमा प्रोत्साहन र सहयोग गर्ने, माछा मार्नेहरूको समुदाय निर्माण गरेर आबद्ध सदस्यहरूलाई दिगो विकासको मापदण्डभित्र रहेर माछा मार्न सिकाउनेगरी तालिम दिने, वनउपभोक्ता समितिहरू बनाएर काठपातहरूको उपयोग गर्दा बनको सुरक्षा र पुनर्उत्पादनको व्यवस्था मिलाउने साथै यस्तो समुदायलाई वन पर्यावरणलाई माया गर्न उत्प्रेरित गर्ने र वातावरण अनुकूल, माटो सुहाउँदो र औषधीय गुण भएका रूखहरू रोप्ने अभियान सञ्चालन गर्न सक्दछन् ।

### दिगो विकासको लक्ष्य १६ (सोह्र) : शान्ति, न्याय र सवल संस्थाहरू

विश्वभर समावेशी विकासमा प्रगतिशील प्रजातन्त्रको योगदान रहनेगरेको छ । नेपालको हकमा पनि सुशासन जसमा पारदर्शिता, जवाफदेहिता र विधिको शासनजस्ता पक्षहरूमा सुधार गर्ने निरन्तर प्रयासहरू भईरहेको छ । प्रेस स्वतन्त्रता र क्रियाशीलता एवम् नागरिकहरूको आन्दोलनको ऐतिहासिक योगदानका कारण राज्यको भूमिकालाई जनमुखी र सुशासनतिर डोऱ्याउने काम भएको छ ।

सन् २०१५ मा बालबालिका बेचबिखन (देश वाहिर) को बारेमा आधिकारिक प्रतिवेदनले प्रतिलाख ६४ जना भएको देखिएको छ । सन् २०१५ मा सशस्त्र द्वन्दका कारण १६२८ जना प्रत्यक्ष रूपमा मारिएका छन् । दिगो विकासको १६ औं लक्ष्य अन्तर्गत हिंसात्मक द्वन्दको अन्त्य गर्ने भनिएको छ । त्यसैगरी महिला तथा बाल हिंसाको अन्त्य गर्नुका साथै विश्व मापदण्डमा सुशासनका महत्वपूर्ण पक्षहरू पारदर्शिता र जवाफदेहितामा उल्लेख्य सुधार गर्ने भनिएको छ । यसै अन्तर्गत २० वर्ष पुरा नभई गरिने विवाहको प्रचलनको अन्त्य गर्ने र जन्मदर्तालाई विश्वस्तरको बनाउने भनिएको छ ।

सहकारी आफैमा प्रजातन्त्रको अभ्यास गर्ने एक उत्कृष्ट थलो हो । सदस्यहरूको क्रियाशीलता र एक सदस्य एक मतको सहकारी अभ्यासले आम नागरिकहरूमा स्वतन्त्र निर्णय निर्माण गर्ने सिपका साथै सक्षम नेतृत्व निर्माणमा पनि सघाएको छ। विभेदको अन्त्य सहकारीको सबैभन्दा महत्वपूर्ण मान्यता हो । यसले समाजमा एक आपसमा मात्र होइन एक अर्को समूहको सम्बन्धमा पनि राम्रो सम्बन्धको विकास गर्दछ । राजनीतिक क्लेश, आर्थिक सङ्कट, विस्थापन, हिंसा जस्ता बेलामा पनि सहकारीको उपस्थितिले छिमेकीहरूबिच शान्ति र सद्भावको वातावरण बनाउन र समाजलाई पुनर्जागरण गर्न सहयोग पुग्दछ ।

सहकारी क्षेत्रले सहकारीका सिद्धान्तहरू, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू र देशको प्रचलित कानूनहरूको कार्यान्वयनलाई सुदृढ गर्ने,समुदाय, सशक्तिकरण र समावेशीताको भावनालाई प्रवर्द्धन गर्न लगानी गर्ने,राजनीति, जातीय र आर्थिक तथा लिङ्गका आधारमा हुने विभेदको अन्त्य गरी सबैलाई मूलधारमा ल्याउन प्रयत्नशील रहने र अन्याय र हिंसा विरुद्धको अभियानलाई प्रवर्द्धन गरेर यो लक्ष्यमा पुग्न योगदान गर्नु पर्दछ ।

### दिगो विकासको लक्ष्य १७ (सत्र) : साझेदारी


नेपालको कर राजश्व परिचालनको अवस्था धेरै सुदृढ रहेको छ । सन् २०१५ मा यो कूल गार्हस्थ्य उत्पादनको २० प्रतिशत पुगेको छ । सन् २०३० सम्ममा राजश्वको योगदान कूल गार्हस्थ्य उत्पादनमा ३० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । सन् २०३० भित्र आन्तरिक राजश्वको श्रोतबाट सरकारी खर्चको ८० प्रतिशत धान्न सक्ने क्षमतामा पुऱ्याउने भनिएको छ । लक्ष्य खासै उत्साहप्रद देखिदैन कारण हामीले पूर्वाधार विकासमा धेरै कामहरू गर्न बाँकी छ जसका लागि सरकारलाई ठूलो आकारमा बाह्य श्रोतको आवश्यकता पर्नेछ । त्यसैगरी राजश्व परिचालन पनि थप प्रभावकारी नबनाई सुख छैन । निजी क्षेत्रको वित्तीय लगानी र बैदेशिक प्रत्यक्ष लगानीको अहिलेको आवश्यकतालाई आधार बनाउँदा कम्तीमा ५ गुणाले वृद्धि गर्नैपर्ने अवस्था हुन्छ ।

यो क्षेत्रमा सहकारीले योगदान पुऱ्याउन सक्ने केही खास क्षेत्रहरू रहेका छन् । सहकारी सहकारीबिचको सहकार्यको सिद्धान्तमाथि हामीले विचार पुऱ्याउनु पर्दछ । हामीले विश्व सहकारी अभियानसँग सहकार्य गरेर केही उपलब्धिहरू हासिल गर्न सक्दछौं । उदाहरणका लागि यूरोपका उपभोक्ता सहकारीहरूले अफ्रिकाका कृषि सहकारीका उत्पादनहरू खपत गर्नेगरी साझेदारीको भूमिका निर्वाह गरेर व्यापारको दायरा बढाएर राज्यलाई लाभ पुऱ्याएका छन् । दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि सबै तहका सहकारीका सङ्घहरूले सहकारी संस्थाहरूसँग एकआपसमा सहकार्य गर्ने,सरकारी निकाय, नागरिक समाज र संयुक्त राष्ट्र सङ्घका विभिन्न निकायहरूसँग मिलेर काम गर्ने तथा ज्ञान, सिप, र वित्तीय तथा प्राविधिक श्रोतका लागि साझेदारीको माध्यम अवलम्बन गर्नेतर्फ विशेष सक्रियता आवश्यक छ ।

## References


1. CICOPA, (2017),Cooperatives and Employment, Second Global Report, 2017
2. Cooperative Act of Nepal 2048 and 2074
3. Government of Nepal, (2012). National Policy on Cooperatives, 2069.
4. Government of Nepal, (2018). Economic Survey of Nepal 2017-18, Kathmandu.
5. International Cooperative Alliance, (2017). Coops for 2030, a movement achieving sustainable development for all, Annual Report, Volume I, July 2017.
6. Khatiwada, Yuba Raj, (2014). Cooperatives, Economic Democracy and Human Security: Perspectives from Nepal, Paper presented at 1st National Cooperative Congress, March 27, 2014, Kathmandu, Nepal.
7. National Planning Commission, (2016). Sustainable Development Goals, Status and Road Map 2016-2030, Nepal, Government of Nepal.
8. National Planning Commission, (2017). National Review of Sustainable Development Goals, 2017, Government of Nepal.
9. Position paper of ICA on SDGs.

# नेपालमा जैविक खेतीको विकासको सम्भावना र साना किसान सहकारीले खेल्न सक्ने भूमिका



✍ श्रीकृष्ण उपाध्याय*

नेपालको बनोट हिमाल, पहाड र तराईसम्म फैलिएको कारणले गर्दा यहाँ विभिन्न प्रकारका जलवायु पाईन्छ । साथै कृषि उत्पादनका लागि अनुकूल कृषि पर्यावरणीय विविधता छ ,जसका कारण कृषिका सबैजसो क्षेत्रमा उत्पादन वृद्धि गर्न सकिन्छ जस्तैः तरकारी, फलफूल, फूल, तेलहनबाली, कोसेबाली, अन्नबाली, नगदेबाली, मसलाबाली आदि । यस बाहेक नेपालमा हरेक पशुपक्षी पालन गर्न सकिन्छ । नेपाल जस्तो पर्यावरणीय विविधता भएको देशमा जैविक खेती सफलताको साथ गर्न सकिन्छ । यसको लागि सुहाउँदो वातावरण भएको कारणले गर्दा यहाँ जैविक खेतीको विकासको राम्रो सम्भावना छ ।

माटोको बनावटलाई खलबल नपारी र माटोलाई जीवित राख्ने गरी रासायनिक मल तथा विषादी प्रयोग नगरी जैविक तथा प्राङ्गारिक पदार्थहरू प्रयोग गरी आधुनिक तरिकाबाट तरकारी बाली उत्पादन गर्ने उद्देश्यले गरिने खेती नै जैविक खेती हो । यसमा किसानकै गाउँघर तथा गोठबाट खेर गएका बिभिन्न किसिमका वस्तुहरूलाई उपयोग गरेर जैविक खेती गर्न सकिन्छ । बालीबिरुवाका अवशेषहरू, पशु तथा फार्महरूबाट खेर गएका अवशेषहरू र जैविक मलहरू तथा अन्य विभिन्न मल र विषादीजन्य बोटबिरुवाहरू र जैविक वस्तुहरू यसमा पर्न आउछन् ,जुन नेपालमा सजिलै पाउन र बनाउन सकिन्छ ।

तर नेपालमा खेती भईरहेको जग्गाको ०.२ प्रतिशत मात्र अर्थात् ९०० हेक्टरमा मात्र जैविक खेती हुनेगरेको प्रमाणित तथ्याङ्क पाईएको छ। शायद यो प्रमाणित जैविक खेतीको आँकडा हो । यूरोपको साना मुलुक ल्याटिभिया (Lativia) देखि लेनचेन (Leinchain) ले १५ देखि ३७ प्रतिशतमा जैविक खेती गर्दै आएका छन् । अहिले पनि दक्षिण एशिया तथा नेपालमा रासायनिक मलको प्रयोग प्रति हेक्टर कम नै छ र हाम्रो माटो विग्रीसकेको छैन । खासगरी शहरी क्षेत्र वा सुगम क्षेत्रमा लगाईने तरकारीमा विषादीको मात्रा ज्यादै बढी छ । कस्ता विषादी खतरनाक हुन्छन् र त्यसलाई प्रयोग गर्ने विधि र समय केकस्तो हो भन्ने बारेमा किसानहरूमा कमै जानकारी भएको पाईएको छ। विषादी प्रयोग हुने गाउँमा क्यान्सरजस्तो रोग पछिसम्म हुने हुँदा यस रोगले खासगरी गरिब, मजदुर किसानहरू आक्रान्त छन् । विश्वमै रासायनिक मल र विषादी प्रयोग गरेर विभिन्न बाली उत्पादन हुँदै आएको छ। जैविक खेती ओझेलमा पर्दै आएको छ।

नेपालको जैविक खेती सम्बन्धी आफ्नो अनुभव अनुसार जैविक खेतीको लागत रासायनिक खेतीभन्दा कम हुने उत्पादनको गुणस्तर, स्वाद र पोषक तत्व बढी हुने देखिएको छ । धेरैजसो उपभोक्तामा जैविक उत्पादनहरुको गुण बारे पर्याप्त जानकारी नभएकोले र छुट्टै पहिचान र बजारको व्यवस्था नभएकोले बजारमा यसले पर्याप्त प्रोत्साहन पाउन सकेको छैन ।

जसले गर्दा (१) रासायनिक मल र विषादीहरूको अत्याधिक प्रयोगले माटोको उर्वराशक्तिमा कमी र रोग किराहरूको प्रतिरक्षात्मक सहने शक्तिमा वृद्धि (२) वातावरण तथा माटो, हावा र पानीमा प्रदुषण (३) बालीहरूको जातीय विविधतामा कमी (४) मानव स्वास्थ्यमा असर आदि समस्या देखिएका छन् । रासायनिक विषादीको प्रभावले टाउको दुख्ने, साथसाथै वाकवाकी लाग्ने, पेट गडबडी हुने, विभिन्न प्रकारको छालाको रोगहरू, आँखाको सङ्क्रमण, थकाई लाग्ने वा मुर्छित हुने, अपाङ्ग बच्चा जन्मिने आदि जस्ता स्वास्थ्य सम्बन्धी समस्या देखापर्ने सम्भावना हुन्छ । यस्ता विषादीयुक्त उपभोगबाट शहरी उपभोक्ताको स्वास्थ्यमा पनि नराम्रो असर परेको देखिएको छ ।

नेपालको जैविक खेती सम्बन्धी आफ्नो अनुभव अनुसार जैविक खेतीको लागत रासायनिक खेतीभन्दा कम हुने उत्पादनको गुणस्तर, स्वाद र पोषक तत्व बढी हुने देखिएको छ । धेरैजसो उपभोक्तामा जैविक उत्पादनहरूको गुण बारे पर्याप्त जानकारी नभएकोले र छुट्टै पहिचान र बजारको व्यवस्था नभएकोले बजारमा यसले पर्याप्त प्रोत्साहन पाउन सकेको छैन ।

विल्लोको भनाई अनुसार कृषिजन्य खेती अन्तर्गत जमिनको उत्पादकत्व बढाउने, खर्च घटाउने, थोरै लगानीको उच्च दक्षता प्रयोग वा मानव र वातावरणलाई क्षति नगर्ने गरी संयन्त्र निर्माण गर्न विकसित देशको लागि कृषिजन्य विकास रणनीति आवश्यक पर्दछ । मुख्य आवश्यक्ता भनेको भूक्षय कम गराउने र खेतीको लागि लगानीको दुरुपयोग कम गर्न स्वस्थ माटो, बिरुवा र वातवरण प्रणालीको प्रवर्धन गर्नु हो । जैविक खेती भन्नाले जैविक वा प्राङ्गारिक पदार्थहरूको सही उपयोगलाई प्रोत्साहित गर्न माटोको आवश्यक पोषकतत्व पुनर्स्थापनाको क्षेत्रमा वर्तमान खेती प्रणालीको परिमार्जनमार्फत पर्यावरणमैत्री खेती प्रवर्धन गर्ने नयाँ रणनीति हो ।

माटोलाई बनाउन र दिगो उर्वराशक्तिको लागि जिउँदो माटोमा पुग्न जैविक खेतीबाट माटो निर्माण गर्ने संयन्त्र आवश्यक छ। जीवित माटोको निर्माणको लागि जैविक खेतीको प्रमुख चिन्ता हो । माटोले जैविक पदार्थहरूलाई सञ्चित गरिराख्नु पर्दछ र पोषकतत्व वा खाद्यतत्वहरू फिँजाउने काम गर्नको लागि सूक्ष्मजीवहरूलाई अनुकुल अवस्था सिर्जना हुन्छ ।

* पूर्व सदस्य राष्ट्रिय योजना आयोग एवम् पूर्व अध्यक्ष तथा महाप्रबन्धक, कृषि विकास बैंक लि.

कृषकहरूले हरियो मल, कम्पोष्ट बनाउने, भर्मी कम्पोष्ट बनाउने र जैविक मल र विषादीको एक पटक प्रयोग गरेपछि लागत र न्यूनतम् बाह्य कृषि सामग्रीहरूसँगको लागत अन्तर आफैँ थाहा पाउन सक्नेछन् । जैविक विधिबाट प्रायः सबै प्रकारका कृषिजन्य उत्पादनहरू जस्तैः तरकारी, फलफूल, जडिबुटी, अण्डा, मासु, दुध, फाईबर र फूलआदि उत्पादन गर्न सकिन्छ ।

हाम्रो कृषि अनुसन्धान र प्रसार, परम्परागत तथा आधुनिक रासायनिक खेतीको ज्ञानमा आधारित भएकोले जैविक खेतीको प्रविधि सम्बन्धी ज्ञानको अभाव र यसका साथै जैविक खेतीबाट निस्केको उत्पादनको छुट्टै ब्राण्ड र बजार व्यवस्था नभएकोले विस्तारमा बाधा परेको छ । विभिन्न गैह्र सरकारी संस्था, सहकारी, सामुदायिक संस्था र किसानको आफ्नै प्रयासमा हालसम्म धेरै काम भएको मान्न नसकिए पनि यसलाई प्रोत्साहित गरी व्यापक बनाउन जरुरी छ । यसका साथै केही प्रान्तीय सरकारले (जस्तैः कर्णाली प्रदेशले) जैविक खेती विस्तार गरी पूर्ण जैविक राज्य बनाउने घोषणा गरी सोही अनुसारका नीति बनाएका छन् । यसका लागि छुट्टै कार्यक्रम बनाएर राज्यका सबै अङ्गलाइ परिचालन गर्नुको साथै किसान र सो कार्यमा लागेका सबै संस्थालाई अवश्य प्रोत्साहन र सहयोग दिनु जरूरी छ ।

जैविक खेतीले स्वच्छ वातवरणमा श्रम र मजदुरहरूले काम गर्न पाउछन् । साथै जैविक खेतीले विश्वको खाद्यान्न उत्पादनलाई दिगो राख्न ठूलो योगदान दिन सक्दछ । यो पारम्परिक कृषिभन्दा अधिक लाभदायक हो र विश्वव्यापी रूपमा यो विस्तार हुन्छ साथै एक अवधारणाको रूपमा जैविक खेती पारम्परिक कृषिभन्दा धेरै प्राकृतिक छ ।

परम्परागत कृषि पूर्णरूपमा जैविक खेतीसँग मिल्दैन किनकि यसमा दिगो उत्पादन प्राप्त गर्न बिरुवा, वातावरण र व्यक्तिहरूको समावेश हुँदैन । विश्वव्यापी परिदृश्यलाई मध्यनजर गर्दा २०१५ मा विश्वव्यापी जैविक खाद्य उद्योगको मूल्य ८८.१ बिलियन अमेरिकी यु.एस. डलर थियो र २०२० सम्ममा यो सी.ए.जी.आर. १२.१ प्रतिशतले बढ्ने अनुमान गरिएको छ जुन १५६.३ बिलियन अमेरिकी यु.एस डलर पुग्नेछ । बिक्रीहरू स्वास्थ्य आहार, स्वास्थ्य जीवनशैली प्रवर्धन र बजार प्रकियामा आधारित छ । त्यस्तै गरी हिमालयन जडिबूटीले पसलदेखि पसल प्रणालीमा लगानी गरेर पारदर्शी प्रयोग बढाउन प्रयास गरेको छ, जसले बिभिन्न डिपार्टमेन्टल स्टोरभित्र स्थापना गर्न ब्राण्डलाई अनुमति दिनुपर्छ ।

केरलाको अनुभवमा त्यहाँ के भनियो भने उनीहरू "हरित क्रान्तिको लागि उच्च प्रयोगमा आउने मल, किटनाशक विषादी फिर्ता" भन्ने नारा लिएर हार्ने लडाई लडिरहेका छन् । किसानहरू सदाबहार संकल्प चाहन्थे जुन सँधै हरियो रहन्छ र कृषि पर्यावरण र माटोको विकास राम्रो हुन्छ । अन्य जस्तैः

- जैविक उत्पादनहरू महङ्गो हुन्छन् । जैविक रूपमा उत्पादन गरिएको खाद्य पदार्थ उत्पादनको स्पष्ट विधि, परीक्षणको जटिल प्रकृया र प्रमाणीकरणका अप्ठेरा र महङ्गा प्रणाली बेहोर्नु पर्छ । जैविक खेतीमा अझै पनि दक्ष श्रम शक्तिको समस्या रहेको छ ।
- थप रूपमा जैविक खेतीले अझै पनि स्पष्टताको अभावले बाधा अड्चन भोगिरहेको छ । जैविक खेतीले सबै ठाउँमा राम्रोसँग ओगटेको छ भनेर उपभोक्ताहरू सधैं निश्चित थिएनन् ।
- सबै अवरोधहरू हुँदाहुँदै पनि साना किसानहरू जैविक कार्डका विधिहरू अपनाउन इच्छुक छन् ।

खुद्रा तथा ईमार्केटिङ सह-अस्तित्वको कुरा गर्दा प्रदुषकबाट टाढै रहेका र आधुनिकताको खतराबाट सचेत भई भूमिमा बसोबास गर्ने किसानहरूले परम्पारागत र समग्र खेतीका फाईदाहरू पत्ता लगाईरहेका छन् जसबाट माटो स्वास्थ्य हुनुको साथै जैविक विविधता कायम भएको छ । २०१६ मा भारतको सिक्किम ७५००० हेक्टर जैविक खेती गरेर पहिलो पूर्ण जैविक राज्य भयो ।

### जैविक खेतीको सम्भावनाहरू र यस्ता खाद्यवस्तुको माग

नेपाल उत्तर र दक्षिणतर्फका दुईवटा उदियमान अर्थतन्त्रहरूमा विकासको दर उच्च छ र मध्यमवर्गीय जनसमुदायको माग पनि निकै बढी छ । यस्तो वर्गमा सुस्वास्थ्यका लागि स्वास्थ्यवर्धक जैविक खाद्यवस्तुमा रुची बढ्छ । नेपालको भौगोलिक अवस्था, हावापानी, माटो र वनले गर्दा हामी विभिन्न खालका फलफूल, तरकारी, औषधी, खाद्यान्न बाली, दलहन, गेडागुडी र मसला आदिको उत्पादन जैविक विधि अपनाएर पर्याप्त मात्रामा उत्पादन गर्न सक्छौं । जैविक खेतीका सम्भावनाहरू निम्न छन्:

- स्थानीय स्तरमा स्थानीय जैविक बिउ उत्पादन गर्न सकिन्छ ।
- नेपालमा समग्र उत्पादन प्रणालीलाई जैविक विविधतामा उन्मुख गराउन सकिन्छ ।
- एकल बाली प्रणालीबाट एकीकृत बाली प्रणालीतर्फ रूपान्तरण गराउन सकिन्छ ।
- माटोको जैविक कृयाकलापलाई वृद्धि गराउँदै लानु पर्दछ ।
- नेपालमा धेरैजसो किसानहरू मित्र जीवहरूको संरक्षण गर्नेतर्फ सचेत हुँदै आएका छन् र यसलाई प्रोत्साहन गर्न सकिन्छ ।
- माटो, हावा र पानीलाई स्वस्थ्य राखेर जैविक खेतीतिर उन्मुख हुन सकिन्छ ।
- बालीचक्र, कोशेबाली, हरियो मललाई बाली प्रणालीको अभिन्न अङ्गको रूपमा लिई खेती गर्नेतर्फ अग्रसर गराउनु पर्दछ ।
- दीर्घकालीन माटोको उर्वराशक्तिलाई कायम गर्न कृषक जागरण अभियान चलाउनु पर्दछ ।
- बाली र पशुको अवशेषलाई कुहाएर पुनः प्रयोग गर्दै खाद्यतत्वको आपूर्ति गर्नेतर्फ जागृत गराउनु पर्दछ ।
- कम्पोष्ट, जैविक मल र प्राङ्गारिक मलको प्रयोगलाई कृषक स्तरमा अगाडि बढाउन सकिन्छ ।

- रोग किरा नियन्त्रणका लागि प्राकृतिक वनस्पति एवम् जैविक विषादीलाई प्रयोगमा ल्याउन सकिन्छ । विभिन्न देशबाट नेपालमा तयारी जैविक मल र विषादी भित्रिएका पनि छन् ।
- भौतिक कृषिगत तथा जैविक तरिकाले रोग किरा र झारपातको नियन्त्रण सजिलैसँग गर्न सकिन्छ ।
- माटोको अवस्था अनुसार सुन्य खनजोत, न्यूनतम खनजोत, उचित खनजोत आदि तरिका अपनाएर जैविक खेती गर्न सकिन्छ ।
- स्थानीय श्रोत साधनको समुचित प्रयोग गरी वातावरण संरक्षणमा सहयोग गर्न सकिन्छ ।
- प्राङ्गारिक उत्पादनलाई प्रशोधन गर्दा गुणस्तरलाई कायम राख्न सावधानी अपनाएर गर्न सकिन्छ ।
- प्राङ्गारिक उत्पादनका उच्च पोषणयुक्त खाद्यवस्तुबाट जनस्वास्थ्यमा सकारात्मक प्रभाव ल्याउन सकिन्छ ।
- विभिन्न प्रकारको सूक्ष्म जिवाणुहरूलाई प्रयोग गरेर पाउडर तथा झोलमा जैविक विषादीको रूपमा नेपाली बजारमा भित्री सकेको छ । ई.एम., जिवातु, ट्राईकोडर्मा, वेष्ट डिकम्पोजर आदि जैविक खेतीको लागि उत्तम मानिन्छ । यसले विषादीको मात्रै काम नगरेर खाद्य तत्व पुऱ्याउने काम र माटोलाई राम्रोसँग मलिलो बनाउने काम गर्दछ ।
- जैविक खेतीलाई सुहाउँदो विभिन्न प्रविधिहरू नेपालमा भित्रीसकेका छन् जस्तै प्लाष्टिक टनेल वा घर, नाईलन जाली, लघुसिंचाई प्रविधिहरू, विभिन्न प्रकारका फेरोमन पासो तथा अन्य पासो जसले जैविक खेतीको लागि धेरै नै सहयोग गर्दछ ।
- कृषि सडक बन्दै गएको छ ।
- सङ्घीय सरकारदेखि लिएर स्थानीय सरकारसम्मले जैविक खेतीमा जानको लागि बहस गरिसकेका छन् । साथै गैह्र सरकारी संस्थाहरूले पनि समुदायमा कार्यन्यन गर्दै आएका छन् ।
- केही कृषकहरू जैविक खेतीतिर अगाडि बढिसकेका छन् र उनीहरूले आफ्नो बजारको पकड बनाईसकेका छन् ।

## जैविक खेतीको लागि मूल्य शृङखला विकासको मोडेल (Value Chain Development Model)

जैविक खेती सफलतापूर्वक अगाडि बढाउनको लागि मूल्य शृङ्खला विकासको ठूलो भूमिका हुन्छ । जस्तैः जैविक खेतीको लागि सर्वप्रथम किसानलाई ज्ञानको ठूलो अवश्यक्ता पर्दछ जसमा उनीहरूलाई तालिम दिने निकायको आवश्यक्ता पर्दछ । कतिपय संघसंस्थाहरूले जैविक खेती सम्बन्धी तालिम दिंदैआएका छन् जो पर्याप्त छैन । त्यस्तैगरी जैविक खेती गर्नको लागि शुद्ध जैविक बिउको आवश्यक्ता पर्दछ । त्यसको लागि किसानस्तरबाटै स्थानीय जैविक बिउ उत्पादन गर्न लगाई भण्डारणको व्यवस्था मिलाइदिनु पर्दछ । जैविक खेतीको लागि स्थानीय स्तरमै एग्रोभेट सञ्चालन गर्न लगाई किसानको लागि चाहिने विभिन्न सामग्रीहरू सरल रूपमा खरिद गर्न सक्ने वातावरण मिलाउन सक्नुपर्दछ । किसानले उत्पाादन गरेका जैविक वस्तुहरू बजारमा खपत गराउनको लागि स्थानीय व्यपारी, जिल्लास्तरको व्यापारी, राष्ट्रियस्तरको व्यापारी, खुद्रा, होलसेल, दलाली आदिसँग उनीहरूलाई सम्बन्ध बढाउने कार्यहरू गर्नु पर्दछ । बढि मात्रामा उत्पादन गरिएका वस्तुहरू कतिपय प्रशोधन गरेर किसानहरूलाई थप फाईदा दिलाउन सकिन्छ । यस कुरामा सम्बन्धित निकायहरूले ध्यान दिनु पर्ने हुन्छ । त्यस्तैगरी शहरी क्षेत्रका कतिपय उपभोक्ताहरू स्थानीयस्तरमा उत्पादन गरेका मीठो बास्ना आउने खाद्यवस्तुहरू उपभोग गर्न चाहन्छन् जुन उनीहरू महङ्गोमा किनेर खान खोज्छन् जस्तैः कालानमक र जोराईल चामल । त्यसकारण उपभोक्ताको पहिचान गरी किसानहरूलाई लोप हुन लागेका स्थानीय बाली जैविक रूपमा खेती गर्न लगाई थप आम्दानी बढाउन मद्दत गर्नुपर्ने हुन्छ ।

## जैविक खेतीको लागि सहकारीले खेल्नुपर्ने भूमिकाहरू

- उत्पादनलाई सोझै उपभोक्तासँग जोड्ने ।
- खेती र प्रशोधनको लागि निर्यात बजार (चिया, कफी, अदुवा, बेसार, टिमुर आदि) सम्बन्ध विस्तार गर्ने ।
- तराईमा जैविक बासमती धान जस्ता बालीको लागि जैविक धानखेतीमा जोड दिने ।
- साना किसान सहकारी र साना किसानहरूले बजार सञ्चालन कार्यहरू गर्छन् । अझ सहकारी सङ्घ (फेडरेसन) ले बजार विकास र प्रशोधन सुविधाको लागि महत्वपूर्ण भूमिका खेल्नसक्छ ।
- सहकारीले किसानहरूलाई तालिम र बजारको बारेमा मार्गदर्शन र सल्लाह सुझाव र वित्तीय सहयोग उपलब्ध गराउन सक्छन् ।
- किसानहरूलाई जैविक खेती गर्न आवश्यक सामग्रीहरूको व्यवस्था मिलाईदिने काम गर्नु पर्दछ जस्तैः एग्रोभेट सेवा ।

गाउँपालिका र नगरपालिकास्तरका साना किसान सहकारी संस्थालाई सर्वप्रथम बजारमा राम्रो मूल्यमा बिक्री हुन सक्ने कृषि वस्तु उत्पादन गरी त्यसको राम्रोसँग प्रशोधन गरी बजारमा ल्याई सदस्य किसानलाई राम्रो मूल्य दिलाई आम्दानी बढाउनु आवश्यक छ । खासगरी शहरी क्षेत्रको आवादी बढिरहेको र त्यहाँ बस्ने अधिकांश मानिस आफ्नो स्वास्थ्यप्रति जागरुक भएको हुनाले जैविक खेतीबाट उत्पादित कृषि उपज प्रति आकर्षित भएको पाइएको छ । अहिले विकास भएको जैविक खेती सम्बन्धी प्रविधिले गर्दा खेतीको लागत कम भएको छ । एकदम कम मूल्यमा बिक्री भएमा पनि फाइदा हुने अवस्था छ । यसका लागि जौविक कृषि वस्तुको छुट्टै बैंकको रुपमा प्रस्तुत भई निश्चित बजार स्थलबाट बिक्री हुने व्यवस्था गर्नु जरुरी छ । जैविक कृषि वस्तुको विश्व बजार बढिरहेको हुनाले त्यहाँ पहुँच पुऱ्याउन बजारले खोजेको standard को कृषि वस्तु उत्पादन गर्न सहकारी र विभिन्न तहका सरकारले प्रोत्साहित गरी सहयोग पुऱ्याउनु आवश्यक छ ।

साना किसान सहकारी संस्था गाउँदेखि नगरसम्म पुगेको र यसको सदस्य सङ्ख्या एक करोडभन्दा बढी भएकोले त्यसलाई प्रयोग गरेर नेपालमा जैविका क्रान्ति ल्याउन सकिन्छ । यसका लागि सहकारीलाई मद्दत पुऱ्याउने केन्द्रीय संस्था साना किसान विकास लघुवित्त वित्तीय संस्थालगायतका त्यस्तै अन्य संस्थाको भूमिका अहम रहन्छ । यसका साथै प्रत्येक स्तरको सरकार, केन्द्र, राज्य र पालिकास्तरले जैविक खेतीलाई प्रोत्साहन दिन आवश्यक छ ।

> खासगरी वित्तीय सेवा तल्लो स्तरमा पुऱ्याउने संस्थालाई त्यसबाट परेको प्रभावबारे स्वतन्त्र संस्था र सेवाग्राहीबाट पनि मुल्याङ्कन गराउनु जरुरी छ । यसो भएमा सीमित साधन र स्रोतको उचित रूपमा उपयोग भई साना किसानको जीवनस्तरमा राम्रो प्रभाव पर्न सक्छ ।

माथि भनिएको जस्तै नेपालको हावापानी, माटो जैविक उत्पादन साधनको उपलब्धताले गर्दा जैविक खेतीको विस्तारको प्रचुर सम्भावना छ । यस सम्बन्धमा विभिन्न निकाय, गैह्र सरकारी संस्था र किसानले आ-आफ्नो तरिकाले गरेको कामको अनुभवलाई विस्तार गरेर मुलुकभरी फैलाउनुपर्ने आवश्यकता छ । सरकारबाट नीति मात्र ल्याएर हुँदैन, सहयोग पुऱ्याउने खालको व्यावहारिक कार्यक्रम ल्याएर मुलुकभरी विस्तार गर्नु आवश्यक छ जुन सहकारी मार्फत परिचालन गर्नुपर्दछ ।

बैंक, वित्तीय संस्था, सहकारी र गैह्र सरकारी क्षेत्रबाट पुऱ्याएको सहयोगबाट जनतामा परेको प्रभावका सम्बन्धमा कहिलेकाहीँ प्रश्न उठ्ने गरेको छ । खासगरी वित्तीय सेवा तल्लो स्तरमा पुऱ्याउने संस्थालाई त्यसबाट परेको प्रभावबारे स्वतन्त्र संस्था र सेवाग्राहीबाट पनि मुल्याङ्कन गराउनु जरुरी छ । यसो भएमा सीमित साधन र स्रोतको उचित रूपमा उपयोग भई साना किसानको जीवनस्तरमा राम्रो प्रभाव पर्न सक्छ ।

यस सन्दर्भमा साना किसान भएको स्थानसम्म प्रविधि पुऱ्याई उनीहरूको सक्रियतामा जैविक खेतीको विस्तारको लागि प्रयास गर्नु जरुरी छ । यसका लागि बैंक र लघुवित्तको ऋण सहयोग र त्यस क्षेत्रमा काम गरी पोख्त भएका गैह्र सरकारी संस्थाको संलग्नतामा किसानको अनुभव र प्रविधिको वृत्तचित्र बनाई त्यसको अध्ययनबाट जैविक खेती सम्बन्धी विस्तार गर्नु जरुरी छ । अहिलेको यू ट्यूब (You Tube) जैविक खेती सम्बन्धी विस्तार गर्ने एउटा बलियो माध्यम हुनसक्छ र यसमा सफल किसानको अनुभवलाई छायाँङ्कन गरिएमा धेरै किसानले त्यसबाट लाभ लिन सकिन्छ ।

यस सम्बन्धी प्रविधिको प्रयोग बढ्दो छ र विभिन्न संस्था र किसानहरूले समेत काम गरिरहेका छन् । नेपालको विभिन्न बाली सम्बन्धी जैविक खेतीको तालिमकर्ताको लागि उपयुक्त हुने निर्देशिका ल्याइएको छ । यसबाट गाउँस्तरमा विभिन्न तालिम गरेर जैविक खेती सम्बन्धी विभिन्न परियोजना स्थापना गर्न किसानलाई सहयोग पुग्नेछ । यस्ता प्रविधिको विस्तार छिटो गराउन यू ट्यूब (You Tube) मा राखिने भिडियो उपयुक्त माध्यम हुने महशुस गरेर हाल आएर तालिम सम्बन्धी भिडियो पनि बनाउन थालिएको छ ।

साना किसान संस्थाको गाउँ, जिल्ला, प्रदेश, केन्द्रगरी सङ्गठनात्मक र संस्थागत विकास भएकोले यसले नेपालमा जैविक खेतीको विस्तार र व्यापक बनाउन यो सञ्जाल प्रभावकारी साधन बन्न सक्छ । यसका लागि साना किसान विकास लघुवित्त वित्तीय संस्थाले नेतृत्वकारी भूमिका लिएर सम्बन्धित सबै संस्थाबाट सहभागिता जुटाएर एउटा "जैविक खेती २०३०" भन्ने कार्ययोजना बनाई त्यसलाई लागु गर्न आवश्यक छ । नेपाल समृद्ध र सुखी हुने हो भने हामीले हाम्रो स्वास्थ्य राम्रो पार्न ध्यान पुऱ्याउनु पर्छ र यसको लागि स्वस्थ खानपिनले निकै नै महत्व राख्छ । त्यसकारण विकास र समृद्धिको लागि यो एजेण्डा महत्वपूर्ण छ ।

# नयाँ बैकिङ प्रणालीको आवश्यकता



✍ जनकराज शाह*

मुलुकको शासन व्यवस्था अहिले सङ्घीय संरचनामा प्रवेश गरिसकेको छ । नेपालको संविधान २०७२ को धारा ५० को उपधारा ३, धारा ५१ को (घ) १ र ३ मा सार्वजनिक, निजी र सहकारी क्षेत्रमार्फत राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने गरी तीन खम्बे अर्थनीतिलाई अवलम्बन गरिएको छ । अझ नयाँ संविधानको कार्यान्वयनसँगै सामन्तवादी युगको अन्त्य र समाजवादतर्फ उन्मुख स्वाधीन राष्ट्रिय औद्योगिक अर्थतन्त्रको विकासतर्फ राष्ट्रलाई अग्रसर गराउने अवसर वैधानिकरूपमै प्राप्त भएको छ । राज्यले चाहेको "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय सोच सहितको विकासका लक्ष्यहरू हासिल गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा राज्यले अग्रणी भूमिका निर्वाह गनुपर्ने हुन्छ । यसमा मूलुकको बैकिङ प्रणालीको समेत महत्वपूर्ण भूमिका रहन्छ ।

अब छोटो समयमै मुलुकको तीव्र विकास र आर्थिक समृद्धिका लागि अर्थतन्त्रको दिशा परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको छ । सङ्घीयता कार्यान्वयनमा वित्तीय सङ्घीयताका विभिन्न अन्तरवस्तुमाथि चर्चा भएपनि मुलुकको समग्र बैकिङ प्रणालीका बारेमा कुनै चर्चा हुन सकेको छैन । सङ्घीय आर्थिक व्यवस्थामा कस्तो प्रकारको बैकिङ प्रणालीको आवश्यकता रहन्छ ? यो विषय ओझेलमा परेको छ । राज्य पुरानै बैकिङ प्रणालीलाई टालटुल गर्ने रणनीतिमा लागेको छ भन्ने नितान्त बेग्लै परिस्थितिमा तर्जुमा गरिएको पुरानो बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, कानून निर्माताहरूको आआफ्नो स्वार्थ अनुरुप अस्वस्थ र कुरूप बनाउने गरी संशोधनको खेलमा पिल्सिएको छ । सङ्घीयता संरचनामैत्री बैकिङ प्रणाली निर्माण गर्ने दिशामा सरकार र नेपाल राष्ट्र बैंकको ध्यान पुग्नसकेको छैन ।

आमूल रूपमा परिवर्तित वर्तमान परिस्थितिमा पुरानै बैकिङ प्रणालीलाई पर्याप्त मान्न सकिने अवस्था छैन । कुनै पनि अर्थतन्त्रमा बैंक तथा वित्तीय संस्थाहरूलाई समग्र विकासको आधारस्तम्भको रूपमा लिईने भएको हुँदा विद्यमान बैकिङ प्रणालीमा रुपान्तरण आवश्यक छ ।

आमूल रूपमा परिवर्तित वर्तमान परिस्थितिमा पुरानै बैकिङ प्रणालीलाई पर्याप्त मान्न सकिने अवस्था छैन । कुनै पनि अर्थतन्त्रमा बैंक तथा वित्तीय संस्थाहरूलाई समग्र विकासको आधारस्तम्भको रूपमा लिईने भएको हुँदा विद्यमान बैकिङ प्रणालीमा रूपान्तरण आवश्यक छ ।

नेपालको बैकिङ प्रणालीमा सङ्ख्यात्मक हिसाबले प्रशस्त बैंक तथा वित्तीय संस्थाहरूको स्थापना भैसकेको भए तापनि जनसङ्ख्याको ठूलो हिस्साले अझै सहज एवम् समानुपातिक रूपमा वित्तीय सेवाहरू प्राप्त गर्न सकेको अवस्था छैन । सन् १९८० को दशकबाट सुरु भएको आर्थिक उदारीकरणसँगै नेपालको वित्तीय बजारमा धेरै सङ्ख्यामा बैंक तथा वित्तीय संस्थाहरूको स्थापना हुने क्रम अघि बढ्यो । तर पछिल्लो चरणमा नेपाल राष्ट्र बैंकले गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया सुरु गराएपश्चात नेपालमा बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्या १६४ रहेको छ । २०७६ पुससम्म कुल ७५३ स्थानीय तहमध्ये ७४५ तहमा वाणिज्य बैंकका शाखा विस्तार भएका छन् । यसरी अहिले राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाको सङ्ख्या (२०७६ पुस मसान्तमा) १६४ रहेको छ । यसमध्ये २७ वाणिज्य बैंक, २४ विकास बैंक, २२ वित्त कम्पनी, ९० लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक रहेका छन् । बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या २०७६ पुस मसान्तमा ९,३९४ पुगेको छ । मुलुकको बैकिङ प्रणालीमा (लघु वित्त वित्तीय संस्था बाहेक) रू. ३० खरबभन्दा बढी निक्षेप परिचालन र करिब रू. २७ खरबभन्दा बढी कर्जा प्रवाह भएको अवस्था छ । झण्डै २ करोड नेपालीहरूको बैंक खाता रहेको छ भने करिब १५ लाखले वित्तीय संस्थाबाट ऋण कारोबार गरेका छन् । बैंक तथा वित्तीय संस्थाहरूले अत्याधुनिक बैकिङ प्रविधियुक्त सेवाहरूको व्यापक विस्तार पनि गरेको पाइन्छ । यो परिदृश्यले बैकिङ सेवामा जनताको पहुँच तीव्र रूपमा विस्तार भएको त देखाउँछ तर अर्थतन्त्रका आवश्यक क्षेत्रमा वित्तीय साधनको सर्वसुलभ पहुँच भने अझै हुनसकेको अवस्था छैन । बैंक तथा वित्तीय संस्थाहरूले उपलब्ध गराउने वित्तीय पुँजी पर्याप्त नहुनु, महँगो हुनु, झन्झटिलो र लामो निर्णय प्रक्रिया हुनु र असहज भएको गुनासो उद्यमी एवम् सेवाग्राहीबाट बारम्बार आउनेगरेको छ । यसैगरी अर्थतन्त्रको क्षेत्रगत विकासमा आवश्यक पर्ने पुँजी प्रवाह एवम् सरकारको प्राथमिकतामा रहेका विभिन्न प्रकारका निर्देशित (Policy Lending) कर्जा प्रवाहमा बैंक तथा वित्तीय संस्थाहरूको भूमिका प्रभावकारी देखिदैन । अर्थतन्त्रका सबै क्षेत्रहरू खराब अवस्थामा रहँदा होस् वा बैंक तथा वित्तीय संस्थाहरू आफैं Trap मा रहँदा पनि नाफा रहनु तर अर्थतन्त्र उकास्न बैकिङ प्रणाली सहायकसिद्ध हुन नसक्नुलाई बैकिङ प्रणालीको दोष मान्न सकिन्छ ।

वाणिज्य बैंकका शाखा विस्तार स्थानीय तहसम्म भए तापनि बैंक तथा वित्तीय संस्थाहरूको पुँजी परिचालन र वित्तीय निर्णय प्रक्रिया एवम् सञ्चालनमा अझै केन्द्रीकरण नै छ । बैकिङ सेवाहरू साँचो अर्थमा अझै विकेन्द्रित हुनसकेका छैनन् । शाखाहरू काठमाण्डौ एवम् शहर केन्द्रित छन् । उनीहरूले स्थानीय तहलाई वित्तीय साधन सङ्कलन

* पूर्व सदस्य राष्ट्रिय योजना आयोग

गर्ने माध्यमको रूपमा मात्र लिएका छन् , जसले गर्दा वित्तीय साधन शहरबाट गाउँतिर भन्दा पनि उल्टो गाउँबाट शहरतर्फ प्रवाहित हुने अवस्था रहेको छ । बैंकहरू वित्तीय साधन सङ्कलन गर्ने अस्वस्थ प्रतिष्पर्धामा देखिन्छन् । महँगो दरको वित्तीय साधन सङ्कलन गर्ने प्रवृत्ति रहेको छ र बैंकहरूमा रोजगारी सिर्जना हुने र उत्पादनशील क्षेत्रमा लगानी गर्न उदासीन हुने तथा नाफा छिटो र अधिक हुने क्षेत्रमा लगानी गर्ने प्रवृत्तिका साथै लघुवित्तका नामका चर्को ब्याज असुली र अचाक्ली नाफा कमाउने प्रवृत्ति बढेको पाइन्छ । देशको ग्रामीण अर्थतन्त्र सर्वसुलभ वित्तीय सेवाको पहुँचका (Financial Inclusion) हिसाबले अफै पछाडि छ । भौगोलिक एवम् जनसङ्ख्याका हिसाबले ठूलो हिस्सा अफै पनि बैकिङ सेवाबाट विमुख हुनुपरेको छ ।

अहिले मुलुकको अर्थव्यवस्थामा बैकिङ क्षेत्र अन्य क्षेत्रहरूमध्ये सुदृढ र सफल मान्ने गरिन्छ । बैंक तथा वित्तीय क्षेत्रमा नाफा चुलिदो छ । तर समग्र अर्थतन्त्र खस्किदो छ, बैकिङ क्षेत्र तरलता र केडिटकन्चको समस्यामा रुमलिदै आएको छ, उद्योगधन्धाहरू सङ्कटग्रस्त छन्, कृषि उत्पादकत्व ह्रासोन्मुख छ, विकास पूर्वाधारको अवस्था दयनीय छ । अर्थतन्त्रको आकारको तुलनामा धेरै सङ्ख्यामा बैंक तथा वित्तीय संस्थाहरू मनग्य नाफा कमाउने अवस्थामा रहे तापनि दिगो र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा यो क्षेत्रको योगदान आशातीत छैन । समग्र अर्थतन्त्रको उत्पादन प्रणालीमा बैकिङ क्षेत्रको भूमिका राष्ट्रको आवश्यकता अनुरूप हुनसकेको छैन । तर यो सबै दोष बैंकहरूको भन्दा पनि विद्यमान बैकिङ प्रणालीको मान्नुपर्ने हुन्छ ।

अर्थतन्त्रको आधारस्तम्भको रूपमा बैङ्कहरूको सुदृढ सञ्जालले कुनैपनि मुलुकको अर्थतन्त्रलाई चौतर्फी मजबुत बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । त्यसैले बैंकहरूको सङ्ख्या बढाउनुका साथै सेवामा विविधीकरण गर्दै बैकिङ सेवाको पहुँच अर्थतन्त्रका सम्पूर्ण क्षेत्र र आम जनतासमक्ष पुऱ्याउने नीति अवलम्बन गर्नुपर्दछ । यसैगरी ग्रामीण क्षेत्रको बाहुल्य रहेको, यातायातको असुविधा एवम भौगोलिक विकटता भएको हाम्रो परिवेशमा वित्तीय सेवाको विस्तार गर्ने योजनामा बैकिंग पद्धतिले जोड दिनुपर्दछ ।

नेपालको राजनीतिक व्यवस्था, अर्थतन्त्रको संरचना र चरित्रमा आएको ठूलो परिवर्तन पछि पनि बैंक तथा वित्तीय संस्थाहरूलाई कारोबारको प्रकृति र पुँजीको आधारमा क, ख, ग र घ श्रेणीमा विभाजन गरी यिनको स्थापना, सञ्चालन र नियमन एउटै कानूनबाट गरिएको अवस्था छ । बैकिङ प्रणाली राष्ट्रको परिवर्तित आवश्यकताभन्दा पनि पुरानै सामान्य बैकिङ प्रचलनमा रहेको छ । सङ्घीय संरचनामा राष्ट्रको तीव्र विकास र आर्थिक समृद्धिको अपेक्षा गरिएको छ । यसका लागि अर्थतन्त्रको दिशा र गति परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको छ । यस्तो बदलिदो अवस्थामा पुरानै बैकिङ प्रणालीलाई पर्याप्त मान्न सकिदैन । राष्ट्रको विकास र आर्थिक समृद्धिका लागि विशिष्टीकृत बैकिङ प्रणाली अनुरूप आवश्यक पर्ने विभिन्न विकास बैंक (औद्यौगिक, कृषि, पूर्वाधार, आदि), क्षेत्रीय बैंक तथा मुलुकको आर्थिक क्रियाकलापहरूलाई टेवा पुऱ्याउन र अति गरिब मुलुकको कोटीमा रहेको नेपालको ग्रामीणमुखी अर्थतन्त्रको विकास र सम्वर्द्धन गर्न विभिन्न प्रकारका विशेष बैक तथा वित्तीय संस्थाहरूको स्थापना, सञ्चालन र नियमन गर्न विशेष कानूनको व्यवस्था गरी बैक तथा वित्तीय सेवामा विविधीकरण र विशिष्टीकरण गर्नु आवश्यक छ । यसका साथै नेपालको वित्तीय क्षेत्रमा एउटा पूर्ण सरकारी (राष्ट्रिय वाणिज्य बैंक) र दुई वटा अर्ध सरकारी (नेपाल बैंक र कृषि विकास बैंक) गरी तीन वटा बैंकहरूको उपस्थितिलाई अफ व्यापक बनाउनुका साथै व्यावसायिक दक्षता समेत अभिवृद्धि गर्दै अर्थतन्त्रको आधारभूत खम्बाको रूपमा विकास गर्ने र अर्थतन्त्रको मागतर्फ र सरकारका नीति निर्देशन कार्यान्वयन गर्ने दिशातर्फ यी बैंकहरूलाई केन्द्रित गर्नुपर्दछ । यसका साथै निजी क्षेत्रका विभिन्न बैंकहरूको पहुँच बढाउन प्रोत्साहनको पनि उत्तिकै जरूरी छ ।

छिमेकी मुलुक भारत, चीनलगायत विभिन्न विकसित मुलुकमा समेत विशिष्टीकृत बैकिङ प्रणाली प्रचलनमा रहेको छ । जनतामा बैकिङ सेवाको पहुँच पुऱ्याउन र राष्ट्रिय अर्थतन्त्रमा समग्र विकासको आवश्यकता परिपूर्ति गर्न वाणिज्य बैंकसहित विभिन्न विशिष्ट प्रकृतिका बैंकहरूको भूमिका प्रभावकारी हुन्छ । यसका साथै सरकारी नीति कार्यान्वयनमा सहयोग र सहजता ल्याउन, सरकारद्वारा विभिन्न क्षेत्र जस्तो कृषि, उद्योग, ऊर्जा, पूर्वाधार, रोजगारी अभिवृद्धि, आदिमा प्रभावकारीरूपमा निर्देशित एवम नीतिगत कर्जा (Policy Lending) प्रवाह तथा लगानी गर्न विशेष प्रकारका बैंकहरूको स्थापना गर्नुपर्दछ । केन्द्र सरकार, प्रदेश एवम् स्थानीय सरकार र सर्वसाधारणको पुँजी सहभागितामा विभिन्न प्रकारका बैंकहरूको स्थापना र सञ्चालन गर्न सकिन्छ ।

मुलुकको राज्य सञ्चालन प्रणाली सङ्घीय संरचनामा प्रवेश गरेको छ । त्यसैले समृद्ध नयाँ नेपाल निर्माणको अभियानमा अघि बढ्न सहायकसिद्ध हुने किसिमले बैकिङ प्रणालीमा सुधारको आवश्यकता रहेको छ । राज्य सञ्चालनको विकेन्द्रित संरचना अनुरूप वित्तीय सेवाहरूको पहुँचलाई पनि विकेन्द्रित गर्नु आवश्यक हुन्छ । नेपालको समृद्धिका लागि विद्यमान एउटै बैकिङ कानून र पुरानै बैकिङ प्रणालीलाई पर्याप्त मान्न सकिदैन । वाणिज्य बैंक, विकास बैंक, विशेष प्रयोजनका लागि स्थापना हुने विभिन्न बैंक (जस्तै औद्यौगिक, कृषि, पूर्वाधार, आदि), विभिन्न क्षेत्रीय बैंक, सहकारी बैंक, आदिको स्थापना, सञ्चालन र नियमनको लागि अलग अलग प्रभावकारी कानूनहरूको निमार्ण गरिनुपर्छ । बैंकहरूको स्थापना र सञ्चालनमा केन्द्रीय तथा स्थानीय सरकार र जनस्तरको सहभागिता जुटाउन सार्वजनिक, निजी क्षेत्र साफेदारीको अवधारणाको विकास गरि नुपर्दछ ।

पूर्वाधार तथा उद्योगधन्धाको विकास, अल्पविकसित अर्थतन्त्रको उत्थान एवम निर्वाहमुखी कृषिको विकासका लागि अर्थतन्त्रमा बैंकहरूको उपस्थितिलाई सशक्त पार्न सकिएन भने अहिलेफैँ बैकिङ प्रणाली गैर उत्पादनमूलक हुने र बैंक तथा वित्तीय संस्थाहरू शहर एवम केन्द्रमै केन्द्रित रही अस्वस्थ प्रतिष्पर्धाको स्थिति सिर्जना हुनुका साथै बैकिङ सेवाहरूको केन्द्रिकरण हुने सम्भावना रहन्छ । मुलुकको समग्र विकासका लागि बैकिङ प्रणालीबाट नै पुँजीको निमार्ण हुने हुँदा राज्यले यस क्षेत्रको विकासमा आफ्नो ध्यान केन्द्रित गर्नुपर्दछ । मुलुक नयाँ नेपाल निमार्णको प्रक्रियामा रहेको वर्तमान अवस्थामा राष्ट्रको विकास र आर्थिक समृद्धिमा पुरक हुनसक्ने नयाँ बैकिङ प्रणाली विकास गर्न जरूरी छ ।

# दिगो विकासका लक्ष्य र लघुवित्तको भूमिका



✍ डा. प्रकाशकुमार श्रेष्ठ*

## १. विषय प्रवेश

सयुंक्त राष्ट्र सङ्घ महासभाले सेप्टेम्बर २०१५ मा पारित गरेको विश्वव्यापी विकास एजेण्डाको रूपमा दिगो विकासका लक्ष्यहरू रहेका छन् । जनवरी २०१६ देखि लागू भै सन् २०३० सम्म हासिल गर्ने गरी दिगो विकासका लागि १७ वटा लक्ष्यहरू तय गरिएको छ । नेपालले पनि उक्त दिगो विकासका लक्ष्य हासिल गर्न प्रतिबद्धता जाहेर गरेको छ । दिगो विकासका १७ लक्ष्य भित्र १६९ वटा सहायक परिमाणात्मक लक्ष्यहरू रहेका छन् । दिगो विकासका लक्ष्यका पाँचवटा स्तम्भहरूको रूपमा पृथ्वी, मानव, समृद्धि, शान्ति र साझेदारी रहेको छ । दिगो विकासका लक्ष्यहरू हासिल गर्न सवै तहका सरकारहरू, निजी क्षेत्र र अन्य संस्थाहरूको पनि गहन भूमिका रहन्छ । गरिबसँग बैकिङ कारोवार गर्ने लघुवित्त सेवाले दिगो विकासका लक्ष्यहरू हासिल गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छन र खेल्नुपर्ने आवश्यकता छ । कसरी लघुवित्त सेवाको भूमिका दिगो विकासका लक्ष्य हासिल गर्न महत्वपूर्ण छन् भन्ने सेरोफेरोमा यो लेख आधारित रहेको छ ।

## २. दिगो विकासका लक्ष्य

माथि भनिएझैं विश्वव्यापी समझदारी भएर सयुंक्त राष्ट्र सङ्घबाट पारित भएका १७ वटा लक्ष्यहरू तलको तालिका १ मा दिइएको छ। लक्ष्य नं. १४ बाहेक अन्य लक्ष्यहरू नेपालसँग जोडिएका छन् । यी लक्ष्यहरू आफैंमा महत्वाकाँक्षी छन् तर समावेशी विकासको लागि विश्वका देशहरूले यी लक्ष्यहरू हासिल गर्न तर्फ ध्यान दिनुपर्ने आवश्यकता छ। यी लक्ष्यहरूमा गरिबीको अन्त्य, खाद्य सुरक्षा, स्वस्थ जीवन, गुणात्मक शिक्षा, लैङ्गिक समानता, सशक्तिकरण, खानेपानी र सरसफाइका साथै आधुनिक ऊर्जाको उपलब्धता, समावेशी र दिगो आर्थिक वृद्धि, मर्यादित र उत्पादनशील रोजगारी, नवप्रवर्तन र औद्योगिकीकरण, असमानताको अन्त्य, दिगो उपभोग, पर्यावरण संरक्षण, न्यायमा पहुँच र सहकार्यका

**तालिका १: दिगो विकासका लक्ष्यहरू**

| दिगो विकास लक्ष्य | विवरण |
|---|---|
| १ | सबै क्षेत्रमा रहेको सबै किसिमका गरिबीको अन्त्य गर्ने |
| २ | भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नतपोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने |
| ३ | सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने |
| ४ | समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाईका अवसरहरू प्रवर्द्धन गर्ने |
| ५ | लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला तथा किशोरीहरूलाई सशक्त बनाउने |
| ६ | सबैको निम्ति खानेपानी तथा सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने |
| ७ | किफायती र वेहोर्न सकिने, भरपदो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने |
| ८ | सबैका लागि, समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने |
| ९ | समयानुकूलित/बलियो पूर्वाधार निर्माण, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रेरित गर्ने |
| १० | देशभित्रै तथा देशहरूबिचको असमानता हटाउने |
| ११ | सहर एव् मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, सबल/समयानुकूलित र दिगो बनाउने |
| १२ | दिगो उपभोग र उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने |
| १३ | जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने |
| १४ | दिगो विकासका निम्ति महासागरहरू, समुद्रहरू र सामुद्रिक स्रोतहरू संरक्षण गर्ने र दिगो रूपमा प्रयोग गर्ने |
| १५ | पर्यावरण र वनको दिगो व्यवस्थापन गर्ने |
| १६ | दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच प्रदान गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरू निर्माण गर्ने |
| १७ | दिगो विकासका लागि कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने |

* *कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक*

विषयहरू समेटिएका छन् । उत्पादन, उपभोग र सहभागितामूलक, समावेशी र दिगो विकास हुनुपर्ने अपेक्षा दिगो विकासका लक्ष्यहरूले राखेको पाइन्छ ।

दिगो विकासका लक्ष्यहरूले आम्दानी र रोजगारी मात्र होइन विकासलाई वृहत्तर ढङ्गले हेरेको छ । प्राकृतिक रूपमा दिगो र सामाजिक रूपमा समावेशीता हुनुपर्ने कुरालाई जोड दिइएको छ । विकासको प्रक्रिया र प्रतिफलबाट कोही पनि नछुट्न् भन्ने मनसाय नै दिगो विकासको लक्ष्य रहेको छ । सन् २०३० सम्म विश्वमा सबै प्रकारका गरिबीको अन्त्य गर्ने पहिलो लक्ष्य रहेको छ । यसैलाई सहयोग पुग्ने गरी दोस्रो लक्ष्यमा भोकमरीको अन्त्य गर्ने रहेको छ जसको लागि दिगो रूपमा कृषि क्षेत्रको प्रवर्द्धन गरी खाद्य सुरक्षा र उन्नत पोषणको व्यवस्था गर्ने कुरा पनि यसै लक्ष्य भित्र रहेको छ ।

लक्ष्य ३ र ४ मा गुणस्तरीय शिक्षा र स्वास्थ्यलाई जोड दिएको छ । निरन्तरको सिकाई र स्वस्थ्य जीवनले नै गुणात्मक जीवनस्तर प्राप्त हुन सक्ने हुन्छ । विभिन्न उमेर समूहका व्यक्तिहरूको शिक्षा र स्वास्थ्यको आवश्यकता फरक फरक हुन्छ । सोही अनरूप यी सुविधाहरू उपलब्ध हुनु पनि दिगो विकासको एउटा पाटो हो ।

गुणात्मक शिक्षा र स्वास्थ्य उपलब्ध हुँदैगर्दा लैङ्गिक समानता हासिल हुने गरी गरिनुपर्ने मान्यता दिगो विकासका लक्ष्यहरूको रहेको छ । प्रायः सबै देशहरूमा महिलाहरूको स्थिति पिछडिएको हुनेगर्दछ । यस्तो स्थिति विकासशील देशमा अझ बढी छ । त्यसैले महिला सशक्तिकरणसहित आर्थिक विकास र लैङ्गिक समानता हुनुपर्ने मान्यता दिगो विकासको लक्ष्यहरूमा रहेको छ । यी त सामाजिक विकासका पाटाहरू भए ।

> लघुवित्तले गरिब र विपन्नलाई कर्जा प्रवाह गर्दा त्यस्ता व्यक्तिहरूले पुँजी पाई उनीहरु उत्पादन प्रक्रियामा संलग्न हुन पुग्छन् । यसले गर्दा उत्पादन विस्तार भई आर्थिक वृद्धिमा सहयोग पुग्दछ भने विपन्न व्यक्तिहरूको आय वृद्धि भै गरिबी घट्न पुग्छ । लघुवित्तले आम्दानीको दृष्टिकोणले सवैभन्दा भूईंतहका व्यक्तिहरुलाई ऋण प्रवाह गर्ने हुँदा गरिबी निवारणको लागि अति सहयोगी ठानिन्छ ।

दिगो विकासको लागि आधारभूत भौतिक पूर्वाधारको रूपमा स्वच्छ खानेपानी र सरसफाइको व्यवस्था हुनुपर्दछ । साथै, स्वच्छ र स्वथ आधुनिक ऊर्जाको उपलब्धताले स्वस्थ जीवन बनाउन सकिन्छ । असल बाच्ने वातावरणसँगै मर्यादित रोजगारी र उक्त रोजगारीबाट पर्याप्त आम्दानी प्राप्त हुनुपर्ने अवस्था दिगो विकासका लक्ष्यले परिकल्पना गरेको छ । त्यसैले उतारचढाव सहितको आर्थिक वृद्धि होइन स्थिर र दिगो खालको आर्थिक वृद्धिदर अर्थतन्त्रमा हुनुपर्दछ । यसको लागि प्रकृतिमैत्री भौतिक पूर्वाधार र दिगो औद्योगिकीकरण हुनुपर्ने लक्ष्य लिइएको छ । दिगो औद्योगिकीकरणको लागि नवप्रवर्तन आवश्यक हुन्छ, जुन गुणस्तरीय शिक्षाबाट प्राप्त गर्न सकिन्छ ।

अहिले विश्वव्यापीरूपमा बढ्दै गएको देशहरूबिचको र देशभित्रै पनि बढ्दै गएको आर्थिक असमानता चुनौतीको विषय भएको छ । आर्थिक असमानताले सामाजिक द्वन्द निम्त्याउँछ । यसैलाई मध्यनजर गर्दै देशहरूबिच होस वा देशभित्रको धनी र गरिबबिचको खाडल कम गर्दै लग्नुपर्नेतर्फ दिगो विकासले मार्गदर्शन गरेको छ ।

मानववस्तीहरू तथा सहरहरू जोखिमयुक्त भैरहने हो भने अन्य कुराको विकास भए पनि कुनै पनि मानव समाज कुनै पनि वेला प्राकृतिक तथा अन्य जोखिममा पर्न सक्छ । तसर्थ, सहर र मानववस्तीहरू जलवायु परिवर्तनले ल्याउन सक्ने जोखिमलाई मध्यनजर राखी विकास र विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ । यसै परिप्रेक्ष्यमा लक्ष्य १२ देखि १५ सम्म दिगो उपभोग गरी वातावरण संन्तुलन कायम गर्दै आर्थिक विकासलाई दिगो बनाउनेतर्फ परिलक्षित रहेका छन् ।

विकासका लागि वातावरणीय संन्तुलनमात्र होइन शान्तिपूर्ण समाजको समेत आवश्यकता पर्दछ जसको लागि समावेशी समाज र न्यायमा पहुँच सहज हुनुपर्दछ । जुन कुरा लक्ष्य १६ ले आत्मसात् गरेको छ । अन्तिम लक्ष्यले चाहिँ दिगो विकासका सबै लक्ष्यहरू हासिल गर्न चाहिने राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदारीको आवश्यकतालाई औंल्याएको छ । आन्तरिक रूपमा पनि सरकार लगायत सम्पूर्ण संघसंस्था र व्यक्तिहरूको समेत दिगो विकासको लक्ष्य हासिल गर्न आफ्नै आफ्नै खालको भूमिका रहेको हुन्छ ।

यसरी दिगो विकासका लक्ष्यहरू वृहत्तर खालका छन् । परिणाम र प्रक्रियाका साथै वातावरण र समाजलाई समेटेका छन् । उत्पादन, उपभोग र वितरण पक्षहरूलगायत सामाजिक पक्षहरूलाई यसले अँगालेको छ । यी सबै लक्ष्यहरू हासिल गर्न सबैको प्रयास चाहिने देखिन्छ । साथै, ठुलै वित्तीय लगानीको पनि आवश्यकता पर्दछ ।

### ३. लघुवित्त

लघुवित्त भन्नाले सानो स्तरमा गरिब र विपन्न व्यक्ति तथा घरपरिवारलाई कर्जा प्रदान गर्ने र साना स्तरमा बचत सङ्कलन गर्ने कार्य बुझिन्छ । परम्परागत बैंकहरूले न्यून आय भएका गरिब व्यक्तिहरूलाई बैकिङ नगरेको देखेर नै सन् १९७० को दशकदेखि बंगलादेशमा मोहमद युनुसले ग्रामीण बैकिङ अथवा लघुवित्तको अवधारणालाई सफलतापूर्वक प्रयोगमा ल्याए । त्यस यता विकसित देशहरूबाहेक विश्वका प्राय सबै देशमा लघुवित्तको सुरुवात र विस्तार भयो । बंगलादेशलगायत अन्य देशहरूमा पनि लघुवित्त बैकिङले सफलता हासिल गर्दै गयो । सन् १९९० को दशकसम्म सरकारी तथा गैरसरकारी संस्थाहरूको अनुदानमा आधारित लघुवित सेवा प्रवाह हुने गर्दथ्यो । तत्पश्चात विश्वव्यापी रूपमा नाफामुलक लघुवित्त वित्तीय संस्थाहरू विस्तार भए । सरकारी तथा अन्य अनुदान विना नै लघुवित्त संस्थाहरूले सफलता हासिल गर्दै गएका छन् । यसले के देखाएको छ भने गरिबहरूसँग नाफामुलक ढङ्गले बैकिङ कारोवार गर्न सकिन्छ ।

उत्पादनको लागि पुँजी र श्रमको आवश्यकता पर्दछ । गरिब र विपन्न परिवारसँग श्रम हुने तर पुँजी नहुने हुन्छ । यस्तो अवस्थामा लघुवित्तले गरिब र विपन्नलाई कर्जा प्रवाह गर्दा त्यस्ता व्यक्तिहरूले पुँजी पाई उनीहरू उत्पादन प्रक्रियामा संलग्न हुन पुग्छन् । यसले गर्दा उत्पादन विस्तार भई आर्थिक वृद्धिमा सहयोग पुग्दछ भने विपन्न व्यक्तिहरूको आय वृद्धि भै गरिबी घट्न पुग्छ । लघुवित्तले आम्दानीको दृष्टिकोणले सवैभन्दा भूइँतहका व्यक्तिहरूलाई ऋण प्रवाह गर्ने हुँदा गरिबी निवारणको लागि अति सहयोगी ठानिन्छ ।

सामान्यतय, परम्परागत बैकिङ प्रणालीले नसमेट्ने गरिब वर्गलाई लक्षित गरी बैकिङ सेवा दिने हुँदा लघुवित्तले बैकिङ पहुँच र वित्तीय समावेशीता कायम गर्न सहयोग पुऱ्याउँछ । विना धितो समूह जिम्मेवारीमा कर्जा प्रदान गरिने हुँदा लघुवित्तले धितो राख्न सम्पति नहुने व्यक्तिहरूलाई समेत कर्जा उपलब्ध गराउँदछ । कर्जाका अतिरिक्त लघुवित्त वित्तीय संस्थाहरूले सिपमुलक तालिम प्रदान गर्ने र सामाजिक चेतना जगाउने काम पनि गर्दछन् । खासगरी महिलाहरूलाई समूहमा आवद्ध गरी कर्जा प्रदान गर्ने काम लघुवित्त वित्तीय संस्थाहरूले गर्दछन् ।

लघुवित्त संस्थाहरूको सिद्धान्त र कार्य प्रकृति हेर्दा यिनीहरूले दिगो विकासका लक्ष्य हासिल गर्न गहन भूमिका निर्वाह गर्न सक्छन । खासगरी लक्ष्य १, २, ५, र ८ लाई प्रत्यक्ष रूपमा र लक्ष्य ३, ४, ७, १२ र १६ हासिल गर्न अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउन सक्छन् ।

गरिब, निमुखा र विपन्नमा लक्षित ढङ्गले कर्जा प्रवाह गरी उनीहरूलाई कृषि तथा लघुउद्यममा समावेश गर्ने कार्य लघुवित्त प्रवाह गर्ने संस्थाहरूले गर्ने हुँदा गरिबी अन्त्य गर्ने भन्ने दिगो विकासको पहिलो लक्ष्य हासिल गर्न यिनीहरूको भूमिका सवैभन्दा महत्वपूर्ण रहेको छ । लघुवित्त संस्थाहरूले कृषि क्षेत्रतर्फ बढी लगानी केन्द्रित गर्ने र गर्न सक्ने हुँदा लक्ष्य २ को दिगो कृषि प्रवर्द्धन गर्ने, भोकमरी अन्त्य गर्ने र खाद्य सुरक्षा प्रदान गर्ने काममा पनि लघुवित्तको भूमिका अहम् हुने देखिन्छ । कर्जामार्फत विपन्न वर्गलाई क्रयशक्ति प्रदान गर्ने हुँदा लघुकर्जाले भोकमरी अन्त गरी खाद्य सुरक्षा प्रदान गर्न सहयोग गर्न सक्छ । लघुवित्तले उपलब्ध गराउने पुँजीले कृषि उत्पादन बढाएर पनि खाद्य सुरक्षा र भोकमरी हटाउन सहयोग पुग्दछ ।

लक्ष्य एक र दुई का अतिरिक्त लघुवित्त सेवाको महत्वपूर्ण भूमिका लक्ष्य पाँच हासिल गर्न पनि हुने देखिन्छ । लघुवित्त सेवा खासगरी महिला केन्द्रित हुने गर्दछ । महिलाहरू बढी बेरोजगार हुने र वित्तीय कारोबारको लागि बढी विश्वासिलो ठानिने हुँदा लघुवित्त संस्थाहरूले समूह गठनमा महिलालाई प्राथमिकता दिने गर्दछन् । महिलाहरूका हातमा सहज ढङ्गले लघुकर्जा उपलब्ध हुँदा उनीहरू व्यावसायिक रूपमै आर्थिक कृयाकलापमा संलग्न हुन पुग्दछन । प्रायजसो घरमै चुलोचौको गर्ने महिलाहरू लघुवित्तको कार्यक्रमबाट सशक्तिकरण हुने अवसर पाउँछन् । आफैं आय आर्जन गर्न सक्छन् । यसले लैङ्गिक समानता बढाउनुको साथै महिलाहरूलाई आर्थिक रूपले सशक्त पनि बनाउँछ ।

महिलाहरूको आय आर्जनमा संलग्नता भई आय बढ्दै गएपछि बालबच्चाहरूलाई विद्यालय पठाउने प्रवृत्ति पनि बढ्छ । लघुवित्त कार्यक्रमबाट सचेतना बढ्दा शिक्षाका अतिरिक्त स्वास्थ्य स्थितिमा पनि सुधार आई अप्रत्यक्ष रूपमा सकारात्मक प्रभाव पर्दछ । त्यसैले लघुवित्तले अप्रत्यक्ष रूपमा दिगो विकासका लक्ष्य तीन र चार प्राप्त गर्न पनि सहयोग पुऱ्याउँछ ।

गरिब र विपन्न वर्गलाई लघुवित्तको माध्यमबाट उत्पादन प्रकियामा समावेश गरिने हुँदा आर्थिक वृद्धिदर बढाउन सहयोग पुग्दछ । यसरी बढ्ने आर्थिक वृद्धिदर बढी समावेशी चरित्रको हुन्छ । लघुवित्तले वित्तीय समावेशीकरणका साथै उत्पादनशील रोजगारीसँगै समावेशी आर्थिक वृद्धिदर हासिल गर्न भूमिका खेल्छ । फलस्वरुप, दिगो विकासका लक्ष्य ८ हासिल गर्न सहज हुने  देखिन्छ ।

## ४. नेपालको सन्दर्भ

सन् १९७० को दशकदेखि नेपालमा लघुकर्जाको रूपमा लघुवित्तको सुरुवात भएको थियो । त्यसबेला साना किसान विकास कार्यक्रम, सघन बैकिङ कार्यक्रम र प्राथमिक क्षेत्र कर्जा कार्यक्रम सुरु भएका थिए । त्यस्तै, सहज कर्जा प्रवाह गर्न विभिन्न आयोजनामा आधारित कर्जा कार्यक्रम पनि सञ्चालन गरिएका थिए । महिलाका लागि उत्पादनशील कर्जा कार्यक्रम र महिलाका लागि लघु कर्जा आदि केही उदाहरणहरू हुन् । साथै, गैरसरकारी संस्थाहरूलाई पनि लघुवित्त कार्य गर्न अनुमति दिइयो ।

बंगलादेशको ग्रामीण बैकिङ पद्धति अनुसार काम गर्नेगरी सन् १९९० को दशकदेखि लघुवित्त वित्तीय संस्थाहरू खोल्न सुरु गरियो । सर्वप्रथम नेपाल सरकार र नेपाल राष्ट्र बैंकले तात्कालीन विकास क्षेत्र अनुसार ५ वटा ग्रामीण विकास बैंक स्थापना गरी सञ्चालनमा ल्याइयो, जुन हाल मर्जर भई एकीकृत रूपमा सञ्चालनमा रहेको छ । सन् १९९० को दशकको अन्ततिरबाट निजी क्षेत्रका लागि पनि लघुवित्त वित्तीय संस्था खोल्न अनुमति दिन थालियो । क्रमशः यसतर्फ निजी क्षेत्रको आकर्षण बढ्दै गयो । हाल करीब ९१ वटा लघुवित्त वित्तीय संस्थाहरू संञ्चालनमा छन् । यसमध्ये ४ वटा थोक कर्जा कारोवार गर्ने लघुवित्त वित्तीय संस्था रहेका छन् । पछिल्लो समय केही लघुवित्त वित्तीय संस्थाहरू मर्जमा जाने क्रममा छन् भने अर्कोतर्फ केही वर्ष अगाडि प्रकिया शुरु भएका नयाँ लघुवित्त वित्तीय संस्थाहरू स्थापना हुने क्रममा पनि छन् ।

लघुवित्त वित्तीय संस्थाहरूको उत्साहजनक वृद्धिले गर्दा सबै ७७ वटा जिल्लाहरूमा यी संस्थाका सेवा पुगेका छन् । यी संस्थाहरूमा २०७६ मङ्सिरसम्म, समूह सङ्ख्या ९ लाख ८५ हजार, सदस्य सङ्ख्या ४५ लाख १६ हजार र ऋणी सङ्ख्या २७ लाख ७० हजार पुगेको छ । २०७६ असोजसम्म यिनले रू. ११८४ अर्ब कर्जा वितरण गरेका छन् भने करीब रू. २४४ अर्ब कर्जा लगानीमा रहेको छ । सोही समयसम्म लघुवित्त वित्तीय संस्थाहरूले रु. ९१ अर्ब जति बचत परिचालन गरेका छन् । यी संस्थाहरूको चुक्ता पुँजी रू. १८ अर्ब ६६ करोड रहेको छ । पछिल्लो समय सङ्ख्यात्मक विस्तार भएसँगै केही स्थानहरूमा एक भन्दा बढी संस्थाहरूबाट लघुवित्त सेवा लिने बहुबैकिङको प्रवृत्ति भने बढ्दै गएको छ ।

नेपाल सरकारको पन्ध्रौं योजनाको आधारपत्रले नेपालमा निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसङ्ख्या करीब १८ प्रतिशत रहेको देखाएको छ । दिगो विकासको अन्य लक्ष्यहरू पनि सुधारोन्मुख रहेका छन् तर धेरै गर्न बाँकी छन् । लघुवित्त वित्तीय संस्थाहरूको उपस्थिति बाक्लो रहेको सन्दर्भमा नेपालमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न यिनीहरूको गहकिलो भूमिका हुने देखिन्छ ।

केन्द्रीय तथ्याङ्क विभागका अनुसार नेपालको जनसङ्ख्या २०७६ माघमा करीब २ करोड ९८ लाख पुगेको छ । यसको १८ प्रतिशत भनेको करीब ५३ लाख ६४ हजार हुन आउँछ । लघुवित्त वित्तीय संस्थाहरूका करीब २७ लाख ७० हजार ऋणीमध्ये करिब एक तिहाइ डुप्लिकेशन भएको अनुमान गर्ने ( बहुबैकिङको आधिकारिक तथ्याङ्कं उपलब्ध छैन ) हो भने १८ लाख ५६ हजार खुद ऋणी भएको देखिन्छ । परिवार सङ्ख्या औसत ४ जना मान्ने हो भने ७४ लाख २३ हजार व्यक्तिमा लघुवित्तको

सेवा पुगेको अनुमान गर्न सकिन्छ। यसको मतलब सिधा हिसावबाट हेर्दा सबै गरिबहरूमा लघुवित्त सेवा पुगेको अनुमान गर्न सकिन्छ।

तर, लघुवित्त सेवा अति गरिब रहेको दुर्गम ठाउँमा अझै पुगेको छैन। पहाडी र हिमाली भेकमा टाढाटाढासम्म छरिएर रहेको पातलो बस्तीमा पक्कै पनि लघुवित्त सेवा पुग्न सकेको छैन। सडकलगायतका भौतिक पूर्वाधारको अभावले पनि पहाडी र हिमाली क्षेत्रका दुर्गम ठाउँहरूमा लघुवित्त सेवा पुऱ्याउन सजिलो छैन। अर्कोतर्फ निरपेक्ष गरिबीको रेखाभन्दा माथि उठाउदै मध्यम आम्दानी स्तरमा पुऱ्याउनुपर्ने पनि छ।

लघुवित्त सेवा नपुगेका केही ठाउँहरूमा सेवा विस्तार गर्दै जाने र पुगेको ठाउँमा प्रभावकारी ढङ्गले लघुवित्त सेवा सञ्चालन गर्ने हो भने नेपालको निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसङ्ख्या ५ प्रतिशतभन्दा कम केही वर्ष भित्रै हुने सम्भावना देखिन्छ। यसको लागि लघुवित्त सेवा प्रवाहमा देखिएका केही कमी कमजोरीहरू सच्चाउनु पर्दछ।

गरिबलाई कर्जाका अतिरिक्त सीपको पनि खाँचो छ, । उनीहरूलाई उत्पादनदेखि बजारसम्म सहयोग गर्नुपर्ने हुन्छ। पछिल्लो समय लघुवित्त संस्थाहरू बढी नाफामुखी हुँदा कर्जा प्रवाहमा मात्र जोड दिने र विपन्न वर्गलाई गर्नुपर्ने अन्य सहयोगहरू कम गर्ने वा गर्दै नगर्ने गरेको पाइन्छ। कर्जा सदुपयोगितालाई ध्यान नदिने र कर्जामात्र प्रदान गर्ने गर्दा विपन्न व्यक्तिहरू ऋणग्रस्ततामा पर्ने र ऋण तिर्न नसकी समस्यामा पर्न सक्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। जवरजस्ती कर्जा प्रदान गर्ने र जबरजस्ती उठाउने गर्ने बढ्दो प्रवृत्ति लघुवित्त सेवाको सिद्धान्त विपरीत देखिन्छ। ऋणग्रस्तताले गरिबीको मात्रा बढाउन सहयोग पुऱ्याउँछ।

विपन्न वर्गलाई लघुवित्त सेवा प्रदान गर्दै गर्दा ब्याज बाहेक विभिन्न किसिमका शुल्कहरू लिने प्रवृत्ति देखिन्छ। यसलाई पछिल्लो समय नेपाल राष्ट्र बैंकले रोक्ने प्रयास गरेको छ। तर, विभिन्न रूप र रङ्गमा शुल्क उठाउने प्रवृत्ति लघुवित्तको मर्म विपरीत हो। यसले गर्दा धेरैजसो लघुवित्त वित्तीय संस्थाबाट ऋण लिएका सदस्यहरू धेरै वर्षसम्म पनि गरिबीको चपेटामा रहनुपरेको छ जुन विडम्बनापूर्ण अवस्था हो।

सामाजिक लाज समेत नमानेर गरिबसँग वित्तीय कारोवार गरेर केही लघुवित्त वित्तीय संस्थाहरूले उल्लेख्य नाफा बाँड्ने गरेका छन्। तर, गरिबलाई ऋण दिदा ब्याज घटाउन भने कञ्जुस्याइ गर्ने गरेको पाइन्छ। केही नयाँ लघुवित्त वित्तीय संस्थाहरूको सञ्चालन लागत उच्च हुने भएकोले ब्याजदर घटाउन असमर्थ हुनु जायज भए पनि सक्ने लघुवित्त वित्तीय संस्थाहरूले पनि उच्च ब्याज असूल्न कत्ति पनि लाज मान्दैनन्। यो नै दुःखलाग्दो पक्ष छ।

सामाजिक न्याय हुने गरी नाफा कमाउने र ब्याजदर कम गर्ने हो भने विपन्न वर्गलाई राहत पुगी तीव्र दरमा गरिबी घटाउन सम्भव हुने थियो। नेपालका लघुवित्त वित्तीय संस्थाहरूमा त्यो क्षमता रहेको छ। आर्थिक वर्ष २०७५।७६ को कारोबारमा ९ वटा संस्थाहरूले ४० प्रतिशतभन्दा बढी दरले मुनाफा बाँडे, १६ वटा संस्थाहरूले ३० प्रतिशतभन्दा बढीका दरले मुनाफा बाँडे र २७ वटा संस्थाले २० प्रतिशतभन्दा बढीका दरले मुनाफा बाँडे। १० देखि २० प्रतिशतसम्मको नाफालाई सामान्य नाफाको रूपमा लिन सकिए पनि त्यो भन्दा बढीको नाफालाई अर्थशास्त्रीय दृष्टिकोणमा असामान्य नाफा भनिन्छ।

लघुवित्त वित्तीय संस्थाहरू बाहेक नेपालमा लघुवित्तकै कारोवार गर्ने हजारौ सङ्ख्यामा सहकारीहरू रहेका छन्। पछिल्लो तीन दशकमा सहकारी संस्थाहरूको विस्तारमा पनि उछाल आएको छ। सहकारीहरू वित्तीय रूपमा लघुवित्त वित्तीय संस्थाहरूभन्दा ठूलो आकारमा पुगेका छन्। वित्त प्रवाह र उत्पादन कार्यमा सहकारीहरूको संलग्नता पनि बढ्दै गएको छ। सहकारीहरू पनि सहकारी सिद्धान्त अनुरूप कटिबद्ध भएर काम गर्ने हो भने गरिबी निवारणको अतिरिक्त दिगो विकासका अन्य लक्ष्यहरू हासिल गर्न सहजै सम्भव हुने थियो।

सङ्घीयता लागू भएसँगै तीन तहको सरकारमा सहकारीहरू बाँडिएपछि केन्द्रिकृत ढङ्गले सहकारीहरूको तथ्याङ्क उपलब्ध हुन नसक्दा यिनीहरूका गतिविधिहरू विश्लेषण गर्न सकिएको छैन। नेपालको संविधानले नै सहकारीलाई महत्वपूर्ण खम्बाको रूपमा लिएको र विभिन्न किसिमको सहुलियतहरू प्रदान गरिरहेको सन्दर्भमा लघुवित्त प्रवाहका अतिरिक्त उत्पादन कार्यमा सहकारीहरूको संलग्नता बढ्नु आवश्यक छ। सहकारीहरूको सङ्ख्यात्मक उपस्थिति हेर्दा नेपालमा गरिबी रहनुपर्ने कुनै कारण देखिदैन। केवल यी संस्थाहरूको प्रभावकारिता र प्रतिबद्धताको खाँचो छ।

## ५. निष्कर्ष

लघुवित्तले दिगो विकास लक्ष्यका महत्वपूर्ण ४ वटा लक्ष्य (१, २, ५, र ८) लाई प्रत्यक्ष रूपमा र अन्य ४ वटा लक्ष्य (३, ४, ७, १२ र १६) लाई अप्रत्यक्ष रूपमा हासिल गर्न सहयोग पुऱ्याउन सक्छन्। सानोस्तरमा गरिब परिवारको घरदैलोमा गई वित्त सेवा दिने हुँदा दिगो विकासको लक्ष्य हासिल गर्न लघुवित्तको भूमिका महत्वपूर्ण हुन सक्छ। खाली बसेको श्रमलाई कर्जा सहित सीप र जागरण प्रदान गर्ने हुनाले लघुवित्तले समावेशी ढङ्गले उत्पादन बढाउन र रोजगारी सिर्जना गर्न सक्छ। साथै, महिलाहरूलाई आर्थिक र सामाजिक रूपले सशक्तिकरण गर्नमा पनि लघुवित्तले महत्वपूर्ण काम गर्दछ।

नेपालमा लघुवित्त सेवाको विस्तार उत्साहजनक रूपमा भएको छ। नाफामुखी लघुवित्त वित्तीय संस्थाहरूको अतिरिक्त उल्लेख्य सङ्ख्यामा रहेका सहकारीहरूको पनि विस्तार भएको छ। यिनीहरूले वित्तीय पहुँच र वित्तीय समावेशीता बढाएका छन्। यिनका कामलाई अझ सशक्त र प्रभावकारी तुल्याउने हो भने वित्त सेवा सहज ढङ्गले प्रवाह गरी उत्पादनदेखि रोजगारीसम्मको दायरा बढाउन सकिन्छ। लघुवित्त सेवामा भएको कमीकमजोरीहरू सच्याउने हो भने नेपालको गरिबी घटाउन नेपालको लघुवित्त वित्तीय संस्थाहरूलगायत सहकारी संस्थाहरूसँग प्रशस्त क्षमता रहेको देखिन्छ। यससँगै दिगो विकासका अन्य लक्ष्यहरू हासिल गर्न पनि सहयोग पुग्ने देखिन्छ। तीन तहको सरकार र गैर सरकारी संस्थाहरूसँग सहकार्य गर्दै लघुवित्त सेवाको प्रभावकारी र परिमाणमुखी ढङ्गले प्रयोग र विस्तार गर्नु जरूरी छ। लघुवित्तलाई सामाजिक व्यवसायको रूपमा लिइनुपर्दछ। एकातर्फ सामान्य नाफा लिएर लघुवित्त सेवा दिने संस्थाहरू सञ्चालित हुनुपर्दछ भने सरकारले पनि गरिबी निवारणमा सहयोग पुऱ्याउने यस्तो सेवालाई आयकर लगायतका छुट दिनुपर्दछ।

# नेपालमा जडीबुटी प्रशोधन र आयुर्वेदिक औषधी उत्पादनका समस्या तथा सम्भावना



✍डा. कृष्ण चन्द्र पौडेल*

## १. परिचय

जडीबुटी भन्नाले औषधीय गुण भएका वनस्पति र तिनका जरासमेतलाई जनाउँछ । "जरा" अथवा "जड" र ससाना बोटबिरुवा अथवा "बुटी" बाट "जरीबुटी" हुँदै हिजोआज औषधीयुक्त वनस्पतिहरूलाई जडिबुटी (Medicinal Plants) भन्ने गरीन्छ । सुगन्धित या बास्नादार तेल भएका वनस्पतिलाई सुगन्धित वनस्पति (Aromatic Plants) भनिन्छ भने जडीबुटी तथा सुगन्धित वनस्पतिलाई एकमूष्ट (Medicinal and Aromaic Plants, छोटकरीमा MAPs) भनिन्छ । यस्ता वनस्पतिहरूलाई गैर काष्ठ वन पैदावार (Non Timber Forest Products, NTFPs) पनि भन्नेगरिन्छ । तर सबै गैर काष्ठ वन पैदावारहरू (उदाहरण- भोजपत्र, जङ्गली फलफूल) मा औषधीय गुण हुँदैन ।

हाम्रो देश नेपाल भौगोलिक तथा जलवायु विविधताका कारण वानस्पतिक विविधतामा धनी छ । यहाँ लगभग ६५०० प्रजातिका फूल फुल्ने र ४०६४ प्रजातिका फूल नफुल्ने वनस्पति पाईन्छन (DPR 2001, 2002) । जसमध्ये १५०० प्रजातिका बिरुवाहरूमा औषधीय गुण पाईन्छ भने २०० जति जडीबुटीहरूको व्यापारिक महत्व रहेको छ । राणा प्रधानमन्त्री चन्द्र शम्शेरका पालामा तयार गरीएको चन्द्र निघण्टु नामक ग्रन्थमा ८०० भन्दा बढी जडीबुटीको सचित्र वर्णन गरी तिनको नाम, गुण कर्म विशेषता उपयोग बारे जानकारी दिईएको छ (सिंहदरवार वैद्यखाना, २०६९) । नेपालका जडीबुटी र वनस्पतिहरूको खोज, सर्भेक्षण, अध्ययन, खेती प्रविधिबारे वनस्पति विभाग, स्वदेशी तथा बिदेशी विश्वविद्यालयहरू, कृषि, वन अनुसन्धान केन्द्रलगायतका कैयौं निकाय र विज्ञहरू संलग्न रहीआएका छन् ।

> नेपालमा ब्यापारिक महत्वका १६१ प्रजातिका गैर काष्ठ वन पैदावारमध्ये १५० प्रकारका पैदावारबाट वार्षिक करिब १५००० मे. टन कच्चा (अप्रशोधित) अवस्थामा नै भारत निकासी हुने गरेको छ । विदेश निकासी हुने जडीबुटीको ९० प्रतिशत भारत र चीनमा अप्रशोधित रुपमा निर्यात हुन्छ । यसरी विना प्रशोधन बहुमूल्य जडीबुटी निकासी हुँदा नेपाललाइ उचित लाभ प्राप्त हुन सक्दैन ।

नेपालका वन जङ्गलबाट सङ्कलित र खेत पाखामा उत्पादित जडीबुटी र सुगन्धित तेलयुक्त वनस्पतिहरूको निर्याततले नेपालको वन क्षेत्रको कूल गार्हस्थ्य उत्पादन (१५ प्रतिशत)को एक तिहाइ हिस्सा ओगटेको छ । एक अध्ययन अनुसार नेपालमा ब्यापारिक महत्वका १६१ प्रजातिका गैर काष्ठ वन पैदावारमध्ये १५० प्रकारका पैदावारबाट वार्षिक करिब १५००० मे. टन कच्चा (अप्रशोधित) अवस्थामा नै भारत निकासी हुने गरेको छ (Subedi, 2006; Edwards, 1996) । विदेश निकासी हुने जडीबुटीको ९० प्रतिशत भारत र चीनमा अप्रशोधित रूपमा निर्यात हुन्छ । यसरी विना प्रशोधन बहुमूल्य जडीबुटी निकासी हुँदा नेपाललाइ उचित लाभ प्राप्त हुन सक्दैन । चीन र भारतपछि नेपालले सन् २०१४ मा करिब १०.७७ हजार मे. टन निर्यात गरी झण्डै ६०.९० मिलियन अमेरीकी डलर बराबरको रकम आर्जन गरेको थियो ।

विश्व बजारमा जडीबुटीजन्य औषधी र वस्तुको माग बढ्दै गएको छ । सन् २००० मा विश्व बजारमा जडीबुटी औषधी (हर्बल ड्रग) को माग करिब १०० बिलियन अमेरीकी डलर बराबर थियो भने सन् २०५० मा यो बढेर करीब ५ ट्रिलियन अमेरीकी डलर पुग्ने अनुमान छ । विश्व बजारमा बढ्दैगएको जडीबुटीजन्य औषधी र वस्तुको माग पुरा गरी आर्थिक उन्नति गर्ने अधिकतम सम्भावना भएका मूल्यवान जडीबुटीको स्वदेशमा नै प्रशोधन गरी उच्च मूल्य र बजार माग भएका बस्तु (औषधी, सौन्दर्य प्रसाधन, खाद्य पेय पदार्थ ईत्यादी) उत्पादन गरी बजारीकरण गर्दै बौद्धिक सम्पत्तिमाथिको अधिकार (Intelectual Property Right) स्थापित गर्न सके आयुर्वेद औषधी र प्रशोधित जडिबुटीहरूको आन्तरिक आवश्यकता पूरा गरी आयात प्रतिस्थापन गर्नका साथै विदेश निर्यात गरी समृद्ध नेपाल निमार्ण गर्ने सपना साकार पार्नमा ठूलो योगदान हुनेछ ।

जडीबुटी व्यवसायी र आयुर्वेद औषधी उत्पादकहरूका अनुसार नेपालबाट बर्षेनी करिब एक अर्ब रूपैयाँ बराबरको जडीबुटी निर्यात हुनेगरेको छ । अर्को कोणबाट हेर्दा नेपालको कूल सङ्कलनको ७० प्रतिशत जडीबुटी निर्यात हुने अनुमान छ भने नेपालमा उत्पादन हुने आयुर्वेद औषधीका लागि चाहिने जडीबुटीको झण्डै दुई तिहाई हिस्सा आयातीत जडीबुटीले ओगटेको पाईन्छ । नेपालमा हाल वार्षिक अनुमानित रू. ६ अर्बभन्दा बढी रकमको आयुर्वेद औषधी खपत हुने गरेकोमा निजी क्षेत्रका ४० उद्योगहरूद्वारा उत्पादित औषधीले करिब ३० प्रतिशतभन्दा कम माग मात्र पूरा गरेको र बाँकी ७० प्रतिशत आयात गर्नुपरिरहेको स्थिति छ (पौडेल र साथीहरू, २०७६) । जडीबुटी को सङ्कलन ओसार पसार, प्रामाणीकरण, निर्यात-आयात एवम् प्रशोधन र गुणस्तरीय औषधी उत्पादन तथा बजारीकरणसँग सम्वन्धित नीतिगत, कानूनी, व्यवस्थापकीय र प्रशासनिक अस्पष्टता र झन्झटिलो प्रक्रियाका कारण नत, स्वदेशी जडीबुटीले उचित मूल्य पाएको छ न उत्पादित आयुर्वेदिक औषधीमा नेपाल आत्मनिर्भर नै हुनसकेको अवस्था छ ।

यिनै कमी कमजोरीको चिरफार गरी जडीबुटीको दिगो सङ्कलन, व्यवसायिक उत्पादन र प्रशोधन गरी नागरिकको स्वास्थ्य रक्षा गर्दै आयुर्वेदिक औषधी उत्पादनमा आत्मनिर्भर भई उच्च मूल्यका वस्तु र पदार्थ उत्पादन र व्यापार गर्ने सम्बन्धमा सम्भावना र उपायहरू सुझाउनेतर्फ यो लेख केन्द्रित छ ।

* पूर्व सचिव, नेपाल सरकार

## २. जडीबुटी र मानव स्वास्थ्य

नेपाल परापूर्वकालदेखि वैदिक परम्परा, आयुर्वेद पद्धति र मानव स्वास्थ्यका लागि जडीबुटीहरूको प्रयोगमा विश्वास गर्दै आएको मुलुक हो । विज्ञान र प्रविधिको विकाससँगै आधुनिक नेपाल निर्माणका क्रममा हाम्रो धर्म, संस्कृति, शिक्षा, सभ्यतासँगै मानव स्वास्थ्य उपचार पद्धतिमा पनि क्रमशः पाश्चात्य प्रभाव बढ्दै गएको छ। आधुनिक चिकित्सा पद्धति (एलोपेथिक) को विकास भएबाट कैयौं जटिल रोगको उपचार संभव भएको छ भने बढ्दो शहरीकरण, प्रदूषण, अखाद्य वस्तुको मिसावट, कुपोषण, विकिरणयुक्त जीवनशैलीका कारण हाम्रो जीवन तनावयुक्त, विभिन्न खाले नसर्ने तर घातक रोगहरूको सिकार हुँदैगएको छ। उपचार पद्धति जटिल र खर्चिलो हुँदा गरिब, विपन्न वर्गको स्वास्थ्य उपचार पहुँचभन्दा बाहिर हुनथालेको छ । उचित आहार, विहार र विचारको अभावमा हाम्रो समाज सुखको खोजीमा थप दुखी हुँदै पनि जान थालेको पाइन्छ । यस्तो अवस्थामा हाम्रा पुर्खाले ऋषिमुनिहरूबाट प्राप्त गरेको आयुर्वेदिक ज्ञान र पद्धति अपनाउन र औषधी उपचार गर्न सकिन्छ । कतिपय रोगको आधुनिक चिकित्सा पद्धतिबाट उपचार सम्भव नभएको अवस्थामा जडीबुटीहरूको प्रयोगबाट उपचार भएका उदाहरणहरू पनि प्रशस्तै पाइन्छन् ।

अचेल संसारभर प्रकृतिप्रेम र प्राकृतिक वस्तुहरूको महत्वसँगै आयुर्वेद औषधीप्रतिको जागरण, आकर्षण, माग र उपभोग बढ्दैगएको तथा नेपालमा पनि पुनर्जागरण आई जडिबुटीहरूको माग र प्रयोग बढ्दै आएको छ । आधुनिक वैज्ञानिक अनुसन्धानबाट पनि रसायनिक र संश्लेषित औषधी एवम उपभोग्य वस्तुहरूको तुलनामा प्रकृतिप्रदत्त जडीबुटीजन्य औषधी र वस्तुहरू स्वास्थ्यका लागि दीर्घकालीन रूपमा बढी हितकर हुने तथ्य पुनः प्रमाणित भएकाले यो क्रम निरन्तर बढ्दै जाने निश्चित छ । नेपाल र नेपालीहरूको सन्दर्भमा स्वास्थ्य रक्षा एवम् रोग निवारण, खाद्य सुरक्षा, पर्यावरण, रोजगारी, आयआर्जनका दृष्टिले मात्र नभै आर्थिक समृद्धि र सामान्य जीवनयापनका दृष्टिले पनि जडीबुटीको महत्व सर्वाधिक छ । गुणस्तरीय, सुरक्षित र प्रभावकारी आयुर्वेद औषधीका साथै विभिन्न खाद्य एवम् उपभोग्य वस्तुहरूको निर्माणका लागि नभइनहुने र पुनर्नवीकरणीय कच्चा पदार्थ भएकाले मानव जीवनमा जडीबुटीहरूको प्रयोग अपरिहार्य छ र यिनीहरूको महत्व अतुलनीय छ ।

नेपालको तराई र तल्लो पहाडी भेगमा तेजपात, अमला, हर्रो, बर्रो, बेल, सर्पगन्धा, धाईरो, कुरीलो, घ्युकुमारी आदि जडीबुटीहरू प्रमुख रूपमा पाइन्छन् भने मध्यपहाडी भेगमा टिमुर, गाइखुरे, गुर्जो, गिदरी, पाषणवेद, असुरो, कुरीलो, दालचिनी, हर्रो, बर्रो, अमला र जामुनहरू पाइन्छ । त्यसैगरी उच्च पहाडी भेगमा चिराइतो, सतुवा, पाषणभेद, टिमुर, सिलाजित आदी प्रमुख छन् भने हिमाली क्षेत्रमा जटामसी, कुटुकी, सुगन्धवाल, डालेचुक, वनलसुन पाँचऔले, पदमचालजस्ता बहुमूल्य जडीबुटी पाइन्छन् । हिमाली क्षेत्रका जडीबुटीहरूको विशेष महत्व र माग छ । परम्परागत उपचार पद्धतिबाट मानव सभ्यताका यावत आवश्यकता र चाहाना परिपूर्तिका लागि विश्वमा यस्ता जडीबुटीहरूको माग बढ्दै गएको पाईन्छ ।

नेपालको संविधानको भाग ४ को धारा ५१(ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिको (७) मा "नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेद, प्राकृतिक चिकित्सा र होमीयोपेथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्धन गर्ने" उल्लेख छ। जडीबुटी तथा गैरकाष्ठ वन पैदावार नीति सन् २००६ ले जडीबुटीको संरक्षण व्यवस्थापन र दिगो उपयोग गर्ने विषयलाई प्राथमिकतामा राखेको छ । त्यसैगरी नेपालको जैविक विविधता रणनीति तथा कार्ययोजना (सन् २०१४-२०२०), वन क्षेत्रको रणनीति (सन् २०१६-२०२५ ), राष्ट्रिय वन नीति, २०७५ मा पनि जडीबुटीको संरक्षण, व्यवस्थापन, खेती विस्तार र दिगो उपयोग गर्ने नीति र कार्यक्रम रहेको छ । मुलुक सङ्घीय संरचनामा गइसकेपछि गण्डकी प्रदेश सरकारले आफ्नो वन तथा जलाधार व्यवस्थापन नीति २०७५ मा आर्थिक संभाव्यताको आधारमा गण्डकी प्रदेशका जडीबुटीहरूको कम्तीमा एक तहको प्रशोधन प्रदेशभित्रै गर्ने प्रतिबद्धता गरेको र आ.व.२०७५।०७६ मा सङ्घ, स्थानीय तह तथा निजी क्षेत्रको सहयोगमा प्रादेशिक आयुर्वेद औषधी उत्पादन केन्द्र स्थापनाको सम्भाव्यता अध्ययन गरेको छ (पौडेल र साथीहरू, २०७६) ।

## ३. आयुर्वेद पद्धतिको महत्व र प्रयोग

आयु र वेद यी दुई शब्दहरू मिलेर बनेको आयुर्वेदको अर्थ जीवन विज्ञान (Science of life) हुन्छ । यसमा जीव र जीवनसम्बन्धी सबै विषय-वस्तुहरूको परिचयदेखि जीवनका लागि हितकर-अहितकर, सुखदायक-दुःखदायक भावहरूको अत्यन्त व्यावहारिक ढङ्गले कारण, लक्षण र उपायहरूसहित वर्णन गरिएको छ। यसको आदरपूर्वक अध्ययन, ज्ञान/बोध र सही उपयोग गर्नसकेमा स्वस्थ वा सुखकर र हितकर दीर्घ जीवन प्राप्त भएर धर्म, अर्थ, काम, मोक्षजस्ता जीवनका लक्ष्य वा उद्देश्यहरू हासिल गर्न सकिन्छ र जीवन सार्थक हुन्छ ।

मुख्यतः स्थानीयस्तरमा पाइने प्रकृतिप्रदत्त साधन-स्रोत-उपायहरूको सही ज्ञानपूर्वक प्रयोगबाट स्वास्थ्य रक्षा गर्ने र रोग लागेमा त्यसको उपचार गरी स्वस्थ बन्ने खान-पान, औषधी र आचरण-व्यहारहरूको उपदेश गरिएकाले आयुर्वेदलाई उत्कृष्टतम जीवन विज्ञान मानिन्छ । यो हाम्रै भूभागमा प्रादुर्भूत र सार्वभौम सिद्धान्तमा आधारित संसारकै प्राचीनतम जीवन विज्ञान हो । प्राकृतिक स्रोतका द्रव्यहरूबाट विधिपूर्वक निर्मित औषधीहरू तुलनात्मकरूपमा सुरक्षित र प्रभावकारी हुने हुँदा एउटा रोगको उपचार गर्दा सामान्यतः अर्को रोग उत्पन्न गराउँदैनन् ।

हामीलाई रोगबाट बच्न, लागेको रोग निको पार्न तथा स्वस्थ, तन्दुरुस्त रही पुरा आयु सुखपूर्वक बाँच्नका लागि कुनै पनि बेलामा औषधी आवश्यक पर्नसक्छ । कुनै औषधी तत्कालै बनाई प्रयोग गर्नुपर्ने हुन्छन् भने कुनै वर्षौं पछि पनि प्रयोग गर्न सकिने हुन्छन् । कुनै औषधी एउटै मात्र द्रव्य/जडीबुटीबाट र कुनै औषधी धेरै द्रव्यहरूको सम्मिश्रणबाट बनाइन्छ । आयुर्वेद औषधी उत्पादनका लागि आवश्यक पर्ने अधिकांश जडीबुटीहरू नेपालमा उपलब्ध हुने प्रजातिका छन् (पौडेल र साथीहरू, २०७६) ।

## ४. जडीबुटी प्रशोधन र आयुर्वेदिक औषधी उत्पादनको अवस्था

**विगतका प्रयास :** नेपालमा संस्थागतरूपमा औषधी निर्माण कार्य ३७५ वर्ष अघि राजा प्रताप मल्लका पालामा वसन्तपुरको हनुमान ढोकामा

वैद्यखाना स्थापना भएदेखि प्रारम्भ भएको र हालको आयुर्वेद अस्पताल वि.सं. १९७४ सालदेखि प्रारम्भ भएको इतिहासमा पाइन्छ । तत्कालीन सरकारले २०५१ सालमा गठन आदेशद्वारा सिंहदरबार वैद्यखाना विकास समितिमा परिणत गरेर सञ्चालन गर्दैआएको छ भने काठमाण्डौं, कोटेश्वरस्थित जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले पनी जडीबुटी तथा सुगन्धित वनस्पति प्रशोधन गर्दैआएको छ । नेपालमा हाल निजी क्षेत्रमा ८२ वटा आयुर्वेद औषधी उद्योगहरू दर्ता भएका र तीमध्ये ४० उद्योगहरू सञ्चालनमा रहेका पाइएको छ भने १९३ वटा स्वीकृतप्राप्त आयुर्वेद तथा वैकल्पिक चिकित्साका निजी स्वास्थ्य संस्थाहरू छन् (पौडेल र साथीहरू, २०७६) ।

**आयुर्वेदिक औषधीको बढ्दो माग :** व्यस्त जीवनशैली र प्रदुषणका कारण जटिल बन्दैगएको मानव स्वास्थ्य रक्षार्थ विश्वमा आयुर्वेद औषधी र प्राकृतिक चिकित्साको महत्व बढ्दै गएको छ । प्राकृतिक रूपमा विशेष गरी हिमालय क्षेत्रमा पाइने उच्च महत्वका जडीबुटीको विश्व वजारमा माग बढ्दो छ । तर हाम्रो देशमा आफैंलाई पुग्ने पनि औषधी उत्पादन हुन सकेको छैन । महत्वपूर्ण जडिबुटी कच्चा पदार्थकै रूपमा विदेश निर्यात हुने र आयुर्वेदिक औषधी आयात गर्ने हाम्रो नियति बनेको छ । नेपालमा सङ्कलित जडिबुटीहरूमध्ये करिब ७०% विदेश निर्यात हुने गरेको अनुमान छ । देशको कुल निर्यातबाट हुने आम्दानीको १० % हिस्सा जडिबुटी तथा गैरकाष्ठ वन पैदावारले ओगटेको तथ्याङ्कले देखाउँछ । देशका विभिन्न जिल्लाबाट सङ्कलन भई काठमाडौं हुँदै तातोपानी, रसुवा, वीरगञ्ज र हवाईमार्ग भएर विदेश निर्यात हुँदैआएका ३७ प्रकारका जडीबुटीको विगत ५ वर्षको निर्यातको परिमाणको अध्ययन गर्दा वार्षिक करिब ७०० देखि ९०० मेट्रिक टनको हाराहारीमा भारत, चिन, भियतनाम, जापान, हङकङ र यूरोपीयन मुलुकहरूमा निर्यात हुनेगरेको देखिन्छ (डीभीजन वन कार्यालय, काठमाण्डौ, २०७६) ।

**जडीबुटीको उपलब्धता :** भौगोलिक एवम हावापानीको विविधताका कारण नेपाल जडीबुटीका प्रजाति र उपलब्धता दुबैमा धनी छ , तर देशको सबै जडीबुटीको दिगो सङ्कलन उपयुक्त भण्डारण र उपयोग भएको छैन । साथै वर्षेनी के कति जडीबुटी उपलब्ध हुन्छ त भन्ने यकीन र एकीकृत तथ्याङ्क छैन । आयुर्वेद औषधी उत्पादनका लागि आवश्यक पर्ने अधिकांश जडीबुटीहरू नेपालमा उपलब्ध भए पनि व्यवस्थित बजार नभएको, नीति-नियम झन्झटिलो, खरीद गर्न र ओसार-पसारमा व्यवहारिक अप्ठ्याराहरूजस्ता कारणले आवश्यक परेको बेला चाहिने जति परिमाणमा उपयुक्त गुणस्तरका जडीबुटीहरू उपलब्ध हुनसकेको अवस्था छैन । यस्ता कारणले नेपालका उद्योगहरूले अमला, असुरो, बर्रो, हर्रो, बेल, भृङ्गीराज, चिराइतो, जटामसी, काउछो, नीम, घोटटाप्रे, कुट्की, तुलसी, सुगन्धबाल, शतावरी (कुरिलो) जस्ता नेपालमा पर्याप्त मात्रामा पाइने जडीबुटीहरू पनि विदेशबाट आयात गर्नुपरिरहेको अवस्था छ ।

नेपालका जडीबुटी अमूल्य भइकन पनि व्यवस्थित र दिगोरूपमा सदुपयोग भएका छैनन् । उच्च मूल्यका विदेश निर्यात हुने जडीबुटीहरू जस्तै यार्सागुम्बा, पाँचऔले, सतुवा आदिको अत्यधिक दोहन भएको छ भने न्यून मूल्यका, तर आयुर्वेद औषधी निर्माणका लागि चाहिने ( धयेरो, तुलसी, असुरो, बेल) आदि जस्ता जडिवबुटी सङ्कलन पनि नभएर खेर गइरहेका छन् । त्यसैगरी सतुवा, केशर, अश्वगन्धा, निशोध आदि जस्ता जडीबुटी वनजङ्गलमा नपाइने र खेती पनि नगरिएका कारण आयात नगरिनहुने स्थिति छ ।

**आयुर्वेद औषधी उत्पादन र गुणस्तरीयता :** निजी क्षेत्रमा स्थापित आयुर्वेद औषधी उद्योगीको मुख्य समस्या भनेको गुणस्तरीय औषधी निर्माणका लागि चाहिने शुद्ध र सारयुक्त स्वस्थ कच्चापदार्थ उपलब्ध नहुनु हो । यस्तो कच्चापदार्थ विदेशबाट खरिद गरी ल्याउँदा कि त महंगो पर्न जाने, कि त गुणस्तरमा सम्झौता गर्नुपर्ने हुन्छ । गुणस्तर कायम गर्न औषधी व्यवस्था विभागले विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड कार्यान्वयन गर्दा कम्पनीहरूको लागत बढ्ने हुँदा न्यून पुँजी भएका केही कम्पनीहरू चल्न नसक्ने अवस्थामा पुगेका छन् । नेपालमा उत्पादित आयुर्वेदिक औषधी वा उत्पादनहरूको गुणस्तर र परिमाण न्युन भएको कारण अन्तर्राष्ट्रिय बजारमा उचित मूल्य पाउन सकेका छैनन् । निजी क्षेत्रका सबै उद्योगमा WHO को मापदण्ड बमोजिमका असल उत्पादन पद्धति सम्बन्धी मापदण्डको पालना भएको छैन । गुणस्तरीय औषधी उत्पादन गर्न आवश्यक गुणस्तर मापन, प्रमाणीकरण र नियन्त्रण संयन्त्र कमजोर

**तालीका १ नेपाल सरकारद्वारा निशुल्क वितरण हुने अत्यावश्यक आयुर्वेद औषधीहरू**

| क्र.सं. | औषधीको नाम | स्वरुप | क्र.सं. | औषधीको नाम | स्वरुप |
|---|---|---|---|---|---|
| १ | अश्वगन्धा (भा.प्र.) | चूर्ण | १३ | सर्पगन्धाघन वटी (सि.यो.सं.) | वटी/टचाब्लेट |
| २ | त्रिफला (भा.प्र.) | चूर्ण | १४ | कैशोर गुग्गुलु (भै.र.) | वटी/टचाब्लेट |
| ३ | अविपत्तिकर चूर्ण (भै.र.) | चूर्ण | १५ | योगराज गुग्गुलु (भै.र.) | वटी/टचाब्लेट |
| ४ | सितोपलादि चूर्ण (भै.र.) | चूर्ण | १६ | महायोगराज गुग्गुलु (शा.सं.) | वटी/टचाब्लेट |
| ५ | हिंग्वष्टक चूर्ण (भै.र.) | चूर्ण | १७ | षडबिन्दु तैल (भै.र.) | तेल |
| ६ | बिल्वादि चूर्ण (भै.र.) | चूर्ण | १८ | महानारायण तैल (भै.र.) | तेल |
| ७ | महासुदर्शन चूर्ण (शा.सं.) | चूर्ण | १९ | जात्यादि तैल (शा.सं.) | तेल |
| ८ | निम्बादि चूर्ण (भै.र.) | चूर्ण | २० | गन्धक रसायन (यो.र.) | वटी/टचाब्लेट |
| ९ | पुष्यानुग चूर्ण (भै.र.) | चूर्ण | २१ | टंकण भस्म (र.त.) | भस्म/चूर्ण |
| १० | खदिरादि वटी (भै.र.) | वटी | २२ | मृगमदासव (भै.र.) | आसव |
| ११ | चन्द्रप्रभा वटी (भै.र.) | वटी/टचाब्लेट | २३ | बालामृत (अनुभूत) | सिरप |
| १२ | महाशंख वटी (भै.र.) | वटी | | | |

छ भने गुणस्तर परीक्षण प्रयोगशालाको सुविधा पनि उपलब्ध छैन ।

नेपाल सरकारद्वारा निशुल्क वितरण हुने आयुर्वेद औषधीहरू : आयुर्वेद विभागका अनुसार नेपालका ७५ वटा जिल्लाका ३८० वटा स्थानीय तहमा रहेका आयुर्वेद स्वास्थ्य संस्थाहरूबाट २३ प्रकारका आयुर्वेद औषधी निशुल्क वितरण हुने गर्दछ (तालिका १) । यी २३ वटा औषधीहरू तयार गर्दा जम्मा ११४ प्रकारका वनस्पतिजन्य र २५ प्रकारका खनिज, धातु एवम प्राणीजन्य स्रोत/पदार्थ आवश्यक पर्दछ ।

**जडीबुटीको सङ्कलन र व्यवसायिक खेती प्रवर्धन :** नेपालमा अधिकांश जडीबुटी वन जङ्गलबाट सङ्कलन गरिन्छ । सङ्कलित जडीबुटीले मात्र कच्चापदार्थको दिगो आपूर्ति हुन सक्दैन । हाल विभिन्न समूह र कृषकले व्यावसायिक जडीबुटी खेती गर्न थालेका पनि छन् । गण्डकी प्रदेशमा करिब ५००० रोपनीमा व्यावासायिक जडीबुटी खेती भएको पाईन्छ (पौडेल र साथीहरू, २०७६) । जडीबुटीको संरक्षण र दिगो व्यवस्थापन एवम् जडीबुटी खेतीका असल अभ्यास र प्रविधिको प्रयोग गरी प्रत्येक जिल्लामा जडीबुटी उत्पादनका हिसाबले जडीबुटीको पकेट क्षेत्र तोकी व्यावासायिक जडीबुटी खेती प्रवर्धन गर्न सकिन्छ । तर व्यावसायिक जडीबुटी खेती गर्नका लागि उचित ज्ञान, प्रविधि, लगानी, बजार र उपयुक्त वातावरणको संयोजन गर्न जरूरी हुन्छ, रहरले मात्र हुँदैन ।

## ५. जडीबुटी सङ्कलन, प्रशोधन र आयुर्वेदिक उत्पादनमा विद्यमान समस्या, चुनौती र अवसरहरू :

**समस्याहरू:**

- नेपालमा अधिकांश जडीबुटी प्राकृतिक वन जङ्गलबाट सङ्कलन गरीन्छ । वन क्षेत्रबाट जडीबुटी सङ्कलन गर्दा स्रोतको अत्यधिक दोहन हुने, दिगो व्यवस्थापन नहुने, कलिलोमा नै सङ्कलन गर्ने, मिसावट हुने, कुहिने, सड्नेजस्ता समस्या छन् ।
- वन जङ्गलबाट न्यून मात्रामा सङ्कलित जडीबुटीले समयमा ग्राहक नपाउने, बिचौलियाले उचित मूल्य नदिने, सङ्कलन पुर्जी, छोडपुर्जी, लिने कार्य झन्झटीलो हुने, चेकपोष्टमा हैरानी खेप्नुपर्ने आदी कारणले उद्योगका लागि निश्चित गुणस्तर र परिमाणको कच्चा पदार्थको दिगो र भरपर्दो उपलब्धता नहुने अवस्था छ ।
- निजी क्षेत्रमा स्थापित आयुर्वेद औषधी उद्योगीको मुख्य समस्या भनेको गुणस्तरीय औषधी निर्माणका लागि चाहिने शुद्ध र सारयुक्त स्वस्थ कच्चापदार्थ उपलब्ध नहुनु हो । यस्तो कच्चा पदार्थ विदेशबाट खरिद गरी ल्याउँदा कि त महँगो पर्न जाने, कि त गुणस्तरमा सम्झौता गर्नुपर्ने हुन्छ । गुणस्तर कायम गर्न औषधी व्यवस्था विभागले विश्व स्वास्थ्य संङ्गठनको मापदण्ड कार्यान्वयन गर्दा कम्पनीहरूको लागत बढ्ने हुँदा न्यून पुँजी भएका केही कम्पनीहरू चल्नै नसक्ने अवस्थामा पुगेका छन् ।
- वन जङ्गलमा पाइने जडीबुटीको परिमाण र गुणस्तरको सर्वेक्षण नहुँदा माग र आपूर्तिको आँकलन गर्न कठिन छ । साथै सङ्कलित जडीबुटीको प्रारम्भिक प्रशोधन र भण्डारणको उपयुक्त व्यवस्था नहुँदा जडीबुटीको गुणस्तर खस्किदै जानेगरेको छ ।
- जडीबुटी उत्पादन, सङ्कलन प्रवर्धन, भण्डारण, प्रशोधन कार्यमा राज्यको लगानी अति न्यून रहेको र निजी क्षेत्र आकर्षित भैनसकेकोले व्यवसायीकरण हुन सकेको छैन । केही महत्वपूर्ण जडीबुटीहरू (जस्तै पाँचऔंले) प्रतिबन्धित अवस्थामा रहेको हुँदा खेती विस्तार हुन नसकेको ।
- जडीबुटी व्यापारीहरूको मनोमानी हुँदै आएकोले सङ्कलक/उत्पादकले उचित मूल्य नपाउनु ।
- आयातीत जडीबुटी वा नेपालबाट विदेश निर्यात भई पुन नेपालमै फर्कने जडीबुटी कम गुणस्तरको हुने र त्यस्ता कच्चा पदार्थको प्रयोग भई उत्पादन हुने औषधीको गुणस्तर पनि उच्च कोटीको नहुने हुँदा औषधी निर्यात गर्न कठिनाई ।
- मेसिन-उपकरणहरू, प्याकिङ सामग्रीहरू तथा नेपालमा नपाइने अन्य कच्चा पदार्थहरू विदेशबाट ल्याउँदा वा झिकाउँदा राजश्व, भन्सार तथा ढुवानीमा झन्झट ब्यहोर्नुपर्ने ।
- औषधी निर्माण तथा गुणस्तर निर्धारण-नियन्त्रणका लागि आवश्यक दक्ष प्राविधिक जनशक्ति र प्रविधिको अभावले आयुर्वेद औषधीको उत्पादन, गुणस्तर र विश्वासनीयता हुन नसकेको ।।
- आयुर्वेद औषधीको राष्ट्रिय आवश्यकताको झण्डै दुई तिहाइभन्दा बढी भागका लागि परनिर्भर हुनुपरेकोले स्वदेशी पुँजी पलायन हुँदैगएको ।
- सूचना र समन्वयको अभावका कारण नेपालमा उत्पादन हुने जडीबुटी र आयुर्वेद औषधीका लागि आवश्यक पर्ने जडीबुटीकाबिच सहज सम्बन्ध छैन । अत : उत्पादित जडीबुटी सस्तोमा निर्यात हुने र आवश्यक जडीबुटी महँगोमा खरिद गर्नुपर्ने बाध्यात्मक अवस्था छ ।
- स्वदेशी आयुर्वेद औषधी उत्पादनलाई संरक्षण प्रदान गरी आत्मनिर्भर हुने नीतिगत व्यवस्था र प्रतिबद्धताको अभावमा यस क्षेत्रमा लगानी गर्नेहरू आफ्नो लगानीको प्रतिफलप्रति ढुक्क हुन सकेका छैनन् ।
- दक्ष जनशक्ति र प्रयोगशालाको अभाव र भएकैको पनि उपयोग नहुँदा अनुसन्धानमूलक कार्य र नयाँ आविष्कार गर्ने बातावरण सृजना हुन सकेको छैन ।
- राज्यले आयुर्वेद र एलोप्याथिक पद्धतिलाई हेर्ने सोच र गर्ने लगानीमा समानताको अभाव छ ।
- प्राकृतिक जङगलबाट सङकलन हुने जडीबुटीको अत्यधिक दोहन हुने गरेकोले दिगो उपलब्धता कायम नहुने र वातावरणीय ह्रास हुँदैछ ।
- अन्तर्राष्ट्रिय स्तरका प्रयोगशालाहरूको स्थापनामा लगानीको खाँचो छ भने जडीबुटी सङ्कलन तथा व्यावसायिक खेतीका लागि असल अभ्यासको पालना गरी नियमन गर्ने विषय, विश्व स्वास्थ्य सङ्गठनले तोकेको औषधी उत्पादनको गुणस्तर सम्बन्धी मापदण्डको पालना गराउने विषय चुनौतीपूर्ण छ ।

**सम्भावना र अवसरहरू**

- स्वदेशी जडीबुटीको सदुपयोगबाट आयुर्वेद औषधी लगायतका

उत्पादन वृद्धि गरी यस्ता औषधीहरूको उत्पादनमा आत्मनिर्भर भइ निकासी प्रवर्धन गर्न सकिने । जडीबुटी प्रवर्धन गर्दा थप रोजगारी सृजना हुने ।

- जडीबुटीको वैज्ञानिक व्यवस्थापन, खेती प्रर्वधन, दिगो सङ्कलन, भण्डारण र प्रशोधन कार्यलाई व्यावसायिक रूपमा सञ्चालन गरी गुणस्तरीय कच्चा पदार्थको उत्पादन वृद्धि गरी आयुर्वेदिक औषधीको गुणस्तरीयता र विश्वसनीयता बढाउन सकिने ।
- बहुमूल्य जडीबुटीबाट स्वदेश र विश्व बजारमा माग भएका अन्य औषधी, सौन्दर्य प्रशाधन तथा पोषणयुक्त खाद्य एवम् पेय पदार्थ उत्पादन गरी आर्थिक विकासमा थप टेवा पुग्ने ।
- जडीबुटी खेती प्रवर्धन, क्षमता अभिवृद्धि, नमूना प्रदर्शन र कृषक समुदायलाई सेवामूलक कार्य सञ्चालन गर्दै निजी र समुदायहरूसँगको सहकार्यमा जडीबुटी प्रवर्धन, प्रशोधन र औषधी उत्पादन गर्दा जडीबुटीको दिगो बजार र औषधी उद्योगको लागि निरन्तर कच्चापदार्थ उपलब्ध हुन सक्ने ।
- जडीबुटीको खेती विस्तार गरी सदुपयोग गर्दा प्राकृतिक श्रोतमा चाप न्यून भइ जैविक विविधता संरक्षण हुने ।
- स्वदेशमै जडीबुटी प्रशोधन गर्दा निजी क्षेत्रका आयुर्वेद औषधी उत्पादकहरूले गुणस्तरीय कच्चा पदार्थ वा अर्धप्रशोधित पदार्थ स्वदेशमै प्राप्त गरी उत्पादनको गुणस्तरीयता र विश्वासनीयता बढाउन र निर्यात गर्न सक्ने ।

## ६. जडीबुटी उत्पादन, प्रशोधन र आयुर्वेदिक उत्पादनहरूको व्यावसायिकरणका लागि अबको बाटो

माथी उल्लेखीत समस्याको समाधान गरी संभाव्यताको उजागर गर्दै जडीबुटीको दिगो उपयोग गरी राष्ट्रिय समृद्धिमा टेवा पुर्‍याउन निम्न व्यवस्था गर्न जरूरी छ ।

### ६.१ जडीबुटी संरक्षण र व्यवस्थापन

सर्वप्रथम नेपालका आर्थिक महत्वका जडीबुटीहरूको पहिचान, अभिलेखीकरण, प्राथमिकीकरण गरी उपलब्धता, माग र आपूर्तिको यथार्थ विवरण तयार गर्न अति आवश्यक छ । त्यसैगरी प्राकृतिक जडीबुटीको संरक्षण र दिगो उपयोगको लागी जडीबुटी क्षेत्र पहिचान गर्ने, स्व-स्थानीय र पर-स्थानीय संरक्षण गर्ने, सर्भेक्षण गरी अनुमानित वार्षिक उत्पादनको आँकलन गर्ने, वन उपभोक्ता समूह र जडीबुटी सङ्कलककलाई प्रविधिक ज्ञान, तालिम, प्रचलित नीतिगत र कानूनी प्रावधानको जानकारी गराई जडीबुटी संरक्षणमा सकृय तुल्याउन जरूरी छ ।

प्राकृतिक रूपमा सङ्कलित जडीबुटीलाई यथासम्भव सङ्कलन क्षेत्र वरपर नै प्रारम्भिक प्रशोध न (सफा गर्ने, धुने, सुकाउने, प्याकिङ्ग गर्ने आदी) गर्ने र भण्डारण गरी गुणस्तर कायम राख्ने व्यवस्था मिलाउनुपर्दछ । जथाभाबी सङ्कलन, भण्डारण र ढुवानी गर्दा जडीबुटीको गुणस्तर खस्किन्छ र बजार मूल्य न्यून हुन्छ ।

### ६.२ व्यावसायिक खेती प्रवर्धन :

वन जङ्गलबाट सङ्कलित जडीबुटीले मात्र स्वदेश विदेशको माग पुरा गर्न नसक्ने र प्रकृतिक स्रोत माथि अस्वभाविक चाप पर्दा वातावरणीय समस्या र स्रोतको ह्रास हुनजान्छ । अतः आर्थिक सम्भाव्यता हेरी खेतबारी, सामुदायिक वन क्षेत्र, बाँझो सार्वजनिक जग्गाहरूमा जडीबुटीको माग र खेतीको सम्भाव्यता हेरी व्यावसायिक जडीबुटी खेती प्रवर्धन गर्ने । यसरी खेती गरिने जडीबुटीलाई कृषिवाली सरह सिँचाई, मल, बिउ, प्रविधि, बाली बिमा, भण्डारण र बजार व्यवस्था गर्न सरकारले सक्दो सहयोग गर्नुपर्दछ । जडीबुटी खेतीलाई सहकारी उपभोक्तामार्फत प्रोत्साहन गर्नु र बजारको सुनिश्चितता गर्नु उपयुक्त हुन्छ ।

जडीबुटी ब्यापारीबाट सङ्कलक, उत्पादक र उपयोगकर्ता उद्यमीहरू ठगिने वातावरणको अन्त्य गरी जडीबुटीको गुणस्तर बमोजिमको मूल्य निर्धारण गर्ने व्यवस्था गरी सो बमोजिमको मूल्य तिर्ने, प्रमाणीकरण गर्ने र बजार सुनिश्चित गर्ने पद्धतिको विकास र प्रयोग गर्नुपर्दछ । जबसम्म उत्पादनको बिक्री सुनिश्चित हुँदैन कृषक, समुदाय, सहकारीहरू जडीबुटी खेतीतर्फ आकर्षित हुँदैनन् । अतः व्यावसायिक जडीबुटी खेती प्रवर्धन गर्दा कृषिबाली सरह आवश्यक मल, बिउ, प्रविधि, अनुदान, सुलभ ऋण, बाली बिमा र उत्पादन खरिद गरिदिने सुनिश्चितता पनि गर्नुपर्दछ ।

> प्राकृतिक रूपमा सङ्कलित जडीबुटीलाई यथासम्भव सङ्कलन क्षेत्र वरपर नै प्रारम्भिक प्रशोध न (सफा गर्ने, धुने, सुकाउने, प्याकिङ्ग गर्ने आदी) गर्ने र भण्डारण गरी गुणस्तर कायम राख्ने व्यवस्था मिलाउनुपर्दछ । जथाभाबी सङ्कलन, भण्डारण र ढुवानी गर्दा जडीबुटीको गुणस्तर खस्किन्छ र बजार मूल्य न्यून हुन्छ ।

व्यावसायिक जडीबुटी खेती गर्दा गुणस्तर कायम गर्न जडीबुटी खेती संबन्धी असल अभ्यास (Good Agriculture and Cultivation Practices) को अवधारणा अनुरूप गर्न आवश्यक अध्ययन-अवलोकन, तालिम र प्राविधिक सहयोग गर्नु पर्दछ । त्यसैगरी जडीबुटी वा सोबाट उत्पादित पदार्थहरूको सङ्कलन, ढुवानी, प्रशोधन, बिक्री वितरण गर्दा वन कार्यालय, प्रहरी, भन्सार र अन्य पीडकहरूबाट मुक्त गरी निर्धक्क व्यवसाय गर्ने वातावण सिर्जना नभएसम्म जडीबुटी खेती फस्टाउन सक्दैन । अत, जडीबुटी उत्पादन र दिगो उपयोग सम्बन्धमा सुसाशन कायम गर्न जरूरी छ ।

### ६.३ जडीबुटी प्रशोधन र आयुर्वेदिक उत्पादन

जडीबुटीको प्रशोधन गरी आयुर्वेदिक औषधी, खाद्य पेय पदार्थलगायतका उत्पादन तयार गरी बजारीकरण गर्नका लागि दिगो र भरपर्दो रूपमा गुणस्तरीय कच्चा जडीबुटीको आपूर्ति; उपयुक्त प्रविधि र दक्ष जनशक्तिको प्रयोग, भरपर्दो लगानीको स्रोत एवम गुणस्तर नियन्त्रण कार्यको आवश्यकता हुन्छ । अतः कच्चा पदार्थको दिगो आपूर्ति गर्न कृषक, सहकारी वा सामुदायिक वन उपभोक्ताहरूको सक्रिय सहभागीता र साझेदारीता महत्वपूर्ण हुन्छ भने प्रविधि, लगानी र ब्यपारीकरणको प्रभावकारीताको लागि निजी क्षेत्र (औषधी उत्पादक, उद्यमी आदी) को सहभागीता महत्वपूर्ण हुन्छ । त्यसैगरी गुणस्तर कायम गर्न एवं नीति र कानूनको पालना गराउन, लगानीमा सहयोग गर्न र अन्तर्राष्ट्रिय बजार आकर्षित हुने वस्तुमा बौद्धिक संम्पत्तिमाथिको हक अधिकार स्थापना गर्ने, अनुसन्धान गर्ने गराउने तथा क्षमता विकास, दक्ष जनशक्ति निर्माण एवम् आवश्यक भौतिक पूर्वाधार निर्माण गरीदिनका लागि सरकारबाट सहजीकरण हुनु अनिवार्य हुन्छ । अतः सरकारी-नीजि-सामुदायिक

(Public Private Community Partnership) साझेदारीमा शासन सुहाउँदो प्रदेशस्तरमा जडीबुटी प्रशोधन र आयुर्वेदिक उत्पादन उद्योग स्थापना र सञ्चालन गर्न सकिन्छ । यसो गर्दा एकातिर जडीबुटीको संरक्षण र सदुपयोग, अनुगमन र जन सहभागीता परिचालन गर्न सहज हुन्छ भने स्रोत उद्योग र उत्पादनप्रति स्थानीय समुदाय, सहकारी र सरकारको अपनत्व पनि हुन्छ ।

जडीबुटी प्रशोधन उद्योग स्थापना र सञ्चालनमा सङ्घीय सरकारले आवश्यक परेमा वैदेशिक ऋण, अनुदान, प्रविधि भित्र्याउन, राष्ट्रिय मापदण्ड निर्धारण र अनुगमन गरी गुणस्तर कायम राख्न तथा राष्ट्रिय नीति कानून निर्माण र अन्तर प्रदेश वा अन्तर उद्योग समन्वय गर्न सक्दछ ।

वन पैदावारमा अधारित उद्यमहरू स्थापना र सञ्चालन गर्दा राजनैतिक स्वार्थ र पुरातन शैलीको प्रशासनिक प्रक्रियाबाट माथि उठेर नवीन सोचका साथ अनुसन्धान र आविष्कारमूलक कार्यहरू गर्न अन्तर निकाय, अन्तर सरकार, अन्तर समुदाय समन्वयको वातावरण निर्माण गर्न सम्बद्ध सबै पक्षले सकारात्मक सोच र सहयोगी भावनाको विकास गर्न आवश्यक छ । हाल नेपालमा जेजति जडीबुटी उपलब्ध छ सो को सङ्कलन गरी बिक्री गर्ने वा जे उत्पादन गर्ने गरिएको छ सोही वस्तु मात्र उत्पादन गरी घरायसी र राष्ट्रिय स्तरमा मात्रै बिक्री वितरण हुँदै आईरहेको छ । वर्तमान विश्व बजारले के खोजेको छ र हामीले कसरी त्यस्तो वस्तु उत्पादन गरी एकाधिकार जमाउँन सक्छौं भन्ने सोचका साथ विश्व बजारसम्मको लक्ष्य राखेर जडीबुटी प्रवर्धन र प्रशोधन गर्न आवश्यक छ । हाल विश्व बजारमा कि त औषधी या खाद्य पेय पदार्थ वा शौन्दर्यका सामाग्रीको उच्च माग छ । यसका लागि बजार अध्ययन, अनुसन्धान, प्रविधि विकाश, बौद्धिक संपत्तिमाथिको अधिकार, लगानी क्षमता अभिवृद्धि, उद्यम मैत्री वातावरण निर्माण, झन्झटिलो ऐन कानून परिमार्जन, निजी क्षेत्रलाई प्रोत्साहन, स्वदेशी उद्योग लगानीको संरक्षण, कृषकले उत्पादन गरेको कच्चा पदार्थको खरिद ग्यारेन्टी, विज्ञ अनुसन्धानकर्ताहरूको गहन आविष्कारमूलक सार्थक बहस गर्ने थलो (Consortium) को स्थापना हुन आवश्यक छ । यो सबै बातावरण मिलाउन सरकार स्वयंले पहल गरी तत्कालका लागि निम्न कदम चाल्नु आवश्यक छ :

- कच्चा पदार्थ वा अन्तिम उत्पादनको गुणस्तर कायम गर्न उपयुक्त (GACP / GMP) मापदण्ड निर्माण गरी कार्यान्वयनमा सहजीकरण गर्ने,
- उद्योगका लागि आवश्यक तर हाल नेपालमा उत्पादन नहुने मेशिन, औजार, प्याकिङ्ग, सामग्री (शिसी, बिर्को, लेबल) खनिज, जडिबुटी वा सार तत्व (extract) स्वदेशमा उत्पादन हुनेका हकमा स्वदेशमा नै उत्पादन गर्न सहयोग गर्ने अन्यका हकमा आयातमा केही समयसम्म, भन्सार शुल्क छुट हुने व्यवस्था गर्ने,
- कृषक, उद्यमी, प्राविधिक र व्यापारीलाई आचार संहिताले बाँधी क्षमता र दक्षता वृद्धि गर्न सघाउने ।
- निजी क्षेत्र नै आयुर्वेद औषधीको माग पूरा गर्ने प्रमुख स्रोत भएको हालको अवस्थामा नागरिकको स्वास्थ्य रक्षार्थ राज्यले गुणस्तरीय कच्चा पदार्थ र औषधी बनाउन चाहिने अर्ध प्रशोधित शुद्ध पदार्थ पनि उपलब्ध गराउन जरूरी छ । यो सुविधा र गुणस्तर मापनको अभावमा नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हक सुनिश्चित हुँदैन ।

## ६.४ अनुसन्धान र विकाश

प्राकृतिक जडीबुटी र आधुनिक जैविक प्रविधिको उपयोग गरी खोज र आविष्कारका माध्यमले विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय र प्रभावकारी औषधी, खाद्य, पेय र अन्य पदार्थ उत्पादन गर्न र गुणस्तर परीक्षण, नियन्त्रण गर्न स्रोत साधन सम्पन्न आवश्यक जनशक्ति र अन्य पूर्वाधार सहितको अनुसन्धान प्रयोगशाला स्थापना, र सञ्चालन हुन जरूरी छ । यस्तो प्रयोगशाला अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको हुन र उत्पादित पदार्थको गुणस्तर मापन सुनिश्चित गर्न अति महत्वपूर्ण हुन्छ । यस्ता प्रयोगशाला सरकारी लगानीमा स्थापना गरिनु उपयुक्त भए पनि यो सेवा निजी क्षेत्रमासमेत प्रवाह गर्नु पर्दछ ।

## सन्दर्भ सामाग्री


- DPR (2001). Flowering Plants of Nepal (Phenerogams). Department of Plant Resources, Government of Nepal, Ministry of Forests and Soil Conservation, Kathmandu, Nepal.
- DPR (2002). Pteridophytes of Nepal. Department of Plant Resources, Government of Nepal, Ministry of Forests and Soil Conservation, Kathmandu, Nepal.
- Subedi, B. (2006). Linking Plant Based Enterprises and Local Communities to Biodiversity Conservation in Nepal Himalaya. Adroit Publishers, New Delhi, India.
- Edwards, D.M. (1996). The Trade in Non-timber Forest Products from Nepal. Mountain Research and Development, 16:383-394.
- कृष्ण चन्द्र पौडेल, श्याममणि अधिकारी, बलराम भटराई, राजन पौडेल, देउकाजी गुरुङ्ग, रमेश अधिकारी, ओमप्रकाश कलौनी, घनेन्द्र बहादुर खनाल, नविन किरण भूषाल (२०७६)। गण्डकी प्रदेशमा आयुर्वेद औषधि उत्पादन केन्द्र स्थापना सम्बन्धी संभाव्यता अध्ययन कार्यदलको प्रतिवेदन । सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखरा ।
- जडिबुटी तथा गैरकाष्ठ वन पैदावार नीति सन् २००६ । नेपाल सरकार, वन तथा भू संरक्षण मन्त्रालय, काठमाण्डौ ।
- जैविक विविधता रणनीति तथा कार्ययोजना (सन् २०१४-२०२०) । नेपाल सरकार, वन तथा भू संरक्षण मन्त्रालय, काठमाण्डौ ।
- वन क्षेत्रको रणनीति (सन् २०१६-२०२५ )। नेपाल सरकार, वन तथा भू संरक्षण मन्त्रालय, काठमाण्डौ ।
- सिंहदरवार वैद्यखाना (२०६९)। चन्द्रनिघण्टु: सिंहदरबार बैद्यखाना विकास समिति, अनामनगर, काठमण्डौ, नेपाल ।

# साना किसान विकास कार्यक्रमः नेपालको एक मौलिक कार्यक्रम



✍ जलन कुमार शर्मा*

## पृष्ठभूमि

आर्थिक वर्ष २०३२/०३३ देखि नेपालमा साना किसान विकास कार्यक्रम आरम्भ भएको हो । सुरुमा नुवाकोटको तुप्चे र धनुषाको महेन्द्रनगरमा यस कार्यक्रमको थालनी भएको हो । कृषि विकास बैंकको अगुवाइमा यो कार्यक्रम सञ्चालनमा आएको हो । लक्षित गरिब परिवारमा आर्थिक र सामाजिक कार्यक्रमको माध्यमबाट समुदायमा नै संस्था खडा गरी समूह अवधारणामार्फत सेवा दिने उद्देश्य रहेको हो । त्यस्ता संस्थाहरूलाई साना किसान विकास आयोजना भनियो । आजभन्दा ४०-४५ वर्ष अगाडिको नेपालको सन्दर्भमा ग्रामीणतहमा यस कार्यक्रमको उपस्थितिले गरिबी निवारणमा राम्रो मद्दत पुऱ्याउने कुरा झण्डै झण्डै सर्वस्वीकार्य जस्तै थियो । सरकार दातृ निकाय विकासका साझेदार निकायहरू तथा अन्यसम्म आइपुग्दा त्यसबेलाको सम्पूर्ण ७५ वटै जिल्लामा ५०० भन्दा बढी संस्थाको रूपमा साना किसान विकास आयोजनाहरू खुले । जस्मा कृषि विकास बैंकका झण्डै एक हजारभन्दा बढी कर्मचारी संलग्न थिए । स-साना कर्जा लगानी गर्ने । बढी मात्रामा कृषिमा लगानी हुने , आम्दानी र खर्चकाबिचमा सन्तुलन मिलाउनुपर्ने , आयोजना भनेपछि निश्चित अवधिपछि यसलाई बन्द गरिनुपर्ने वा फेजआउट गर्नुपर्ने स्थिति त्यसै पनि थियो ।

तत्कालीन जीटिजेडले यस कार्यक्रममा प्राविधिक र अन्य संस्थागत क्षमता अभिवृद्धिका कार्यक्रममा बढी सहयोग गरेको हो । त्यसबेलाका ५ वटै विकास क्षेत्रमा ५ वटा तालिम केन्द्र बनाउन कृषि विकास बैंकलाई आर्थिक सहयोग गरेको हो । उक्त संस्थाकै प्राविधिक सहयोगमा संस्थागत कार्यक्रम आयोजना सुरु भएको १०-१२ वर्ष पछाडि यो सुरु भयो । फलस्वरुप २०४६ को राजनैतिक परिवर्तनपछि २०४८ सालमा आएको सहकारी ऐन अनुसार साना किसान विकास आयोजनाहरूलाई कमिक रूपमा साना किसान सहकारी संस्था (SFCL) मा संस्थागत विकास गरियो । यो संस्थागत विकासको कार्यक्रम एक मौलिक कार्यक्रम थियो । यो कार्यक्रम धादिङ जिल्लाबाट शुरू भएर पछि मुलुकभरि नै फैलियो । फलस्वरूप कृषि विकास बैंकको प्रत्यक्ष स्वामित्वमा रहेका साना किसान विकास आयोजनाहरू २११ वटा साना किसान सहकारी संस्थामा विकसित गरी स्थानीय समुदायलाई नै स्वामित्व, व्यवस्थापन र नियन्त्रण हस्तान्तरण गरियो । पछि साना किसान सहकारी संस्थालाई साना किसान कृषि सहकारी संस्थामा विषयगत सहकारीको रूपमा कानुनसम्मत ढङ्गबाट लगियो । यसै कार्यहरूभित्र नै पुनः एउटा संस्थाले अर्को संस्था खडा गर्न मद्दत गर्न सक्ने अवधारणा अगाडि आयो । जसलाई पछि अनुशरण (Replication) कार्यक्रम भनियो । यो अनुशरण कार्यक्रम पनि एक मौलिक कार्यक्रम हो । आफू योग्य भएपछि अरूलाई पनि योग्य बनाउने र त्यस्मा लाग्ने सोच हुनु यस कार्यक्रमको विशेषता नै हो । आ.व. २०७५/०७६ को अन्तमा ७५० संस्था पुग्नु राम्रो उपलब्धि मान्नु पर्दछ । अरू केही संस्थाहरू पनि अनुशरणका चरणमा छन् । यसप्रकार व्यापक रूपमा संस्थाहरू खडा भई, ग्रामीण तहमा नै वित्तीय, सामाजिक, सामुदायिक र समावेशी कार्यक्रमहरू सञ्चालन गर्न साना किसानहरू सक्षम भएका छन् ।

यसरी कार्यक्रमको व्यापकता हुनुको पछाडि विभिन्न कारणहरूमध्ये एक महत्वपूर्ण कारण २०५८ सालमा साना किसान विकास बैंकको स्थापना हुनु हो । यो बैंक स्थापना हुँदा पनि प्राविधिक सहयोग तत्कालिन GTZ हालको GIZ ले पुऱ्याएको हो । नेपाल सरकारको र कृषि विकास बैंकको बढी स्वामित्व समेत रहने गरी २१ वटा साना किसान सहकारी संस्थाहरूको स्वामित्व तथा नेपाल बैंक लिमिटेड र नविल बैंकको थोरै शेयर पुँजीमा बैंक खडा भयो । हाल यो बैंकको नाम साना किसान विकास लघुवित्त वित्तीय संस्था रहेको छ । यस लेखमा सङ्क्षेपमा साकिविलवि संस्था भनेर पछि प्रयोग गरिएको छ । यो संस्था खडा हुँदा बहुसंख्यक स्वामित्व साना किसानहरूको रहने उद्देश्य लिइएको थियो । पछि नेपाल सरकारको स्वामित्व साना किसान कृषि सहकारी संस्थाहरूमा हस्तान्तरण गरियो र कृषि विकास बैंकको स्वामित्व पनि घटेर गएको छ । साकिविलविसंस्था एउटा पूर्ण लगभग पूर्ण स्वायत्त संस्था भएको छ, यो कार्यक्रमको सञ्चालन, रेखदेख गर्ने, श्रोत जुटाउने प्रमुख जिम्मेवारपूर्ण निकाय भएको छ । यसको दायित्व बढी भएकोले यसले लिनुपर्ने विश्वसनीय र समय सापेक्ष कार्यको वरिपरि यो लेख केन्द्रित रहेको छ ।

## दातृको कारोबार, शेयर स्वामित्व

### कारोबार

साना किसान कार्यक्रम अन्तर्गत मुख्यतया तीन थरीका संस्थाहरूको कारोबार हुनेगरेको छ । प्रथम कृषि विकास बैंकबाट हस्तान्तरण भएर आएको २११ साना किसान सहकारी संस्थाहरू र पछि अनुशरणबाट यही ढाँचामा निर्मित साना किसान कृषि सहकारी संस्थाहरू जस्को सङ्ख्या आ.व. २०७५।०७६ को अन्तमा ७५० पुगेको छ । दोस्रो हो साना किसान कार्यक्रमसँग विभिन्न ठाउँमा अन्य लघुकर्जाको कारोबार गर्ने सहकारी संस्थाहरू । यी सहकारी संस्थाहरूको सङ्ख्या झण्डै ८० हाराहारीमा छन् । यी संस्थाहरूलाई वित्तीय सहयोग प्रदान गरिन्छ । तेस्रो हो, गएको आर्थिक वर्ष अर्थात २०७५।०७६ देखि नेपाल राष्ट्र बैंकले सञ्चालन

* पूर्व प्रमुख कार्यकारी अधिकृत, साना किसान विकास बैंक एवम् पूर्व का.मु. महाप्रबन्धक, कृषि विकास बैंक

गर्दैआएको ग्रामीण स्वावलम्बन कोषको सम्पूर्ण कारोबार लगानी तथा उपलब्ध पुँजी नेपाल सरकार, नेपाल राष्ट्र बैंक एवम् साकिविलविसंस्था बिच भएको त्रिपक्षीय सम्झौताले साकिविलविसंस्थामा सरेर आएको छ । यसरी आएको कार्यक्रमले अरू विविधता थपिएको छ । कारोबारको आकार र संस्थाहरूको कार्य गर्ने पद्धतिसँग राम्ररी परिचय एवम् सहज कार्य गर्नुपर्ने आवश्यकता देखिन्छ ।

यसरी अब तीन वटा निकायसँग संयुक्त भएको आकार हेर्दा झण्डै रू. २० अर्ब लगानीमा रहिरहेको देखिन्छ । थोक कर्जा प्रवाह गर्ने लघुवित्तीय संस्थामा साकिविलविसंस्था सबैभन्दा अगाडि छ । यी तीनै प्रकारका संस्थाका सदस्यहरूको कुल सङ्ख्या हेर्दा १० लाखभन्दा बढी घर परिवार यससँग प्रत्यक्ष रूपले आवद्ध भएको देखिन्छ । मूलतः साना किसान कृषि सहकारी संस्थाहरू, त्यसै समान प्रकृतिका अन्य सहकारी संस्थाहरू र ग्रामीण स्वावलम्बन कोषले कारोबार गरेका सहकारी संस्थाहरू एवम् यसैसँग कारोबार गरिरहेको केही गैर सरकारी संस्थाहरूको आफ्नै बचत र पुँजी मिलाउदा झण्डै रू. ३५ अर्बभन्दा बढी छ । यी संस्थाहरूको आफ्नो श्रोत र साकिविलविसंस्थाको ऋण गर्दा झण्डै रु ५५ अर्बभन्दा बढी भएको देखिन्छ । नयाँ ग्रामीण क्षेत्रमा यसरी वित्तीय कारोबार लैजाने त्यसमा पनि साना किसान तथा त्यस्तै निम्न आर्थिक स्तर भएका किसानमा पुऱ्याउँदा वित्तीय अनुशासन कायम गरी पुँजी परिचालन गर्ने कार्यमा साकिविलविसंस्थाको महत्व अझ बढेर गएको देखिन्छ ।

> एउटा बैंकको स्वामित्वमा रहेका साना किसान विकास आयोजनाहरूलाई सहकारीमा रूपान्तरण गर्नु आफैंमा नौलो प्रयोग थियो । २०४७ साल अगाडि मुलुकभरिका सबै सहकारी संस्थाहरूको सङ्ख्या ८०० भन्दा पनि कम थियो । जबकि नेपालमा सहकारीको विकासको क्रम ६ दशकभन्दा बढीको छ ।

केन्द्रीय कार्यालयको अतिरिक्त देशभरि रहेको अन्य ११ इलाका (शाखा) कार्यालयको रेखदेख र सुपरिवेक्षणमा संस्थासँग कारोबार गर्न सहज भएको छ । तराईमा भन्दा तुलनात्मक रूपमा पहाडमा कारोबार थोरै हुने र भौगोलिक कठिनाईलाई पनि ध्यानमा राखेर कारोबारको सन्तुलन मिलाउनुपर्ने आवश्यकता देखापर्दछ । हाल भइरहेको १०० जनाभन्दा कमको जनशक्ति मात्र पर्याप्त छैन, नयाँ परिवेशमा आउनसक्ने चुनौतीलाई मध्यनजर गरेर उचित जनशक्तिको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

| | | |
|---|---|---|
| १ | साना किसान कृषि सहकारी संस्थाहरू | ४४% |
| २ | कृषि विकास बैंक लि. | २२% |
| ३ | नविल बैंक लि. | ३% |
| ४ | नेपाल बैंक लि. | १% |
| ५ | सर्वसाधारण (IPO अन्तर्गत) | ३०% |
| ६ | कुल जम्मा | १००% |

## शेयर स्वामित्व

गएको आ.व. २०७५।०७६ को अन्तसम्ममा साकिविलवि संस्थाको चुक्तापुँजी रू. ७८ करोड ६० लाख रहेको छ । यो चुक्ता पुँजीलाई प्रतिशतमा बाँडेर हेर्दा निम्न अनुसार देखिन्छ ।

२०५८ सालमा चुक्तापुँजीको अवस्था हेर्दा कृषि विकास बैंकको ७% र नेपाल सरकारको १६% थियो । अरु दुईवटा वाणिज्य बैंकहरू ६% जति र २१ वटा साना किसान सहकारी संस्थाहरूको ८% जति शेयर स्वामित्व थियो । अहिले नेपाल सरकारको शेयर छैन, । भएको रू. २ करोड २३१ वटा साना किसान कृषि सहकारीलाई बिक्री गरिसकिएको छ । यसरी नेपाल सरकारको शेयर स्वामित्व हस्तान्तरण गराउन र कृषि विकास बैंकको क्रमशः कम गर्दै लैजाने प्रावधानमा एसियाली विकास बैंकले गरेको तत्कालीन साना किसान विकास बैंकको वित्तीय अडिटर र रिभ्यूको आधारमा उक्त बैंकसँग अगाडि सहयोग लिन शेयर अफलोड र घटाउदै लैजाने शर्त राखेको थियो । यी शर्तले गर्दा अहिले साना किसान कृषि सहकारी संस्थाहरूको स्वामित्व धेरै बढेर गएको छ । आउने दिनहरूमा अरु थप पुँजी वृद्धि हुँदै जाँदा साना किसानहरूको स्वामित्व पनि बढाउदै लैजाने बारेमा पनि सोच्न सकिन्छ । शेयर स्वामित्वको आधारमा अहिले यस लघुवित्त वित्तीय संस्थामा ७ जना सञ्चालकहरूमध्ये ३ जना सदस्यहरूले साना किसान कृषि सहकारी संस्थाहरूको प्रतिनिधित्व गर्दछन् । जुन आफैँमा महत्वपूर्ण छ । सञ्चालक समितिमा अहिले पूर्ण स्वायत्तता छ । करिब करिब यो निजी क्षेत्रको बैंक र वित्तीय संस्थाहरूकै स्थितिमा छ । व्यावसायिक र चुस्त व्यवस्थापन स्वायत्त सञ्चालक समिति हुँदा निर्णय लिन र निर्णय अनुसार कार्यान्वयन गर्न सहज हुने गर्दछ । साना किसान वा निम्न आर्थिक हैसियत भएका किसानहरूका लागि लक्षित कार्यक्रम प्रभावकारी ढङ्गबाट लैजान सकिन्छ । अन्य शेयरधनीहरूलाई संस्था बलियो भएमा त्यसै पनि राम्रो प्रतिफल दिन सकिने हुन्छ । यसप्रकार साना किसानहरूकै बढी स्वामित्वमा साना किसानहरूलाई नै लक्षित गरी खडा भएको वित्तीय संस्था आफैँमा एउटा मौलिक संरचना हो ।

## सहकारीमा रूपान्तरण एवम् नेपाल कृषि सहकारी केन्द्रीय सङ्घको स्थापना

एउटा बैंकको स्वामित्वमा रहेका साना किसान विकास आयोजनाहरूलाई सहकारीमा रूपान्तरण गर्नु आफैँमा नौलो प्रयोग थियो । २०४७ साल अगाडि मुलुकभरिका सबै सहकारी संस्थाहरूको सङ्ख्या ८०० भन्दा पनि कम थियो । जबकि नेपालमा सहकारीको विकासको क्रम ६ दशकभन्दा बढीको छ । हाल देशभरिका विभिन्न विषयगत प्रारम्भिक जिल्ला सहकारी संस्थाहरू ३४ हजारभन्दा बढी छन् । जिल्ला सङ्घ र केन्द्रीय सङ्घहरू मिलाउदा यो सङ्ख्या अझ बढी हुन्छ । यसैक्रममा आ.व. २०६३/०६४ मा नेपाल कृषि सहकारी केन्द्रीय सङ्घको (साना किसानहरूद्वारा प्रवर्धित) स्थापना हुनु पनि एउटा महत्वपूर्ण कार्य थियो । यस केन्द्रीय सङ्घमा साना किसान कृषि सहकारी संस्थाहरूका अतिरिक्त अरू कृषिसँग सम्बद्ध सहकारी संस्थाहरू पनि आबद्ध छन् । जस्को कुल सङ्ख्या एक हजारभन्दा बढी छ । यसरी कृषिसँग सम्बन्धित विषयगत केन्द्रीय सङ्घ

स्थापना हुनुले पनि संस्थाहरू विस्तार गर्न (खासमा Replication), संस्थाहरूमा कर्मचारी एवम् सदस्यहरूलाई विभिन्न तालिमहरू प्रदान गर्न, किसानहरूको उपजलाई बजारीकरण गर्न, राष्ट्रिय, क्षेत्रीय एवम् अन्तर्राष्ट्रियस्तरमा सहकारी सञ्जालमा आबद्ध हुन र नीतिगत रूपमा सम्बन्धित विभागहरू मन्त्रालयहरू र अन्य नियोगहरूमा सम्बन्ध र सहकार्य गर्न सजिलो भएको छ। देश सङ्घीयतामा गएपछि सङ्घ, प्रदेश र स्थानीय सरकारको व्यवस्था भएको छ। सहकारीसँग सम्बन्धित ऐन, नियमावली निर्देशिका वा परिपत्रको पनि सहकारीको कार्य सञ्चालनमा पर्न सक्ने प्रभावकारी छलफल गर्न सक्ने र यदि प्रतिकूल कुनै नियम वा कानुन छ भने साना किसानहरूकै पक्षमा वकालत (advocacy) गर्न सक्ने संस्थागत संरचना खडा भइसकेको छ। यसले संस्थाहरूलाई सङ्गठित र सहकार्य गर्न मद्दत पुगेको छ। आउँदा दिनहरूमा केन्द्रीय सङ्घ र साकिविलवि संस्थाबिच साना किसानहरूकै हित हुनगरी दीर्घ सोच सहित कार्य अगाडि बढाउनु पर्ने देखिन्छ।

माथि उल्लेख गरिएका पृष्ठभूमिलाई मध्यनजर गरी विगतमा भएका शुरुदेखिका प्रयास बिचमा खोजिएको बाटो, दातृ निकायबाट खडा भएको विशाल आकार र त्यसको केन्द्रबिन्दुमा रहेको साना किसान विकास कार्यक्रमलाई अझ बढी सबल, प्रभावकारी र उत्पादकीय बनाउन सबै सरोकारवालाहरूले सहकार्य गर्नुपर्ने आवश्यकता त्यसै पनि छ। खासगरी साकिविलवि संस्थाले बढी अग्रसर भएर गर्नु पर्ने धेरै कार्यहरूमध्ये केही खास-खास विषयमा बढी ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ।

## स्रोत साधान, सरकार, दातृ निकाय र अन्यबाट जुटाउने

नेपाल सरकारबाट यस कार्यक्रमलाई राम्रो सहयोग प्राप्त भएको छ। ऋण र अन्य अनुदानको रूपमा पनि नेपाल सरकारबाट प्राप्त ऋण किस्ता अनुसार साँवा तथा ब्याज फिर्ता गर्ने क्रममा विगत सात आठ वर्षको अनुभवले एक दिन पनि भाखा ननघाएको र भाखा थपको लागि पनि प्रयास नगरेको हुँदा यसबाट पनि कारोबारमा यो संस्था कठोर अनुशासन पालना गर्दछ भन्ने पनि देखिएको छ। ऋण कारोबारको प्रभाव पनि राम्रो छ। खासगरेर मासुजन्य उत्पादन वृद्धिमा किसानहरूले राम्रो योगदान पुऱ्याई आम्दानी बढाई आफ्नो ऋण पनि समयमै चुक्ता गरेका छन्। अन्य सहयोगको रकममा पनि राम्रो सदुपयोग गरेको देखिन्छ।

यसबाट सरकार र संस्थाबिच राम्रो सहकार्य हुन सक्तछ भन्ने देखिएको छ। सबै मापदण्ड पुरा हुन्छ भने सहयोग बढाउन सरकारलाई गाह्रो हुँदैन। यसरी सरकार र वित्तीय संस्थबिच सहकार्य राम्रो हुँदैगएमा कृषि, पशुपंक्षीलगायत अन्य उद्यमशील क्षेत्रमा किसानको हितलाई ध्यानमा राखी नयाँ नयाँ कार्यक्रम सञ्चालन गर्न सकिन्छ। साथै सरकारसँग भएको सहकार्यले श्रोतको आवश्यकतालाई पूर्ति गर्न र वैदेशिक सहयोग जुटाउन गाह्रो हुँदैन। स्रोत कस्तो कार्यमा खर्च गर्ने र त्यो किसानको हितमा छ कि छैन भनी हेर्नुपर्दछ। दातृ निकाय पनि सरकारको सहमति र स्वीकृति विना त्यसै कार्य गर्न सक्तैनन्।

दातृ निकायसँग मात्र धेरै लामो कार्य गर्ने सोच राख्नु ठिक हुँदैन। आफैं आत्मनिर्भर बन्ने उपकरणमा लाग्नुपर्दछ। अहिले यो कार्यक्रमको लगानीको रकम झण्डै रु. ५५ अर्ब छ। त्यो रकममा दातृ निकायको हिस्सा कति छ र ? दातृ निकायसँग काम गर्दा नियमित रूपमा अनुगमन हुने, मन्त्रालयमा उच्च पदाधिकारीसँग बसेर समीक्षा गर्ने आदि काम हुने हुँदा, राम्ररी काम गऱ्यो भने आफ्नो संस्थागत क्षमता पनि वृद्धि हुँदै जाने देखिन्छ। दोहोरा मौखिक एवम् लिखित संवाद र पत्राचारले परियोजना सञ्चालन गर्ने निकायलाई फाइदा पनि हुने गर्दछ। एउटा दातृ निकायसँग राम्रो सहकार्य हुन गयो भने संस्थाकै साखमा पनि त्यसले राम्रो प्रभाव पार्न सक्तछ। एउटा कुरा पक्का हो दातृ निकाय भनेको पनि त्यहाँका कर्मचारीहरू हुन्। सम्झौता अनुसार भए नभएको हेर्छन्। राम्रो भएमा नराम्रो भन्दैनन्। राम्रो गरिएमा राम्रै भएर जाने सम्भावना हुन्छ। जस्ले संस्थालाई सरकारलाई र सबैभन्दा बढी किसानलाई फाइदा गर्छ। हाम्रो जस्तो मुलुकमा सामान्यतया दातृ संस्थाको हात माथि हुनेगर्दछ।

> दातृ निकायसँग मात्र धेरै लामो कार्य गर्ने सोच राख्नु ठिक हुँदैन। आफैं आत्मनिर्भर बन्ने उपकरणमा लाग्नुपर्दछ। अहिले यो कार्यक्रमको लगानीको रकम झण्डै रु. ५५ अर्ब छ। त्यो रकममा दातृ निकायको हिस्सा कति छ र ?

## कृषिको उत्पादन र उत्पादकत्व बढाउन नयाँ प्रयोग गर्ने

कृषि क्षेत्रमा देशभित्र अहिले धेरै उत्साहजनक स्थिति देखिदैन। धान, चामलदेखि लिएर दुध पनि आयात गर्नुपर्ने स्थिति छ। यदि यो परि स्थितिलाई नरोक्ने हो भने आउँदा दिनहरूमा झन परनिर्भर हुनुपर्ने हुन्छ।

केही वस्तुहरू जस्तै पोल्ट्रीमा राम्रो परिणाम देखिएको छ। अदुवा, बेसार, टिम्मुरजस्ता उपजहरू राम्रा छन्। तरकारी, चिया तथा कफीमा राम्रो सम्भावना छ। उखुमा किसानहरूको मर्का गम्भीर छ। कृषिकै क्षेत्रमा सायद समयले ठूलो परिवर्तन खोजेको छ। जसको सुरुवात साना किसान कार्यक्रमबाट पनि गर्न सकिन्छ। झण्डै ७० जिल्लामा यो कार्यक्रम पुगेको र यस कार्यक्रममा ८ लाख किसानको घर परिवार सम्बन्धित छ। सङ्गठनात्मक आधार बलियो छ। गाउँगाउँमा संस्थाहरू क्रियाशील छन्। किसानहरू आफैं संस्थाका मालिक पनि छन्। खेती आदिको काम आफैं गर्छन्। उनीहरूको संलग्नता र सहभागितामा नयाँ फड्को मार्ने प्रयास गर्नु शायद उचित हुनसक्तछ। साना किसानकै ३० वर्ष मुनिका छोराछोरीहरू २०७० साल देखि २०७६ साल सम्ममा झण्डै ३,००० भन्दा बढीको सङ्ख्यामा इजराइलको विभिन्न कृषि तालिम केन्द्र र क्षेत्रमा पढ्न र काम गर्न गएर धेरै फर्कीसकेका छन्। झण्डै ५०० फर्कन बाँकी छ। १० महिने कार्यक्रममा उनीहरूले इजराइलमा आधुनिक र उन्नत खेती कसरी गरिन्छ सो देख्नुका साथै व्यावहारिक ज्ञान पनि सिकेर आएका छन्। त्यहाँ धेरै मेहनत गरेका छन्। यहाँ फर्केपछि उनीहरूमा भरिएको थप ऊर्जालाई कृषिमा लगाउन सक्ने वातावरण दिनसके राम्रो हुन सक्तछ। देशका विभिन्न भागमा कतै एक्लै र कतै धेरै युवाहरूले संयुक्त रूपमा काम गरेका छन्। लमजुङको दुराडाँडामा यी युवाहरूको अग्रसरतामा सुरु गरिएको परियोजना उत्साहजनक देखिएको छ। प्रयोगको रूपमा नेपाल सरकारको स्वामित्वमा रहेको देशभरिकै

कृषि कार्यहरूमध्ये उपयुक्त ठाउँ हेरेर केही ठाउँमा ती युवाहरूलाई संलग्न गराउन सके त्यसबाट नयाँ परिणाम आउन सक्तछ।

सरकारकै तहबाट इजराइली सरकारसँग सहकार्य गरी उपयुक्त एक वा दुई जना इजराइली कृषि प्राविधिक उपलब्ध गराउने र पुँजीको लागि साना किसान विकास लघुवित्त वित्तीय संस्थाले अग्रसरता लिने। यसरी काम गर्न सकेमा राम्रो परिणामको आधारमा पछि अरू ठाउँमा अनुशरण गर्न सहज हुने हुन्छ। यो नयाँ सोच हो। युवाहरूलाई नयाँ काम गर्न उत्साहित गरौं। यस्ले राम्रो परिणाम दिन सक्तछ। कृषिमा हाल विद्यमान प्रयास पर्याप्त छैन। प्राविधिक ज्ञानको कमी छ। परम्परागत ढाँचामा खेती गर्ने चलन नै व्यापक छ। त्यसमा परिवर्तन गरी नयाँ आधुनिक (थोपा सिचाई उन्नत बिउविजन, प्राविधिक ज्ञान आदि) अवलम्बन गर्नैपर्दछ। नत्र कृषिमा हामी पछि पर्नेछौं।

आफ्नो देशको कुल जनसङ्ख्यालाई पुग्ने मात्र होइन निकासी गर्न सकिने स्तरमा उत्पादन गर्नैपर्दछ। जमिनको चक्लाबन्दी मिलाउन पनि गम्भीर रूपले थालनी गर्नु पर्दछ। बढी उत्पादन लिन सकिनेगरी भएकै जमिनको व्यवस्थापन गर्ने हो, थप जमिन ल्याउन सकिन्न। खेती गर्ने किसानहरू नै हुन्। युवाहरूको संलग्नता विना कृषिमा धेरै आशा गर्न सकिदैन। साना किसान कार्यक्रममा निर्मित सङ्गठनात्मक ढाँचाले नयाँ प्रयोग गर्न सहज बनाउन सक्तछ।

किसानले उत्पादन गरेर उपजलाई बिक्री गरिहाल्नुभन्दा उत्पादनसँगै कारखानामा प्रोसेसिंङ गर्ने कार्यमा पनि किसानहरूको सहभागिता हुने बाटो खोज्नु जरूरी छ। जस्तै, चिया र दुधमा किसानहरूकै स्वामित्व रहने गरी Backward र Forward Linkage कायम हुनेगरी नयाँ अवधारणामा कार्य गर्नु राम्रो हुने देखिन्छ। अन्य सम्भावित क्षेत्रहरू पनि पहिचान गरी गृहकार्य गर्नु आवश्यक छ। साना किसान विकास लघु वित्त वित्तीय संस्था र केन्द्रीय सङ्घको सहकार्यमा सम्भावित साना किसान सहकारी संस्थाहरूको छनौट गरी कार्य प्रारम्भ गर्न सकिने ठाउँ छ। पछि क्रमश अरु निकायहरू पनि जोडिन सक्तछन्। नयाँ सोचबाट किसानहरूकै सहभागितामा काम अगाडि बढाउने वातावरण बनाउनु जरूरी छ।

> किसानले उत्पादन गरेर उपजलाई बिक्री गरिहाल्नुभन्दा उत्पादनसँगै कारखानामा प्रोसेसिंङ गर्ने कार्यमा पनि किसानहरूको सहभागिता हुने बाटो खोज्नु जरूरी छ।

## सूचना प्रविधिमा बढी जोड दिइने

विगत सोह्र सत्र वर्षदेखि नै साना किसान सहकारी संस्थाहरूमा सूचना प्रविधिको क्षेत्रमा नयाँ थालनी भएको हो। हाल भैरहेको सूचना प्रविधिको क्षेत्रमा अझ बढी काम गरी प्रत्येक सदस्य साना किसानसँग डिजिटल सेवाहरूबाट ऋण कारोबार, भुक्तानी आदि काम गर्न सक्ने काममा ध्यान दिनु पर्दछ। यसले किसानलाई संस्थासम्म पटक पटक धाउने कार्य रोकी खर्च कम गर्न सकिन्छ। संस्थाले गुणस्तरीय, पारदर्शी र छिटो छरितो सेवा दिन सक्ने हुनैपर्दछ। एउटा निश्चित समय तोकी अग्रसरता लिनुपर्ने छ। सूचना प्रविधिमा विश्वभरि नै ठूलो परिवर्तन आएको छ। लघुवित्तको कारोबारमा धेरै सदस्यहरू हुने तथा स-साना बचत र ऋणको कार्यसमेत हुने हुँदा उपयुक्त सूचना प्रविधि जडान गर्ने कार्यमा अग्रसरता लिनुपर्ने देखिन्छ।

## तालिम, अनुसन्धान र प्रकाशनमा ध्यान दिने

साना किसानको कार्यक्रम जसरी विस्तारित भएर गएको छ, त्यो हेर्दा एउटा गुणस्तरीय तालिम केन्द्रको आवश्यकता देखिन्छ। तालिम केन्द्र मात्र नभएर एउटा व्यावसायिक रूपमा नै कार्य गर्ने केन्द्रको आवश्यकता छ, जहाँ स्तरीय नेतृत्व , व्यवस्थापन ऋण र लेखा व्यवस्थापनलगायतका महत्वपूर्ण शीर्षकमा कर्मचारीहरू सञ्चालक समिति, अरु समिति सदस्यहरू एवम् अगुवा किसानहरूलाई समय समयमा तालिमबाट ज्ञान एवम् शिक्षा दिन सकियोस्।

अनुसन्धान : नेपालमा अनुसन्धान भन्ने विषयलाई त्यति महत्व दिएको देखिदैन। अनुसन्धान सामान्यतया विश्वविद्यालयहरूमा गरिन्छ। यो खर्चिलो पनि हुने गर्दछ। साना किसान विकास कार्यक्रम नेपालमा सञ्चालन भएको झण्डै ४५ वर्ष पुग्न लागेको छ। यसबिचमा धेरै चरणहरू पार गरेर यहाँसम्म आइपुगिएको छ। आयोजना स्तरबाट साना किसान कार्यक्रम शुरु भएदेखि ठूलो समय व्यतीत भैसकेको छ। यसबाट साना किसानको जनजीवनमा कस्तो आर्थिक तथा सामाजिक प्रभाव परेको छ। त्यसको कुनै ठोस अध्ययन पनि भएको छैन। अन्य वृद्धि शिक्षा तथा स्वास्थ्यमा पर्न गएको प्रभाव, नेतृत्व विकास खासगरी महिला वर्गमा, वित्तीय कारोबारप्रतिको संलग्नता आदि पक्षमा समय समयमा अध्ययन अनुसन्धान हुनुपर्दछ। यस्ता अनुसन्धानबाट पर्ने कार्यक्रमको राम्रो पक्ष के के हुन् , सुधार गनुपर्ने क्षेत्र के कस्ता हुन् र केकस्ता नयाँ कार्यक्रम आवश्यक छन् या भएकामध्ये खराब पक्ष के के हुन् ? आदिको लागि पनि अनुसन्धानको आवश्यकता पर्दछ। विश्वसनीय र प्रतिष्ठित फर्म वा व्यक्तित्वबाट यो काम गराउन सकिन्छ। स्रोतको व्यवस्थापन गर्न वित्तीय संस्था, भएका साना किसान सहकारी संस्थाहरू, सरकार र दातृ निकायहरूकोबिचमा पहल गरी अग्रसरता लिनु समयको माग हो।

## प्रकाशन

साधारण सभा र वार्षिक उत्सवमा केही प्रकाशन हुनेगरेको छ। यो पनि असल अभ्यास हो। यस्का अतिरिक्त नियमित रूपमा मासिक त्रैमासिक प्रकाशनहरूको सङ्ख्या थप गर्दै लग्नु पनि आवश्यक छ। ग्रामीण तहमा किसानहरूले सञ्चालन गरेका राम्रा सफल आयोजना तथा कार्यहरूको विवरण प्रस्तुत गर्न सके देशभरका सम्पूर्ण संस्थाहरू एवम् अन्य पाठकलाई लाभ पुग्ने हुन्छ। त्रैमासिक रूपमा एक दुईवटा अङ्ग्रेजीमा प्रकाशन निकाल्न सकेमा दातृ निकायलगायत अन्य अङ्ग्रेजी पाठकलाई पनि सहज हुन सक्तछ। कार्यक्रमको बारेमा नियमित रूपमा सामग्री पस्कन सके यसले अरुलाई राम्रो जानकारी दिनसक्ने हुन्छ। राम्रा प्रकाशनहरूमा संस्थाका गातिविधिसँग सम्बन्धित समाचार, लेख, अन्तरवार्ता सफलताका कथाहरू , नयाँ खोजपूर्ण कार्य आदि सामग्रीहरू

राखी निकाल्न सकिन्छ । नियमित रूपमा प्रकाशन हुन थालेपछि समय र आवश्यकता अनुसार अन्य विविध सामग्रीहरू पनि थप गर्दै लग्न सकिन्छ ।

प्रकाशनको कार्य गर्दा, भैरहेका कर्मचारीमा थप जिम्मेवारी दिँदा दोश्रो प्राथमिकता भित्र यो पर्न जान्छ । तसर्थ, यस्का राम्रो दक्षता भएकाहरूको एउटा सानो एकाइ बनाएर कार्य शुरु गर्न सकिन्छ । यसो गर्न सके गुणस्तरीय प्रकाशनको काम राम्ररी गर्न सकिन्छ । यस्तो प्रकाशनलाई मुलुकभर व्यापक तुल्याउनुपर्दछ । यसप्रकार फरक ढङ्गले कार्य गर्ने सोच राख्नैपर्दछ । यो काम सुरुमा खर्चिलो देखिन्छ तर शैक्षिक र सूचनामूलक प्रकाशनहरूको खाँचो जहिले पनि हुने गर्दछ ।

> साना किसान विकास आयोजनाहरू सहकारी संस्थाको रूपमा विकसित हुनु, अनुशरणको थालनी गर्नु, साना किसानहरूकै स्वामित्वमा साना किसान विकास लघुवित्त वित्तीय संस्था खडा हुनु, नेपाल सरकारको स्वामित्वलाई सहकारी संस्थामै बिक्री वितरण गर्नु, साना किसान कृषि सहकारी संस्थामा आबद्ध साना किसानका ३० वर्ष भन्दा मुनिका युवाहरूलाई "लर्न एण्ड अर्न" कार्यक्रमअन्तर्गत विगत सात आठ वर्षदेखि १० महिनासम्म कृषिको क्षेत्रमा पढ्न र काम गर्न पठाउनु केही उल्लेखनीय उदाहरण हुन् ।

**अन्तमा,**

आ.व. २०३२।३३ देखि शुरु भएको कृषि विकास बैंकको नेतृत्वको साना किसान विकास कार्यक्रम आ.व. २०७५।७६ को अन्तसम्ममा आइपुग्दा यसको स्वरूपमा ठूलो परिवर्तन भैसकेको छ । यस कार्यक्रमका विभिन्न चरणहरू जस्तै : संस्थागत कार्यक्रममा आयोजनाहरूलाई साना किसान सहकारी संस्थामा रूपान्तरण गरी किसानहरूकै स्वामित्वमा, व्यवस्थापन छोडियो । साना किसान विकास बैंक खडा भयो, जस्मा साना किसानको स्वामित्व बढी छ । कृषि विकास बैंकको स्वामित्व कम छ । अनुशरणको माध्यमबाट धेरै साना किसानस्तरमा सहकारीहरू निमार्ण भएका छन् । यी सहकारी संस्थालाई अझ बढी व्यवस्थित गर्न नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ खडा भएको छ । नेपाल सरकार,दातृ निकाय र विभिन्न बैंक तथा वित्तीय संस्थाहरूको प्राविधिक एंव वित्तीय सहयोग प्राप्त भएको छ । यो कार्यक्रम ग्रामीण तहमा बलियो जगमा उभिएको छ । यस कार्यक्रमसँग आबद्ध संस्थाहरूमार्फत झण्डै १० लाख जति किसानको घर परिवारसम्म पुग्न सहजता भएको छ । यस कार्यक्रममार्फत मुलुकभित्र एउटा मौलिक अभ्यासको आरम्भ भएको छ । साना किसान विकास आयोजनाहरू सहकारी संस्थाको रूपमा विकसित हुनु , अनुशरणको थालनी गर्नु, साना किसानहरूकै स्वामित्वमा साना किसान विकास लघुवित्त वित्तीय संस्था खडा हुनु, नेपाल सरकारको स्वामित्वलाई सहकारी संस्थामै बिक्री वितरण गर्नु, साना किसान कृषि सहकारी संस्थामा आबद्ध साना किसानका ३० वर्ष भन्दा मुनिका युवाहरूलाई 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत विगत सात आठ वर्षदेखि १० महिनासम्म कृषिको क्षेत्रमा पढ्न र काम गर्न पठाउनु केही उल्लेखनीय उदाहरण हुन् । मूल्य शृङ्खला अनुसार अहिले धेरै जिल्लामा किसानहरूकै सक्रियतामा विभिन्न कामहरू सुरु भएका छन् । आवश्यक तालिमहरूको मागलाई पूर्ति गर्दै लैजाने, भएको कामको अनुसन्धान र प्रभाव हेर्ने, समय सापेक्ष डिजिटल सूचना प्रविधिको प्रयोग गरी बढीभन्दा बढी किसान केन्द्रित कार्यक्रमहरूको विस्तार गर्नेतर्फ सारा प्रयत्न केन्द्रित हुनुपर्छ । किनकी किसानहरूकै आर्थिक र सामाजिक विकास गराउनु यो अभियानको एक मात्र लक्ष्य हो । यो लक्ष्य प्राप्तिका लागि साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.र नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ दुबैको महत्वपूर्ण भूमिका हुनुपर्ने देखिन्छ ।

# साना किसान विकास अभियान: केही अनुभव र केही सान्दर्भिक सवालहरू



✍ कुशेश्वर महतो*

## विषय प्रवेश

नेपालमा साना किसान विकास कार्यक्रम सुरु भएको साढे चार दशकभन्दा पनि बढी भैसकेको छ। साना किसान विकास बैंक (हाल साना किसान लघुवित्त वित्तीय संस्था लि.)को स्थापना भएको पनि अठार वर्ष पूरा भैसकेको छ। संयोगवश मैले साना किसान विकास कार्यक्रमको सुरुमै पहिलो परीक्षण ओयजना (Pilot Project) मा आयोजना प्रमुख भई र त्यसको साढे दुई दशकपछि मात्र साना किसान विकास बैंक स्थापना हुँदा पहिलो कार्यकारी प्रमुख (महाप्रबन्धक) को रूपमा काम गर्ने मौका पाएको थिएँ। शायद त्यसैले होला यस बैंकको १९ औं वार्षिकोत्सवको अवसरमा प्रकाशन गरिने विशेषाङ्कको लागि एउटा लेख लेखी दिनु पऱ्यो भनी अनुरोध भैं आयो। तर, यो बैंक छोडेको पनि करिब सोह्र वर्ष भैसकेको हुँदा मलाई त्यतिबेलाका कुराहरू सम्झिन गाह्रो भएको छ। तैपनि मैले सना किसान विकास कार्यक्रमसँग सम्बन्धित केही विषयवस्तु समेटी यो लेख तयार गरेको छु।

यो लेख लेख्न बस्दा यस बैंकबाट साधारण सभाहरूमा प्रस्तुत गरिएका वार्षिक प्रतिवेदनहरूको अध्ययन गरें। वास्तवमा यो बैंक अहिले कल्पना गरेकोभन्दा धेरै नै माथि पुगीसकेको रहेछ। एकातिर यसको क्रियाकलापमा निकै व्यापकता आईसकेको छ भने अर्कोतिर वित्तीय तथा व्यवस्थापकीय दृष्टिकोणले पनि एउटा अत्यन्तै सक्षम एवम सबल लघुवित्त वित्तीय संस्थाको रूपमा यसले आफूलाई स्थापित गरिसकेको देखिन्छ। बैंकको वार्षिक प्रतिवेदनहरूमा सा.कि.वि. अभियानको प्रारम्भदेखि हालसम्ममा भए गरेका उपलब्धिहरू तथा चरणबद्ध रूपमा प्रयोग गरिएका विभिन्न नवीन अभ्यासहरूको अत्यन्तै विस्तृत रूपमा चित्रण गरिएको पाइन्छ।

सन्दर्भ सामग्रीहरूको अध्ययन पश्चात चिन्तन मनन गर्दा मैले मेरो आलेखमा के कस्ता विषय वस्तुहरू समावेश गर्दा ठीक होला भनेर द्विविधामा परें। तापनि मैले के विचार गरें भने यस कार्यक्रम अन्तरगत भए गरेका क्रियाकलापहरू तथा तत्सम्बन्धी तथ्याङ्कीय आँकडाहरू लेखमा समावेश गरें भने ती दोहोरिने मात्र नभई पाठकहरूलाई रुचिकर पनि नहोला। अत: यस कायक्रममा संलग्न हुँदाको समयका आफ्ना केही अनुभवहरू र यस बैंकको बहुआयामिक गतिविधिहरूको सन्दर्भमा बाहिरबाट मनन गर्दा आफूलाई लागेका केही व्यवस्थापकीय सवालहरू समावेश गरी यो लेख तयार गर्ने विचार गरें।

## साना किसान विकास अभियानमा संलग्न हुँदाको केही अनुभव

### (क) साना किसान विकास आयोजनामा काम गर्दा

कृषि विकास बैंकको सकृय नेतृत्वमा वि.सं. २०३२ सालमा सर्वप्रथम धनुषा जिल्लाको सखुवा महेन्द्रनगर र त्यसको लगत्तै नुवाकोट जिल्लाको तुप्चेमा परीक्षण आयोजना (Pilot Project) को रूपमा साना किसान कार्यक्रमको सुरुवात भएको सर्वविदितै छ। ती आयोजनाहरूको सञ्चालनमा विश्व खाद्य तथा कृषि सङ्गठन (FAO) को पनि परामर्श तथा प्राविधिक सहयोग प्राप्त भएको थियो। संखुवा महेन्द्रनगरमा सञ्चालनमा आएको परीक्षण आयोजनाको प्रारम्भिककालमा मैले आयोजना प्रमुखको रूपमा काम गर्न पाएको थिएँ। यस परीक्षण आयोजनालाई सफल तुल्याउनु कृषि विकास बैंकको लागि चुनौतीको विषय भएको थियो।

यस आयोजनाको कार्यक्षेत्र भित्र बसोबास गर्ने अधिकांश लक्षित गरिब किसानहरू निरक्षर हुनु र तिनीहरूको अवस्था तथा सामाजिक चेतनाको स्तर ज्यादै कमजोर हुनु सर्वोपरी समस्याको रूपमा देखिएको थियो। त्यस्तो पिछडिएको समुदायमा सर्वप्रथम छलफल र गोष्ठीको माध्यमबाट आयोजनाको उद्देश्य र सञ्चालन गरिने क्रियाकलापहरूको बारेमा सम्झाउँदा बुझाउँदा वास्तविक विपन्न किसानहरूले कुरा नबुझ्ने वा ढिलो गरी बुझ्ने तर तिनीहरूमध्ये तुलनात्मक रूपमा टाठाबाठा र केही आर्थिक हैसियत भएका किसानहरूले भने भनिएका कुराहरू छिटो बुझ्ने देखिएको थियो। अनपढ साना किसानहरूलाई विकासको बारेमा केही नयाँ कुरा भन्दा उनीहरूकै बोलचालको स्थानीय भाषामा उनीहरूकै ग्रामीण परिवेशसँग मिल्दो जुल्दो उदाहरण दिई बुझाउँदा मात्र बुझ्ने रहेछन् भन्ने कुरा केही पछि मात्र अनुभव भयो। अर्को कुरा पारिवारिक सर्वेक्षणको आधारमा साना किसानहरूको छनौट गर्दा केही मझौला र केही ठूलो आर्थिक हैसियत भएका किसानहरूसमेत छनौटमा पर्न गएको पछि मात्र थाहा भयो। वास्तवमा जग्गा जमीनको स्वामित्वको आधारमा साना किसान भनी परिभाषित गरिएको कारणले गर्दा यस्तो त्रुटि हुनगएको थियो। त्यहाँ कस्तो पाइएको थियो भने घरमूलीको नाउँमा थोरै जग्गा भए पनि परिवारका अन्य व्यक्तिहरूको नाउँमा पनि जग्गा हुने र सबैको नाउँको गरी त्यो परिवार साना किसानको परिभाषाभित्र नपर्ने। तर, घरमूलीको आफ्नो स्वामित्वको जग्गा मात्र हेर्दा छनोटमा पर्ने र त्यस्ता किसानहरू समूहमा आबद्ध भएपछि समूहको क्रियाकलाप र निर्णय प्रक्रियामा तिनकै प्रभुत्व हुने गर्दथ्यो।

यसरी त्यहाँ काम गर्दैजाँदा केही आर्थिक हैसियत भएका किसानहरूको भन्दा वास्तविक गरीब किसान ज्यादा लाभन्वित हुनसकेको अनुभव भयो। कहिलेकाँही साना किसानहरू आफ्नो व्यक्तिगत समस्याका बारेमा पनि राय सुझाव लिन आउँथे। त्यस्तो अवस्थामा उनीहरूको कुरा धैर्यपूर्वक सुनेर उचित सल्लाह दिँदा खुशी भएर घर फर्किन्थे। त्यसैगरी वास्तविक विपन्न किसान कर्जा रकमको सदुपयोग गरी समयमै फिर्ता पनि गर्ने, नियमित रूपमा समूह बैठकमा भाग लिने र नियमित बचत पनि जम्मा गर्ने गर्थे।

यस्तै प्रकारले यस आयोजनामा काम गर्दा एकातिर कैयौं व्यावहारिक ज्ञान हासिल गर्न पाएको थिएँ भने अर्कोतिर समय समयमा कतिपय समस्याहरूको पनि सामना गर्नुपरेको थियो, जुन यहाँ वर्णन गर्न साध्य हुँदैन।

* पूर्व महाप्रबन्धक, साना किसान विकास बैंक

### ख) साना किसान विकास बैंक लि.मा काम गर्दा

नवस्थापित साना किसान विकास बैंक सञ्चालनको लागि सुरुको अवस्थामा कृषि विकास बैंकबाट आवश्यकता अनुसार काजमा कर्मचारी खटाउने व्यवस्था भयो । मलाई यस बैंकको महाप्रबन्धक पदमा खटाइयो । कुनै पनि नयाँ संस्था/कम्पनीको काम कारबाही अगाडि बढाउन स्वभाविकरूपमा शून्य बिन्दुबाट शुरू गर्नुपर्ने हुन्छ । सुरुमा कृषि विकास बैंकबाट केही कर्मचारी र केही नगद रकम सापटीस्वरूप माग गरी ल्याइयो । बैंक सञ्चालनको लागि चाहिने कार्यालय भवन तथा अन्य आवश्यक भौतिक पूर्वाधारहरूको व्यवस्था, सङ्गठन ढाँचा एवम् कार्यसञ्जालको प्रारूपको निर्धारण, कार्यप्रणली स्थापित गर्न चाहिने आर्थिक, लेखा, कर्जा व्यवस्थापन, जनशक्ति व्यवस्थापन, सूचना प्रणाली जस्ता विषयहरूसँग सम्बन्धित नीति तथा कार्यविधिहरूको तयारी, कृषि विकास बैंकबाट हस्तान्तरण भै आउने कर्जाको सन्दर्भमा दुवै बैंकबिच गरिने सम्झौताका शर्त सुविधाहरूको निर्क्यौल , आवश्यक जनशक्तिको व्यवस्था लगायत साना किसान सहकारी संस्थाहरूलाई कर्जा तथा गैर वित्तीय सेवाहरूको निरन्तरता दिन आर्थिक स्रोत साधन जुटाउनेजस्ता कामहरू कम भन्दा कम समयावधिभित्र गर्नु सजिलो थिएन । तर कृषि विकास बैंकबाट ती कामहरू सम्पन्न गर्नका लागि आवश्यक पर्ने सहयोग निरन्तर प्राप्त भैरहेको थियो । यसैको फलस्वरूप यस बैंकका कामहरू तीव्र गतिमा अगाडि बढाइयो ।

यस बैंकमा रहँदाको अढाई वर्षको अवधिमा एउटा अर्को महत्वपूर्ण कुरा के पनि सम्झन्छु भने अन्तर्राष्ट्रिय संस्था CGPA ले एक पटक ग्रामीण विकासको क्षेत्रमा कार्यरत सङ्घ/संस्थाहरूबाट सञ्चालन गरिने कुनै प्रेरणादायी कार्यक्रम (Innovative Program) को प्रवर्द्धन गर्नको निम्ति आर्थिक सहयोग प्राप्त गर्न अन्तर्राष्ट्रिय स्तरमा आयोजना प्रस्ताव आह्वान गरेको थियो ।

बैंकको लागि अत्यावश्यक पूर्वाधारको व्यवस्था गर्नुको अतिरिक्ति सा.कि. सहकारी संस्थाहरूलाई पूर्ववत नै थोककर्जा तथा प्राविधिक सेवा सुविधाहरू अटुटरूपमा प्रवाह गरीरहनुपर्ने सबभन्दा महत्वपूर्ण विषय भएकोले बैंकको कार्य प्रणालीको विकास छिटो भन्दा छिटो गर्नु आवश्यक थियो । ती कामहरू ३/४ महिनाभित्र पूरा गरियो । त्यति बेलासम्म भैरहेको साना किसान सहकारी संस्थाहरूमा लगानीमा बाँकी रहेको कर्जा सापटहरू क्रमिक रूपमा हस्तान्तरण गर्ने काम सम्पन्न गरियो भने संस्था दर्ता गर्ने प्रक्रियामा रहेका आयोजनाहरू संस्थामा दर्ता भएपश्चात क्रमिकरूपमा यस बैंकको छाता मुनि ल्याउने काम गरियो ।

यी सारा प्रक्रियाहरू अगाडि बढीरहँदा मैले कठिनाई महसूस गरेको मुख्यतः निम्न पक्षहरूलाई यहाँ विशेष रूपले उल्लेख गर्नु सान्दर्भिक ठानेको छु । पहिलो कुरा साना किसान सहकारी संस्थाहरूले कृषि विकास बैंकको निकटतम शाखाहरूबाट कारोबार गर्न पाएका थिए । तर, यस बैंकको समग्र कारोबार तथा संस्थाहरूको अवस्थितिलाई लेखाजोखा गर्दा फिल्डस्तरमा यो बैंकको कार्यालय त्यति धेरै सङ्ख्यामा खोल्नु सम्भाव्य थिएन । अर्कोतिर कतिपय संस्थाहरूबाट अब दुःख पाइने भइयो । कृषि विकास बैंकले आफ्नो दायित्व पन्छाउनको लागि यो बैंक खोलियो भन्ने गुनासो सुन्नमा आउन थाल्यो । त्यस्तो गुनासोलाई मध्यनजर गरी संस्थाहरूलाई यस बैंकबाट सेवा सुविधा प्राप्त गर्न विगतमाझैं सजिलो होस् भने पक्षलाई ध्यान दिई आफ्नो कार्य सञ्जाल तथा कार्य प्रणालीहरूको निमार्ण गर्नु एउटा जटिल विषय नै रहेको थियो । यसको निम्ति कार्यक्रममा संलग्न रहेका कृषि विकास कैंकका अनुभवी तथा विशेषज्ञ कर्मचारीहरू एवम् विभिन्न क्षेत्रका संस्थाका कर्मचारीहरूसँग गहन छलफल गरी बैंकको सङ्गठन ढाँचा, फिल्डस्तरको कार्य संजाल (Branch Network)को प्रारूप तय गर्ने काम गरियो ।

दोश्रो कुरो, साना किसान सहकारी संस्थाहरूमा लगानीमा बाँकी रहेको कृषि विकास बैंकको ऋणमध्ये केही खराब/निष्कृय अवस्थामा रहेको थियो । उक्त बैंकबाट यस बैंकमा हस्तान्तरण भै आउने त्यस्ता ऋणहरूको लागि केही छुट सुविधाको व्यवस्था गरिएको थियो । म एकातिर कृषि विकास बैंकको कर्मचारी र अर्कोतिर साना किसान विकास बैंकको आधारस्तम्भ खडा गर्ने जिम्मेवारी बोकेको कार्यकारी प्रमुख भएको नाताले दोहोरो भूमिकामा रहेको थिएँ । यो द्विविधापूर्ण अवस्थामो जोखिमयुक्त कर्जाको लागि कृषि विकास बैंक व्यवस्थापनसँग बढीभन्दा बढी छुट सुविधाको लागि आनुरोध गर्नुपर्ने र कतिपय संस्थाको मामिलामा विवाद समेत गरी सम्झौताको बिन्दुमा पुग्नुपर्ने स्थिति रहेको थियो । हुन त, यस बैंकको स्थापना पूर्णतः कृषि विकास बैंककै पहल तथा बहुमत शेयर लगानीमा भएको थियो भने उक्त बैंककै कार्यकारी प्रमुख यस बैंकका पनि अध्यक्ष थिए । त्यसैले यस मामिलामा मैले भन्दा कृषि विकास बैंकले नै बढी सोच विचार गरेकै थियो । तर यो कामलाई मैले चुनौतीको रूपमा लिएको स्मरण गर्दछु ।

यस बैंकको संस्थापक शेयरधनीमा कृषि विकास बैंकको अतिरिक्त नेपाल सरकार, केही वाणिज्य बैंक तथा केही साना किसान सहकारी संस्थाहरू रहेका थिए भने बैंकको प्राविधिक पक्षमा जी.टि.जेडको सहयोग प्राप्त भैरहेको थियो । त्यसैले ती सबै पक्षहरूमा सरोकारका विषयहरूलाई ख्याल गर्दै नेपाल राष्ट्र बैंकका निर्देशनहरूको समेत पालना गरी बैंकको क्रियाकलापलाई अघि बढाउनुपर्ने थियो ।

यस बैंकमा रहँदाको अढाई वर्षको अवधिमा एउटा अर्को महत्वपूर्ण कुरा के पनि सम्झन्छु भने अन्तर्राष्ट्रिय संस्था CGPA ले एक पटक ग्रामीण विकासको क्षेत्रमा कार्यरत सङ्घ/संस्थाहरूबाट सञ्चालन गरिने कुनै प्रेरणादायी कार्यक्रम (Innovative Program) को प्रवर्द्धन गर्नको निम्ति आर्थिक सहयोग प्राप्त गर्न अन्तर्राष्ट्रिय स्तरमा आयोजना प्रस्ताव आह्वान गरेको थियो । यसका लागि मैले र कृषि विकास बैंकबाट खटी आएका मेरा सहयोगी वित्तीय तथा व्यवस्थापन विज्ञ शिवराम कोइरालाले संयुक्त रूपमा साना किसान सहकारी संस्थाको मोडेलको प्रभावकारीता र यसको विस्तारको लागि अनुशरण कार्यक्रम (Replication Program)लाई अझ व्यापक रूपमा सञ्चालन गर्न आर्थिक सहयोगको खाँचो रहेको कुरा दर्शाइ योजना सहितको प्रस्ताव तयार गरी पठायौं । यसका लागि संसारभरीबाट हजारौं प्रस्तावहरू पेश भएका थिए । उक्त प्रस्तावबमोजिम यस बैंकलाई अमेरिकी डलर ५०,०००।- (पचास हजार) रकमबाट पुरस्कृत गरिएको थियो । उक्त रकमलाई साना किसान सहकारी अनुशरण कार्यक्रमको लागि बिउ पुँजी (Seed Money) को रूपमा कोष खडा गरी उपयोग गर्ने निर्णय भएको थियो ।

यसरी विगतलाई सम्झँदैगर्दा साना किसान विकास कार्यक्रमसँग सम्बन्धित यस्ता अनेकौं घटना/परिघटना र भए गरेको उल्लेखनीय प्रयासहरू स्मरणमा आउँछन्, तर ती सबै कुराहरू यहाँ उल्लेख गरीरहन साध्ये हुँदैन ।

## साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को दिगोपनका लागि केही सान्दर्भिक सवालहरू

### १. साना किसानहरूमा प्रवाह भएको कर्जाको निरीक्षण/अनुगमन

संस्थाहरूले बैंकबाट थोक कर्जा लिई आफ्ना सदस्यहरूलाई लगानी गरेका हुन्छन् । ती कर्जाहरू सदस्य किसानहरूले सम्बन्धित संस्थालाई र संस्थाहरूले बैंकलाई पूर्व निर्धारित भुक्तानी तालिका अनुसार फिर्ता गर्नुपर्ने हुन्छ । तर, संस्थासँग केही आन्तरिक स्रोत हुन्छ । जसले गर्दा कतिपय किसानबाट तोकिएको समयमा कर्जा असुली नभए तापनि संस्थाले बैंकको कर्जा अन्य स्रोतहरूबाट तिरीराखेको हुन्छ । तसर्थ संस्था र बैंकबिचको कारोबारको रेकर्ड जतिसुकै राम्रो भए तापनि कतिपय किसानले समय भित्र ऋण नतिरेको कारणले गर्दा निष्कृय ऋणको अंश वृद्धि हुने सम्भावना हुन्छ । अतः त्यस्तो अवस्थामा बैंक र संस्थाबिच अल्प अवधिमा उत्कृष्ट कारोबार भैरहेको देखिए तापनि दीर्घकालमा यसको असरबाट बैंकको ऋण पनि क्रमशः निष्कृय हुँदैजाने सम्भावना हुनजान्छ। तसर्थ यस बैंकले संस्था र किसानहरूबिचको कर्जा कारोबारको पनि स्थलगत नमूना निरीक्षण (Sample Inspection) तथा अनुगमन आवधिक रूपमा गर्ने व्यवस्था गर्नु जरुरी छ ।

### २. लघुवित्त बजारमा प्रतिस्पर्धात्मक वातावरण

अहिले नेपालको ग्रामीण क्षेत्रमा अनेकौं लघुवित्त सेवा प्रदायक सङ्गठित तथा गैरसरकारी संस्थाहरू कार्यरत छन् । खासगरी सुगम ग्रामीण तथा शहरोन्मुख स्थानहरूमा तिनीहरूबिच दूषित प्रतिस्पर्धा भैरहेको यदा कदा देखिने गर्दछ । एउटा संस्थाले अर्को संस्थाका असल ग्राहकलाई खोस्ने वातावरण विद्यमान रहेको छ । फलस्वरूप एउटा व्यक्तिले एउटा उद्देश्यका लागि विभिन्न संस्थाबाट दोहरो तेहरो ऋण एकै समयावधिमा लिएको उदाहरणहरू पनि भेटिन्छन् । यसका साथै सङ्गठित संस्थाहरूले पनि कुनै खास बैंक तथा वित्तीय संस्थाबाट मात्र कर्जा/पुनरकर्जा लिन पाउने भनी बन्देज लगाइएको छैन । यस्तो स्थितिमा यो बैंकले साना किसान सहकारी संस्थाहरूसँग र ती संस्थाहरूले आफ्ना सदस्यहरूसँग सदैव राम्रो सम्बन्ध कायम राखी आफूसँग आबद्ध (Intact) राखी राख्नु अति जरूरी देखिन्छ ।

### ३. आन्तरिक स्रोत वृद्धिका लागि वैकल्पिक उपायको आवश्यकता

यस बैंकको छाता मुनि कृषि विकास बैंकबाट हस्तान्तरण भै आएका साना किसान सहकारी संस्थाहरू, अनुशरण कार्यक्रम अन्तरगत निमार्ण भएका संस्थाहरू तथा सेवा पुऱ्याइएको यस्तै प्रकृतिका अन्य संस्थाहरूको सङ्ख्या अहिले नै धेरै भैसकेको छ र भविष्यमा अझै वृद्धि हुँदै जाने पनि निश्चित छ । यस परिप्रेक्ष्यमा कर्जा तथा गैर वित्तीय सेवाहरूको माग वर्षेनी बढ्ने त्यत्तिकै सम्भावना रहेको छ । हाल यस बैंकको आन्तरिक वित्तीय स्रोत भनेको शेयर पुँजी , रिजर्भ फण्ड र सञ्चित नाफा मात्र रहेको हुँदा बैंकको कार्यक्रम मुख्यतः बाह्य स्रोतबाट नै सञ्चालन भैरहेको छ। यस सन्दर्भमा कषि विकास बैंकको इतिहास मननयोग्य छ। विगतमा यो बैंक वित्तीय स्रोतको मामिलामा सरकार तथा अन्तर्राष्ट्रिय वित्तीय र अन्य सङ्घ संस्थामा निर्भर रहेको थियो । त्यस्ता स्रोतहरूको शर्त बन्देज पुरा गर्न नसकी स्रोतहरूको आपूर्ति नै बन्द हुने स्थितिले गर्दा बेला बेलामा ठूलो संकटको सामना गर्नु परेको थियो । त्यसैकारणले गर्दा कृषि विकास बैंकले शहरी क्षेत्रमा बैंकिङ कारोबारको माध्यमबाट बचत परिचालन गर्ने कार्यको शुरूवात गऱ्यो । साना किसान विकास बैंक समक्ष पनि कथंकदाचित यस्तो परिस्थिति आइपरेमा साना किसान सहकारी संस्थाहरू यसै बैंकसँग आबद्ध भैरहने छन् भन्ने ग्यारेन्टी गर्न सकिदैन । यसै सन्दर्भमा यस बैंकले पनि अहिलेदेखि नै आन्तरिक वित्तीय स्रोतको लागि वैकल्पिक उपायहरूको खोजी गर्ने सोचको विकास गर्न विलम्ब गर्नु हुँदैन कि !

### ४. साङ्गठनिक सुदृढीकरण

यस बैंकबाट सेवा सुविधा पुऱ्याइएका संस्थाहरू देशैभरी छरिएर रहेका छन् । बैंकको केन्द्रीय कार्यालय मातहतमा जम्मा ११ वटा फिल्ड कार्यालयहरू छन् । ती फिल्ड कार्यालयहरूमार्फत नै संस्थाहरूसँग कारोबार सञ्चालन हुनेगरेको छ । फिल्ड कार्यालयहरूको भौगोलिक कार्यक्षेत्र ठूलो मात्र नभै कतिपय त्यस्ता कार्यालयहरूबाट दुर्गम क्षेत्रमा साना किसान सहकारी संस्थाहरूलाई समेत सेवा पुऱ्याउनुपर्ने देखिएको छ । अर्कोतिर बैंकको कर्जा कारोबार तथा अन्य गैरवित्तीय गतिविधि पनि तीव्र गतिमा बढिरहेको छ । तर, यस बैंकले प्रविधिको प्रयोग गरी न्यूनतम जनशक्तिबाट कार्य सञ्चालन गर्ने नीति लिएको छ । यो नीति सैद्धान्तिक दृष्टिकोणले सही त होला तर वित्तीय अनुशासन कायम गर्न यदि संस्थाहरूको निरीक्षण, सुपरिवेक्षण र अनुगमन सघनरूपमा गर्न नसकिएमा वा सेवा सुविधा यथा समयमा प्रवाह गर्न नसकेको खण्डमा संस्थाहरू भोलिको दिनमा विग्रदैन भन्न सकिदैन । तसर्थ फिल्ड स्थित कार्यालयहरूको कार्यक्षेत्र, ग्राहक सङ्ख्या तथा वित्तीय एवम् अन्य गतिविधिको आकार प्रकारको आधारमा ती कार्यालयहरूलाई यथेष्ट जनशक्ति प्रविधि र भौतिक साधनहरूको व्यवस्था गरी अझ सुदृढ गर्नु बेस होला कि !

### ५. मानव संशाधनको लागि वृत्ति विकासको व्यवस्था

अहिले वित्तीय बजारमा के देखिएको छ भने बैंक तथा वित्तीय संस्थामा नेतृत्व तहमा बस्ने तथा अन्य तहमा काम गर्ने दक्ष जनशक्ति समेत आकर्षक अवसर पाउँदा अकस्मात कार्यरत संस्था छाडी अन्यन्त्र जाने प्रवृत्ति बढेको छ । यो कुरालाई मध्यनजर गर्दै बैंकभित्र उच्च तहमा बस्ने सम्भाव्य जनशक्तिहरूलाई वृत्ति विकासको यथेष्ट अवसर प्रदान गरी वैकल्पिक नेतृत्वको विकास गर्ने र उनीहरूको सेवाको निरन्तरताको लागि उचित सुविधाहरूको व्यवस्था गर्दै जाने हो कि ! यो बैंक अहिले आर्थिक दृष्टिकोणले निकै सबल रहेको बुझिन्छ । यसले आफ्ना जनशक्तिको मनोबल तथा उत्प्रेरणाको स्तर उच्च राख्न बृत्ति विकासको योजना ल्याउने, उचित सुविधाहरूको व्यवस्था गर्ने र अवकाशपछिको भविष्य सुरक्षित गर्नेखालको आकर्षक नीतिहरू बनाउनेजस्ता कार्यहरूको लागि अहिले उपयुक्त समय हो जस्तो लाग्छ ।

यथार्थमा भन्नुपर्दा बैंकको गतिविधिबारे बैंककै वार्षिक प्रतिवेदनहरूको अध्ययन तथा यसको बहुआयामिक क्रियाकलापहरूको बारेमा बाहिरबाट प्राप्त सामान्य जानकारीको आधारमा केही सवालहरू भनूँ वा सुझावहरू भनूँ माथि उल्लेख गरिएका छन् । यहाँ उठाइएका विषयहरूका सम्बन्धमा बैंकले तदनुरूप प्रत्यक्ष र परोक्षरूपमा काम कारबाही गरीराखेको पनि होला, जुन बैंक बाहिर बस्नेले थाहा पाउने कुरा पनि भएन ।

# लघुवित्तीय सेवामा वैकल्पिक मोडेल : साना किसान सहकारी प्रणाली



✍ कृष्ण प्रधान*

१. आयमूलक कर्जा कार्यक्रममार्फत गरिबी निवारण गर्ने उद्देश्यले नेपालमा सञ्चालन गरिएका विभिन्न प्रकारका लघुवित्तीय प्रणालीमध्ये साना किसान सहकारी मोडेल ( Small Farmer's Co-operative Limited/ SFCL ) पनि एक प्रमुख तथा निकै पुरानो लघुवित्तीय प्रणाली हो । यो प्रणाली कृषि विकास बैंकले एफएओ र ईफाड दातृ निकायको सहयोगमा २०३२ (सन् १९७५ ) सालमा थालनी गरेको साना किसान विकास परियोजना ( SFDP ) कै विकसित रूप हो । यो मोडेललाई नेपालको अपनत्व झल्काउने किसिमको लघुवित्तीय प्रणाली हो भन्न सकिन्छ । ग्रामीण बैकिङ प्रणालीका प्रणेता मोहमद युनुसले सन् १९७६ मा नेपालको साना किसान विकास परियोजनाको अवलोकन गरेर गएको कुरा धेरैले बिर्सेका होलान् । उनले सामुहिक जमानीमा लघुकर्जा पद्धतिको परिकल्पना गर्नु अघि नै नेपालमा तेस्तो सामुहिक जमानीमा कर्जा दिने परिपाटीको विकास भैसकेको थियो । तर, विडम्बना, नेपालले तेस्को अन्तर्राष्ट्रियकरण गर्न भने सकेन ।

ग्रामीण बैकिङ प्रणालीका प्रणेता मोहमद युनुसले सन् १९७६ मा नेपालको साना किसान विकास परियोजनाको अवलोकन गरेर गएको कुरा धेरैले बिर्सेका होलान् । उनले सामुहिक जमानीमा लघुकर्जा पद्धतिको परिकल्पना गर्नु अघि नै नेपालमा तेस्तो सामुहिक जमानीमा कर्जा दिने परिपाटीको विकास भैसकेको थियो । तर, विडम्बना, नेपालले तेस्को अन्तर्राष्ट्रियकरण गर्न भने सकेन ।

यो आयोजना सञ्चालनमा आएको बेला लघुकर्जा वा लघुवित्तको खाका कोरिएको थिएन । योभन्दा अगि २०३१ सालमा वाणिज्य बैंकहरूका लागि केन्द्रीय बैंकले साना क्षेत्र कर्जा कार्यक्रम भनेर निम्न आय भएका , समाजका विपन्न वर्गका लागि निक्षेपको ५ प्रतिशत रकम अनिवार्यरूपले कर्जा प्रवाह गर्नुपर्ने निर्देशन दिएपछि मात्र सीमान्त वर्गका लागि भनेर पहिलो पटक नेपालका बैंकहरूलाई कर्जा प्रवाहमा संलग्न गराइएको थियो । यी दुवै कार्यक्रमहरू निम्न आय वर्ग लक्षित अभियान हुन् ।

२. हाल साना किसान विकास परियोजना त, सञ्चालनमा छैन तथापि तेसबेला यो आयोजना अन्तरगतको कारोबार ( सम्पूर्ण बक्यौता कर्जाहरू करीब रू.१२७ करोड, २०५८ साल ) २०५८ सालमा साना किसानहरूका सहकारीहरूलाई थोक कर्जालगायतका माध्यमबाट सहयोग गर्ने उद्देश्यले स्थापना भएको साना किसान बैक ( 'घ' वर्गको वित्तीय संस्था ) मा हस्तान्तरण भएको छ । अहिले यो संस्था साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. भनेर चिनिन्छ । यो तेसबेला नेपालमा सञ्चालनमा रहेको विभिन्न वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तरगतकै प्रयास थियो । बैंक स्थापनापूर्व सो परियोजना बढी खर्चालु मात्र नभएर एसमा राजनीति समेत हाबी हुन पुगेको थियो । एसको दिगोपनामाथि बारम्बार प्रश्न उठेको थियो भने एसका पहिलेका दातृ निकायहरूबाटै एसलाई दिईदै आएको सहयोग बन्द हुनपुगेको यथार्थ समेत हामीबिच ताजै रहेको छ ।

द्वन्द्वकालमा समेत यी परियोजनाहरू प्रभावित नभएका मात्र होइनन् गाँउबाट विस्थापित समेत भए । यही समयमा कतिपय कार्यालयहरू आगो लगाएर नष्ट पारिए । कृषि विकास बैंकले चलाउञ्जेल यो परियोजना बढी राजनीतिक, परियोजनामुखी, विस्तारकारी र साना किसान भनिए पनि वास्तविक र लक्षित वर्गमा पुग्न नसकेकोजस्ता गुनासाले कार्यक्रमलाई कसै कसैले आलोचना पनि गर्थे । द्वन्दकालीन समयमा एशियाली विकास बैंकका मिसनमा आउने अधिकारीहरूले त सिधै एसको रकम तत्कालीन युद्धरत समूहलाई गएको भनेर प्रतिप्रश्न उठाउँथे । तेसखाले मिसनसितको तितो अनुभव यो लेखकसित पनि आलै छ । तेसबेला हामीले गरेको प्रतिरक्षाको कुनै अर्थ थिएन । अर्थात् हाम्रा जवाफ उनीहरूलाई चित्त बुझ्दैनथ्यो । कारण परियोजनाहरूलगायत विभिन्न बैंकका शाखाहरू विस्थापित भएर सदरमुकाम र केही सुरक्षित मानिएका स्थानहरूमा सीमित हुन थालेका थिए भने बैंक कर्जाको असुलीको त कुरै भएन । तेसबारे तिनीहरू अनदेखा थिएनन् । परियोजनाकालभरि यो कहिले नाफामूलक हुन सकेन । एसैले एसको दिगोपना एउटा गम्भीर चासोको विषय बन्नु स्वाभाविक थियो । दिगोपनाकै कारण एशियाली विकास बैंकलगायत कतिपय दातृ निकायहरूले एसबाट हात झिकेका भए पनि पछिसम्म साना किसानलाई सहयोग जुटाईरहने दातृ संस्था भने जिटिजेड थियो ।

३. साना किसान सहकारी मोडेललाई दिगो र भरपर्दो किसिमले अगाडि बढाउन एसको स्वामित्व सम्बन्धित साना किसानहरूलाई नै दिने र तेस्को व्यवस्थापनलगायत सम्पूर्ण उत्तरदायित्व पनि उनीहरूमै सुम्पने नीति लिइएअनुरूप २०४३ सालपछि एसको व्यापक संरचनात्मक सुधारमा जिटिजेड संस्थाले निकै समयसम्म सहयोग गऱ्यो । एसबाट केही साना किसान सहकारीको सफल परीक्षणपश्चात सुधारयोग्य करिब २०० वटा साना किसान परियोजनाहरू सहकारीमा दर्ता भएपछि साना किसान विकास

* पूर्व कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

बैंकमा हस्तान्तरण गरिएका हुन् । अहिले ( २०७६ साउन ) साना किसान बैंकसित आबद्ध भएका एस्ता सहकारीको सङ्ख्या ९ सयको हाराहारीमा रहेको छ । यो सङ्ख्या सात वर्षअघि करिब तीन सय थियो । यी संस्थाहरूलाई साना किसान विकास लघुवित्त वित्तीय संस्थाले थोक कर्जा उपलब्ध गराउँदै आएको छ भने यो बैंकको प्रमुख शेयर ( ५६ प्रतिशत ) तिनै सहकारीहरूको भएको हुँदा यो बैंक भनेको नै साना किसानहरूको हो भन्ने सन्देश आम साना किसानमा बलियो गरी गएको देखिन्छ । एस्तो सन्देश जानु भनेको लघुवित्तका क्षेत्रमा ठूलो उपलब्धि हो । आबद्ध साना किसान सहकारीहरूलाई तेस बैंकले संस्थागत सुधारमा विभिन्न प्रकारका सहयोग पनि दिनेगरेको पाइन्छ । पहिले सहयोग बन्द गरेको एशियाली विकास बैंकले समेत अहिले संस्थागत सुधारका लागि पुनः सहयोगको हात बढाएको देखिन्छ । नेपाल सरकारबाट समेत पशुपालन व्यवसायका लागि २०६७ सालदेखि हालसम्म ९ अरब रूपैयाँ सहुलियत कर्जा प्राप्त भएको छ । जसअन्तरगत एस लघुवित्त वित्तीय संस्थाले करिब १४ अरब लगानी गरेको छ भने तेसबाट लाखौंलाई रोजगारी प्राप्त भएको अनुमान छ । कुनै बेला घाटामा रहेको यो संस्था अहिले OSS मा सञ्चालित छ भने एसको वासलातको आकार २०७६ पुसमा रू. २४.५५ अरबको रहेको छ ।

४. वास्तवमा यो साना किसान सहकारी मोडेल (SFCL) सहकारिताको सर्वमान्य सिद्धान्त र आदर्शमा नै आधारित मोडेल हो । सहकारिताको विश्व इतिहास करिब १७७ वर्षको छ भने नेपालमा २०१३ सालदेखि एस क्षेत्रमा कदमहरू चालिएका हुन् । सिद्धान्त र आदर्शका कुरा जेसुकै भए पनि मुल कुरो समान उद्देश्यले कुनै निजी स्वार्थभन्दा माथि उठेर सामूहिक र आर्थिक उन्नतिको लागि जुट्नु ठूलो कुरा हो । ग्रामीण क्षेत्रमा समानस्तरका किसानहरूबाट सञ्चालित साना किसान सहकारीले आर्थिक परिवर्तनका राम्रा उदाहरण पस्किन सकेका छन् भन्ने कुरा हाल प्रमाणित हुन थालेको छ भने एसले लघुवित्त क्षेत्रमा एक वैकल्पिक उपाय पनि सुझाएको छ । यो लघुवित्त वित्तीय संस्थासित आबद्ध रहेका साना किसान सहकारी संस्थाहरूको सरदर असुली दर ९५ प्रतिशतको हाराहारीमा रहेको भनिए पनि तिनको यकिन आँकडा प्रकाशनमा आएको भने छैन । तर, संस्थाले ९० प्रतिशतभन्दा तल असुली दर भएका संस्थालाई थोक कर्जा उपलब्ध नगराउने हुँदा यी संस्थाहरूले असुलीलाई प्रमुखरूपमा ध्यान पुऱ्याउनुपर्ने हुन्छ ।

एसैगरी यो संस्था २०७६ असारमा एनपिए लेभललाई ०.९ प्रतिशतमा कायम राख्न सफल भएको देखिन्छ । यस्तो सूचकाङ्क लघुवित्त क्षेत्रमा धेरै राम्रो मानिन्छ । सामान्यतया लघुवित्तीय संस्थाहरूको एनपिए लेभल हरबखत १ प्रतिशतभन्दा तल वा तेसको हाराहारी रहनु राम्रो मानिन्छ । एस संस्थाले विगत सात वर्षदेखि नै आफ्नो एनपिए लेभललाई एक प्रतिशतको हाराहारीमा राख्न सफल भएको देखिन्छ । आबद्ध संस्थाहरूको कुल सदस्य सङ्ख्या नौ लाखभन्दा बढी रहेको छ भने स्थापनाका हिसाबले लघुवित्त क्षेत्रको तेश्रो थोककर्जा प्रदायक संस्था भएर पनि हाल सबैभन्दा ठूलो थोककर्जा प्रदायक संस्था बन्न सफल भएको देखिन्छ । यो संस्थाले कुल थोककर्जाको करिब ५४ प्रतिशत हिस्सा ओगटेको छ भने कुल लघुकर्जाको नौ प्रतिशत । कुल लघुकर्जामा थोककर्जा प्रदायकहरूको हिस्सा करिब १६ प्रतिशत मात्र रहेको छ ।

५. लघुवित्तको ग्रामीण बैकिङ मोडेलमा भन्दा साना किसान सहकारी मोडेलमा संस्थाप्रतिको अपनत्व बढी हुने तथा केही न केही धितो लिएर मात्र सदस्यमा कर्जा प्रवाह हुने हुँदा जोखिमको मात्रा कम हुने , सदस्यहरूको आफ्नै संस्था भएकाले तेसमा भएको लगानीको प्रतिफल समेत आफूलाई प्राप्त हुने र संस्थाको उन्नति हुँदा आफ्नो समेत उन्नति र प्रगति भएको अनुभव हुने भएकाले यो सहकारी मोडेल नेपालको ग्रामीण क्षेत्रमा निकै उपयुक्त हुने देखिन्छ ।

तिनीहरूको गैर-आर्थिक विकासका पाटाहरू, जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी , सिँचाई , ग्रामीण सडक, बिजुली बत्तीजस्ता कुराहरूमा सरकारले मूलरूपमा चासो राखेर साथसाथै अघि बढ्ने हो भने नेपालको आर्थिक विकासमा कान्ति ल्याउन सम्भव छ । तेसबाट देशको मूल राजनीतिमा पनि आमूल परिवर्तन आउन सक्छ । किनभने स्वतःस्फूर्तरूपमा आर्थिक दृष्टिले सम्पन्न हुँदै जान थालेको समाजमा क्रान्तिकारी आर्थिक छलाङका कुरा र राजनैतिक नारा दिने दलहरूले त्यति सजिलै तिनीहरूको मन जित्ने सम्भावना झिनो रहन्छ । किनकि भुटानले विश्वसामु अघिसारेको कुल गार्हस्थ उत्पादनभन्दा कुल खुशी ( happyness ) ले तेस देशको विकासको स्तरलाई मापन गरेको छ भन्ने कुरालाई हामीले पनि हेक्का राख्ने बेला आएको छ

एस्तो आर्थिक परिवर्तन ल्याउनमा लघुवित्तीय प्रणालीले सघाउ पुऱ्याउन सक्छ । एसका लागि उपयुक्त वातावरण बनाउने काम राजनैतिक नेतृत्वमा रहेका वर्ग, सरकार र केन्द्रीय बैंकको हो । अन्तमा, नेपालको लघुवित्तीय क्षेत्रमा आशाको दियो बाल्दै हिँड्न थालेको एस्तो साना किसान सहकारी मोडेललाई दातृ निकायमुखी होइन कि, यो देशको अपनत्व झल्कने किसिमले अघि बढाउनुपर्ने बेला आएको छ ।

वास्तवमा यो साना किसान सहकारी मोडेल (SFCL) सहकारिताको सर्वमान्य सिद्धान्त र आदर्शमा नै आधारित मोडेल हो । सहकारिताको विश्व इतिहास करिब १७७ वर्षको छ भने नेपालमा २०१३ सालदेखि एस क्षेत्रमा कदमहरु चालिएका हुन् । सिद्धान्त र आदर्शका कुरा जेसुकै भए पनि मुल कुरो समान उद्देश्यले कुनै निजी स्वार्थभन्दा माथि उठेर सामूहिक र आर्थिक उन्नतिको लागि जुट्नु ठूलो कुरा हो ।

# नेपालमा लघुवित्त किन मौलाउन सकेन ?



नर बहादुर थापा*

## विषय प्रवेश

१. २०१३ सालमा नेपाल राष्ट्र बैक स्थापना सँगसँगै सहकारी संस्थाको रूपमा लघुवित्तले नेपालमा प्रवेश पाएको हो। २०१३ देखि २०७६ सालको अवधिमा लघुवित्तले नेपालमा विभिन्न अवतार लिएको देखिन्छ। तर यति लामो अवधिको उपस्थितिसम्ममा पनि नेपालमा लघुवित्तले बलियोसँग जरा गाडको देखिदैन र अहिले माहौल पनि बनेकै देखिदैन । नेपाल सरकारले २०१३ सालमा कार्यकारिणी आदेश जारी गरी सहकारी संस्थाहरूको गठन गरेको थियो। वित्तीय सेवाको माग बढाउन तथा सर्वसाधारण जनतामा बैंकिङ आदत विकास गर्न नेपाल राष्ट्र बैंकले २०२५ जेठ २७ गते बैकिङ प्रवर्द्धन समितिको गठन गरेको थियो । राष्ट्र बैंकको अथक प्रयास स्वरुप २०३४ असारसम्ममा सबै जिल्लामा बैंकिङ सेवा पुऱ्याइएको थियो। २०१३ सालमा सहकारी संस्था, २०३१ सालमा साना क्षेत्र, २०४७ सालमा ग्रामीण विकास बैंक तथा त्यसको लगत्तै निजी क्षेत्रमा लघुवित्तीय संस्थाहरू, २०६३ को अन्तरिम संविधानमा सहकारीलाई दिएको महत्व र पछिल्ला समयमा आएका वित्तीय पहुँच तथा सहुलियतपूर्ण कर्जा कार्यक्रम लघुवित्तका विविध अवतारहरू हुन्। लघुवित्तमा माहौल नदेखिनुका कारणहरू र लघुवित्तको माहौल सुधार्ने उपाय समेटेर यो आलेख तयार गरिएको छ

नेपाल सरकारले स्थापना गरेका ग्रामीण विकास बैंकहरू र निजी क्षेत्रमा सञ्चालित ग्रामीण विकास बैंकको मोडेलमा आधारित अन्य लघुवित्तीय संस्थाहरूमा वित्तीय स्रोतको अभाव नहोस् भन्ने उद्देश्य समेत राखेर नेपाल राष्ट्र बैंकले २०४७ देखि विपन्न वर्ग कर्जा कार्यक्रम कार्यान्वयनमा ल्याएको छ ।

## लघुवित्तका अवतारहरू

२. राप्तीदुनबाट सहकारीले लघुवित्तको रूपमा नेपालमा प्रवेश पाएको हो। राष्ट्रिय अर्थतन्त्रसँग जोड्ने र सर्वसाधारण जनतालाई वित्तीय सेवा उपलब्ध गराउने उद्देश्यले सहकारी सस्थाहरूको स्थापना गरिएको हो। सरकारले सहकारी बैंक पनि खोल्यो तर त्यो पछि कृषि विकास बैकमा समाहित गरियो। सन् १९५० र ६० को दशकमा सहकारी संस्थामार्फत लघुवित्त सेवा सर्वसाधारण जनतालाई पुऱ्याउने व्यवस्था गरियो । कृषि विकास बैंकको स्थापनासँगै नेपालले लघुवित्त सम्बन्धी विविध कार्यक्रमहरू सञ्चालन गऱ्यो। साना कर्जा, प्रथामिकता प्राप्त क्षेत्र कर्जा कार्यक्रम तथा सघन बैंकिङ कर्जा कार्यक्रम सञ्चालन गरिएका थिए। यसैबिच नेपालले लीड बैंक अवधारणा पनि कार्यान्वयनमा ल्याउने प्रयास गऱ्यो । यी कार्यक्रमहरू वाणिज्य बैंकहरू मार्फत कार्यान्वयनमा ल्याइएका थिए। सन् १९८० को दशकमा घरेलु तथा साना उद्योग परियोजना विश्व बैंकको वित्तीय सहयोगमा नेपाल राष्ट्र बैकले कार्यान्वयनमा ल्याई साना, घरेलु तथा मझौला उद्योग व्यवसायीहरूलाई वित्तीय स्रोत तथा पहुँच विस्तार गर्ने प्रयास गरेको थियो ।

३. सन् १९८० को मध्यतिर नेपालले आर्थिक उदारीकरण नीति अवलम्बन गऱ्यो । त्यही क्रममा संरचनागत सुधारको कार्यक्रम कार्यान्वयनमा ल्याइएको थियो । निजी क्षेत्रलाई वित्तीय क्षेत्रमा प्रवेश गराउने नीति अनुरूप संयुक्त विदेशी लगानीमा समेत सन् १९८० को मध्यतिर नेपाल अरब बैक, ग्रीन्डलैज बैंक र नेपाल इण्डोष्वेज बैंक सञ्चालनमा आए। सन् १९९० को जनआन्दोलन पश्चात गठन भएको नेपाल सरकारले भूमण्डलीकरण, निजीकरण र आर्थिक उदारीकरण नीतिलाई थप तीव्रता दियो। लघुवित्त सेवा वाणिज्य बैंकहरूबाट क्रमशः हटाउने उद्देश्य राखेर नेपाल सरकारले दुईवटा महत्वपूर्ण नीति लियो। पहिलो, तत्कालीन पाँचवटै विकास क्षेत्रमा क्रमशः एउटा/एउटा ग्रामीण विकास बैंक स्थापना गर्ने रह्यो। यही क्रममा पूर्वाञ्चल र सुदूर पश्चिमाञ्चलमा एकएक गरी दुईवटा ग्रामीण विकास बैंकहरू २०४७ सालतिर स्थापना भए । पछि क्रमशः अन्य विकास क्षेत्रमा ग्रामीण विकास बैंकहरू स्थापना गरिए। दोस्रो, नेपाल सरकारले लघुवित्त र सहकारी सस्थाहरूलाई थोककर्जा उपलब्ध गराउने उद्देश्यले २०४७ सालमा ग्रामीण स्वावलम्बन कोष स्थापना गऱ्यो। सुरुमा ग्रामीण स्वावलम्बन कोष नेपाल राष्ट्र बैंकले कार्यान्वयन गर्दै आएकोमा २०७६ मा सो कोष अर्थ मन्त्रालयले नेपाल राष्ट्रबैंकबाट साना किसान विकास लघुवित्त वित्तीय संस्थामा सारेको छ।

४. नेपाल सरकारले स्थापना गरेका ग्रामीण विकास बैंकहरू र निजी क्षेत्रमा सञ्चालित ग्रामीण विकास बैंकको मोडेलमा आधारित अन्य लघुवित्तीय संस्थाहरूमा वित्तीय स्रोतको अभाव नहोस् भन्ने उद्देश्य समेत राखेर नेपाल राष्ट्र बैंकले २०४७ देखि विपन्न वर्ग कर्जा कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। यो कार्यक्रम अन्तर्गत वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूले आफैं वा लघुवित्त वित्तीय संस्थाहरूमार्फत आफ्नो कुल कर्जाको न्यूनतम ५ प्रतिशत

* पूर्व कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

कर्जा विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था छ । यो व्यवस्था अनुसार वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूले २०७६ पुष मसान्तसम्म रू. २०२ अर्ब कर्जा विपन्न वर्गमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रवाह गरेका छन् ।

५. नेपाल सरकार र नेपाल राष्ट्र बैकसमेतको सहभागितामा स्थापना भएका ग्रामीण विकास बैंकहरूमा वित्तीय समस्या देखा परेकोले २०७१ साउन ३० देखि पाँच ग्रामीण विकास बैंकहरूको एकीकरण भई एउटा ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. बनेको छ र अन्य निजी क्षेत्रका ९० लघुवित्तीय संस्थाहरू हाल सञ्चालनमा छन् ।

६. सर्वसाधारण जनतालाई लघुवित्त वित्तीय सेवाको कुनै अभाव नहोस् र वित्तीय क्षेत्रसँग सर्वसाधारण जनता जोडिरहून् भन्ने उद्देश्यले नेपालले वित्तीय गैर सरकारी संस्थाहरूको रूपमा फिङ्गो (फाइनान्सियल एनजिओ) स्थापनाका लागि कानूनी व्यवस्था गरेको थियो । यही क्रममा वित्तीय मध्यस्थता ऐन २०५५ अन्तर्गत फिङ्गो अस्तित्वमा आए । नेपाल राष्ट्र बैंकले सहकारी संस्थालाईसमेत फिङ्गो जस्तै सीमित बैंकिङ कारोबार गर्न स्वीकृति दिने व्यवस्था गरेको थियो । हाल राष्ट्रबैंकले फिङ्गोलाई लघुवित्त वित्तीय संस्थामा रूपान्तरण गर्न प्रोत्साहन गरेको छ भने आफूले इजाजत दिएका सहकारी संस्थाहरूलाई आफ्नो नियमनभन्दा बाहिर राख्ने नीतिगत व्यवस्था गरेको छ ।

७. तेस्रो ग्रामीण कर्जा सर्वेक्षण प्रतिवेदन अनुसार ग्रामीण माईक्रोफाइनान्स विकास केन्द्र (आर एम डि सि) लघुवित्त वित्तीय संस्थाहरूलाई थोक कर्जा उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएको थियो । भारतको नार्वाड (नेशनल बैंक फर एग्रीकल्चर एण्ड रुरल डेभलपमेन्ट) मोडेललाई आधार मानेर आरएमडिसी स्थापना गर्ने सोच राष्ट्र बैंकको थियो । तर पर्याप्त वित्तीय स्रोतको व्यवस्था नहुँदा आरएमडिसीले परिकल्पना गरिएको भूमिमा खेल्न सकेन र हाल लगभग गुमनाम नै छ ।

८. सन् २००८ को वित्तीय सङ्कटपछि नेपालले फेरि लघुवित्त सेवा सर्वसाधारण जनतालाई उपलब्ध गराउन खासगरी वाणिज्य बैंकहरूलाई प्रयोग गर्ने नीति अवलम्बन गरेका कारण हाल वाणिज्य बैंकमय माहोल बनेको छ र लघुवित्त वित्तीय संस्थाहरू ओझेलमा परेका छन् । कृषि क्षेत्रमा जाने बैंक कर्जाको न्यूनतम अनुपात १० प्रतिशत तोकिनु र ९ वटा सहुलियतपूर्ण कर्जा कार्यक्रमको घोषणा हुनु यसका उदाहरण हुन् । त्यस्तैगरी, नेपाल राष्ट्र बैंकले वाणिज्य बैकहरूको लागि पुनरकर्जाको व्यवस्था गरेको छ । नेपाल राष्ट्र बैंकको पुनरकर्जा कोष रु. ५० अर्बको भएको छ । तर लघुवित्त वित्तीय संस्थाहरूलाई हाल नेपाल राष्ट्र बैकबाट पुनरकर्जाको कुनै व्यवस्था छैन ।

९. नेपालको २०६२/६३ को जनआन्दोलनपछि बनेको नेपालको संविधानले तीन खम्बे अर्थनीति अवलम्बन गरेको छ । संविधानले सरकारी, निजी र सहकारी क्षेत्रलाई अर्थतन्त्रका तीन खम्बाका रूपमा लिएको छ । सर्वसाधारण जनतासँग जोड्ने, वित्तीय सेवा उपलब्ध गराउने, उद्यमशीलताको विकास गर्ने, कृषि क्षेत्रको आधुनिकीकरण गर्ने र गरिबी निवारणमा सहयोग पुऱ्याउने माध्यमका रूपमा संविधानले सहकारी क्षेत्रलाई लिएको छ । २००७ सालको क्रान्तिपछि उदय भएको सहकारी सर्वसाधारणलाई वित्तीय पहुँच पुऱ्याउने क्रममा रहेको थियो भने बिचमा अन्य कार्यक्रम तथा संस्थाहरू विस्तार गरिएका कारण ओझलमा परेको थियो । तर नेपालको वर्तमान संविधानले सहकारीलाई फेरि लघुवित्त सेवा उपलब्ध गराउने संस्थाको रूपमा लिएको कारण राजनैतिक माहोल सहकारीतर्फ मोडिएको छ ।

१०. राज्यले सहकारीलाई तीन खम्बे अर्थनीतिमा समावेश गरिसकेपछि सहकारी संस्थाहरूको सङ्ख्यात्मक विस्तार भएको छ र कारोबारमा पनि अभिवृद्धि भएको छ । तर निजी क्षेत्रको आँखा सहकारीमा परेको छ । सहकारीलाई निजी क्षेत्रकै हैसियत दिएको धेरैलाई मन परेको छैन । निजी क्षेत्रमा सञ्चालित वाणिज्य बैंकहरूलाई पनि संविधानले सहकारीलाई दिएको यो हैसियत पटक्कै मन परेको छैन । यसै सन्दर्भमा सहकारी ऐन, २०७३ निजी क्षेत्रका बैंकहरूको प्रभावमा आएको सहकारी संस्थाहरूको गुनासो छ । सहकारी क्षेत्रको विस्तारलाई सङ्कुचन गर्नेगरी सहकारी ऐन २०७३ मा केही प्रावधानहरू राखिएको भनेर सहकारी संस्थाहरूको मन दुखाइ छ । उदाहरणको लागि सहकारीमा निक्षेप सीमा रू. ३० लाख तोकिनु, एक व्यक्ति एक सहकारीको नीति लिइनु र सदस्य भएको ९० दिन पछि मात्र सहकारीबाट ऋण लिन पाउने प्रावधान राखिनुलाई निजी क्षेत्रका बैंकहरूको प्रभावमा सहकारी ऐन २०७३ आएको उदाहरणको रूपमा लिइन्छ । यी विविध कारणले पनि संविधानले दिएको महत्व तथा भूमिका अनुसार सहकारीको विकास हुन सकेन । यही कारणले पनि सहकारीमा हाल वाणिज्य बैकहरूको जस्तो माहोल देखिदैन ।

११. यति हुँदाहुँदै पनि महत्वपूर्ण पक्ष के छ भने वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र सहकारी संस्थाहरू समेतले लघुवित्त सेवा उपलब्ध गराउने भए तापनि लघुवित्त वित्तीय संस्थाहरूलाई मात्र लघुवित्तसँग जोडेर हेर्ने गरिन्छ । हाल नेपालमा ९० लघुवित्त वित्तीय संस्थाहरू छन् । सन् १९७६ मा महोमद युनुशले बंगलादेशमा विकास गरेको ग्रामीण बैंकको मोडेलमा आधारित यी लघुवित्त वित्तीय संस्थाहरूले सुरुमा राम्रो काम गरेको, सर्वसाधारण महिला वर्गलाई वित्तीय क्षेत्रसँग जोडेको, ग्रामीण क्षेत्रमा सामाजिक तथा आर्थिक विकासमा केही हदसम्म भूमिका खेलेको र गरिबी न्यूनीकरणमा केही योगदान पुऱ्याएको देखिन्छ । तर विगत केही वर्षयता लघुवित्त वित्तीय संस्थाहरूको चर्को आलोचना हुनेगरेको छ । वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनी खोल्ने इजाजत दिन रोकिएको हुनाले पछिल्लो समयमा लघुवित्त वित्तीय संस्थाहरूको सङ्ख्या बढेको भए पनि कारोबारको दृष्टिकोणले कुनै माहोल तथा आकर्षण देखिदैन ।

## लघुवित्तमा माहोल नदेखिनुका कारणहरू

१२. लघुवित्त वित्तीय संस्थाहरूप्रति माहोल नदेखिनुका विविध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कारणहरू रहेका छन् । माहोल नदेखिनुको एउटा महत्वपूर्ण कारण यो क्षेत्रमा हाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभियानकर्ताको अभाव रहनु हो । लघुवित्त सुरु गर्ने बंगलादेशी अभियानकर्ता डा.मोहमद युनुश हाल गुमनाम छन् र बंगलादेशमा उनी हाल भूमिकाविहीन स्थितिमा छन् । त्यस्तैगरी विगतमा जस्तो नेपालमा राष्ट्रिय अभियानकर्ता छैनन् । लघुवित्त वित्तीय संस्थाहरू र लघुवित्त सेवाको नीतिगत सुधारको लागि लविङ गर्ने अभियानकर्ता चाहिन्छ । हाल राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा यसको अभाव देखिन्छ ।

१६. दोस्रो कारण, विशेषाकृत लघुवित्त वित्तीय संस्थाहरूभन्दा हाल लघुवित्तलाई लाभग्राही केन्द्रित गरिएको छ । यही कारणले पनि लघुवित्त वित्तीय संस्थाहरू ओझेलमा परेका छन् ।

१७. तेस्रो कारण, सर्वसाधारण जनतालाई वित्तीय सेवा उलब्ध गराउनेभन्दा लघुवित्त वित्तीय संस्थाहरूलाई वित्तीय रूपमा सम्भाव्य तथा दिगो बनाउनेतर्फ पाराडाइम सिफ्ट भएकाले पनि लघुवित्तमा हाल माहोल नदेखिएको हो । नेपालमा हाल लघुवित्त वित्तीय संस्थाहरूले उच्च नाफ कमाएका र वितरण गर्न थालेकाले पनि गरिब मानिसहरूको शोषण भइरहेको आलोचना लघुवित्त वित्तीय संस्थाहरूले खेप्नुपरेको छ ।

१८. चौथो कारण, विशेषाकृत वित्तीय प्रणालीभन्दा पनि युनिभर्सल बैकिङ प्रणाली केन्द्रित वित्तीय क्षेत्र विकास रणनीति अवलम्बन गरिएकोले पनि लघुवित्त क्षेत्रमा माहोल नदेखिएको हो । मर्जर तथा प्राप्ति नीतिले गर्दा सबै बैंक तथा वित्तीय संस्थाहरूलाई क वर्गको वित्तीय संस्था हुनमा गर्व छ । नीतिगत पहलकदमी पनि सबै बैंक तथा वित्तीय संस्थाहरू वाणिज्य बैंकहरूमा विलय भए हुन्थ्यो भन्ने. देखिन्छ । प्रतिस्पर्धाभन्दा वित्तीय संस्थाको आकार बढाउने मोह नीति निर्माता सबैमा देखिएकोले लघुवित्तमा हाल माहोल नदेखिएको हो ।

१९. पाँचौं कारण, वाणिज्य बैंकहरू केन्द्रित सहुलियतपूर्ण कर्जा कार्यक्रम सुरु गरिनुले पनि लघुवित्त वित्तीय संस्थाहरूमा नीतिगत माहोल नदेखिएको हो । हाल नेपालमा ९ वटा सहुलियतपूर्ण कर्जा कार्यक्रमहरू रहेका छन् जुन वाणिज्य बैंकहरूमार्फत कार्यान्वयन गरिने व्यवस्था छ ।

२०. छैठौं कारण, ब्याज अनुदान वाणिज्य बैंक केन्द्रित गरिनु रहेको छ । बजेटले ५ प्रतिशत ब्याज अनुदानको व्यवस्था गरेको छ र रू. ५ अर्ब बजेट विनियोजन गरिएको छ । यति ठूलो परिणामको ५ प्रतिशतवाला ब्याज अनुदान वाणिज्य बैंकहरूमार्फत कार्यान्वयन गरिने व्यवस्थाले लघुवित्त वित्तीय संस्थाहरूप्रतिको आकर्षण घटाएको छ ।

२१. सातौं, लघुवित्त वित्तीय संस्थाहरूले कर्जामा लिने उच्च ब्याजदरका कारण यो क्षेत्रमा माहोल नदेखिएको हो । सबभन्दा सस्तो ब्याजमा वाणिज्य बैंकहरूबाट कर्जा पाईन्छ । ठूला उद्योग व्यावसायीहरूले मुलुकमा सस्तोमा कर्जा पाईरहेका छन् । त्यसपछि सहकारी संस्थाहरूले सस्तो ब्याजदरमा कर्जा उपलब्ध गराईरहेका छन् । सबैभन्दा महँगो ब्याजदरमा गरिब मानिसहरूले लघुवित्त वित्तीय संस्थाहरूबाट कर्जा लिनुपर्ने बाध्यताका कारण पनि लघुवित्त वित्तीय संस्थाहरूप्रति माहोल नदेखिएको हो । ब्याजदर बढ्नासाथ ठूला उद्योग व्यावसायीहरूले आन्दोलन गर्छन् । राष्ट्र बैंक र सरकारमाथि कर्जादर घटाउनुका लागि दबाब दिन्छन् । लघुवित्त वित्तीय संस्थाहरूका ग्राहकले ब्याजदर बढी भयो, घटाउनु पर्‍यो भनेर आन्दोलन गरेको र सरकार तथा राष्ट्र बैंकलाई दबाब दिएको सुनिएको छैन । बरु लघुवित्त वित्तीय संस्थाहरूले कर्जामा बढी ब्याज असुल्न र ब्याजदर फरक खारेजीको लागि दबाब दिएको सुनिन्छ ।

२२. आठौं, लघुवित्त वित्तीय संस्थाहरूलाई पुनरकर्जा तथा वित्तीय स्रोत उपलब्ध गराउने संस्थाको अभावले पनि माहोल नबनेको हो । वास्तवमा लघुवित्त वित्तीय संस्थाहरू हाल टुहुरा जस्तै छन् । राष्ट्र बैंकले वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीको लागि न्यूनतम ५ प्रतिशतवाला विपन्न वर्ग कर्जा कार्यक्रमको व्यवस्था गरेको कारणले गर्दा मात्र लघुवित्त वित्तीय संस्थाहरू चलेका छन् ।

२३. नवौं,सर्वसाधारण नेपालीहरू हुलका हुल कामको लागि विदेश जाने प्रवृत्तिका कारण पनि लघुवित्त वित्तीय संस्थाप्रतिको आकर्षण घटेको हो । अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षणमा ४३ लाख नेपाली विदेशमा काम गरिरहेको तथ्याङ्क उल्लेख छ । कूल गार्हस्थ्य उत्पादनको २५ प्रतिशत बराबर विप्रेषण भित्रिरहेको र सर्वसाधारण यसबाट लाभान्वित भईरहेका कारण लघुवित्त वित्तीय संस्थाहरूमा हिजोको जस्तो आज भर पर्नुपर्ने अवस्था छैन ।

२४. दशौं, सन् २००८ को वित्तीय सङ्कटपछि लघुकर्जाभन्दा विश्वको ध्यान वित्तीय पहुँच विस्तारतर्फ मोडिएका कारण लघुवित्त वित्तीय संस्थाहरूप्रतिको आर्कषण घट्न थालेको हो । वित्तीय पहुँच विस्तारको लागि वित्तीय प्रविधि (फिनटेक) लाई विश्वव्यापी रूपमा महत्व दिन थालिएको छ । एजेन्ट बैंकिङ, मोवाइल बैकिङ तथा इन्टरनेट अर्थात डिजिटल बैंकिङमार्फत वित्तीय पहुँच विस्तार गर्ने रणनीति हाल अवलम्बन गरिएको छ । यसै सन्दर्भमा एलाइन्स फर फाईनान्सियल इन्क्यूलजन - "आफीले" वित्तीय प्रविधिमा आधारित वित्तीय समावेशी मुद्दा सम्बोधन गर्ने रणनीतिलाई महत्व दिँदै आएको छ । लघुवित्त वित्तीय संस्था तथा लघुकर्जा कार्यक्रमलाई सहयोग गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाको अभावका कारण लघुवित्तमा माहोल नदेखिएको हो ।

## लघुवित्तको माहोल सुधार्ने उपाय

२५. लघुवित्त वित्तीय क्षेत्रमा माहोल सुधार्ने पहिलो उपाय यस क्षेत्रका लागि लागिपर्ने सामाजिक अभियन्ताको विकास हो । केही प्रतिष्ठित

व्यक्तिहरू लाग्नु नै पर्छ। यस्ता प्रतिष्ठित व्यक्तिका सुझाव सरकार र राष्ट्र बैंकले सुन्नुपर्छ।

२६. दोस्रोउपाय, लघुवित्त वित्तीय संस्थाहरूलाई पुनर्कर्जा उपलब्ध गराउने हुनसक्छ । भारतमा नार्वाडजस्तो बलियो संस्था छ, नेपालमा छैन । सरकारले कतिपय अवस्थामा खर्च गर्न नसकेको वित्तीय स्रोत राष्ट्र बैंकमा थुप्रिन्छ, भारतमा नार्वाड संस्थाजस्तो ग्रामीण क्षेत्रमा प्रवाह गर्ने संयन्त्र नेपालमा छैन। २०७६ पुष मसान्तसम्म राष्ट्र बैंकको ढुकुटीमा खर्च हुन नसकेको रकम रू २४१ अर्ब ७७ करोड रहेको तथ्याङ्क राष्ट्र बैंकले सार्वजनिक गरेको छ । स्थानीय तहको वाणिज्य बैंकहरूमा रहेको निक्षेप रू. ५८ अर्ब ४५करोड समेत जोड्दा खर्च हुन नसकेको सरकारी रकम रू. ३०० अर्ब २२ करोड रहेको तथ्याङ्क राष्ट्र बैंकको मासिक प्रतिवेदनमा उल्लेख छ।

> राष्ट्र बैंकको स्थापनासँगै लघुवित्त सम्बन्धी थुप्रै उपायहरु अवलम्बन गरिए । केही कालखण्डमा ती उपायहरु प्रभावकारी जस्तो देखिए पनि दिगो हुन सकेनन् । अहिले लघुकर्जाको महत्वलाई नजरअन्दाज गरिएको छ । विश्वको ध्यान परम्परागत वित्तीय संस्थाहरुमार्फत वित्तीय पहुँच विस्तार गर्नेमा छ ।

२७. तेस्रो उपाय, लघुवित्त वित्तीय संस्थाहरूले प्रदान गर्ने कर्जामा ब्याज अनुदान व्यवस्था हुन सक्छ। सहुलियतपूर्ण कर्जाको लागि ५ प्रतिशत ब्याज अनुदान दिने व्यवस्था जस्तै लघुवित्त वित्तीय संस्थाहरूले प्रदान गर्ने कर्जामा पनि त्यही अनुसार ब्याज अनुदान दिने व्यवस्था भए सर्वसाधारण नागरिकलाई राहत पुग्न जान्छ। अहिले ग्रामीण क्षेत्रका वासिन्दा ऋणमा डुबेका छन्। उनीहरूको गरिबी लघुवित्त वित्तीय संस्थाहरूले बढाएको जस्तो पनि देखिन्छ।

२८. चौथो, उपाय लघुवित्त वित्तीय संस्थाहरूले उपलब्ध गराउने कर्जा तथा वित्तलाई ब्लेण्डेड फाइनान्सको रूपमा विकसित गरिनु हुन सक्छ। राष्ट्र बैंकले विपन्न वर्ग कर्जा अनुपातको व्यवस्था गरेझैं सरकारले वजेट विनियोजन गर्नुपर्दछ।

२९. पाँचौ उपाय, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत परिचालित वित्तीय स्रोत लघुवित्तको लागि प्रयोग गर्ने व्यवस्था हुनसक्छ। राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई अनिवार्य रूपमा आफ्नो खुद मूनाफाको १ प्रतिशत सामाजिक उत्तरदायित्व कोषमा राख्नुपर्ने व्यवस्था गरेको छ । यसरी सङ्कलित कोषबाट लघुवित्त वित्तीय संस्थाहरूलाई पुनरकर्जा दिने व्यवस्था गरिदा लघुवित्त क्षेत्रको माहोल सुधार्नमा सहयोग पुग्न जान्छ।

३० छोटकरीमा भन्नुपर्दा सीमित ग्राहकहरूमा कर्जाको दोहोरोपन देखिएको, लाभग्राही जनताको माथिल्लो आय समूहमा स्तरोन्नति नभएको, ग्रामीण गरिब जनता माथि ऋणको बोझ बढाएको, ग्राहकहरू अप्ठेरो अवस्थामा रहँदा प्रपञ्च रचेर उनीहरूको जायजेथा लिलामी गर्न अवस्था देखिएको, सडक तथा प्रविधिमा सुधार आएको पृष्ठभूमिमा पनि चर्को ब्याज असुलेको र यही कारणले कुस्त नाफा कमाउन तल्लीन रहेकोजस्ता आरोप खेप्नुपरेका कारण पनि लघुवित्त वित्तीय संस्थाहरूलाई कर्के नजरल हेर्न थालिएको हो। यी सङ्घीन आरोपबाट लघुवित्त वित्तीय संस्थाहरू मुक्त हुनैपर्छ । अनि मात्र उनीहरूप्रतिको माहोलमा सुधार आउन सक्छ।

## निष्कर्ष

३१. राष्ट्र बैंकको स्थापनासँगै लघुवित्त सम्बन्धी थुप्रै उपायहरू अवलम्बन गरिए। केही कालखण्डमा ती उपायहरू प्रभावकारी जस्तो देखिए पनि दिगो हुन सकेनन्। अहिले लघुकर्जाको महत्वलाई नजरअन्दाज गरिएको छ। विश्वको ध्यान परम्परागत वित्तीय संस्थाहरूमार्फत वित्तीय पहुँच विस्तार गर्नेमा छ। यही क्रममा लघुवित्त वित्तीय सेवा पुऱ्याउने सवालमा नीति निर्माताको ध्यान वाणिज्य बैंकहरूतर्फ मोडिएको छ। सरकारले ५ % ब्याज अनुदानसहित लागु गरेको ९ वटा सहुलियतपूर्ण कर्जा कार्यक्रममध्ये कृषि तथा पशुपंक्षीबाहेक अन्य कार्यक्रमहरू प्रभावकारी देखिदैनन्। वाणिज्य बैकहरूको माध्यमबाट विगतमा अभ्यास गरिएका कार्यक्रमहरू दिगो रहन नसकेको पृष्ठभूमिमा हाल लागू गरिएका कर्जा कार्यक्रमहरूले लघुवित्तलाई कति उचाइमा पुऱ्याउने छन्, हेर्न समय कुर्नुपर्ने हुन्छ। लघुवित्त वित्तीय संस्थाहरूलाई गुञ्जायमान गराउन नीतिगत पहलकदमीको पनि खाँचो देखिन्छ।

# नेपालमा लघुवित्त : गरिबी निवारणको सशक्त माध्यम



✍ डा. वेदराज आचार्य*

नेपाल सरकारको तथ्याङ्कले देखाएअनुसार गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८.७ प्रतिशत र बहुआयामिक गरिबीको सूचकाङ्क २८.६ प्रतिशत छ (रा.यो.आ.२०७६) । तर सन् २०१९ को The World Bank Report ले नेपालमा निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या ३२ प्रतिशत रहेको उल्लेख गरेको छ । नेपालको बहुआयामिक गरिबी न्यूनिकरण निश्चय नै चुनौतीपूर्ण छ ।

आय र धनको असमान वितरण, आर्थिक अवसरहरूको न्यूनता, सुशासनको अभाव र औद्योगीकरणको गतिहीनताजस्ता यथार्थले गरिबीको अवस्थालाई आशातीत रूपमा घटाउन सकेको छैन । गरिबी निवारणको प्रभावकारी अस्त्र प्रत्यक्ष बैदेशिक लगानी नै हो जसले पर्याप्त रोजगारीका अवसरहरू उपलब्ध गराउँछ । यसबाट स्वरोजगारमा समेत उल्लेख्य वृद्धि हुन गई अर्थतन्त्रका आधारहरू उत्पादन, उपभोग, वितरण र लगानीबिच समन्वय गर्दै अर्थतन्त्रमा गतिशीलता ल्याई गरिबी निवारण गर्न प्रत्यक्ष सघाउ पुग्नजान्छ ।

> नेपालमा लघुकर्जाको थालनी अप्रत्यक्ष रूपमा सन् १९५० को दशकबाट भएको पाइन्छ । भूमिसुधार कार्यक्रम वि.स. २०२१ ले छोटो समयका लागि कार्यान्वयनमा ल्याएको अनिवार्य बचत पनि किसानहरूलाई हिस्सेदार बनाई उनीहरूका लागि नै कृषि ऋण उपलब्ध गराई साहुमहाजनको चर्को ब्याजदरबाट छुटकारा दिलाउने मुख्य उद्देश्यका साथ आएको थियो । बचतको हिनामिना तथा प्रभावकारी कार्यान्वयनको अभावले अनिवार्य बचत सङ्कलन गर्ने कार्य पनि स्थगित गरियो ।

नेपालसँगै विकासको यात्रा प्रारंभ गरेको केही एशियाली मुलुकले आर्थिक विकासको क्षेत्रमा ठूलो फड्को मारेका छन् । यी मध्येकै ४ देशले Four Tigers of Economic Development को संज्ञा पाएका छन् । नेपालको सन्दर्भमा भने ६ दशक लामो योजनाबद्ध आर्थिक विकासको प्रयास र पन्ध्रौं योजनाको कार्यान्वयनको चरणसम्म आईपुग्दासम्म पनि उल्लेख्य प्रतिफल प्राप्त हुन सकेको छैन । कतिपय क्षेत्रमा हामी अझै विकास नीतिको प्रयोगमा नै सीमित छौं । हाम्रो अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्र सङ्कटग्रस्त छ । बढ्दो खाद्यान्न आयात, तीव्र रूपमा बढ्ने व्यापार घाटा, अस्थिर विप्रेषण नगदेवालीको बिक्रीमा देखापरेका समस्याहरू, नयाँ बिउविजनको परीक्षणबाट पीडित किसानहरू, त्यसवापत क्षतिपूर्ति पाउन भइरहेको प्रयासजस्ता श्रृङ्खलाबद्ध समस्याहरूबाट उन्मुक्ति निकै चुनौतीपूर्ण देखिन्छ ।

ठूलो सङ्ख्यामा रोजगारीका अवसरहरू उपलब्ध गराउने उद्योग क्षेत्र पनि हाल थला परेको अवस्थामा छ । वि.सं. १९९३ देखि सुरु भएको औद्योगिक विकासको यात्रा पनि इतिहासका पानामा मात्र सीमित हुनपुगेको छ । सशस्त्रद्वन्द्वको एक दशक र त्यसपछिका बर्षहरूमा औद्योगिक लगानीतर्फ आकर्षण देखिएको छैन । हालका बर्षहरूमा प्रत्यक्ष वैदेशिक लगानीलाई सरकारले निकै ठूलो आशाको मुद्दा बनाएर प्रचारगरेको भए पनि ठूलो परिमाणमा त्यस्तो स्रोत भित्रिन नसकेको तथ्याङ्क छर्लङ्ग छ ।

उपरोक्त पृष्ठभूमिको आधारमा भन्नुपर्दा वर्तमान अवस्थामा लघुवित्त नै हाम्रो अर्थतन्त्रको यथार्थता हो । जसबाट हामीले राष्ट्रको कृषिजन्य बस्तुहरूको आवश्यकता धेरै हदसम्म परिपूर्ति गर्न सक्दछौं । कृषि उपजहरूको आयात प्रतिस्थापन गर्न सकेमा पनि अर्थतन्त्रमा ठूलो टेवा पुग्न जान्छ ।

नेपालमा लघुकर्जाको थालनी अप्रत्यक्ष रूपमा सन् १९५० को दशकबाट भएको पाइन्छ । भूमिसुधार कार्यक्रम वि.स. २०२१ ले छोटो समयका लागि कार्यान्वयनमा ल्याएको अनिवार्य बचत पनि किसानहरूलाई हिस्सेदार बनाई उनीहरूका लागि नै कृषि ऋण उपलब्ध गराई साहुमहाजनको चर्को ब्याजदरबाट छुटकारा दिलाउने मुख्य उद्देश्यका साथ आएको थियो । बचतको हिनामिना तथा प्रभावकारी कार्यान्वयनको अभावले अनिवार्य बचत सङ्कलन गर्ने कार्य पनि स्थगित गरियो । बचत सङ्कलन गर्ने बचत संस्थालाई नै परिमार्जन गरी कृषि विकास बैंकको रूप दिइयो ।

औपचारिक लघुवित्त कार्यक्रमको व्यवस्थित शुरुवात भने सन् १९७३ मा कृषि विकास बैंकले साना किसान विकास कार्यक्रममार्फत गरेको हो । शुरुमा एषियत एचयवभअत को रूपमा धनुषा र नुवाकोट जिल्लाबाट थालनी गरिएको यो कार्यक्रमले छोटो अवधिमा नै सफलता हासिल गऱ्यो । यस कार्यक्रमले ऋण प्रवाहका साथै अन्य पूरक सेवाहरू प्रदान गरी मोही, कृषि मजदुर, सीमान्त कृषकहरू तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने आर्थिक र सामाजिक रूपमा पछाडि परेका व्यक्तिहरूलाई समेट्दै आर्थिक गतिविधिमा संलग्न बनाउन ठूलो मद्दत पुऱ्यायो । त्यसरी नै वाणिज्य बैंकहरूले प्राथमिकता क्षेत्र कर्जा, विपन्न वर्ग कर्जा तथा अन्य विना धितो कर्जाका कार्यक्रमहरू पनि सञ्चालनमा ल्याएका थिए तर ती कार्यक्रमहरूको उल्लेखनीय उपलब्धि भने देख्न पाइएन ।

लघुवित्त सेवालाई विशिष्टिकृत रूपमा सञ्चालन गर्न वंगलादेशको ग्रामीण बैंकको ढाँचालाई अनुशरण गर्दै सन् १९९२ मा नेपालमा पनि ग्रामीण विकास बैंकको स्थापना गरियो । यस बैंकले आफ्नो प्रारम्भिक

* प्राध्यापक, अर्थशास्त्र, त्रिभुवन विश्वविद्यालय

चरणमा ग्रामीण क्षेत्रमा वित्तीय पहुँच र ग्रामीण अर्थतन्त्रलाई चलायमान गराई आर्थिक क्रियाकलापमा महत्वपूर्ण योगदान पुऱ्यायो । विपन्न वर्गको आर्थिक उत्थान, स्थानीय साधन र स्रोतको परिचालन, अनुत्पादित वस्तुहरूलाई उत्पादनशील बनाई स्थानीय व्यक्तिको आवश्यकताको परि पूर्ति, ग्रामीण र शहरी अर्थतन्त्र जोड्ने कडीको रूपमा समन्वय, कृषि प्रणालीमा व्यावसायीकरण र उत्पादन माग र आपूर्तिको क्षेत्रमा नयाँ आयाम थप्न यो प्रयास सफल भयो ।

वि.सं. २०६० को दशकमा लघुवित्त वित्तीय संस्था खुल्ने होडवाजी नै चल्यो । निजी क्षेत्रमा स्थापित यी वित्तीय संस्थाहरूसँग देशका ५ वटा विकास क्षेत्रमा खुलेका ग्रामीण विकास बैंकहरूले व्यवस्थापकीय प्रतिस्पर्धा गर्न सकेनन् । परिणामत : यी ५ बैंकहरूलाई गाभी एउटै ग्रामीण विकास बैंक बनाइयो र धेरै शेयर पनि निजी क्षेत्रलाई बिक्री गरियो । यस किसिमले ग्रामीण क्षेत्रको विकास र समृद्धिको दर्शन बोकेको यो बैंक समयक्रममा आफैं किनारा लाग्न पुग्यो ।

हाल देशमा झण्डै ९० वटा लघुवित्त वित्तीय संस्थाहरू सञ्चालनमा छन् । गाभिने र प्राप्ति गर्ने क्रम पनि चल्दै छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न वर्गका व्यक्तिहरू विशेष गरी महिलाले पर्याप्त मात्रामा लघुवित्त सेवाको उपभोग गर्न पाएका छैनन् । लक्षित बर्गको झण्डै २५ पतिशत जनता माझ मात्र यो सेवाको पहुँच छ । बाँकी जनतासमक्ष लघुवित्त सेवा पुग्नसकेको छैन ।

### नेपालमा लघुवित्त सेवामा देखापरेका समस्याहरू:

- मागको अनुपातमा सेवाको न्यून आपूर्ति
- लघुवित्त वित्तीय संस्थाबिच अस्वस्थ्य प्रतिष्पर्धा
- धेरैवटा वित्तीय संस्थाका ऋणीहरू एउटै हुनु
- कर्जालाई उत्पादनमूलक कार्यमाभन्दा उपभोगमा खर्च गरिनु
- बसाइँ सराई
- ऋण भुक्तानीतर्फ सम्वेदनशील नहुनु
- परियोजना र व्यवसायलाई उत्प्रेरणा जगाउने खालका कर्मचारीहरू पर्याप्त नहुनु
- व्यवसाय सञ्चालनको लागि अपुग ऋण प्रवाह
- ऋण लगानीमा वाणिज्य बैंकहरू, विकास बैंकहरू र वित्तीय कम्पनीहरूसँगको प्रतिष्पर्धामा पछाडी पर्नु ।

### समाधानका उपायहरू :

- लघुवित्त वित्तीय संस्थाहरूले जिल्ला सदरमुकाम गाउँ तथा नगरपालिकाका कार्यालयहरू रहेका स्थानमा विशेष गरी हरियो सागपात र दुग्धजन्य व्यवसायहरूलाई बढावा दिन सोही अनुरूप लगानी केन्द्रित गर्नुपर्ने
- ग्रामीण क्षेत्रमा कुखुरापालन, बाख्रापालन, बङ्गुरपालनजस्ता कार्यक्रमहरूमा जोड दिने ।
- नगरउन्मुख स्थानहरूमा सेवा व्यवसायलाई प्रोत्साहन गर्ने ।
- महानगर, उपमहानगर र नगरपालिका वरपरका बस्तीहरूका विपन्न वर्गका व्यक्तिलाई उनीहरूले उत्पादन गरेका वस्तुहरू खरिदका लागि ठूला होटल तथा व्यापारीहरूबिच लघुवित्त वित्तीय संस्थाले मध्यस्थता गरिदिनु पर्ने ।
- नयाँ नयाँ पर्यटकस्थल त्यहाँ सञ्चालन हुने ज्फभ क्तबथ आदिसँग समन्वय गरी उत्पादित बस्तुहरूको बिक्री वितरणमा संघाउ पुऱ्याउने भूमिका खेल्नुपर्ने ।
- बाँझो र पर्ति जग्गामा करार खेतीको विकास गरी स्थानीय पालिकासँग समन्वय गरी कृषिजन्य उत्पादन बढाउन विज्ञमार्फत लघुवित्त वित्तीय संस्थाले भूमिका खेल्नुपर्ने ।

सङ्क्षेपमा भन्नुपर्दा लघुवित्त वित्तीय संस्थाहरूले लगानी गर्ने र असुली गर्ने काममा मात्र आफ्नो भूमिकालाई सीमित नराखी व्यवसायको सम्भाव्यता, दिगोपन, उत्पादनमा वृद्धि र संलग्न सदस्यहरूलाई आत्मनिर्भर बनाउनेतर्फ पनि सक्रियता देखाउन सक्नुपर्दछ ।

## References


- राष्ट्रिय योजना आयोग (वि.सं. २०७६),पन्धौं योजनाको आधारपत्र, काठमाण्डौः रा.यो.आ.
- The World Bank (2019).The changing nature of work, The world Bank Report 2019. Washington D.C..

# ACCESS TO FINANCE IN NEPAL: PAST, PRESENT AND FUTURE



Nara Hari Dhakal, Ph. D.[1]

## Abstract

Through Nepal has made notable progress on access to finance in the recent years, there is still a lot to do for meeting the financial need and demand of large number of unbanked and under-banked population by promoting financial services to those excluded due to technical and geographical barriers. Nepal need to realize its current potentials, and start/follow up on efforts towards design of tailored products and technological embracement without further delay to address the challenges inherent to prevailing financial exclusion in inaccessible remote areas and those excluded due to technical reasons in accessible areas.

There are six policy solutions having particular importance to promote access to finance namely: (i) agent banking, (ii) mobile banking, (iii) diversification of service providers, (iv) reform of public banks, (v) financial identity, and (vi) consumer protection. Technological advances allow services to be delivered to more people in more places and at lower transaction cost. Models that the banking sector can use to expand financial access include retail banking, wholesale banking in partnership with MFIs, and franchise or agent banking.

Future work tcregulatory impediments and minimizing usage barriers such as stringent collateral requirements, high cost of usage (due to branches being in distant locations) and a generic product offering-consumer need mismatch among others.

## INTRODUCTION

Access to finance remained to be one of the priorities of the regulators and policy makers globally over the last two decades. It is a concept of easy, frequent and sustainable reach of individuals for regular financial activities from the formal financial institutions. Sustainable access to finance requires that people are satisfied, convinced and well-facilitated if their financial needs are met from these financial institutions. This implies that access to finance is a process of retention of financial service users in the financial institutions rather than a single time and occasional availability of such services. Other things remaining the same, access to finance influences financial well-being of people in general and low income people in particular. Access to finance is strongly associated with poverty reduction worldwide (World Bank, 2008).

Access to finance has far reaching implication for promoting inclusive and broad based economic growth. Beyond the potential of being able to uplift the financially under-served poor from the endless cycle of poverty, quality access to finance will contribute on greater social and economic stability. All economic activities and segments of the society have access to formal financial services with ease and affordable costs to ensure development at full potentials. Access to finance covers several dimensions of financial services, including savings, credit, insurance, payments, money transfer, and financial education. Promoting access to finance is not only a process of expanding financial sector but an engine of driving broad-based and inclusive economic growth. It is a growing strategy and concern globally and more so in underdeveloped and developing countries.

A number of access to finance related policy initiatives are underway both as short and long-term development strategy, including graduation from least developed countries (LDCs) and fulfilling Government of Nepal

1 Executive Director, Centre for Empowerment and Development (CED) Nepal and expert on banking, finance, and agriculture enterprise development

(GON)'s commitment to Sustainable Development Goals (SDGs). Nepal Rastra Bank (NRB) Strategic Plans and monetary policy of different years have accorded top priority on enhancing access to finance for the poor and disadvantaged groups.

Increasing growth of formal financial institutions and cooperatives normally shows increasing trend on access to finance. However, there is still a doubtful situation of multiple financing (NRB, 2014) and duplication of deposit accounts (CGAP, 2006), and a significant numbers of people are excluded from formal financial institutions. The distribution of the financial institutions is unequal with more concentration in urban areas than the rural areas and in Terai and accessible hills compared to inaccessible hills and mountains.

Access to bank account in formal financial institution is often regarded as proxy of access to finance, but it should be recognized that access to finance is not about just having a bank account, but it is about convenience and safety of account and whether these services are fairly priced, meet their needs, and are offered by a solid institution that will be around over the long time horizon to assist its customers manage their financial lives (CGAP, 2006). Financial literacy of individuals increases the likelihood of access to sustainable finance for identifying and consuming appropriate financial services competitively. The consumption of financial services is sustainable when the consumers are financially aware, skilled and capable enough.

## POLICY FRAMEWORK ON ACCESS TO FINANCE

Promoting access to finance to all remained the issue of political, policy and academic debate in Nepal. GON has accorded higher priority on promoting access to finance through series of targeted plans, programmes and interventions.

GON and NRB have accorded due emphasis to promote access to finance. Initiatives are taken through regulatory and supervision mechanism as well as monetary and fiscal policy instruments. GON currently reinforced its efforts to develop financial sector under the framework of Financial Sector Development Strategy (FSDS).[2] At the same time with the support of United Nations Capital Development Fund (UNCDF), GON has brought forward Nepal Financial Inclusion Strategies and Financial Inclusion Action Plan (FIAP) under its Making Access Possible (MAP). While FSDS covers a five year period, 2016-17 to 2020-21 while FIAP for a much longer period of 2017-2030 with initial year of overlaps. At present, Nepal's commitment to access to finance has been guided by FSDS and FIAP

Similarly, the budget for FY 2018/19 aims to launch an ambitious campaign of opening bank accounts for every Nepali citizen within a year. The collection of government revenue and payment of expenditure is being undertaken through electronic payment system from 2018/19 onwards. Overall objective of entire efforts has been expanding access to finance.

NRB in coordination with the GON is actively engaged in expanding access to finance through different strategies such as (i) diversification of service delivery methodologies, (ii) requirement for BFIs to allocate a certain proportion of their credit for investment in productive sector, (iii) direct financial support to BFIs to operate branch offices in areas with very few banking units, (iv) special refinancing facilities to BFIs to extend loans to agriculture and small business-based income generating activities in poorer areas, (v) special refinance facility to cottage and small industries, (vi) directives on consumer protection, (vii) branchless banking, (viii) mobile banking services, (ix) creating a separate Client Protection Fund (1% of their net profit and 25% of dividends if the dividend distribution exceeds 20% of a BFI's profits), (xi) campaign for ensuring that each household has at least one bank account and (xii) financial literacy campaign.[3] In addition, notable innovations and developments in access to finance landscape specifically in the use of mobile phone technology has been started to roll out access to financial services.

Other policy initiatives includes at least one commercial bank branch in all local level, encouragement in bank

2 FSDS is a programme of the GON formulated under the aegis of World Bank and its implementation supported by a secretariat contracted to an international management services firm.

3 Nepal Rastra Bank, Monetary Policy 2018/19 and 2019/20. Kathmandu, Nepal.

branches expansion policy with incentive of interest free loan for branch expansion in remote areas, financial literacy program under corporate social responsibility (CSR), NRB with students' to promote access to finance, directed lending policies and E-mapping.

NRB's Strategic Plan (2017-2021) addresses the issue of financial sector stability as one of its seven strategic pillars. The plan identifies enhancing access to finance as a strategic priority under financial sector stability. Similarly, Monetary Policy, 2018/19 focused on deepening access to finance through enhancing financial literacy. The Banks and Financial Institutions Act, 2006 first amendment 2017 governs all activities of BFIs, and provides direction on advancing access to finance. The Deprived Sector lending policy of the NRB has made it compulsory for financial institutions of Classes A, B and C to allocate 5% of their loan portfolio to deprived sector thereby facilitating credit access for underserved and low income population. Further there is a policy provision that at least 25% total credit on priority sector, of which at least 15% total credit on agriculture sector. These directed credits are pegged with refinance facility as at 3% interest rate for general refinance, at 1% interest rate for special refinance, and at 3% interest rate for SMEs refinance.

Some Policy Initiatives for SMEs Financing includes creation of Challenge Fund (seed capital) in current FY (2019/20) budget speech, SMEs Development Fund at Ministry of Industry, the NRB's concessional interest rate policy, not exceeding 2 percent above base rates of banks, for SMEs financing. The banks are required to establish a separate SME Desk, refinance facility for SME financing as discussed above, priority (agriculture, tourism and energy) sector and deprived sector lending, credit guarantee/ insurance and cooperative financing. All these measures have implication to promote access to finance.

## CURRENT STATE OF ACCESS TO FINANCE

Size of bank credit is 85 percent of GDP (US$ 31 billion) and all four categories (class A, B, C and D) of BFIs and cooperatives engaged to promote access to finance. Less than 7% of the total credit is allocated in agricultural sector while a large proportion of credit is allocated to term, overdraft, real estate and real estate.

Credit outreach to economically backward sectors and people is about 1.4 million credit account compared to 18 million deposit account, expanding credit to priority (productive) sectors is very low and much below the target. Only 16% credit through banks are extended to MSMEs. Weak demand side such as inadequate infrastructure, lack of support services for business/entrepreneurship, and low level of financial literacy are critical issues affective demand side.

About 270 thousand registered SMEs as defined in terms of fixed capital investment exist and they contribute 22 percent to the national economy. Despite that fiscal policy, monetary policy, and long-term plans had given top priority to SMEs sector, SMEs financing is largely confined to self-mobilization, including inertial property, borrowing from landlords, money lenders, etc. A recent study (NRB, 2019) show that only 16 percent of SMEs investment is through bank financing, and there are only 50 percent of SMEs obtaining credit from banks.

## PROGRESS ON ACCESS TO FINANCE

### State of use of financial services:

There are different sources that have computed access to finance in Nepal using different indicators. According to the late-2014 survey of financial inclusion commissioned by UNCDF using the FinScope methodology (Figure 1), 40% of adults are formally banked, while 21% use only informal channels and 18% remain financially excluded.[4]

4 The survey conducted in late 2014 adopting globally recognized FinScope methodology is based on 4,014 samples of adult population, aged 18 years and above, across 70 districts representing Terai, hills and mountain under the UNCDF's MAP programme in Nepal.

**Figure 1: Findings of Financial Inclusion: Finscope 2014 – formally served**






**Figure 2: Findings of Findex – accounts (age 15 years+) 2011, 2014 and 2017**




Similarly, according to World Bank (2015),[5] 25.3% of adults in Nepal held an account at a formal financial institution in 2011. However, the 2014 Findex data (World Bank) suggests that 33.8% of adults (age of 15+) had bank accounts in Nepal in 2014, 6.7% had debit cards, and the ATM was the principal mode of withdrawal for 13.9% of adults (Figure 2).[6] This figure is 45% in 2017.

Though there are clearly some differences between the various sources of information with respect to indicators of access to finance, the underlying theme is that large parts of Nepalese population are still excluded from formal financial sector. The services of a majority of BFIs are clustered around accessible urban and semi-urban areas while rural areas and some provinces face substantial challenges of access. As formal financial services in Nepal have not been very successful in reaching the poor, marginalized and deprived segments of the population, the overriding issue in access to finance is how to enable outreach to this segment of the population.

The World Economic Forum's Global Competitiveness Report (2016) ranked Nepal 65 out of 138 economies in terms of ease or borrowing and 84 with respect to the affordability of financial services.[7]

## Presence of Commercial Banks in Local Levels:

The government announced to have commercial bank's branches in each of the 753 local levels in the fiscal policy of 2017/18. As of September 2019, commercial banks reach 739 local levels; all the local level of province 5 has presence of bank branches. There are 14 local levels still devoid of commercial bank branches. Likewise, Sudur Pashchim state has yet six places where the banks have to reach.

As per the latest report, access to finance has increased as compared to previous year. As of November 2019, the total number of BFIs stands at 167 and the number of branches of the financial institutions were 9,223. The BFIs are now providing services to 3,210 people per branches on average.

5 World Bank. 2015. "Global Financial Development Report 2015/16: Long-term Finance. Washington, D. C.: World Bank.

6 Demirguc-Kunt, Asli, Lora Klapper, Dorothe Singer, and Peter Van Oudheusden. 2015. "The Global Findex Database 2014: Measuring Financial Inclusion Around the World" Policy Research Working Paper , WPS7255, World Bank.

**Table 1: Distribution of Commercial Bank Branches in Local Level by Province**

| Provinces | Local levels (No) | Local levels with Commercial Banks Branches (No) as of | | Local levels without commercial bank branches |
|---|---|---|---|---|
| | | July 16, 2018 | Sept. 30, 2019 | |
| Province 1 | 137 | 112 | 136 | 1 |
| Province 2 | 136 | 122 | 134 | 2 |
| Bagmati | 119 | 107 | 117 | 2 |
| Gandaki Province | 85 | 74 | 84 | 1 |
| Province 5 | 109 | 99 | 109 | 0 |
| Karnali province | 79 | 54 | 77 | 2 |
| Sudur Pashchim Province | 88 | 63 | 82 | 6 |
| Total | 753 | 631 | 739 | 14 |

*Source: Nepal Rastra Bank*

**Table 2: Distribution of Banks and Financial Institutions Branches by State**

| Provinces | Total BFI branches | | | | | | Total Population | Population Per Branch Office | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Class A | Class B | Class C | Class D | Total (A+B+C) | Total (A+B+C+D) | | Total (A+B+C) | Total (A+B+C+D) |
| Province 1 | 643 | 174 | 38 | 653 | 855 | 1,508 | 5,068,144 | 5,928 | 3,361 |
| Province 2 | 462 | 97 | 28 | 707 | 587 | 1,294 | 6,039,543 | 10,289 | 4,667 |
| Bagmati | 1,367 | 343 | 87 | 576 | 1,797 | 2,373 | 6,179,583 | 3,439 | 2,604 |
| Gandaki Province | 466 | 242 | 29 | 509 | 737 | 1,246 | 2,686,381 | 3,645 | 2,156 |
| Province 5 | 563 | 325 | 31 | 846 | 919 | 1,765 | 5,028,279 | 5,471 | 2,849 |
| Karnali province | 167 | 20 | 4 | 173 | 191 | 364 | 1,755,062 | 9,189 | 4,822 |
| Sudur Pashchim Province | 267 | 72 | 3 | 331 | 342 | 673 | 2,852,632 | 8,341 | 4,239 |
| Total | 3,935 | 1,273 | 220 | 3,795 | 5,428 | 9,223 | 29,609,624 | 5,455 | 3,210 |

*Source: Nepal Rastra Bank, "Monthly Statistics of Banks and Financial Institutions" Mid November 2019 (Kartik 2076)*

## Use of Banking Services:

The use of banking services has increased substantially. As of mid-November 2019, deposit accounts reached to 29,269,631 and loan accounts to 1,456,410. The mobile banking users, internet banking users and branchless banking users have been expanded to reach 180,205, 9,099,732 and 928,709 respectively. Similarly, the number of ATMs has reached to 3,520. The debit card and credit card users stand at 6,819,602 and 137,656.

The foregoing discussion reveals that there has been notable progress on expansion of banking infrastructure and basic financial services. However, services of the formal financial institution such as commercial banks has been refrain from serving low income individuals and small and micro-enterprises because of relatively higher cost of small transactions, lack of physical collateral and geographical constraints. Ensuring increased reach to low cost and relevant risk management products such as savings, credit, payment and insurance has remained to be a challenge. The situation has been aggravated due to prevailing daunting challenges relating to low financial literacy, insufficient infrastructural facilities coupled with inadequate technology-based facilities by financial institutions.

The advancement in information technologies offers new opportunities to enhance access to finance. However, there are number of challenges and this call for financial awareness and literacy to a larger degree. Consumers have to be fully informed of the costs and risks of financial products that are offered.

In view of above, major challenges on access to finance includes inadequate physical infrastructure accompanied by difficult topography, inadequate financial literacy and limited use of FinTech, while those for MSMEs finance are related to limited access to finance, insufficient entrepreneurship and professionalism, issues inherent to procedure and interest rate in credit and non-existence of equity financing.

**Table 3: Status of Financial Access in Nepal**

| S.N. | Indicators of Financial Access | Unit | As of Mid July | | | | | | Mid-Nov. 2019 |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | 2014 | 2015 | 2016 | 2017 | 2018 | 2019 | |
| **BFI Branches** | | | | | | | | | |
| 1 | Commercial Banks | No | 1,547 | 1,672 | 1,869 | 2,274 | 3,023 | 3,585 | 3,935 |
| 2 | Development Banks | No | 818 | 808 | 852 | 769 | 993 | 1,267 | 1,273 |
| 3 | Finance companies | No | 239 | 242 | 175 | 130 | 186 | 205 | 220 |
| **Outreach of Financial Services** | | | | | | | | | |
| 1 | Deposit Accounts | No | 13,129,574 | 14,934,618 | 16,836,017 | 19,677,005 | 23,544,859 | 27,866,505 | 29,269,631 |
| 2 | Loan Accounts | No | 940,005 | 1,033,383 | 1,096,570 | 1,216,091 | 1,301,010 | 1,439,648 | 1,456,410 |
| 3 | Branchless Banking Center | No | 504 | 504 | 812 | 1,008 | 1,285 | 1,530 | 1,559 |
| 4 | Mobile Banking Service Users | No | 768,424 | 1,068,303 | 1,754,566 | 2,669,732 | 5,086,069 | 8,347,187 | 9,099,732 |
| 5 | Internet banking service users | No | 328,434 | 415,462 | 515,465 | 783,751 | 834,302 | 917,344 | 928,709 |
| 6 | ATMs | No | 1,652 | 1,721 | 1,908 | 2,081 | 2,791 | 3,316 | 3,520 |
| 7 | Debit cards | No | 3,988,779 | 4,531,787 | 4,512,979 | 4,980,958 | 5,544,253 | 6,708,521 | 6,819,602 |
| 8 | Credit cards | No | 57,898 | 43,895 | 52,014 | 68,966 | 104,721 | 123,146 | 137,656 |
| **Indicators of financial access** | | | | | | | | | |
| 1 | Population per Branch of banks | No | 7,666 | 7,206 | 6,562 | 5,610 | 4,334 | 3,363 | 3,210 |
| 2 | Deposit account per 100,000 of adult population | No | 73,553 | 82,510 | 91,747 | 105,790 | 81,701 | 96,697 | 101,566 |
| 3 | ATMs per 100,000 of adult population | No | 9 | 10 | 10 | 11 | 10 | 12 | 13 |
| 4 | Branches per 100,000 of adult population | No | 15 | 15 | 16 | 17 | 15 | 18 | 19 |
| 5 | Debit Card per 100,000 of Adult population | No | 22,346 | 25,037 | 24,593 | 26,779 | 19,239 | 23,279 | 23,665 |
| 6 | Credit card per 100,000 of Adult population | No | 324 | 243 | 283 | 371 | 363 | 427 | 477 |

*Source: Nepal Rastra Bank, "Monthly Statistics of Banks and Financial Institutions" Mid November 2019 (Kartik 2076)*

## FUTURE DIRECTION FOR ACCESS TO FINANCE

Considering the multi-faced potentials of access to finance for increased broad based and inclusive economic growth and development, promotion of access to finance is a necessity and not a luxury for Nepal. Promoting access to finance should be a future priority like any other developing countries.

In the short to medium term, increasing access to financial services will require tackling obstacles in both the banking and cooperative sectors on supply side and building the access capacity of potential clients in demand side. Hence, future direction of support on access to finance needs to focus on adopting approaches to address issues inherent to demand and supply sides.

### Demand-side approach

Demand side gaps on access to finance includes inadequate financial literacy, inadequate risk mitigation support, low business awareness and education, absence of marketing campaign, insufficient investment on rural infrastructure, low savings habits and poor buyers and producers' linkages. There is a need to address these demand side gaps.

Financial literacy: It refers to ability to use skills and knowledge to take effective and informed money management decisions. Financial literacy can be seen as demand side of access to finance and deals with the ability to make informed judgments and to take effective decisions regarding money use and management. It is regarded as an important requirement for functioning effectively in modern society. Financial literacy has a clear beneficial effect on access to finance. Regarding access to finance, infrastructure and literacy are substitutes. Regarding use of financial services, literacy strengthens more financial depth. The positive impact of financial literacy holds across various groups. However, majority find financial literacy beyond compensation. Customers are unable to afford even small transaction costs and clearly understand the concept of financial products and its mechanisms. To overcome such

obstacles, the possible solutions include making large investments in physical infrastructure, expanding financial literacy, and making the provision for cash transfers and/or waiving of transaction costs for those who cannot afford.

### Supply side approach

The supply side gaps encompasses of less focus on digital financial services, micro and SME loans, lack of product diversification, absence of collateral substitutes, inadequate risk sharing instruments, complicated lending products / client friendly loan products, inefficient service delivery, absence of market led new products and services, high transaction cost and time consuming appraisal process, lack of prompt and timely higher repeat loan, inadequate marketing support (campaign for demand creation and savings mobilization) and inability to institutionalize value chain finance.

Digital financial inclusion: This involves the deployment of the cost-saving digital means to reach currently financially excluded and underserved populations with a range of formal financial services suited to their needs that are responsibly delivered at a cost affordable to customers and sustainable for providers. It involves a broad range of financial services accessed and delivered through digital channels, including payments, credit, savings, remittances and insurance. Typically used digital channels are internet, mobile phones, ATMs, POS terminals etc.

### Other approach

Other aspect determining effective implementation of access to finance is related to state of development of the infrastructure in general and financial infrastructure in particular. For instance, lack of electricity, especially in rural areas, causing hurdles even for charging the mobile phones. Others include poor internet coverage, underdeveloped payment system, and the lack of credit data of customers.

## CONCLUSIONS

In Nepal, gaps in access to finance are slowly being lowered in cognizance of the importance of financial services for rural development, poverty reduction and implementation of different financial inclusion policies. Total unbanked and under-banked populations are gradually decreased.

At present the challenges to promote access to finance in Nepal are geographical distance, poor governance, restrictive regulations, low level of financial literacy, absence of strong payment system, inappropriate products, and low level of technological development leading to limited use of information technology to promote access to finance. Among several challenges, financial literacy and technological advances hold promises in expanding access to finance in Nepal.

In view of the current state of access to finance, Nepal need to realize its current potentials and start efforts towards tailored product development and technological embracement to address challenges inherent to prevailing state of geographical financial exclusion in inaccessible / remote areas, and technical financial exclusion in accessible hills and terai areas.

Effort to enhance access to finance has been challenged due to limited use of available institutional potentials. Despite the existence of large number of networks of BFIs and cooperatives, these structures are not adequately used for expanding the frontier of access to finance. Using these networks requires revived focus, protecting mission drift and enhancing efficiency to promote access to finance.

Finally, use of technology such as mobile banking, internet banking, credit and debit cards, POS/POT machines, etc. is below potential. Equally important impendent to access to finance are stringent collateral requirements, high cost of usage due to branches being in distant locations and a generic product offering leading to consumer need mismatch. Future focus to promote access to finance should address these issues strategically and systematically.

## References


- Cenfri/FMT/UNCDF, 2017 Nepal: Demand, Supply, Policy & Regulation – Financial Inclusion Roadmap 2017-22
- Cenfri/FMT/UNCDF, 2016 Nepal: Making Access Possible – Detailed Country Report
- Chaulagain, R. P. 2015. "Financial Literacy for Increasing Sustainable Access to Finance in Nepal" NRB Working Paper series, NRB-WP-31, www.nrb.org.np
- Chaulagain, R. P. 2015. "Barrier of Access to Finance in Nepal" International Journal of Development and Economic Sustainability Vol.3, No.6, pp.24-37, http://www.eajournals.org/wp-content/uploads/Barriers-of-Access-to-Finance-in-Nepal.pdf
- Consultative Group to Assist the Poor [CGAP]. 2009. Financial Access; Measuring Access to Financial Services around the World. Washington, USA: CGAP.
- Consultative Group to Assist the Poor [CGAP]. 2006. Access for All: Building Inclusive Financial System. Washington, USA: CGAP.
- Demirguc-Kunt, Asli, Lora Klapper, Dorothe Singer, and Peter Van Oudheusden. 2015. "The Global Findex Database 2014: Measuring Financial Inclusion Around the World" Policy Research Working Paper , WPS7255, World Bank.
- Dhakal, N. H. 2019. "Agricultural Credit and Insurance in Nepal: Coverage, Issues and Opportunities" in Ganesh Thapa, Anjani Kumar and P. K. Joshi Edited Agricultural Transformation in Nepal: Trends, Prospects, and Policy Options, ISBN 978-981-32-9647-3 ISBN 978-981-32-9648-0 (eBook), https://doi.org/10.1007/978-981-32-9648-0, https://link.springer.com/chapter/10.1007/978-981-32-9648-0_18 © Springer Nature Singapore Pte Ltd. 2019
- Finmark Trust/UNCDF, 2015 Nepal: Finscope Survey Highlights 2014
- Ministry of Finance (2016), Financial sector Development Strategy, Kathmandu, Nepal
- Nepal Rastra Bank. 2014. Monetary Policy for the fiscal year 2014/15. Nepal Rastra Bank
- Nepal Rastra Bank, December 2017, Nepal Financial Inclusion Action Plan
- Nepal Rastra Bank. 2019. "Monthly Progress Report of Banks and Financial Institutions in Nepal November 2019", Baluwatar, Kathmandu.
- World Bank. 2008. Finance for All? Policies and Pitfalls in Expanding Access. World Bank Policy Research Report: WB.
- World Bank. 2015. "Global Financial Development Report 2015/16: Long-term Finance. Washington, D. C.: World Bank.

# नेपालमा वित्तीय साक्षरता, पहुँच र समावेशिताको अवस्था तथा सम्भावना

✍डा. रमेशप्रसाद चौलागाई*



## परिचय

नेपालमा औपचारिक वित्तीय प्रणालीको सुरुवात वि.सं. १९९४ मा नेपाल बैंक लिमिटेडको स्थापनासँगै भयो। यसको १९ वर्ष पश्चात वि.सं. २०१३ मा केन्द्रीय बैंकका रूपमा नेपाल राष्ट्र बैंकको स्थापना भई वित्तीय पहुँच वृद्धि गर्दै वित्तीय प्रणालीमा सर्वसाधारण जनताको विश्वसनीयता बढाउने कामलाई प्राथमिकतामा राखिएको थियो। वित्तीय पहुँच विस्तारका लागि संवत् ४० को दशक अघि केही सरकारी बैंक तथा वित्तीय संस्था स्थापित भए पनि त्यसपछि वित्तीय क्षेत्र उदारीकरण अन्तर्गत संयुक्त लगानीका बैंकहरू पनि थपिए। वि.सं. २०४६ को राजनैतिक व्यवस्था परिवर्तनसँगै अङ्गिकार गरिएको आर्थिक उदारीकरणले बैंक तथा वित्तीय संस्था र सहकारीहरूको सङ्ख्या उल्लेख्य रूपमा बढ्दै गयो। फलस्वरुप, २०७६ पुस मसान्तसम्म क, ख, ग र घ वर्गका बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्या क्रमश: २७, २४, २२ र ९० गरी जम्मा १६३ रहेको छ। यस अवधिमा, यी संस्थाहरूको कूल शाखा सङ्ख्या ९,३०० नाघेको र यस्ता एक शाखाले औषतमा करिब ३,२०० जना मानिसलाई बैकिङ सेवा प्रवाह गरिरहेको छ। करिब २.९३ करोड निक्षेप खाताहरू खुलेकोमा दोहोरो/तेहोरो खाताको अवस्थालाई हटाउँदा करीब ६१ प्रतिशत जनतासम्म बैकिङ पहुँच पुगेको, करीव १४.६५ लाख व्यवसायीहरूले बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा लिएको अवस्था छ। ७४५ स्थानीय तहमा बैंक शाखाहरू पुगेको छ भने, यस अवधिमा सहकारीहरूको सङ्ख्या करिब ३४.७ हजार र त्यसमध्ये बचत तथा ऋण सहकारीहरूको सङ्ख्या करिब १४.५ हजार नाघेको छ। सबै सहकारी संस्थाहरूले गरेर करिब ६५ लाख जनताबाट झण्डै रू.४२५ अर्बको आर्थिक श्रोत परिचालन गरेका छन्।

यसप्रकार बढ्दैगएको बैंक तथा वित्तीय संस्था र सहकारीको सङ्ख्याले समेत जनताको बढ्दो वित्तीय मागलाई थेग्न नसकेको, पर्याप्त रूपमा देशका सबै क्षेत्रका जनतामा गुणस्तरीय र दिगो वित्तीय सेवा पुग्न नसकेको, जनतामा वित्तीय चेतना र दक्षताको अभावमा उपयुक्त वित्तीय संस्था र सेवाको छनौट गर्न नसकिएको, वित्तीय सेवाको केन्द्रीकरण शहरी र शहरोन्मुख क्षेत्रमा मात्र विस्तार भएको, कर्जा प्रवाह सम्बन्धी कागजी प्रकिया झन्झटिलो भएको, वित्तीय सेवाबाट सीमित व्यक्तिहरू मात्र लाभान्वित भएको, देशको सिमान्तिकृत जनतामा वित्तीय सेवा प्रवाहमा कतिपय संस्थाहरूले आनाकानी गर्ने गरेको जस्ता गुनासाहरू सञ्चार माध्यमबाट यथेष्ट रूपमा सार्वजनिक हुनेगरेका छन्। उदाहरणस्वरूप, अनौपचारिक वित्तीय सेवाबाट मानिसहरू चर्को ब्याजका कारण ठगिईरहेका, मिटरब्याजबाट मानिसहरू पीडित भइरहेका, कीर्ते तमसुक प्रयोग गरी साधारण जनताको ठगी तथा शोषण हुने गरेको, साधारण मानिसहरू समदर ब्याज असुलीबाट आक्रान्त भईरहेको, छायाँ बैंकिङ गतिबिधि सञ्चालन भईरहेको, कतिपयले अनौपचारिक बैंकिङबाट सम्पत्ति गुमाएका कारण आत्महत्यासम्म हुनपुगेका घटनाहरू सार्वजनिक हुनथालेका छन्। यी परिणामका केही कारणहरूमध्ये मानिसमा वित्तीय चेतना र वित्तीय योजना बनाई सो बमोजिम चल्ने सीपको कमी, समग्र देशमा माग बमोजिमको गुणस्तरीय वित्तीय सेवा प्रवाहको कमी तथा सकारात्मक वित्तीय धारणाको अभाव केही हुन्।

## वित्तीय साक्षरता

Morgan and Trinh (2019) ले वित्तीय ज्ञान, सीप, धारणा र व्यवहारको समग्र रूपलाई वित्तीय साक्षरता मानेका छन्। वित्तीय साक्षरताले मानिसको वित्तीय सम्पन्नता, सुख र सन्तुष्टि वृद्धिमा सघाउने देखिन्छ। यद्यपि, वित्तीय ज्ञान र सीपलाई वित्तीय साक्षरताको अग्रभाग र वित्तीय धारणा र व्यवहारलाई पृष्ठभाग पनि भनिन्छ। वित्तीय चेतना, शिक्षा र अनुभवलाई वित्तीय ज्ञान र सीपको श्रोतका रूपमा लिने गरिन्छ भने वित्तीय धारणा र व्यवहारलाई वित्तीय साक्षरताको प्रभावका रूपमा लिईन्छ। राष्ट्रिय योजना आयोगले तयार पारेको पन्ध्रौं योजनाको आधारपत्र (National Planning Commission, 2019) ले वित्तीय क्षेत्रको विकासलाई महत्वपूर्ण मान्दै सर्वसाधारणमा रहेको वित्तीय साक्षरताको कमीलाई वित्तीय क्षेत्रको विकासको प्रमुख चुनौतीका रूपमा लिनुका साथै वित्तीय साक्षरता वृद्धि गर्नुलाई राष्ट्रिय विकासको आधार मानेको छ। त्यस्तै, नेपाल राष्ट्र बैंकको तेश्रो रणनैतिक योजना (२०१७-२१) ले वित्तीय साक्षरता रणनीति तर्जुमा, रणनीति कार्यान्वयन कार्ययोजना, वित्तीय साक्षरताको आधारतभूत सर्भेक्षण,वित्तीय चेतनामूलक सामग्री तयार गर्ने, वित्तीय चेतनाको प्रभाव मूल्याङ्कन गर्ने, आदि विषयवस्तुहरूलाई पाँच बर्षे योजनामा समेटेको छ। Nepal Rastra Bank (2014) ले वित्तीय शिक्षा, वित्तीय साक्षरता र वित्तीय पहूँचबिच घनिष्ठ सम्बन्ध रहने उल्लेख गरेको छ। Nepal Rastra Bank (2015) ले भने वित्तीय साक्षरतालाई नेपालको ग्रामीण क्षेत्रमा व्याप्त वित्तीय वहिष्करण (Finacial Exclusion), शोषण र विभेदको अन्त्य गर्ने प्रमुख औजार मानेको छ। Organizatoin for Economic Cooperation and Development (2015) ले वित्तीय अवधारणा र ज्ञान, वित्तीय जोखिम सम्बन्धी ज्ञान र सोको व्यवस्थापन गर्ने दक्षता अभिवृद्धि, वित्तीय निर्णय क्षमताका साथै वित्तीय परिवेश अनुसारको वित्तीय उत्प्रेरणा र भरोसालाई उपयोग गरी व्यक्तिगत र सामाजिक वित्तीय आत्मनिर्भरता एवम् समृद्धि हासिल गर्नेसम्मको कुराहरू वित्तीय साक्षरताको दायरामा पर्ने जनाएको छ। यो परिभाषाले वित्तीय साक्षरताका माध्यमबाट समृद्ध नेपाल, सुखी नेपालीको आर्थिक सपना हासिल हुन बल पुग्ने समेत देखाउँछ।

Lusardi (2019) को तर्कमा मानिसमा भुक्तानी प्रणालीमा वित्तीय प्रविधि (Fintech) को उपयोग,उपयुक्त लगानी निर्णय र नवीन वित्तीय वस्तु तथा सेवाको सीप हासिल गर्न वित्तीय साक्षरताको आवश्यकता पर्दछ। भुक्तानी प्रणालीमा वित्तीय प्रविधिको प्रयोग आजको महत्वपूर्ण विषय हो। २१औं शताब्दीका वित्तीय सेवाग्राहीहरू प्रविधिमैत्री हुन पनि

* सहायक निर्देशक, नेपाल राष्ट्र बैंक

आवश्यक छ । Oseifuah and Gyekye (2019) ले वित्तीय साक्षरतालाई जीवन उपयोगी दक्षताका रूपमा लिएका छन् । वित्तीय साक्षरताको प्रमुख सम्बन्ध आम्दानी, बचत, सम्पत्ति व्यवस्थापन, लगानी अभिवृद्धि, कर्जाको उत्पादकत्व वृद्धिसँग रहेको हुन्छ । नयाँ आर्थिक व्यवस्थामा बढ्दो मौद्रिकीकरण, भुक्तानी प्रणालीमा आएको प्रविधिको विकास, मानिसको आवश्यकतामा आएको परिवर्तन, जनसङ्ख्या वृद्धि, बढ्दो नगद-रहित-अर्थतन्त्रको गति, वित्तीय वजारको बढ्दो जटिलता नयाँ वित्तीय औजारहरू, वित्तीय ग्राहक संरक्षणको आवश्यकता, निरन्तरको परिवर्तनीय आर्थिक चक्र, बढ्दो विश्वव्यापी आर्थिक सङ्कटका शृङ्खला, आदिका कारण हरेक नागरिक वित्तीय रूपमा सचेत, सक्रिय आलोचक हुन आवश्यक देखिएको छ । Rui (2019) को निष्कर्ष छ, वित्तीय साक्षरताले सुदृढ वित्तीय व्यवहारमार्फत वित्तीय आत्मनिर्भरता र वित्तीय सुरक्षा प्राप्तिमा यथेष्ट सघाउ पुऱ्याउँछ ।

वित्तीय शिक्षालाई वित्तीय साक्षरताको प्रमुख श्रोत माने पनि वित्तीय अनुभव, तालिम, अभिमुखीकरण, सञ्चार तथा प्रविधि, वित्तीय संस्कृति, सामाजिक संस्थाहरू, समकक्षी मित्रहरू, परिवार, दैनिक कार्यसमुदाय (Community of Practice), अध्ययन अनुसन्धान, वित्तीय क्रियाकलापको अवलोकन, आदिले पनि वित्तीय साक्षरता अभिवृद्धिमा सघाउने कुरा बिभिन्न अध्ययनहरूले देखाएका छन् । उल्लेखित कुराहरूले वित्तीय साक्षरतालाई बढावा दिन्छन् भने वित्तीय साक्षरताले सकारात्मक वित्तीय धारणा विकास गर्दै असल वित्तीय व्यवहारका माध्यमले व्यक्ति र समाजको आर्थिक समृद्धिलाई टेवा पुऱ्याउने देखिन्छ । यसका साथै, वित्तीय साक्षरतालाई परिवर्तनशील, सापेक्षिक र स्थान विशेषमा समेत फरक पर्नसक्ने चरका रूपमा लिने गरिन्छ । वित्तीय साक्षरतालाई आवश्यकताका आधारमा आधारभूत र विशिष्टीकृत जीवनोपयोगी क्षमताको (Life-Skill) रूपमासमेत लिन सकिन्छ । नेपाल राष्ट्र बैंकले पहिलोपटक आर्थिक वर्ष २०६९/७० को मौद्रिक नीतिमार्फत राष्ट्रिय वित्तीय साक्षरता नीति (National Financial Literacy Policy) तर्जुमा गर्ने जनाए पनि आर्थिक वर्ष २०६९/७० को मौद्रिक नीतिमार्फत सर्वसाधारण जनतामा वित्तीय पहुँच विस्तार गर्न र वित्तीय उपकरणहरूको प्रभावकारी उपयोग गर्न वित्तीय साक्षरता रणनीति (Financial Literacy Strategy) तर्जुमा गर्ने उल्लेख गरिएको थियो । कतिपय मुलुकले वित्तीय साक्षरताको खाका (Financial Literacy Framework) पनि तर्जुमा गरेका छन् ।

## वित्तीय पहुँच

National Planning Commission, 2019 ले तयार पारेको पन्ध्रौं योजनाको आधारपत्रले वित्तीय क्षेत्रको विकासलाई महत्वपूर्ण मान्दै वित्तीय सेवामा सर्वसाधारणको कमजोर पहूँचलाई वित्तीय क्षेत्रको विकासको प्रमुख चुनौतीका रूपमा लिँदै वित्तीय सेवाको पहुँच विस्तारमा सूचना प्रविधिको उपयोगलाई महत्व दिएको छ । त्यस्तै, कानूनी रूपमा, नेपाल राष्ट्र बैंक ऐन २०५८ (२०७३ सालको संशोधन समेत) मा बैंकका प्रमुख उद्देश्यहरूमध्ये "वित्तीय सेवाको पहुँच अभिवृद्धि र बैकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैंकिङ तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने" भन्ने रहेको छ । यसले नेपालको ८ दशक लामो औपचारिक वित्तीय प्रयासहरूका वाबजुद वित्तीय सेवामा जनताको पहुँच अभिवृद्धि अझै चूनौतीपूर्ण रहेको समेत सङ्केत गर्दछ । पन्ध्रौं योजनाको आधारपत्रले वित्तीय सेवाको पहुँच विस्तारमा सूचना प्रविधिको उपयोगलाई महत्व दिएको छ । Nepal Rastra Bank (2011) मा बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्यात्मक वृद्धिले मात्र वित्तीय पहुँच बढ्न नसक्ने कुरा उल्लेख गर्दै वित्तीय कारोवारको गुणस्तर र दिगोपन बढ्न आवश्यक रहेको बताईएको छ । Nepal Rastra Bank (2012a) मा वित्तीय साक्षरता र वित्तीय पहूँचको आवश्यकता महिला, द्वन्द पीडित, सीमान्तिकृत, जातीय अल्पसंख्यकहरू र पिछडिएका मानिसहरूलाई बढी आवश्यक रहेको बताईएको छ । त्यसैगरी, Nepal Rastra Bank (2012b) ले कमजोर वित्तीय पहूँचलाई वित्तीय क्षेत्र विकासको प्रमुख चुनौतीका रूपमा स्वीकार गरेको छ भने, वित्तीय साक्षरतालाई वित्तीय पहूँचवृद्धिको प्रमुख कारक मानेको छ । धेरै प्रयासहरूका वाबजुद, Ministry of Finance (2015) ले अझै ६० प्रतिशत जनता औपचारिक वित्तीय पहूँचबाट बाहिर रहेको जनाएको छ । यसबाट, कमजोर वित्तीय पहुँच नेपालको वित्तीय क्षेत्रको प्रमुख चुनौती बनेको देखाउँछ । Ministry of Finance (2018) ले आर्थिक वर्ष २०७५/७६ को वार्षिक वजेटमार्फत वित्तीय सेवाको पहुँच विस्तार गर्ने, १ वर्षभित्र सबै नेपालीको बैंक खाता अभियानलाई जोड दियो । यद्यपि, वित्तीय समावेशी विस्तारका लागि आपूर्तिमुखी वित्तीय पहुँच अपर्याप्त रहेको मानिन्छ ।

## वित्तीय समावेशीता

नेपाल राष्ट्र बैङ्कको तेश्रो रणनैतिक योजनामा वित्तीय समावेशीतालाई वित्तीय क्षेत्र स्थिरता प्रवर्धन गर्ने र वित्तीय क्षेत्रको दिगो विकासको आधारका रूपमा लिईएको छ । उक्त योजनामा सीमान्तीकृत र वित्तीय मूलप्रवाहबाट वञ्चित जनतालाई यथासम्भव न्यून लागतमा वित्तीय सेवाहरू प्रवाह गर्ने काममा नेपाल राष्ट्र बैङ्क प्रतिबद्ध रहेको उल्लेख छ । योजनाले वित्तीय समावेशीता प्रवर्द्धनका लागि राष्ट्रिय वित्तीय समावेशीता रणनीति तर्जुमा गर्ने, वित्तीय समावेशीता सूचकाङ्क निर्माण गर्ने, यसका लागि सम्पूर्ण सेवा प्रदायकहरूद्वारा यथा-समयमा न्यून लागत र पहूँचका दृष्किोणले सवै जनतालाई वित्तीय सेवा प्रवाहमा समान मौका दिइनु आवश्यक छ । वित्तीय क्षेत्र विकास रणनीतिमा वित्तीय समावेशीतालाई वित्तीय क्षेत्र विकासको प्रमुख हिस्सा मानिएको छ भने वित्तीय साक्षरता अभिवृद्धिलाई वित्तीय समावेशीताको प्रमुख स्तम्भका रूपमा लिईएको छ । यस सन्दर्भमा, वित्तीय समावेशीता कायम गर्न मागमुखी वित्तीय सेवाको प्रवाह न्यून लागतमा गर्नु आवश्यक छ । बदलिदो परिस्थितिमा वित्तीय समावेशीतालाई वित्तीय पहूँच, वित्तीय सेवाको उपयोग,वित्तीय सेवाको गुणस्तर र वित्तीय ग्राहक संरक्षणलाई लिन थालिएको छ । नेपाल राष्ट्र बैंकको तेश्रो रणनैतिक योजनाले वित्तीय ग्राहक संरक्षण ऐन र नियमावलीको मस्यौदा तयार पार्ने, वित्तीय ग्राहकहरूको गुनासो सुनुवाईको संरचना तयार पार्ने व्यवस्था गरेको छ । आर्थिक वर्ष २०७५/७६ का लागि तर्जुमा गरिएको मौद्रिक नीतिले वित्तीय साक्षरताका माध्यमबाट वित्तीय पहुँच र समावेशीता बढाउने लक्ष्य लिएको थियो । Ministry of Finance (2015) मा नेपालमा वित्तीय साक्षरता र वित्तीय पहूँचको अवस्था कमजोर रहेको जनाईएको छ ।


International Monetary Fund (2019) ले नेपालको समावेशी आर्थिक वृद्धि गरिबी निवारणका लागि महत्वपूर्ण रहने जनाएको छ । साथै, प्रतिवेदनले नेपालमा ग्रामीण र शहरी जनताका साथै महिला र पुरुषहरूको वित्तीय पहुँच र समावेशीबिचको भिन्नता पेचिलो विषय बनेको पनि जनाएको छ । उक्त प्रतिवेदनमा ग्रामीण जनता, न्यून आय भएका घरपरिवार, भौगोलिक रूपमा विकट स्थानका वासिन्दाहरूलाई वित्तीय मूलप्रवाहमा समेट्न आवश्यक रहेको जनाईएको छ । हालका दिनमा, नेपाल

राष्ट्र बैंकले सन् २०३० सम्ममा पिछडिएका जनताको 'लागतप्रभावी वित्तीय पहुँच वृद्धि' गर्ने लक्ष्य सहित "नेपालको वित्तीय समावेशीता कार्ययोजना (Financial Inclusion Action Plan of Nepal)" पारित गरेको छ। कार्ययोजनाले प्राथमिकता प्राप्त कर्जा (Priority Sector Lending) र विपन्न वर्ग कर्जा (Deprived Sector Lending) कार्यान्यनको प्रभाकारीता, यथार्थ र दीर्घकालीन बचतका योजनाहरू (Long-term Saving Products with Real Returns) ल्याउने, वित्तीय सेवाग्राहीहरूको संरक्षण र वित्तीय साक्षरता (Financial Consumer Protection and Financial Literacy) अभिवृद्धि गर्ने, वित्तीय सङ्घीयताको प्रभावकारी कार्यान्यनका लागि सबै स्थानीय तहहरूमा बैङ्क शाखाहरूको स्थापनाजस्ता प्रमुख लक्ष्यहरू कार्यान्वयन गर्नुपर्ने जनाएको छ।

यसैगरी वित्तीय समावेशीता अभिवृद्धि गर्ने कार्ययोजनाले नेपालका सहकारीहरूको प्रवर्द्धन तथा सुपरिवेक्षणलाई प्राथमिकतामा राखेको छ। कार्ययोजनाले, वित्तीय समावेशीताका माध्यमले वित्तीय स्थायित्व कायम गर्न, सहकारी ऐन, २०७४ लाई संशोधन गरी सङ्घीय संरचना अनुसार सहकारीहरूको प्रभावकारी सुपरिवेक्षण गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारको स्पष्ट कार्यसीमा निर्धारण गर्न आवश्यक रहेको उल्लेख गरेको छ। यद्यपि , यस सन्दर्भमा, सहकारीहरूलाई विगतमा दिइएको कार्यक्षेत्रलाई भन्दा पछिल्लो वित्तीय कारोवारको अवस्थालाई आधार बनाउनु वाञ्छनीय देखिन्छ। नेपालका सहकारीहरूको कारोबारको अवस्थामा आएको वृद्धिलाई हेर्दा, वार्षिक रू.पचास करोडभन्दा बढी कारोबार हुने सहकारीहरूलाई सङ्घीय प्रारूप अन्तर्गत रही केन्द्रीय बैङ्कले वा अधिकारप्राप्त निकाय स्थापना गरी, वार्षिक रू.दश करोडभन्दा बढी र पचास करोडभन्दा कम कारोबार गर्ने सहकारीहरूलाई प्रदेश सरकारले र सोभन्दा कम कारोबार गर्ने सहकारीहरूलाई स्थानीय तहले प्रभावकारी सुपरिवेक्षण गर्ने प्रवन्ध मिलाउनु उचित देखिन्छ। साथै, प्रदेश र स्थानीय तहले प्रभावकारी सुपरिवेक्षण गर्ने कार्यका लागि नेपाल राष्ट्र बैंकले तालिम तथा प्राविधिक सहयोग गर्न सक्ने वातावरण मिलाउनु वाञ्छनीय हुन्छ। नेपालमा वित्तीय पहुँच र समावेशीता अभिवृद्धिका लागि सहकारीहरूको महत्वपूर्ण भूमिका रहेको छ।

## वित्तीय साक्षरता, पहुँच र समावेशिताः त्रिकोणात्मक सह-सम्बन्ध

Kendal, Mylenko and Ponce (2010) ले वित्तीय साक्षरता, पहुँच र समावेशीताबिच त्रिकोणात्मक सम्बन्ध रहने हुँदा यो सम्बन्धले नयाँ नीति निर्माणमा सघाउ पुऱ्याउने बताएका छन्। साक्षरता, पहुँच र समावेशीता एकार्कामा अन्तरसम्बन्धित विषयवस्तुहरू हुन्। मूलतः वित्तीय साक्षरताले वित्तीय पहुँच र समावेशीता बढाउने विश्वास




गरिन्छ। वित्तीय समावेशीताका प्रमुख अङ्गहरूमा वित्तीय पहुँच र लागतप्रभावी एवम् गुणस्तरीय वित्तीय सेवाहरूको सहज उपलब्धता र वित्तीय सेवग्राहीहरूको संरक्षणजस्ता कुराहरू समेटिन्छन्। त्यस्तै, वित्तीय स्थायित्वका माध्यमबाट आर्थिक समृद्धि हासिल गर्न वित्तीय साक्षरता, पहुँच र समावेशीता अभिवृद्धि आवश्यक रहने देखिन्छ। यद्यपि, वित्तीय साक्षरता र पहूँचलाई क्रमशः वित्तीय समावेशीताका मागमुखी र आपूर्तिमुखी चरहरूका रूपमा पनि लिन सकिन्छ। नेपाल राष्ट्र बैंकले पहिलोपटक आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीतिमार्फत वित्तीय सेवाको पहुँच कमजोर रहेका क्षेत्रहरूमा बैंक तथा वित्तीय संस्थाका शाखा खोल्न प्रोत्साहन गरी वित्तीय समावेशीकरणलाई अभिवृद्धि गर्ने लक्ष्य लिएको थियो।

## नेपालमा वित्तीय साक्षरता, वित्तीय पहुँच र समावेशिता वृद्धि गर्ने केही उपायहरू

सबै प्रदेशहरूमा बैङ्क तथा वित्तीय सेवाको विस्तार र पहूँचमा सुधार हुँदै गएको देखिए तापनि अझै करिब एक तिहाइ सेवाग्राहीहरूले माग अनुरूप कर्जा प्राप्त गर्न सकेका छैनन्। फलस्वरुप, आफ्नो माग पूरा गर्न एक भन्दा बढी संस्थाहरूबाट कर्जा लिनेगरेका छन्। पछिल्लो समयमा यसप्रकारका बहुकर्जा प्रवाहले सामाजिक विकृति र अपराध पनि निम्तिन थालेका छन्। ऋणीहरूमा वित्तीय साक्षरताको कमी, बैंक वित्तीय संस्थाहरूको कर्जा प्रवाहमा कडा प्रतिस्पर्धा, कर्जा प्रवाहमा दिईने लक्ष्य प्राप्तको अस्वस्थ प्रतिस्पर्धा, ऋणीहरूको कर्जा सूचनाको अभाव आदिले वहुकर्जाको प्रयोग बढ्दै गएको देखिन्छ। ग्रामीण क्षेत्रमा लघुकर्जाको माग र आपूर्तिबिच ठूलो खाडल देखिएको छ। वित्तीय साक्षरता, वित्तीय पहुँच र समावेशीता एकार्काका परिपूरक चरहरू रहेकाले यसको अभावमा समावेशी आर्थिक वृद्धि, स्थिरता र समृद्धि हासिल गर्ने कार्य कठिन हुनजान्छ। यस सन्दर्भमा समाधानका केही उपायहरू यसप्रकार छन्:

१) नेपाल सरकारले बैङ्क तथा वित्तीय संस्थाका शाखा स्थापना गर्दा वा ए.टी.एम. मेसिन राख्ने स्थानमा शान्ति सुरक्षाको प्रत्याभूति हुने व्यवस्था मिलाउने, भौतिक पूर्वाधार निर्माण गर्ने,सहकारी संस्थाहरूको स्थापनामा जोड दिने, विद्यालय तहदेखि नै वित्तीय साक्षरताका पाठ्यक्रम विकास गरी कार्यक्रम सञ्चालन गर्ने, वित्तीय साक्षरता कोष स्थापना गर्ने र त्यसमा सरकारले समेत योगदान गर्ने, लघुवित्तको नाफामा निश्चित अबधीका लागि निश्चित दरको कर छुट दिने, गरिबी निवारण सम्बन्धी कोषहरू (युवा स्वरोजगार कोषजस्ता कोषहरू) एकीकृत रूपमा परिचालन गर्ने, सरकारी सञ्चार माध्यमबाट वित्तीय साक्षरता अभिवृद्धिका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्ने, आदि।

२) नेपाल राष्ट्र बैंकले ग्रामीण क्षेत्रमा शाखा विस्तार गर्ने वित्तीय संस्थाहरूलाई ब्याजदर सहुलियतमा ऋण र अनुदान दिने, साना ऋणीको असल ऋण असूलीमा छुटको व्यवस्था गर्ने, वित्तीय संस्थाहरूमार्फत वित्तीय शिक्षामा खर्च गराउन जोड दिने, स्थानीय बैकिङ अध्ययन र अनुसन्धानमा जोड दिने, लघुवित्त वित्तीय संस्थाहरूलाई समेत वित्तीय साक्षरताको नियमन जारी गर्ने, शाखा विस्तार अनिवार्य गराउने, साना तथा घरेलु कर्जाको नीति अनिवार्यरूपमा अवलम्बन गर्ने, प्रभावकारी सुपरिवेक्षणमार्फत वित्तीय विश्वसनीयता वृद्धि गर्ने, छरिएर रहेका

लघुवित्त सेवा प्रदान गर्ने संस्थाहरूको पुनरसंरचना गरी क्षेत्रगत गरिबी अनुसार पहुँच विस्तार गर्ने नीति अवलम्बन गर्ने, बहुबैंकिङ तथा वित्तीय सेवाको दोहोरोपना नियन्त्रण गर्न स्पष्ट मापदण्ड तोक्ने, लघुवित्तीय संस्थाहरूको श्रोत-साधन वृद्धि गरी सबल संस्थाहरूको रूपमा विकास गर्ने,सबै नेपालीको बैङ्क खाता खोल्ने अभियान कार्यान्वयन गर्ने, सबै प्रदेशहरूमा गरीबी र वित्तीय सेवा प्रवाहको गहिराई फरक फरक रहेकाले वित्तीय सेवा प्रदायक संस्थाहरूको पुनरसंरचना गरी क्षेत्रगत गरिबीको अवस्था अनुसार वित्तीय पहुँच विस्तार गर्ने नीति अवलम्बन गर्ने, बहुबैंकिङले वित्तीय सेवाको विस्तार र पहूँचमा नकारात्मक असर पारेकाले यसको समाधानका लागि दोहोरापनाको स्पष्ट मापदण्ड तोक्ने। व्यावसायिक आवश्यकता अनुसार निश्चित सीमासम्म कर्जा प्रवाह गर्ने व्यवस्था भएमा बहु-बैंकिङको समस्यामा कमी आउने देखिन्छ।

३) स्थानीय तहहरूले कृषि, पर्यटन तथा लघु उद्योगको स्थापनामा जोड दिने, स्थानीय शिक्षा प्रणालीमा सुधार गरी वित्तीय ज्ञान र सीपको व्यवस्था गर्ने, स्थानीय बजार व्यवस्थापनमा जोड दिने, स्थानीय सार्वजनिक सञ्चार माध्यमहरूमार्फत वित्तीय शिक्षामा जोड दिने वित्तीय संस्थाहरू र ग्राहकहरूको शान्ति सुरक्षामा जोड दिने, व्यावसायिक तालिममा जोड दिने, वित्तीय साक्षरता कोषमा योगदान गर्ने, बैङ्क खोल्ने स्थान उपलब्ध गराउने, ईन्टरनेट सुविधा विस्तार गर्ने, आदि।

४) बैंक तथा वित्तीय संस्थाहरूले आ-आफ्ना कर्मचारीहरूको बिमाको प्रबन्ध गर्ने, निश्चित समयमा सरुवा गर्ने व्यवस्था गर्ने, कर्मचारीहरूको थप मौद्रिक आकर्षण वृद्धि गर्ने, कार्यसम्पादन मूल्याङ्कनमा विशेष व्यवस्था गर्ने, स्पष्ट कार्यतालिका बनाई आफ्ना ग्राहकहरूलाई वित्तीय शिक्षाको उचित प्रबन्ध गर्ने, बैकिङ सेवामा प्रविधिको उपयोग गर्ने, घुम्ती बैकिङ, शाखा रहित बैकिङमा जोड दिने, कर्मचारीहरूलाई तालिम तथा विकासको प्रबन्ध गर्ने, ग्राहक सर्वेक्षण, शाखा रहित बैकिङमा जोड, मोबाईल बैकिङ, ईन्टरनेट बैकिङ सेवामा जोड दिने, वित्तीय साक्षरता कोषमा योगदान गर्ने, आधुनिक बिद्युतीय भुक्तानी प्रणालीको विकास गर्ने, वित्तीय ग्राहक संरक्षण नीति बनाई लागु गर्ने, आदि।

## निष्कर्ष

वित्तीय शिक्षा अब हरेक मानिसको आधारभूत आवश्यकता बनेको छ। यसले मानिसको ज्ञान, सीप र क्षमताको विकास गरी वित्तीय क्षेत्रमा विभिन्न अवसरहरूको सम्भावनाका ढोका खोल्न सघाउने कुरा विभिन्न अध्ययनबाट देखिएको छ। यस सन्दर्भमा, Lusardi (2019) ले वित्तीय साक्षरतालाई हरेक व्यक्तिको न्यूनतम् आवश्यकता, आधारभूत वित्तीय अधिकार, र विश्वव्यापी राहदानी (Global Passport) का रूपमा व्याख्या गरेकी छन्। वित्तीय साक्षरता, वित्तीय पहुँच र समावेशीता वृद्धिको प्रमुख औजार हो। वित्तीय साक्षरताका माध्यमबाट वित्तीय सशक्तिकरण सम्भव छ। वित्तीय साक्षरता, वित्तीय पहुँच र समावेशीता अभिवृद्धि गर्न नेपाल सरकार, नेपाल राष्ट्र बैङ्क, स्थानीय सरकारहरू र बैङ्क तथा वित्तीय संस्थाहरूले माथि सुझावका रूपमा उल्लेख गरिएका कुराहरू पुर गर्नु आवश्यक देखिन्छ।

## सन्दर्भ सामाग्री


- International Monetary Fund (2019). IMF Country Report No 19/61. Washington D.C. USA
- Kendal, Mylenko and Ponce (2010).Measuring Financial Access Around the World. Working Paper. The World Bank
- Lusardi, A. (2019). Financial literacy and the need for financial education: evidence and implications. Swiss Journal of Economics and Statistics, 155:1, 2-8.
- Ministry of Finance (2015).Economic Survey of Fiscal Year 2015/16. Kathmandu, Nepal. Author
- Ministry of Finance (2017). Financial Sector Development Strategy. Kathmandu, Nepal. Author
- Ministry of Finance (2018).Budget Speech for Fiscal Year 2018/19. Kathmandu, Nepal. Author
- Morgan, P. J. & Trinh, L. Q. (2019). Determinants and Impacts of Financial Literacy in Cambodia and Viet Nam. Risk and Financial Management, 12 (19): 1-24
- National Planning Commision (2019). Approach Paper of Fifteenth Plan. Kathmandu, Nepal. Author
- Nepal Rastra Bank (2011).Monetary Policy for Fiscal Year 2011/12. Kathmandu, Nepal. Author
- Nepal Rastra Bank (2012a).Second Strategic Plan. Kathmandu, Nepal. Author
- Nepal Rastra Bank (2012b).Monetary Policy for Fiscal Year 2012/13. Kathmandu, Nepal. Author
- Nepal Rastra Bank (2014).Monetary Policy for Fiscal Year 2014/15. Kathmandu, Nepal. Author
- Nepal Rastra Bank (2015). Monetary Policy for Fiscal Year 2015/16. Kathmandu, Nepal. Author
- Nepal Rastra Bank (2017). Third Strategic Plan. Kathmandu, Nepal. Author
- Nepal Rastra Bank. (2018). Monetary policy for 2075/76. Kathmandu, Nepal: Author.
- Organization for Economic Coperation and Development (2015).OECD/INFE Core competencies framework on financial literacy for youth. An OECD Publising.
- Oseifuah, E. & Gyekye, A. (2019). Financial literacy among undergraduate students: Empirical evidencefromGhana. AcademyofAccountingandFinancialStudiesJournal, 22 (6):1-17
- Rui, X. (2019). Financial literacy, linancial well-being and financial decision-making amongst elderly Australians. An unpublished PhD dissertation. Bond University. Australia.

# लघुवित्त वित्तीय संस्थाहरूमा कर्जा जोखिम व्यवस्थापन



✍ राजनविक्रम थापा*

## विषय प्रवेश

कुनै पनि क्रियाकलापमा अनिश्चितताका कारण उत्पन्न हुने नोक्सानीलाई जोखिम भनिन्छ। जुनसुकै प्रकारका व्यवसायमा जोखिम जोडिएकै हुन्छ। विना जोखिम मुनाफाको अपेक्षा गर्न पनि सकिंदैन। व्यवसायमा जोखिम आन्तरिक तथा वाह्य कारणबाट सृजना हुने गर्दछन्। व्यवस्थापकीय तवरबाट समाधान गर्न सकिने प्रकृतिका जोखिमहरू आन्तरिक मानिन्छ भने व्यवसायको आफ्नो प्रयासबाट मात्र व्यवस्थापन एवम् नियन्त्रण गर्न नसकिने जोखिमहरू बाह्य जोखिम अन्तर्गत पर्दछन्। वित्तीय संस्थाहरूले धेरै सरोकारवालाहरूसँग प्रत्यक्ष सम्पर्कमा रही कारोवार गर्ने तथा फरक प्रकारका सेवा प्रदान गर्ने भएकाले प्रकृतिगत हिसाबले पनि धेरै प्रकारका जोखिमको सामना गर्नुपर्ने हुन्छ। अन्तर्राष्ट्रिय सुपरिवेक्षकीय संस्था वासेल कमिटीले प्रस्तुत गरेको BASEL Capital Accord मा बैंकिङ क्षेत्रमा विद्यमान जोखिमहरूलाई मुख्यतः कर्जा जोखिम (Credit risk), सञ्चालन जोखिम (Operational risk) र बजार जोखिम (Market risk) गरी तीन वर्गमा वर्गीकरण गरिएको छ। यसका अलवा तरलता जोखिम, कानुनी जोखिम, प्रतिष्ठा जोखिम लगायत धेरै विशेषतागत जोखिम यस अन्तर्गत समेटिएका हुन्छन्। वित्तीय संस्थाहरूको परम्परागत कार्य निक्षेप सङ्कलन गर्ने र सङ्कलित रकमको मुख्य अंश कर्जाको रूपमा लगानी गर्ने नै हो। यसरी कर्जा लगानी गरी सोबाट आर्जित आयबाट नै संस्था सञ्चालन तथा शेयरधनीलाई प्रतिफल वितरण गर्नुपर्ने भएकाले तुलनात्मक रूपमा यस्ता संस्थाहरूमा कर्जा जोखिमको मात्रा अधिक रहेको पाइन्छ। नेपालको बैंकिङ क्षेत्रमा पुँजीगत र व्यवस्थापकीय क्षमतासमेतका आधारमा चार प्रकारका वित्तीय संस्थाहरू क्रियाशील रहेका छन्। ती सबै प्रकारका संस्थाहरूको आआफ्नै लक्षित क्षेत्र, कर्जा नीति, कर्जाका प्रोडक्ट एवम् विशेषताहरू हुने भएकाले जोखिमको मात्रा र दायरा पनि फरक तहमा नै रहेको हुन्छ। यस लेखमा खासगरी लघुवित्त वित्तीय संस्थाहरूद्वारा गरिने कर्जा कारोबारमा निहित जोखिम तथा त्यसको व्यवस्थापनमा देखिएका चुनौतीहरूको बारेमा विश्लेषण गर्ने प्रयास गरिएको छ।

## लघुवित्त र कर्जा जोखिम

नेपालको वित्तीय प्रणालीमा वित्तीय माग र आपूर्तिको सन्तुलन कायम गर्न तथा निश्चित वर्ग र समुदायमा सेवा विस्तार गर्ने कार्यमा लघुवित्त संस्थाहरूले विशिष्ट किसिमको भूमिका निर्वाह गरिरहेका छन्। लघुवित्त संस्थाहरूले सर्वसाधारणको निक्षेपभन्दा पनि बढी स्वपूजीँ र संस्थागत ऋणलाई स्रोतको रूपमा उपयोग गरी लक्षित वर्गमा कर्जा लगानी गरेका हुन्छन्। यस्ता संस्थाहरूको लक्षित ग्राहक तथा कारोबार पनि सामान्य बैंकिङ (General Banking) कारोबारभन्दा पृथक प्रकृतिको नै रहेको हुन्छ। ठूला बैंक तथा वित्तीय संस्थाहरूले विशेष गरी ठूला र दीर्घकालीन परियोजनामा लगानी गर्ने सोचका साथ आफ्नो कर्जा नीति र आवश्यक पूर्वाधार विकास गरेका हुन्छन् तर लघुवित्त संस्थाहरूले अल्पकालीन र प्रत्यक्ष आयमूलक साना व्यवसाय तथा उद्यममा केन्द्रित रही आफ्नो कर्जा कारोबार सञ्चालन गरिरहेका हुन्छन्। पछिल्लो समयमा लघुवित्त संस्थाहरूको भूमिका कर्जा लगानीमा मात्र सीमित नभई धेरै क्षेत्रसम्म फैलिएका छ। एशियन विकास बैंकले लघुवित्तलाई न्युन आय भएका घरपरिवार तथा उनीहरूको लघु उद्यमहरूलाई निक्षेप, कर्जा, भुक्तानी सेवा, रकम ट्रान्सफर तथा बिमाजस्ता विभिन्न प्रकारका सेवा उपलब्ध गराउने समग्र व्यवस्थाको रूपमा परिभाषित गरेको देखिन्छ।[1] यसबाट लघुवित्त वित्तीय संस्थाहरूले लक्षित वर्गहरूको निक्षेप परिचालनका साथै बिमा र उद्यमशीलताको विकाससम्ममा पनि आफ्नो दायरा विस्तार गर्न सकिने आधार स्पष्ट हुन्छ। नेपालमा पनि लक्षित र विपन्न वर्गसम्म पुग्ने दरिलो आधारका रूपमा लघुवित्त वित्तीय संस्थाहरू स्थापित भएका छन्।

लघुवित्त संस्थाहरूमा कर्जा जोखिमको श्रोत र सोको व्यवस्थापन गर्ने विषयमा प्रवेश गर्नु अघि लघुवित्त संस्थाहरू र बैंक तथा अन्य वित्तीय संस्थाहरूबिचको विशेषतागत भिन्नता बुझ्नु आवश्यक हुन्छ। लघुवित्त वित्तीय संस्थाहरूको निम्न पृथक विशेषता रहेको हुन्छ। लघुवित्त संस्थाहरूमा बढी मात्रामा समूहमा आधारित कर्जा प्रदान गरिने भएकोले साना पुँजीगत क्षमता भएपनि ग्राहकहरूको सङ्ख्या अधिक हुन्छन्। यसमा लक्षित समुदायका जोसुकै पनि सजिलै आबद्ध हुन सक्छन्। आयमुलक उद्देश्यका लागि ऋणीको आवश्यकता अनुसार निकै साना परिमाणमा कर्जा प्रवाह गरिन्छ। सामान्य बैंकिङमा कर्जा प्रवाह गर्नु पूर्व पहिचान, नेटवर्थ, आय क्षमता, धितो तथा सुरक्षण अर्थात् (5C= Character, Capital, Capacity to pay, Collateral, Condition) जस्ता

**लघुवित्त वित्तीय संस्थाको पृथकता**

१. अधिक ग्राहक सङ्ख्या
२. साना परिमाणका कर्जा
३. चल अचल सम्पत्ति धितोको अभाव
४. ग्राहकको बचतको अंश न्युन
५. सञ्चालनमा सरलता
६. आर्थिकभन्दा सदस्यको सामाजिक र सांस्कृतिक हैसियतमा अभिवृद्धि गर्ने लक्ष्य
७. ग्राहक र संस्थाबिचको निकट र सुमधुर सम्बन्ध

* निर्देशक, नेपाल राष्ट्र बैंक

[1] Microfinance is the provision of a broad range of financial services such as deposits, loans, payment services, money transfers, and insurance to poor and low-income households and their micro enterprises, -Asian Development Bank,2000)

आधारभूत पक्षहरूको मूल्याङ्कंन र विश्लेषण गरेर उपयुक्त देखिएमा मात्र कर्जा प्रवाह गरिन्छ । तर लघुवित्त वित्तीय संस्थामा यो सर्वमान्य सिद्धान्तभन्दा विपरीत जस्तै पहिचान र आर्थिक हैसियत बनाइनसकेका, न्युन आय वर्गको आयश्रोत सृजना गरेर कर्जा तिर्न सक्ने सामार्थको खोजी या विश्लेषण गरेर मात्र कर्जा प्रदान गरिन्छ । ऋणीको चलअचल सम्पत्ति धितो राख्नेभन्दा पनि उसलाई परियोजना वा आय आर्जनको बाटो समेत देखाएर लगानी गर्नु पर्ने अवस्था आउँछ । कर्जा प्रदान गर्ने मात्र हैन ऋणीको क्षमता विकास र उत्प्रेरणाका लागि समेत धेरै काम लघुवित्त संस्थाहरूले गर्नु पर्ने भएकाले वित्तीय संस्था र समूह सदस्य एवम् ऋणीहरूबिच निकट र सुमधुर सम्बन्ध समेत स्थापित हुन्छ । यस्तो संस्था सञ्चालनको लागि प्राज्ञिक र प्राविधिक ज्ञानभन्दा पनि सामान्य र व्यवहारिक ज्ञानको आवश्यकता हुन्छ । संस्था सञ्चालन गर्न तुलनात्मक रूपमा सजिलो हुन्छ । यस्तो संस्थाले आर्थिक उद्देश्य मात्र हैन सदस्यको सामाजिक र साँस्कृतिक हैसियत अभिवृद्धि गर्ने कुरालाई प्राथमिकता दिएका हुन्छन् । अतः यस्ता संस्थामा विद्यमान जोखिम पनि यिनै विशेषता वरिपरी नै घुमिरहेका हुन्छन् ।

पछिल्लो समयमा लामो अवधिदेखि क,ख र ग वर्गको वित्तीय संस्थाहरूको इजाजतपत्र खुला नगरिएको र घ वर्गका वित्तीय संस्थाहरू मात्र खोल्न सक्ने नीतिगत व्यवस्था रहेका कारण यस्ता संस्थाको सङ्ख्या र पहुँचमा निकै वृद्धि भएको देखिन्छ । वि.सं २०७६ आश्विनमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त घ बर्गका लघुवित्त संस्थाको सङ्ख्या ८९ पुगेको छ भने ती संस्थाहरूको कर्जा बक्यौता रकम रू. २४४. अर्ब पुगेको देखिन्छ । यी संस्थाहरूमध्ये एक ग्रामीण विकास बैंक र चार थोक लगानीकर्ता लघुवित्त हुन् भने बाँकी राष्ट्रिय र क्षेत्रीय स्तरका लघुवित्त संस्थाहरू हुन् ।

लघुवित्त संस्थामा रहेका कर्जा जोखिमको विश्लेषणपूर्व सैद्धान्तिक रूपमा कर्जा जोखिमको अर्थ र परिभाषा बुझ्नु आवश्यक हुन्छ । सामान्यतयाः कर्जा जोखिम भन्नाले बैंक तथा वित्तीय संस्थाहरूले कुनै पक्षलाई कर्जाको रूपमा प्रवाह गरेको रकम सम्बन्धित पक्षबाट फिर्ता नहुने जोखिमलाई बुझिन्छ । तर विस्तृत अर्थमा वित्तीय संस्थाहरूले कर्जाको रूपमा लगानी गरेको रकम मात्र नभई कुनै पनि पक्षसँग जुनसुकै प्रकारका लिनुपर्ने बक्यौता रकम तोकिएको शर्त र सम्झौता बमोजिम प्राप्त नभई सृजना हुने वित्तीय नोक्सानी नै कर्जा जोखिम हो । सैद्धान्तिक रूपमा कर्जा जोखिमलाई मुख्यतः दुई भागमा वर्गीकरण गर्ने गरिन्छ ।

- **कारोबारमा निहित जोखिम (Transaction Risk)** लघुवित्त वित्तीय संस्थाहरूले आफनो कर्जा नीति बमोजिम विभिन्न ग्राहकहरूलाई कर्जा लगानी गर्दा ग्राहक तथा ऋणीको नियत तथा विश्वसनीयतामा देखिएको समस्याका कारण कर्जा असुल हुन नसकेर उत्पन्न हुने जोखिमलाई कारोबारमा निहित जोखिमको रूपमा परिभाषित गरिएको छ । यस्तो जोखिम लगानी गर्ने संस्थाले सही पद्धतिबाट ऋणी तथा परियोजनाको विश्लेषण तथा छनौट गर्न नसकेर उत्पन्न हुने गर्दछ । नेपालको सन्दर्भमा लघुकर्जामा विशेषतः ऋणी तथा परियोजनाका सम्बन्धमा वास्तविक सूचना र जानकारी सङ्कलन नगरी कर्जा प्रवाह गर्ने प्रवृत्तिका कारण सृजना हुने कर्जा जोखिमको मात्रा अधिक देखिन्छ ।

- **पोर्टफोलियोमा हुने जोखिम (Portfolio Risk)** कुनै एउटा ऋणी तथा परियोजनाको समस्याका कारण नभई कुनै वित्तीय संस्थाले गरेको निश्चित क्षेत्र वा प्रोडक्टमा नै समस्या उत्पन्न भई कर्जा नउठ्ने वा लगानी गरेको रकम असुली नभई उत्पन्न हुन जोखिमलाई पोर्टफोलियो जाखिमको रूपमा लिईन्छ । कुनै लघुवित्त संस्थाको कुल बक्यौता रकममध्ये उठ्न नसक्ने कर्जाको प्रतिशतलाई यस्तो जोखिमको रूपमा लिईन्छ । सामान्यतया बढी मुनाफाको अपेक्षा गरी गरिएका लगानीमा यस्तो जोखिमको मात्रा पनि अधिक नै रहेको हुन्छ ।

> ऋणीको नियत तथा विश्वसनीयतामा देखिएको समस्याका कारण कर्जा असुल हुन नसकेर उत्पन्न हुने जोखिमलाई कारोबारमा निहित जोखिमको रूपमा परिभाषित गरिएको छ । यस्तो जोखिम लगानी गर्ने संस्थाले सही पद्धतिबाट ऋणी तथा परियोजनाको विश्लेषण तथा छनौट गर्न नसकेर उत्पन्न हुने गर्दछ ।

## नेपालका लघुवित्त संस्थामा कर्जा जोखिमको प्रवृत्ति

नेपालमा लघुवित्त वित्तीय संस्थाहरूले प्रदान गर्ने कर्जाका मोडलहरू विभिन्न प्रकारका हुन्छन् । ग्रामीण विकास मोडल, सानाकिसान मोडल, सामुदायमा आधारित मोडल तथा स्वसहयोग समुह (Self Help Group) लगायतका मोडलहरू प्रचलनमा रहेको पाईन्छ । नेपालका लघुवित्त वित्तीय संस्थाहरूको वि.स. २०७६ आश्विनसम्मको विवरणका आधारमा हेर्दा नेपालको ७७ वटै जिल्लामा शाखा सञ्जाल र वित्तीय सेवा पुगिसकेको कुल ८९ संस्थाहरूको कूल पुंजी १७ अर्ब ७४ करोड रहेको देखिन्छ भने । करिब रु २४४ अर्ब कर्जा बक्यौताको रूपमा रहेको देखिन्छ । झण्डै ४५ लाख सर्वसाधारण लघुवित्तको सदस्य बनीसकेको लघुवित्तमा कुल कर्जाको करिब १५ प्रतिशत कर्जा लघुउद्यम धितो कर्जाको रूपमा रहेको देखिन्छ भने ६५ प्रतिशत लघुव्यवसाय र बाँकी अन्य प्रकारको कर्जा रहेको देखिन्छ । यस क्षेत्रमा निहित कर्जा जोखिमको प्रवृत्तिको बारेमा अध्ययन गर्दा मुख्यत निम्न पक्षहरू कर्जा जोखिम श्रोतको रूपमा रहेको देखिन्छ ।

### क) असमान सूचना पद्धति (Asymmetric Information )

यस क्षेत्रमा कर्जा प्रवाह गर्नका लागि आवश्यक सूचना सङ्कलनको श्रोत र त्यसको प्रभावकारी उपयोगको सन्दर्भमा भरपर्दो र विश्वासनीय सूचनाको श्रोत भेटिदैन । फरक फरक श्रोतहरूबाट एकै विषयमा प्राप्त हुने फरक सूचनामा आधारित भई लघुवित्तीय संस्थाहरूले कर्जाको प्रोडक्ट डिजाइन गर्दा सफल हुन नसकेको उदाहरण प्रशस्तै भेटिन्छन् । कुनै परियोजनाको विश्लेषण गर्न होस वा कुनै नीतिगत प्रक्षेपण गर्दा होस सही र वास्तविक सूचना, जानकारी र तथ्याङ्कको अभावमा कर्जा जोखिम बढ्ने अवस्था विद्यमान देखिन्छ ।

### ख) पूर्ण ज्ञानको अभाव (Lack of Perfect Knowledge )

यस्ता संस्थाहरूमा दक्ष र अनुभवी कर्मचारीहरू टिकाई राख्न कठिन हुने हुँदा उपलब्ध जनशक्तिबाटै कर्जा व्यवस्थापनको कार्य सम्पन्न गर्नुपर्ने हुन्छ । कतिपय शाखा कार्यालयहरूमा एकै व्यक्तिद्वारा धेरै जिम्मेवारी लिनु पर्ने अवस्थामा कर्जा प्रवाहका लागि आवश्यक ज्ञानको अभावमा परम्परागत मान्यतामा नै कर्जा लगानी गर्नुपर्ने भएकोले कर्जा जोखिम बढ्न सक्ने देखिन्छ।

### ग) कर्जा मूल्याङ्कन संयन्त्रको अभाव (Lack of Credit Assessment Mechanism )

लघुवित्त संस्थाहरूले ऋणीसँग लिइने चल अचल सम्पत्तिको धितोलाईभन्दा बढी परियोजनाको संभाव्यता र भावी आयको प्रक्षेपणको आधारमा कर्जा स्वीकृत तथा प्रवाह गर्नुपर्ने हुन्छ । तर यस्तो विषय प्रक्षेपण गर्नु निकै चुनौतीपूर्ण मानिन्छ । तालिमप्राप्त र दक्ष कर्मचारी एवम् प्रभावकारी सूचना प्रणालीको विकास र विस्तारबाट मात्र कर्जा मुल्याङ्कन कार्य यथार्थपरक हुन सक्दछ । ऋणीको वास्तविक आवश्यकता र कर्जाको औचित्यता पुष्टि हुने आधार विना कर्जा प्रवाह गर्दा कर्जा जोखिम बढ्नु स्वभाविक नै मानिन्छ ।

> एउटा संस्थाबाट लिएको कर्जाको साँवा ब्याज भुक्तानी गर्न अर्को संस्थाबाट कर्जा लिएर तिर्ने प्रवृति नै लघुवित वित्तीय संस्थाको लागि दीर्घकालीन असर पार्ने तत्व हो । यसको समयमा नै समाधान नखोज्ने हो भने लघुवित वित्तीय संस्थाहरुबाट प्रवाहित कर्जाको अवस्था निकै नाजुक हुन पनि सक्दछ ।

### घ) अस्वस्थ प्रतिस्पर्धा एवम् बहुबैंकिङ (Unfair Competition and Multi-Banking )

लघुवित्त वित्तीय संस्थाहरूको सङ्ख्यात्मक उपस्थितिमा भएको वृद्धिसँगै अस्वस्थ प्रतिस्पर्धाको मात्रा पनि बढिरहेको देखिन्छ । सीमित सम्भावना र बजारमा नै व्यवसाय गर्न लुछाचुँडी हुँदा वास्तविक ऋणीभन्दा पनि पहुँचवाला र सीमित पक्षहरूमा कर्जा प्रवाह हुने सम्भावना बढ्न जान्छ । गतिलो सूचना संयन्त्रको अभावमा एकै व्यक्ति वा परियोजनाले धेरै संस्थाबाट कर्जा लिन प्रवृत्ति नेपालको लघुवित्त क्षेत्रमा अत्यधिक रहेको छ । नेपाल राष्ट्र बैंकले निर्देशनमार्फत यस्तो प्रवृत्तिलाई रोक्ने प्रयत्न नगरे पनि वैज्ञानिक र पारदर्शी सूचनाको संयन्त्रको अभावमा यो नियन्त्रण हुन भने सकेको देखिदैन । एउटा संस्थाबाट लिएको कर्जाको साँवा ब्याज भुक्तानी गर्न अर्को संस्थाबाट कर्जा लिएर तिर्ने प्रवृत्ति नै लघुवित्त वित्तीय संस्थाको लागि दीर्घकालीन असर पार्ने तत्व हो । यसको समयमा नै समाधान नखोज्ने हो भने लघुवित्त वित्तीय संस्थाहरूबाट प्रवाहित कर्जाको अवस्था निकै नाजुक हुन पनि सक्दछ ।

### ङ) अनुसन्धान तथा सृजनशीलताको अभाव (Lack of Research and Innovation)

लघुवित्त संस्थाहरूले कर्जाको प्रोडक्टहरू डिजाइन गर्दा परम्परागत रूपमा र एक संस्थाले अन्य संस्थाद्वारा विगतमा गरिएका व्यवस्था वा प्रकृतिलाई नै प्राथमिकता दिनेगरेको पाईन्छ । बजारमा भएको परिवर्तन, लघुव्यवसायको सम्भावना र चुनौतीहरूको अध्ययन तथा विश्लेषणभन्दा पनि विगतमा जे गरिएको थियो त्यही विषय वा क्षेत्रलाई नै प्राथमिकतामा राखी कर्जा प्रवाह गर्नेगरेका कारण यस क्षेत्रमा कर्जा जोखिमको मात्रा बढ्न सक्ने देखिन्छ । संस्थाहरूले लघुवित्तको क्षेत्रमा अनुसन्धान गरी सम्भाव्य क्षेत्र वा परियोजनाको समेत पहिचान गरी ऋणीहरूलाई कर्जा लिन उत्प्रेरित गर्न सके दुवै पक्षलाई लाभ हुनसक्ने देखिन्छ ।

### च) कमजोर अनुशिक्षण तथा अनुगमन प्रणाली (Weak Orientation and internal control)

अझै पनि नेपालका कतिपय समुदायमा कर्जा लिएर उद्यमी बन्ने विषयलाई प्राथमिकतामा राखिएको हुँदैन । लघुवित्त संस्थाहरूले बनिबनाउ परियोजना, दक्ष र सक्षम ऋणी खोजेर मात्र कर्जा प्रदान गर्ने विषय व्यवहारिक पनि हुँदैन । ऋणीहरूलाई ऋणको सदुपयोगिता, परियोजनाको व्यावसायिकता, बजारीकरण, लागत र लाभको ज्ञानलगायतका विषयमा अनुशिक्षण दिने प्रवृत्ति नेपाली बजारमा कमै रहेको पाईन्छ । जसले गर्दा कर्जा लिईसकेपछि विभिन्न समस्यामा परी कर्जा नतिर्ने वा तिर्न उत्साही नहुने प्रवृत्ति रहेको पाईन्छ । कर्जा वा परियोजनाको नियमित अनुगमन गरी ऋणीको वास्तविक समस्या बुझेर समयमा उपयुक्त परामर्श दिन नसक्दा यस्ता संस्थामा कर्जा जोखिम बढेको देखिन्छ । यसका लागि लघुवित्त संस्थाहरूले कर्जा प्रवाह गरेर मात्र दायित्वबाट उम्कने हैन कर्जायोग (Credit Plus)[2] को अवधारणालाई पालना गर्नु आवश्यक हुन्छ ।

### छ) बजार पूर्वाधारको अभाव (Lack of Marketing Infrastructure)

लघुवित्त वित्तीय संस्थाहरूले ऋणी सदस्यहरूलाई आयमुलक कार्यका लागि लगानी गर्दछन् , अधिकांश साना कर्जाहरू कृषि उत्पादन, नगदेवाली, पशुपंक्षी पालन, मत्स्यपालन आदिमा लगानी गरिएको हुन्छ । उत्पादित बस्तुको बजारीकरणका लागि आवश्यक बाटोघाटो,ढुवानी व्यवस्था, शीतभण्डार, प्रशोधन उद्योगलगायतका पूर्वाधारको विकास नहुँदा श्रम अनुसारको प्रतिफल आर्जन गर्न कठिन भई ऋणीहरूले कर्जा तिर्न सक्ने क्षमतामा ह्रास आउँछ । मौलाउँदैगएको विचौलियाको कारण पनि वास्तविक उत्पादकले उचित मूल्य प्राप्त गर्न नसकेका कारण लघुवित्तका वास्तविक सदस्यहरूले कर्जा लिएर काम गर्न बढी प्रोत्साहित हुने अवस्था देखिदैन ।

### ज) दक्ष व्यवस्थापक तथा नेतृत्वको अभाव (Lack of experience and skill manager )

लघुवित्त वित्तीय संस्थाहरूले कारोबारको आकारमा गरेको वृद्धिसँगै व्यवस्थापकीय क्षमता पनि अभिवृद्धि गर्दै लैजानु पर्ने हुन्छ । भावी

2 The Credit-plus approach essentially integrates adequate and timely credit into larger developmental processes such as comunity organizing, leadership training, entrepreneurship etc.

योजना र रणनीतिका अतिरिक्त संस्था सञ्चालनका लागि आवश्यक नीति र प्रकृयाको तर्जुमा र कार्यान्वयनका लागि दक्ष व्यवस्थापकहरूको अभावमा पनि यस्तो संस्थामा जोखिम बढ्नेगरेको देखिन्छ । समय र वातावरणको गतिशीलतासँगै आवश्यकता अनुसार सूचना प्रविधिमा लगानी गर्ने तत्परताको कमी र अनुभवी नेतृत्वको कमी जस्ता बृहत् कारणबाट सही कर्जा नीति बन्न र कार्यान्वयनमा ल्याउन चुनौती हुने भएकोले यस्ता संस्थाको कर्जामा जोखिम बढ्न सक्छ ।

### झ) कमजोर आन्तरिक नियन्त्रण प्रणाली र सुशासन (Weak Internal Control and Governance)

वित्तीय संस्थाहरूको दिगोपन भन्नु नै सवल आन्तरिक नियन्त्रण प्रणाली र सुशासन हो । सञ्चालक समितिले कर्जा लगानी तथा असुली नीति तर्जुमा गर्ने, व्यवस्थापनले विभिन्न तहगत रूपमा कार्यान्वयन गर्ने, लेखापरीक्षण समितिले त्यसको आन्तरिक परीक्षण गर्ने कर्जा व्यवस्थापनका सामान्य प्रकृया हुन् । यी प्रकृयालाई विधिवत् ढङ्गबाट कार्यान्वयन गर्न नसक्दा संस्थामा कर्जा जोखिम बढ्नसक्ने देखिन्छ । कतिपय लघुवित्त संस्थामा सञ्चालक समिति र व्यवस्थापनको काम कर्तव्य र भूमिकाको बारेमा स्पष्ट ज्ञान नभई संस्थागत सुशासनका पक्षहरू ओझेलमा परेका कारण समस्याहरू देखिनेगेरका छन् भने कतिपय संस्थामा पदाधिकारीहरूले कर्जा लगानीमा प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पार्ने गरेको पनि सुनिन्छ । अतः कर्जा व्यवस्थापनलाई सुदृढ र प्रभावकारी बनाउन लघुवित्त संस्थाहरूले सञ्चालक शिक्षा कार्यक्रमलाई विशेष महत्व दिनुका साथै आन्तरिक नियन्त्रण प्रणालीलाई पनि चुस्त र पारदर्शी बनाउँदै लैजानु आवश्यक देखिन्छ ।

> कर्जा व्यवस्थापनलाई सुदृढ र प्रभावकारी बनाउन लघुवित संस्थाहरूले सञ्चालक शिक्षा कार्यक्रमलाई विशेष महत्व दिनुका साथै आन्तरिक नियन्त्रण प्रणालीलाई पनि चुस्त र पारदर्शी बनाउँदै लैजानु आवश्यक देखिन्छ ।

## कर्जा जोखिम न्यूनीकरणका लागि नियमकीय व्यवस्थापन

कर्जा जोखिमलाई नियन्त्रण एवम् न्यूनीकरण गर्ने जिम्मेवारी सम्बन्धित संस्थाको सञ्चाल समिति तथा व्यवस्थापन कै हो । तापनि कर्जामा निहित जोखिमलाई न्यूनीकरण गर्नका लागि नियमनकारी निकाय अर्थात् नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशनमार्फत सबै प्रकारका लघुवित्त संस्थाहरूलाई न्यूनतम मापदण्डको रूपमा निम्न व्यवस्था कार्यान्वयनमा ल्याईएको छ ।

### १. कर्जा बर्गिकरण तथा कर्जा नोक्सानी व्यवस्था

लघुवित्त संस्थाहरूबाट प्रवाहित कर्जालाई तोकिएको भुक्तानी अवधि (Maturity Period) लाई आधार मानी निम्नानुसार चार बर्गमा कर्जाको बर्गीकरण गरिएको छ ।

- **असल** (Pass) : अधिकतम ९० दिनसम्म भाखा नाघेको कर्जाहरूलाई असल कर्जामा बर्गिकरण गरिएको छ । यस्ता कर्जाको लघुवित्त संस्थाहरूले १ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने हुन्छ । कुनैपनि कर्जा असलकर्जाबाट नै स्तर घटदै गई अन्य वर्गमा सर्ने भएकोले शुरुमा नै एक प्रतिशत रकम कर्जा नोक्सनी व्यवस्था कायम गरी संभावित जोखिमलाई न्यूनीकरण गर्ने प्रयास गरिएको छ ।
- **सूक्ष्म निगरानी** (Watch List): १ महिनादेखि बढीमा ३ महिनासम्म भाखा नाघेका कर्जा/सापटलाई यस वर्गमा बर्गीकरण गरिएको छ । यस्तो कर्जाका लागि संस्थाले बक्यौता रकमको ५ प्रतिशत कर्जा नोक्सानी कोषमा राख्ने व्यवस्था रहेको छ ।
- **कमसल** (Substandard): अधिकतम १८० दिनसम्म भाखानाघेको कर्जाहरूलाई कमसल कर्जामा बर्गीकरण गरिएको छ । यस्ता कर्जाको लागि बैंक तथा बित्तीय संस्थाहरूले २५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्ने हुन्छ । भाखा नाघेको छ महिनासम्म पनि कर्जाको साँवा तथा ब्याज असुली नभएमा त्यस्तो कर्जालाई असल नै बर्गीकरण गर्दा थप जोखिम सृजना हुने भएकोले सम्बन्धित त्रयमास नाघेको कर्जाका लागि नोक्सनी व्यवस्था बक्यौता रकमको २५ प्रतिशत कायम गर्नुपर्दछ ।
- **शंकास्पद** (Doubtful) : अधिकतम ३६५ दिनसम्म भाखा नाघेको कर्जालाई कमसल कर्जामा बर्गिकरण गरिएको छ । यस्ता कर्जाको लागि बैंक तथा वित्तीय संस्थाहरूले ५० प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्ने हुन्छ ।
- **खराब** (Bad) : ३६५ दिन भन्दा बढि अवधिले भाखानाघेको कर्जालाई खराब कर्जामा वर्गीकरण गरिएको छ । यस्ता कर्जाको लागि बैंक तथा वित्तीय संस्थाहरूले शतप्रतिशत रकम कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने हुन्छ ।

यसका अलवा सुरक्षणको बजार मूल्यले कर्जाको सुरक्षण हुन नसक्ने भएमा, ऋणी टाट पल्टेमा वा टाट पल्टेको घोषणा भएमा, ऋणी हराएमा वा गायब भएमा, परियोजना/व्यवसाय सञ्चालन हुने अवस्था नरहेमा, परियोजना वा व्यवसाय सञ्चालनमा नभएमा, ऋणी कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको जानकारी भएको अवस्थामा, कर्जा दुरुपयोग भएमा, कार्यक्षेत्र बाहिर गरेको कर्जा लगानीमा समेत शत प्रतिशत कर्जा नोक्सानकिो व्यवस्था गर्नु पर्ने नीतिगत व्यवस्था गरिएको छ ।

### २. एकल ग्राहक कर्जा सीमा

एउटा लघुवित्त संस्थाले सीमित ग्राहक वा समूहलाई कर्जा प्रदान गर्दा हुने अधिकेन्द्रित जोखिमलाई न्युनीकरण गर्न निर्देशनमा देहाएको व्यवस्था गरिएको छ ।

- थोक कर्जा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाले एउटै ग्राहक, फर्म, कम्पनी, संस्था वा आपसी सम्बन्ध भएका ग्राहकहरूको समूहलाई प्रदान गरिने कर्जाको सीमा अघिल्लो त्रयमासको प्राथमिक पुँजीको बढीमा २५ प्रतिशत कायम गरिएको छ ।
- खुद्रा कारोवार गर्ने लघुवित्तहरूको हकमा पनि कर्जाको शीर्षक र

विशेषतागत आधारमा प्रतिग्राहक रु २ लाखदेखि १० लाखसम्म कर्जा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ ।

- कल ग्राहक सीमा नाघ्नेगरी कर्जा प्रदान गरिएको अवस्थामा कर्जा प्रवाह गर्ने पछिल्लो लघुवित्त वित्तीय संस्थाले सीमा भन्दा बढी प्रवाह भएको कर्जा रकममा सतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्ने व्यवस्था रहेको छ ।

## ३ कर्जा सूचना.तथा कालोसूची सम्बन्धी व्यवस्था

इजाजतपत्रप्राप्त संस्थाले पाँच लाख रूपैयाँ वा सोभन्दा बढीको कर्जा रकम कालोसूची सम्बन्धी प्रचलित व्यवस्था अन्तर्गत कालोसूचीमा राख्न सिफारिस गर्नु पर्नेछ । यस व्यवस्था अनुसार इजाजतपत्रप्राप्त संस्थाबाट जतिसुकै परिमाणको कर्जा, सापट तथा सुविधा रकम लिई नियतवस कर्जा नतिर्ने ऋणीहरूलाई कालोसूचीमा राख्न सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले कर्जा सूचना केन्द्रलाई सिफारिस गर्न बाधा पुगेको मानिने छैन ।

## निष्कर्ष

कर्जा जोखिम सबै प्रकारका वित्तीय संस्थाहरूको लागि प्रमुख जोखिम हो । हरेक वित्तीय संस्थामा उपलब्ध वित्तीय श्रोतको अधिकांश रकम कर्जाकै रूपमा रहने र कर्जाबाट प्राप्त ब्याज आम्दानीबाट नै सञ्चालन खर्चदेखि सबै प्रकारका खर्च धान्नुपर्ने भएकोले कर्जाको समुचित व्यवस्थापन नै संस्थाको सफलताको आधार पनि हो । लघुवित्त वित्तीय संस्थाले विशेष उद्देश्यमा केन्द्रित रही लक्षित वर्गलाई कर्जा प्रदान गर्ने गर्दछन् । थोक कर्जा प्रदायक लघुवित्त संस्थाहरूले संस्थागत रूपमा कर्जा प्रवाह गर्ने गर्छन भने अन्य लघुवित्त संस्थाहरूले ऋणी तथा सदस्यहरूसँग प्रत्यक्ष सम्पर्कमा रही कर्जा प्रदान गर्दछन् ।

प्रकृतिगत रूपमा साना रकमको कर्जा र ऋणी सङ्ख्या अधिक रहने लघुकर्जामा निहित जोखिम पनि विशेष प्रकृतिकै हुन्छ । सामान्य बैंकिङ कारोबारमा जस्तो धितोमुखी लगानी नभई परियोजना र सामुहिक जमानी रहने भएकोले विधिसम्मत प्रदान गरिएका कर्जाहरू असुली नहुने सम्भावना निकै कम हुन्छ । जसका कारण लघुवित्त वित्तीय संस्थाहरूमा हालसम्म कर्जा असुलीको अवस्था तथ्याङ्कगत रूपमा सन्तोषजनक नै देखिन्छ । पछिल्लो समयमा लघुवित्त संस्थाहरूमा एकै ऋणी तथा ग्राहकले दुई वा सो भन्दा बढी संस्थाहरूबाट कर्जा उपयोग गर्ने प्रवृत्ति बढिरहेको र विद्यमान सूचना प्रणालीबाट निश्चित ऋणी वा समूहले लघुवित्त संस्थाहरूबाट लिएको कर्जाको कूल परिमाण थाहा पाउन कठिन हुने भएकोले कर्जा जोखिम बढ्ने अवस्था देखिन्छ ।

कर्जा जोखिमको व्यवस्थापनका लागि सम्बन्धित संस्थाले नै बलियो नीतिगत आधार तय गरी नियमित अनुगमन र आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ तुल्याउन आवश्यक हुन्छ । कर्जा स्वीकृत गर्नुपूर्व ऋणीको वास्तविक अवस्था पत्ता लगाउने, परियोजनाको संभाव्यता अध्ययन तथा विश्लेषणमा विशेष ध्यान दिने, परियोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने, बिग्रेका कर्जाहरूका लागि समयमा नै आवश्यक कर्जा नोक्सानी व्यवस्था गर्ने, प्रतिफल वितरणमा मात्र केन्द्रित नभई आयको केही अंश कर्मचारी तालिम, दक्षता अभिवृद्धिमा खर्च गर्ने अनुसन्धानात्मक पद्धतिद्वारा समस्या पहिचान गरी समाधान गर्ने, ऋणी तथा ग्राहकहरूलाई लघु व्यवसाय सञ्चालनको लागि आवश्यक ज्ञान प्रदान गर्ने, संस्थाका संस्थापक तथा सञ्चालकहरूलाई आवश्यक ज्ञान अभिवृद्धिको पहल गरी संस्थागत सुशासन पक्षलाई सुदृढ तुल्याउने, कारोबार तथा अभिलेख व्यवस्थापनमा सूचना प्रविधिको उपयोग गर्ने, विद्यमान ऐन कानुन तथा नियमनकारी निकायबाट जारी गरिएका निर्देशनलगायतका उपायहरूको अवलम्बन गरी कर्जा जोखिम न्यूनीकरण गर्न सकिन्छ ।

# कृषि, ग्रामीण क्षेत्र र साना किसानदेखि आधुनिक बैकिङ्गसम्म कृषि विकास बैंक लि.: स्थापना, हालको अवस्था र देशको आर्थिक विकासमा पुऱ्याएको योगदान



✍प्रताप सुवेदी*

## विषय प्रवेश

कृषि र ग्रामीण क्षेत्रको विकासका लागि कृषि विकास बैंकको स्थापना भए पनि समय क्रमसँगै यस बैंकले वाणिज्य बैकिङ क्रियाकलाप बढाउदैजाँदा विस्तारै दायरा फराकिलो हुँदैगयो । ठूला व्यावसायिक परियोजनाहरूमा लगानीदेखि सर्वसाधारणको निक्षेप सङ्कलन गर्ने र आधुनिक वाणिज्य बैकिङ क्रियाकलापहरूसमेत गर्दै यो बैंक पूर्ण वाणिज्य बैकिङ स्वरूपमा परिणत भएको छ । यसै बैंकको अगुवाईमा आफ्नो स्थापनाकालीन समयको उद्देश्य हासिल हुन सक्नेगरी ग्रामीण विपन्न र गरीब जनतालाई आर्थिक विकासको मूलधारमा ल्याउन साना किसान विकास लघुवित्तीय संस्थाको स्थापनामा महत्वपूर्ण भूमिका समेत खेलेको थियो । यो लघुवित्तीय संस्था हाल नेपालकै उत्कृष्ट लघुवित्तीय संस्थाहरूको रूपमा स्थापीत हुनु कृषि विकास बैंकका लागि पनि गर्वको विषय हो ।

यसै पृष्ठभूमिमा कृषि विकास बैंक लि. साना किसान कार्यक्रमको प्रमुख अभियन्ता भएकोले प्रस्तुत लेखमा कृषि र ग्रामीण क्षेत्रको विकास एवम् साना किसान विकास कार्यक्रमको कार्यान्वयनदेखि यसको मातृ संस्था कृषि विकास बैंक लि.को हालको कारोबार, प्रमुख पक्षहरू र देशको आर्थिक विकासमा कृषि विकास बैंक लि.ले पुऱ्याएको योगदानको बारेमा सङ्क्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

## कृषि विकास बैंक स्थापनाको पृष्ठभूमि

नेपालमा वि.स. २०२० सालमा सहकारी बैंक स्थापना भए पनि सो बैंक उद्देश्य प्राप्तिमा सफल नभएकोले देशको ग्रामीण तथा कृषि क्षेत्रको विकासमा सहयोग गर्ने प्रमुख उद्देश्यका साथ वि.स. २०२४ माघ ७ गते कृषि विकास बैंकको स्थापना भई उक्त सहकारी बैंक समेत यसैमा गाभिएको थियो । हालको नेपाल बैंक लिमिटेडको न्युरोडस्थित भवनमा स्व.राजा महेन्द्रबाट यस बैंकको उद्घाटन भएको थियो । अहिले यो बैंक ५३ औं वर्षमा प्रवेश गरेको छ । यस बैंकले स्थापनाकालदेखि सरकारी एवम् अन्तर्राष्ट्रिय दातृ तथा गैर सरकारी निकायहरू समेतको सहयोग र समन्वयमा ग्रामीण तथा कृषि क्षेत्रको विकासको लागि कृषि तथा कृषिमा आधारित उद्योग व्यवसाय र औद्योगीकरण, कृषिको व्यावसायीकरण एवं गैर कृषि क्षेत्रमा सरल र सुलभ कर्जा एवम् सम्पूर्ण वाणिज्य बैकिङ सेवा प्रदान गर्दैआएको छ । हाल सबैभन्दा ठूलो कार्यसञ्जाल भएको बैंकको रूपमा यसका २७५ वटा भन्दा बढी कार्यालयबाट विस्तारित, सघन, दिगो एवम् सामाजिक अभिमुखीकरण सहितको अत्याधुनिक कम्प्यूटर प्रणालीमा आधारित आधुनिक सुविधा सहितको वाणिज्य बैकिङ सेवा उपलब्ध गराउँदै आएको छ । वाणिज्य बैंकिङ, विकास बैंकिङ र लघुवित्त गरी तीन वटा क्षेत्रमा एकसाथ सेवा प्रदान गर्दै वित्तीय साक्षरता एवम् वित्तीय समावेशीता सहितको कार्यक्रम एवम् बैंकिङ सुविधाबाट सम्पूर्ण नेपाली जनतालाई यस बैंकमा जोडिने र उनीहरूको घरआँगनको बैंकको रूपमा स्थापित हुने लक्ष्यका साथ बैंक अगाडि बढिरहेको छ । वि.सं. २०३२ सालबाट साना किसान विकास कार्यक्रम सञ्चालन गरी यिनीहरूलाई सहकारी संस्थाको रूपमा स्थानीयस्तरमा नै हस्तान्तरण गर्नु कृषि विकास बैंकको लागि पनि एउटा ऐतिहासिक र सफलताको क्षणको रूपमा लिन सकिन्छ ।

स्थापनाका सुरुका वर्षहरूमा नेपाल सरकार र एशियाली विकास बैंकलगायत अन्य दातृनिकायहरू यस बैंकको कार्यक्रम सञ्चालनका लागि प्रमुख स्रोत र दाता थिए । सरकारी सहयोग एवम् बाह्य स्रोतको आधारमा मात्र बैंकले ग्रामीण क्षेत्रमा गरेको योगदान प्रभावकारी हुन नसक्ने देखेपछि वि.स.२०४१ सालमा यस बैंकले वाणिज्य बैंकिङ सेवाको सुरुवात गऱ्यो । नेपालका मुख्य शहरका सीमित शाखाहरूबाट निक्षेप सङ्कलन गर्ने कार्य थालियो । शहरी क्षेत्रमा छरिएर रहेको निक्षेपलाई ग्रामीण क्षेत्रसम्म पुऱ्याउनु, श्रोत र साधनको आन्तरिक रूपमा व्यवस्थापन गर्नु यसको प्रमुख उद्देश्य थियो र यस कार्यमा बैंक अपेक्षित रूपमै सफल रह्यो । तत्कालीन समयमा अन्य बैंकले अवलम्बन गरेको परम्परागत कार्य प्रणालीको तुलनामा कृषि विकास बैंकको कम्प्यूटरीकृत प्रणाली नै ग्राहकको प्रमुख आकर्षण रह्यो ।

देशमा बैंक तथा वित्तीय संस्था सम्बन्धी एकीकृत कानून लागू भएको फलस्वरूप वि.सं. २०६२ असार ३१ मा यो बैंक पब्लिक कम्पनीमा रूपान्तरण भएको र २०६२ चैत्र ३ मा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको वाणिज्य बैकिङ कारोबार गर्ने ईजाजत प्राप्त गरी यसले पूर्ण वाणिज्य बैंकको भूमिकामा कार्य गर्न सुरु गऱ्यो । फलस्वरूप वि.सं. २०६४ मा तत्कालीन कृषकका लागि अपनत्व जगाउन १४.१४ प्रतिशत, २०६६ मा सर्वसाधारणका लागि ३० प्रतिशत र २०७० सालमा कर्मचारीहरूका लागि ४.८६ प्रतिशत शेयर निष्काशन भई बैंकले आफ्नो पुँजी योजना कार्यान्वयन गरेको थियो । यस बैंकको ५१ प्रतिशत शेयर नेपाल सरकारको स्वामित्वमा रहेको छ भने ४९ प्रतिशत सर्वसाधारणको स्वामित्वमा रहेको छ । आजका दिनसम्म आईपुग्दा बैंकले आफ्नो कार्यक्षेत्रलाई फराकिलो र सुदृढ बनाउदै लगेको छ ।

*सञ्चालक, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. एवम् उपमहाप्रबन्धक कृषि विकास बैंक लि. ।

### साना किसान विकास कार्यक्रमको अभियन्ता र कार्यान्वयनकर्ताको रूपमा कृषि विकास बैंक

वि.सं.२०३२ सालमा स्वदेशी तथा विदेशी सङ्घ संस्थाहरूबिच भएको विचारगोष्ठीका निष्कर्षबाट नेपालमा कृषि विकास बैंकमार्फत साना किसान विकास आयोजना कार्यक्रम सञ्चालन गर्ने निर्णय गरिए अनुसार नेपाल सरकार तथा विभिन्न विदेशी सङ्घ संस्था र निकायहरूको सहयोगमा यो कार्यक्रम आरम्भ गरियो। सर्वप्रथम २०३२ साल असोज २ गते धनुषाको महेन्द्रनगर गा.वि.सं. र मङ्सिर १८ गते नुवाकोटको तुप्चे गा.वि.सं.मा परीक्षणको रूपमा सञ्चालन गरिएको यो कार्यक्रमको पूर्ण सफलतापछि कार्यान्वयन अवधिभर देशका ६५२ वटा गा.वि.सं.मा ४५२ साना किसान विकास आयोजनाहरू सञ्चालनमा आएको देखिन्छ। कृषि विकास बैंकले देशको ग्रामीण विकास इकाइको रूपमा यिनीहरूलाई व्यापक रूपमा प्रयोग गरी करिब २ लाख १० हजार घरपरिवारमा यो सेवा पुऱ्याएको थियो । ग्रामीण क्षेत्रका साना किसानहरूका आर्थिक सामाजिक र वित्तीय श्रोत साधनको पहुँच विस्तारमा यसबाट महत्वपूर्ण योगदान पुगेको पाइन्छ। यो कार्यक्रम पूर्ण रूपमा सफल भई यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय अवार्ड समेत प्राप्त गरेको छ।

कार्यक्रम कार्यान्वयन भइरहेको सन्दर्भमा यस कार्यक्रमलाई अझ दिगो बनाउन आर्थिक वर्ष २०४२/४३ मा तत्कालीन जि.टि.जेड. एवम् कृषि विकास बैंकको संयुक्त प्रयासमा साना किसानहरूको संस्थागत विकास गर्ने लक्ष्यका साथ संस्थागत विकास कार्यक्रम लागु गरियो। यस अन्तरगत साना किसान विकास कार्यक्रम अन्तरगतको संरचनामा समूह, अन्तरसमूह,मूल समिति गरी तीन तहका साङ्गठनिक स्वरूप निर्माण गरियो। यो कार्यक्रमले साना किसानहरूलाई उनीहरूको नेतृत्व क्षमता र सक्षमताको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको पाईन्छ।

कार्यक्रममा सरकारी एवम् विदेशी निकायको सहयोगमा कमी आएको सन्दर्भमा यस कार्यक्रमलाई दिगो बनाई राख्न र वास्तविक वर्गले सञ्चालन गर्ने कार्यको व्यवस्थापन गर्न आ.व.२०५०/५१ देखि कृषि विकास बैंकले साना किसान विकास आयोजनाको व्यवस्थापन र स्वामित्व साना किसानहरूले माग गरेमा उक्त साना किसान सहकारी संस्थाहरूलाई नै हस्तान्तरण गर्ने कार्यको थालनी गऱ्यो। कृषि विकास बैंकले नै यस्ता संस्थाहरूलाई साना किसान विकास आयोजनाको सम्पत्ति र दायित्व पूर्ण रूपमा हस्तान्तरण गर्दै जाने र यिनीहरूलाई आवश्यक पर्ने थोककर्जा समेत उपलब्ध गराउने नीति लिइएको र हालसम्म पनि यस्तो सहयोग उपलब्ध गराउदैआएको छ । यस्ता संस्थाहरू सहकारी स्वरूपमा भए पनि गरीबी निवारणका लागि मौलिक मोडेल र विशिष्ट विशेषता भएको संस्थाका रूपमा स्थापित भएका छन्।

### साना किसान विकास बैंकको प्रमुख प्रवर्धकको रूपमा कृषि विकास बैंक

कृषि विकास बैंकको अगुवाइमा नेपाल सरकार, कृषि विकास बैंक, नेपाल बैंक लि., नबिल बैंक लि. एवम् २१ वटा साना किसान सहकारीहरू संस्थापक रही वि.सं. २०५८ असार २२ गते साना किसान विकास बैंक (हाल साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.) को स्थापना गरियो। नेपाल सरकारले आ.व.२०६७/६८ मा आफ्नो शेयर विभिन्न साना किसान सहकारी संस्थाहरूलाई बिक्री गऱ्यो र उक्त सरकारी शेयर खरीदकर्ता समेत गरी कुल २३१ वटा साना किसान सहकारीहरू पनि यस बैंकको संस्थापक शेयरधनी बन्न पुगे। यस लघु वित्तीय संस्थाको स्थापना भैसकेपछि कृषि विकास बैंकद्वारा प्रवर्धित विभिन्न २१० वटा साना किसान सहकारी संस्थाहरूको ऋण कारोबार समेत यसै लघु वित्तीय संस्थामा सारियो।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ लागु भएपछि साना किसान विकास बैंक पनि यसबाट अछुतो रहेन। त्यसैगरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को प्रभावसमेत यस बैंकमा पनि पऱ्यो। फलस्वरूप यस बैंकको सङ्गठनात्मक संरचना, काम कारोबार, नाम, सञ्चालक समिति गठन विधि, आन्तरिक समितिलगायतमा सोही अनुसार समयानुकुल परीवर्तन भएको पाइन्छ। यस संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन अनुसार ३० प्रतिशत शेयर सर्वसाधारणलाई जारी गरी २०७० असोज १४ देखि नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भई यसको शेयर कारोबार सुचारु भइरहेको छ । कृषि विकास बैंक यस वित्तीय संस्थाको मुख्य प्रवर्धक रहेको छ, अहिले पनि करिब २२ प्रतिशत शेयर कृषि विकास बैंकको रहेको छ। थोक लघुकर्जाको विशिष्टीकृत संस्थाको रूपमा रहेको यो संस्थामा नेपाल सरकार एशियाली विकास बैंक, आइ.एफ.ए.डि. लगायत निकायहरूको श्रोतमा लघुकर्जा, पशुपालन कर्जा, नवीकरणीय कर्जा, जीवीकोपार्जन कर्जा , कृषि कर्जा, बाली बिमा पशु बिमालगायत कर्जा र यस्तै प्रकारका ग्रामीण विकास र गरिबी निवारणका कार्यक्रमहरू सञ्चालनमा रहेका छन्।

> थोक लघुकर्जाको विशिष्टीकृत संस्थाको रूपमा रहेको यो संस्थामा नेपाल सरकार एशियाली विकास बैंक, आइ.एफ.ए.डि. लगायत निकायहरूको श्रोतमा लघुकर्जा, पशुपालन कर्जा, नवीकरणीय कर्जा, जीवीकोपार्जन कर्जा, कृषि कर्जा, बाली बिमा पशु बिमालगायत कर्जा र यस्तै प्रकारका ग्रामीण विकास र गरिबी निवारणका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

### कृषि विकास बैंक लि. का ऐतिहासिक उपलब्धि एवम् चुनौतीहरू

यस बैंकले देशको आर्थिक एवम् सामाजिक विकास र वित्तीय क्षेत्रमा पुऱ्याएको योगदान अत्यन्त महत्वपूर्ण रहेको छ। समग्रमा देशको गरिबी निवारण, साना किसान विकास कार्यक्रम, ग्रामीण र कृषि क्षेत्रको विकास, दुर्गम विपन्न वर्गलाई लघुवित्त सेवा प्रदान, सम्पूर्ण क्षेत्र, वर्ग र भूगोलका उद्यमी व्यापारी व्यवसायी एवम् सर्वसाधारणहरूलाई आवश्यक बैंकिङ सुविधाहरू उपलब्ध गराउनेदेखि आफ्नै कर्जाग्राही, कृषकसम्मलाई बैंकको शेयर प्रदान गरी बैंकप्रतिको अपनत्व कायम, एशियाली विकास बैंकसँग पुँजी र सूचना प्रविधिमा सहकार्य, सरकारी कार्यक्रमको निर्वाध सञ्चालनदेखि सर्वसाधारणलाई आधुनिक बैंकिङ सुविधा उपलब्ध गराउँदै उच्चतम नाफा आर्जन गर्ने एउटा अग्रणी वाणिज्य बैंकको रूपमा स्थापित हुनु, शेयरधनीहरूलाई प्रतिस्पर्धात्मक प्रतिफल उपलब्ध गराउँदै जानु आदि यस बैंकको ५३ वर्षे यात्राका केही महत्वपूर्ण उपलब्धिहरू हुन । आगामी दिनमा बैंकले कोषको लागत कम गर्ने, शिरोभार खर्च

घटाउने, न्यूनतम सञ्चालनखर्च कायम गर्ने, निष्क्रिय कर्जा अझै घटाउँदै जाने, नयाँ र योग्य जनशक्ति बजारबाट भित्र्याउने आन्तरिक बिषयलाई थप व्यवस्थित गर्ने, बैंकका समग्र प्रोडक्ट एवम् व्यवसायका सूचनाहरू बढीभन्दा बढी आम सर्वसाधारण एवम् ग्राहकसँग पुर्‍याई सबै नेपालीसँग जोडिने र नेपालीहरूको घर आँगनको बैंकको रूपमा स्थापित हुनेगरी कार्यहरू अगाडि बढिरहेका छन् । यसरी देशको अर्थतन्त्रलाई टेवा पुग्नेगरी यस बैंकले स्थापनाकालदेखि हालसम्म पनि निरन्तर रूपमा सर्वसाधारणको सेवामा समर्पित रही कार्य गरिरहेको छ । सबै क्षेत्रका सेवाग्राहीहरूलाई सेवा पुर्‍याउने क्रममा ग्राहकको चाहना, उपलब्ध पुँजी, प्रविधि र व्यवस्थापकीय कुशलताबाट अधिकतम लाभ हासिल गर्ने सन्दर्भमा बैंकले आफ्नो सेवा तथा कार्यशैलीलाई निखार्दै समयानुकूल सेवाको गुणस्तरमा प्रभावकारिता ल्याईरहेको छ ।

### कृषि विकास बैंक लि. र हालको कर्जा निक्षेप एवम् व्यवसाय

यस्तै समग्र कर्जाको अवस्थाको बिश्लेषण गर्दा बैंक कर्जा निक्षेप एवम् व्यवसायलाई सन्तुलनको अवस्थामा कायम राख्न सक्षम भएको छ । आर्थिक वर्ष २०७५/७६ को अन्त्यसम्ममा कर्जा तथा सापट करिब रू.१ खर्ब ११ अर्ब र कुल निक्षेप करीब रू.१ खर्ब १९ अर्बको हाराहारीमा रहेको छ। आर्थिक वर्ष २०७६/७७ को पौष मसान्तसम्ममा कर्जा तथा सापट करिब रू.१ खर्ब १७ अर्ब र कुल निक्षेप करीब रू.१ खर्व २८ अर्बको हाराहारीमा रहेको छ हाल कृषि कर्जाको भार करिब ३३ प्रतिशत रहेको छ । बैंकले कर्जा, तरलता, ब्याजदर र बजारसम्बन्धी जोखिमहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्नका लागि नीति, नियम, कार्यविधि, परिपत्र, पद्धति, सीमा आदिको समय अनुसार पुनरावलोकन र परिमार्जन गर्दै केन्द्र एवम् क्षेत्रीयस्तरका कार्यालयहरूमार्फत व्यवस्थापन गर्दैआएको छ भने कर्जा व्यवस्थापन गर्ने कार्य पनि केन्द्रीय, क्षेत्रीय कार्यालय र शाखास्तरको कार्यालयहरूबाट गर्दैआएको छ। नयाँ नयाँ बैंकिङ सेवा र सेवाको बजारीकरण गर्ने कार्यलाई विशेष जोड दिईएको छ ।

### कृषि विकास बैंक लि. र युवा व्यावसायिक कृषि कर्जा, युवा स्वरोजगार साना तथा लघु उद्यम कार्यक्रमको कार्यान्वयन :

नेपाल सरकारको नीति तथा कार्यक्रमलाई बैंकले प्राथमिकता दिई सञ्चालन गर्ने नीति अनुरूप ब्याज अनुदान सहुलियत कर्जा कार्यक्रमहरूसमेत सञ्चालन गर्दैआएको छ। युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रम १९ जिल्लामा सञ्चालित छ। साथै, विगत वर्षदेखि सञ्चालनमा आएको युवाहरूको लागि ६ प्रतिशत ब्याज अनुदान सहितको व्यावसायिक कृषि कर्जामा कर्जा प्रदान गर्ने लक्ष्य अनुरूप आफनो मातहतका क्षेत्रीय कार्यालयमार्फत फिल्ड कार्यलयहरूलाई निर्देशन गरीसकिएको छ। बैंकको नियमित बजेट र यो कार्यक्रममार्फत यस बैंकको कृषि कर्जामा न्यूनतम १० प्रतिशत खुद वृद्धि हुने लक्ष्य निर्धारण गरिएको छ। यसैगरी यस बैंकले आफनो शाखा सञ्जालमार्फत साना किसान बैंक लि. र सहकारी संस्थाहरूमार्फत साना किसान तथा लघु उद्यमीहरूलाई कर्जा प्रवाह गर्दैआएको छ । नेपाल सरकार उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूसँग समन्वय गरी लघु उद्यम कर्जा पनि सञ्चालन गर्दैआएको छ । साथै कृषि तथा लघुकर्जा विस्तारका लागि नेपाल सरकारबाट मान्यता प्राप्त सङ्घ संस्थाहरूको सहकार्यमा Value chain financing अन्तरगत कर्जा कार्यक्रम सञ्चालन भईरहेको छ ।

### कृषि विकास बैंक र लघु बिमा (बाली र पशु बिमा)

कृषकहरूले आफैं गठन गरेको सहकारी वा समूह अन्तर्गत सञ्चालित बाली तथा पशुधन सुरक्षण कार्यक्रमलाई टेवा पुर्‍याउन पशुपालन, तरकारी खेती तथा फलफूल खेती कार्यक्रमको जोखिम न्यूनीकरणका लागि बाली तथा पशुधन सुरक्षण कार्यक्रम एवम् सीप विकास तालिम, कृषक अवलोकन भ्रमण कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइएको छ । पशु बिमाको हकमा प्रतिकृषक बढीमा रू.१० लाखसम्मको परल मूल्य र प्रति पशु रू. ७५,००० सम्मको बिमा गरी प्रिमियम ५ प्रतिशत तिर्नुपर्ने ,त्यसमा पनि २५ प्रतिशत कृषक समूहले र ७५ प्रतिशत बैंकले नै अनुदान दिने कार्यक्रम रहेको छ । यसैगरी बाली बिमातर्फ बैंकले खुल्लामा अधिकतम रू. १५ हजार प्रतिरोपनी र टनेलमा रु. ३०, हजार प्रतिरोपनीका दरले भुक्तानी हुनेगरी बिमा भएको छ । यसमा ८ प्रतिशत प्रिमियम लाग्छ ,जसमध्ये २५ प्रतिशत कृषक समूहले र ७५ प्रतिशत बैंकले अनुदान दिने व्यवस्था रहेको र यस कार्यक्रमबाट ग्रामीण कृषकहरू बढी लाभान्वित भएको पाईएको छ ।

### कृषि विकास बैंक लि. र सामाजिक तथा सामुदायिक कार्यक्रम

बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यलाई पनि आत्मसात् गर्दै अघि बढ्दै आएको छ। बैंकले काठमाडौंको माईतीघर मण्डलाको सौन्दर्य व्यवस्थापन, समय समयमा बाढी पहिरो पीडित, आगलागी, भूकम्पजस्तो विपत्तिमा परेकालाई आर्थिक एवम् भौतिक सहयोग गर्दैआएको छ भने वृद्धवृद्धा, आमा समूह, क्रियापुत्री स्थान र अस्पतालका बिरामीलाई लत्ता कपडा, कम्बल तथा खाद्यान्न, फर्निचर, यात्रु प्रतीक्षालय निर्माण, विद्यालयलाई भौतिक सामग्री, उत्कृष्ट विद्यार्थीलाई सम्मान, खानेपानी व्यवस्था, मन्दिर जीर्णोद्धार, चर्पी निर्माण, सडक निर्माण तथा जीर्णोद्धार, हाटबजार सेड, सामुदायिक भवन निर्माण आदिका लागि वार्षिक रूपमा केन्द्रदेखि स्थानीय निकायको कार्यालयहरूमार्फत आर्थिक सहयोग लगायत समाजिक समुदायिक कार्यक्रममा प्रत्यक्ष तथा परोक्षरूपमा सहभागी र सहयोगी हुँदैआएको छ । यस्तै नेपाल सरकार स्थानीय विकास मन्त्रालयको समन्वयमा जिल्ला जिल्लाका स्थानीयस्तरमा सामाजिक सुरक्षा भत्ता समेत वितरण गर्दै आएको छ ।

### कृषि विकास बैंक लि. र आधुनिक बैंकिङ सेवाको सरल एवम् ग्रामीण क्षेत्रमा पहुँच

अहिले सबै जिल्लामा बैंकका २७५ वटा कार्यालय सञ्जालमार्फत देशका सम्पूर्ण जनतामाझ यो बैंक जोडिएको छ । प्राय सबै कार्यालयहरू कम्प्यूटरीकृत प्रणालीमार्फत CBS प्रणालीमा आबद्ध भईसकेका छन् भने बाँकी कार्यालयहरूलाई समेत यथाशीघ्र अत्याधुनिक कम्प्यूटरीकृत प्रणालीमा आबद्ध गर्न बैंक क्रियाशील रहेको छ। बैंकले बैंकिङ व्यवसाय अन्तर्गतका सम्पूर्ण सेवाहरू जस्तै कर्जा कारोवारलगायत सुनकर्जा, सुन

खरिद बिक्री, विदेशी मुदा खरिद बिक्री, लकर सेवा, प्रतीतपत्र कारोबार र ट्रष्ट रिसिप्ट कर्जा, जमानत कारोबार तथा एटिएम सेवा, एसएमएस अलर्ट सेवा, भिजा कार्ड, मोबाईल बैंकिङ सेवा, एडिबिल रेमिटलगायत कारोबारहरू गर्नुका साथै युटिलिटी पेमेन्ट ,क्यु आर पेमेन्ट,फोन पे आदिमार्फत भुक्तानी कार्य भईरहेको छ । बैंकले आफ्नो सेवा सुविधा एवम् प्रोडक्टहरूलाई सबै नेपाली माझ पुऱ्याउन सूचना प्रविधि एवम् बजारीकरणका माध्यमहरूलाई उच्चतम प्रयोग गर्ने कुरामा विशेष जोड दिएको छ । यसबाट सम्पूर्ण ग्राहक एवम् जनता लाभान्वित हुन सक्ने बैंकले अपेक्षा गरेको छ ।

## कृषि विकास बैंक लि. र वित्तीय साक्षरता कार्यक्रम

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार देशको सम्पूर्ण क्षेत्रका जनतालाई बैंक तथा वित्तीय संस्थाको पहुँच तथा मूल प्रवाहमा ल्याउन यस बैंकले आफनो बजेट तथा कार्यक्रमअन्तर्गत कार्यक्रम सञ्चालन एवम् विस्तार गर्ने नीति अनुरूप कार्यक्रम गर्दै आएको छ । जस अनुसार प्रत्येक कार्यालय र क्षेत्रीय कार्यालयहरूलाई लक्ष्य निर्धारण गरी पठाईसकिएको छ र सोहीबमोजिम कार्यक्रम सञ्चालनमा रहेको छ । चालु आ.व. मा वित्तीय साक्षरताका लागि कम्तीमा एक कार्यालय एक कार्यक्रम सञ्चालन गर्नेगरी बैंकले कार्य गरिरहेको छ ।

## कृषि विकास बैंक लि.ले देशको आर्थिक विकासमा पुऱ्याएको योगदान :

### (क) ग्रामीण र कृषि क्षेत्रको विकासमा पुऱ्याएको योगदान :

कृषि विकास बैंकको स्थापना पश्चाते मुख्य रूपमा ग्रामीण बैंकिङ क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गर्दै आएको छ। ग्रामीण क्षेत्रमा आवश्यक बैंकिङ सुविधा उपलब्ध गराउनुको साथै देशको ग्रामीण अर्थतन्त्र र गरिबी निवारणमा समेत पुऱ्याएको योगदानलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

- ग्रामीण क्षेत्रमा कर्जा लगानी
- साना किसान विकास कार्यक्रमको सफल सञ्चालन
- सिँचाइका क्षेत्रको विकासका लागि ऋण एवम् अनुदान कार्यक्रमको सफल सञ्चालन
- वैकल्पिक ऊर्जा विकास कार्यक्रमको सञ्चालन
- पशुपंक्षीपालन व्यवसाय विकास
- शीतभण्डार निर्माण
- कृषकहरूलाई आवश्यक तालिम कार्यक्रम सञ्चालन
- कृषि परियोजनाहरूमा प्राथमिकतासाथ लगानी
- कृषि र लघु कर्जाको मुख्य आपूर्तिकर्ता
- विकट र विपन्न वर्गमा समेत पहुँच र सेवा पुऱ्याउन सफल
- गरिबी निवारणका लागि नेपाल सरकार, विभिन्न एजेन्सीसँग समन्वय गरी कार्यक्रम सञ्चालन
- कृषकलाई उन्नत मल बीउबिजन एवम् आधुनिक कृषि प्रणाली सम्बन्धी व्यवसाय प्रवर्द्धनमा सहयोग
- कृषि औजारको प्रयोगका लागि ऋण/अनुदान प्रदान
- कृषकहरूलाई साना किसान सहकारीमा आबद्ध गर्ने कार्य
- नाफालाईभन्दा सेवालाई जोड दिई ग्रामीण क्षेत्रमा समेत कार्य सञ्चालन

उपरोक्त बाहेक पनि देशले ल्याउने आवधिक योजना एवम् वार्षिक बजेटमार्फत प्राप्त हुने कार्यक्रमहरू एवम् विभिन्न ग्रामीण एवम् लघुकर्जा सम्बन्धी कार्यहरूमा आवश्यक सहयोग पुऱ्याईरहेको छ ।

### (ख) वाणिज्य बैंकिङ क्रियाकलाप

कृषि विकास बैंकले कृषि ग्रामीण र लघुकर्जा मात्र आपूर्ति गरिरहेको सन्दर्भमा आफ्नो लागि चाहिने श्रोत आफै जुटाउने उद्देश्यले वि.सं. २०४१ सालदेखि वाणिज्य बैंकिङ कारोबारको सुरुवात गरेको हो । हालसम्म आईपुग्दा यो बैंक नेपालकै सबैभन्दा बढी पुँजी, कार्यालय सञ्जाल एवम् शेयरधनी भएको बैंकको रूपमा स्थापित भईसकेको छ । वाणिज्य बैंकिङ क्षेत्रबाट देश विकासमा पुऱ्याएको योगदानलाई बुँदागतरूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- बैंकको सशक्त वित्तीय संरचना
- देश विकासको लागि पुँजी निर्माण र परिचालन
- सबै क्षेत्रमा बैंकिङ कभरेज
- स्वदेश तथा विदेशमा रकम स्थानान्तरण/रेमिटान्स सेवा
- जनताको बचत गर्ने बानीमा वृद्धि
- रोजगार एवम् सीपमूलक व्यवसायको प्रवर्द्धन
- सन्तुलित क्षेत्रीय विकास
- एजेन्सी सम्बन्धी कार्य
- विभिन्न व्यावसायिक परियोजनाहरूमा लगानी
- सरकारी कारोबारको सञ्चालन
- नेपालभर व्यापक कार्यसञ्जाल
- पुँजी बजारको विकासमा योगदान ।

### (ग) लघुवित्त/साना किसान विकास क्रियाकलाप

तत्कालीन समयमा कृषि विकास बैंकको स्थापनाको उद्देश्य नै ग्रामीण कृषि र लघुकर्जा सर्वसाधारणमा सहजरूपमा उपलब्ध गराउनु रहेको

सन्दर्भमा बैंकले थुप्रै लघुवित्त कार्यक्रमहरू विभिन्न एजेन्सीको सहयोग समेतबाट सञ्चालन गर्‍यो । यस कार्यक्रममध्ये वि.सं. २०३२ सालबाट सुरु गरिएको साना किसान विकास कार्यक्रम पनि एक प्रमुख कार्यक्रम थियो। साना किसान तथा विभिन्न लघुवित्त कार्यक्रमको माध्यमबाट कृषि विकास बैंकले त्यस अवधिमा देश विकासमा पुर्‍याएको योगदानलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएको छ।

> अहिले कृषि विकास बैंकले उच्चतम अन्तर्राष्ट्रिय बैंकिङ अभ्यास, विस्तारित एवम् दिगो बैंकिङ, प्रुडेन्ट बैंकिङ तथा सामाजिक अभिमुखीकरण सहितको बैंकिङ माध्यमबाट बैंकिङका आधारभूत सिद्धान्तलाई अङ्गीकार गर्दै स्वस्थ, सक्षम, सबल एवम् अग्रणी वाणिज्य बैंकको रूपमा स्थापित हुने दिशामा निरन्तर अग्रसर छ ।

- साना किसानहरूले गर्ने खेती पशुपंक्षीपालन आदिमा व्यावसायिकता आएको,
- साना किसानहरूले कृषिको अलावा अन्य वैकल्पिक कामहरूबाट रोजगारीको अवसर प्राप्त गरेको,
- साना किसानहरूमा किसान समूह भावनाको विकास भएको,
- विभिन्न तालिम तथा अनुभवका आधारमा साना किसानहरूको ज्ञान, सीप, क्षमता र चेतनाको स्तरमा वृद्धि आएको,
- साना किसानहरूले गर्ने कार्यमा गुणस्तर कायम भएको,
- स्वरोजगार सिर्जना गर्न सक्ने क्षमताको विकास भएको, सामाजिक सामुदायिक कार्यबाट सकारात्मक प्रभाव देखापरेको,
- SME कार्यक्रमबाट स्वरोजगार र सीपमूलक व्यवसाय प्रवर्द्धन भई बेरोजगार युवालाई रोजगारीको अवसर प्राप्त भएको
- ग्रामीण र लघुकर्जाको प्रमुख आपूर्तिकर्ता,
- खुद्रा तथा थोक लघुकर्जाको व्यवस्थापन

**अन्तमा,**

कृषि विकास बैंक ग्रामीण र कृषि क्षेत्रको विकासका लागि तत्कालीन समयमा स्थापना भएकोमा यो बैंक अहिले देशकै एउटा ठूलो अग्रणी र सशक्त बैंकको रूपमा रहेको छ । लघुवित्तीय कारोबार, विकास बैकिङ कारोबार र पूर्ण र आधुनिक बैकिङ कारोबार पनि यसले एकसाथ गरीरहेको छ। गरीबी निवारणका लागि स्थापना गरीएको बैंक अहिले एउटा आधुनिक र डिजीटल बैंकको रूपमा स्थापित भइसकेको छ। अहिले कृषि विकास बैंकले उच्चतम अन्तर्राष्ट्रिय बैंकिङ अभ्यास, विस्तारित एवम् दिगो बैंकिङ, प्रुडेन्ट बैंकिङ तथा सामाजिक अभिमुखीकरण सहितको बैंकिङ माध्यमबाट बैंकिङका आधारभूत सिद्धान्तलाई अङ्गीकार गर्दै स्वस्थ, सक्षम, सबल एवम् अग्रणी वाणिज्य बैंकको रूपमा स्थापित हुने दिशामा निरन्तर अग्रसर छ। बैंकले आफ्नो उपलब्ध स्रोत, साधन र जनशक्तिको अधिकतम उपयोग र परिचालन गरी आम जनताको घर आँगनको बैकको रूपमा व्यापक सेवा पुर्‍याई सम्पूर्ण नेपाली जनतालाई कुनै न कुनै रूपमा बैंकसँग जोडिने गरी आफ्ना कार्यक्रम अगाडि बढाएको छ । सर्वसाधारणलगायत सम्बद्ध सबै पक्ष एवम् निकायहरूबाट बैंकले निरन्तर सहयोग, प्रेरणा र प्रोत्साहनसमेत पाईरहेको र बैंक अहिले अत्याधुनिक प्रविधिको जडान, कार्यान्वयन र सेवा विस्तारका साथै आन्तरिक सुदृढीकरणतर्फ लागिपरेको छ।

# साना किसानद्वारा उत्पादित कृषि उपजको बजारीकरणमा नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ लि.को भूमिका

✍ रुद्र भट्टराई*



## १. पृष्ठभूमि :

नेपालको कुल घरधुरीमध्ये ६५.३ प्रतिशत परिवार कृषि क्षेत्रमा आबद्ध छन् । यहाँका बासिन्दाको आयको मुख्य श्रोत कृषि पेशा रहेको छ । यति धेरै जनसङ्ख्या कृषि पेशामा आबद्ध भए तापनि मुलुकभित्र खाद्यान्नको अभाव रहेको पाईन्छ । कृषक परिवारहरूले वर्षभरको लागि पर्याप्त खाद्यान्न नपाएको अवस्था रहेको छ भने आफ्नो उत्पादनले ६ महिना पनि धान्न नसक्ने कृषक परिवार लगभग १२ लाखभन्दा बढी रहेका छन् । एउटा मात्र सरकार नियन्त्रित बजार रहेकोले बाँकी बजारको हिस्सा बिचौलीयाबाट चलेको अवस्था रहेको छ ।

नेपालका अधिकांश भूभाग पहाड र हिमाली क्षेत्रले ढाकेको हुनाले क्षेत्रफलको तुलनामा कम मात्र भूभाग खेतीयोग्य रहेको छ । खेतीयोग्य जमिनको पनि करिब २५ प्रतिशत हिस्सा बाँझो अवस्थामा रहेको छ । कुल खेतीयोग्य जमिनको करिब ३३ प्रतिशतमा मात्र सिँचाई सुविधा पुगेको छ भने खेतीपाती गर्ने कार्यमा पुरुषको तुलनामा महिलाहरूको योगदान बढी रहेको पाईन्छ । नेपालका अधिकांश भूभागहरू पहाड र हिमाली क्षेत्रले ढाकेको हुनाले क्षेत्रफलको तुलनामा कम मात्र भूभाग खेतीयोग्य रहेको छ ।

नेपाल विश्व मानचित्रमा दक्षिणपूर्व एसियामा रहेको भूपरवेष्टित, गरिब तथा भौगोलिक विविधता (ठूलो भाग पहाडै पहाड भएको) ले भरिपूर्ण देश हो । बदलिदो परिस्थितिमा नेपाली बजार पनि विविध वातावरणीय तत्वबाट प्रभावित भएको पाइन्छ । खुल्ला बजार नीति तथा राष्ट्रले अवलम्बन गरेको अर्थतन्त्रमा उदारीकरणले बजारलाई अझ बढी जटिल तथा चुनौतीपूर्ण बनाएको छ । कृषि वस्तुस्थिति र वातावरणको राम्रो अध्ययन र विश्लेषण विना कृषि बजारको अस्तित्व धरापमा पर्न सक्छ । त्यसैले जबसम्म खुल्ला बोर्डरलाई नियन्त्रण गर्न सकिन्न र किसानलाई व्यावसायिकरणतर्फ उन्मुख गराउन सकिदैन तबसम्म सहकारी बजारको भविष्य त्यति राम्रो देखिदैन ।

### १.१ कुल गार्हस्थ उत्पादन

नेपालको कुल गार्हस्थ्या उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान क्रमश घट्दो अवस्थामा रहेको छ । आर्थिक बर्ष २०७३/७४ मा करिब ३० प्रतिशत योगदान रहेकोमा आर्थिक बर्ष २०७५/७६ को अनुमानित योगदान करिब २७ प्रतिशत मात्र रहेको छ । (तालिका नं. १)

खेतीयोग्य जमिनको पनि करिब २५ प्रतिशत हिस्सा बाँझो अवस्थामा रहेको छ । कुल खेतीयोग्य जमिनको करिब ३३ प्रतिशतमा मात्र सिँचाई सुविधा पुगेको छ भने खेतिपाती गर्ने कार्यमा पुरुषको तुलनामा महिलाहरूको योगदान बढी रहेको पाईन्छ । (तालिका नं. २)

**तालिका नं. १ कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान**

| क्र.सं. | क्षेत्र | २०७३/७४(%) | २०७४/७५ (%) | २०७५/७६ *(%) |
|---|---|---|---|---|
| १. | कृषि तथा वन | २९.१४ | २७.५८ | २६.५० |
| २. | मत्स्य | ०.५१ | ०.५० | ०.४८ |
| ३. | गैर कृषि | ७०.३५ | ७१.९२ | ७३.०२ |
| | जम्मा | १००% | १००% | १००% |

*श्रोत: अर्थ मन्त्रायलको आर्थिक सर्वेक्षण २०७५-७६*    *८ अनुमानित विवरण*

**तालिका न. २ खेतीयोग्य जमिन र सहभागिता**

| क.सं. | विवरण | | कैफियत |
|---|---|---|---|
| १ | खेती गरिएका जमिन | ३०९१००० | हेक्टर |
| २ | खेती नगरिएको खेतीयोग्य जमिन | १०३०००० | हेक्टर |
| ३ | सिँचित क्षेत्रफल | १३१३४०६ | हेक्टर |
| ४ | कृषिमा संलग्न जनसङ्ख्या | ६५.३ | प्रतिशत |
| क | पुरुष | ६०.२ | प्रतिशत |
| ख | महिला | ७२.८ | प्रतिशत |

*श्रोत: केन्द्रीय तथ्याङ्क बिभाग*

* *महाप्रबन्धक, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.*

### ३. नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ

कृषि सहकारी संस्थाहरूको छाता सङ्गठनको रूपमा नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ लि. रहेको छ । साना किसान कृषि सहकारी संस्था, कृषि सहकारी संस्था र जिल्ला कृषि सहकारी सङ्घलाई गैर वित्तीय सेवा प्रदान गर्ने उद्देश्यले नेपाल कृषि सहकारी केन्द्रीय सङ्घको स्थापना २०६४ पुष २९ मा भएको हो ।

यस नेपाल कृषि सहकारी केन्द्रीय सङ्घले सहकारीको सिद्धान्त अनुसार सहकारीको सेवा विस्तार गर्न देशका अधिकांश ग्रामीण भेगमा कृषि सहकारीहरूलाई सदस्यता प्रदान गर्दै सहकारीको क्षमता विकास तथा गैर वित्तीय सहयोग गर्दै आईरहेको छ । हालसम्म ७५ जिल्लामा यस सङ्घको सञ्जाल विस्तार गरिएको छ ।

### ३.१ नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ अन्तरगतको सामाजिक पुंजी

यस सङ्घको सदस्य प्रारम्भिक सहकारी सङ्घ र संस्थाहरूबाट पुँजीको विकास र परिचालन भई सदस्यहरूको आर्थिक विकासमा टेवा पुगेको छ । यसैगरी संस्थागत विकासको माध्यमबाट सामाजिक पुँजीको पनि विकास भएको छ । हालसम्म करिब दश लाख सदस्यहरू प्रारम्भिक सहकारीमा आवद्ध हुनुभएको छ, जसमा ८२ प्रतिशत महिलाहरू हुनुहुन्छ भने सञ्चालकको रूपमा करिब ४७ हजार सामाजिक अगुवाहरू तयारी हुनुभएको छ । सहकारीले करिब ६ हजार जनालाई कर्मचारीको रूपमा प्रत्यक्ष रोजगारी प्रदान गरेको छ । (तालिका नं. ३)

**तालिका न. ३ नेपाल कृषि सहकारी केन्द्रीय सङ्घको सञ्जाल**

| क्र.सं | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | सदस्य सङ्ख्या | १०८२ |
| २ | ढाकेका जिल्लाहरू | ७५ |
| ३ | जिल्ला सङ्घहरू | ४७ |
| ४ | ढाकेको गा.वि.स | ११७५ (४१५) तह |
| ५ | समूह सङ्ख्या | १४०,००० |
| ६ | सदस्य सङ्ख्या (८) | १०,०१,००० |
| ७ | सामाजिक नेता | ४७२५० |
| ८ | सामाजिक युवा नेता | ४८२३ |
| ९ | कर्मचारी | ६१५० |
| १० | महिला कर्मचारी | ६२% |
| ११ | महिला सहभागिता | ८२% |

### ४. नेपाल कृषि सहकारी केन्द्रीय सङ्घको बजार प्रवर्द्धनमा भूमिका :

प्रारम्भिक कृषि सहकारी संस्थाहरूबाट उत्पादन भएका कृषि तथा पशुपालनका उपजहरूलाई बिक्री गर्नको लागि बजार सर्वेक्षण गरिएको छ । प्रतिस्पर्धी बजारमा पुग्नका लागि बजार रणनीति बनाउने उत्पादक संस्थाहरू छनोट गरी काम सुरु भएको छ । उत्पादक संस्था र उसका सदस्यहरूलाई तालिम दिने, सङ्घ संस्थासँग केन्द्रीय सङ्घले सम्झौता गर्ने ,सदस्यहरूलाई बजार भ्रमण गराउने, बजार सम्बन्धी गोष्ठीहरू गर्ने र काठमाण्डौंमा थोक बजार स्थापनाको लागि निरन्तर पहल गर्नेजस्ता योजना अनुशार काम सुरु गरिएको छ ।

हाल ३ वटा बिक्री केन्द्र भएकोमा थप ५ वटा बिक्री केन्द्र खोल्ने, चितवनमा बिक्री केन्द्रको शाखा स्थापना गर्ने र ७ वटै प्रदेशमा सहकारी बजार स्थापना गर्न पहल थालिएको छ । किसानको उत्पादन निजी क्षेत्रलाई थोकमा बेच्न र स्तरीय उत्पादन निकासीका लागि पहल गर्नु पर्नेछ । उत्पादक र उपभोक्ताबिचको (खाडल) दुरी कम गर्न मद्दत गर्ने र कृषि उपज स्तरीय सामग्री उत्पादन गर्न उत्पादन गर्ने किसानलाई IPM को तालिम दिईने छ । सेवालाई छिटो र चुस्त बनाउन घुम्ती बजार संचालन गर्ने, बजारसँग सम्बन्धित निकायसँग समन्वय गर्ने, उपभोक्ताहरू र कार्यालयहरूमा घर दैलो सेवा दिनेजस्ता कार्यहरू गरिने छ ।

ग्राहकलाई आकर्षण गर्न कृषि बजारमा खरिद गर्ने नियमित उपभोक्ताहरूलाई छुट दिने र बजारबाट आएको नाफा उत्पादक सङ्घ संस्थालाई पनि दामसाहीले वितरण गरिने छ । ग्राहकहरूको माग र स्वास्थ्य उपभोगको लागि अर्गानिक उत्पादन वृद्धि गर्न प्रोत्साहित गरिएको छ । स्थानीय बिउको संरक्षण र बिउ बैंक स्थापना गरी स्थानीय उत्पादनको संरक्षण गर्ने, व्यावसायिक कृषिमा जोड दिने र पारिवारिक खेतीबाट उत्पादनलाई गाउँदेखि शहरसम्म पुर्‍याउने कार्यक्रमहरूमा सहकार्य गरी उत्पादन बढाउन कार्यमा सङ्घको भूमिका हुनेछ ।

### ५. साना किसानद्वारा सञ्चालित उद्योगको विवरण


नेपाल कृषि सहकारी केन्द्रीय सङ्घमा आबद्ध साना किसानहरूबाट बिभिन्न जिल्लाहरूमा खाद्यान्न, फलफूल प्रशोधन तथा दुग्ध सम्बन्धी उद्योगहरू सञ्चालन गरिएका छन् । केही संस्थाहरूले बिउ प्रशोधन उद्योग र केहीबाट शीतघर निर्माण गरी सञ्चालनमा ल्याईएको छ । चित्र नं १ मा यसको विवरण प्रस्तुत गरिएको छ ।

### ६. सहकारी पसल र बजार स्थापना

नेपाल कृषि सहकारी केन्द्रीय सङ्घले सहकारीका कृषक सदस्यहरूलाई बजारको सुनिश्चितता र दिगो कारोबारमा सहभागी गराउन र कृषि सहकारीको मर्म र भावना अनुशार सहकारी पसल र बजार स्थापना गर्ने कार्य गरेको छ । यसलाई आगामी वर्षहरूमा अझ वृद्धि गर्दै लगिने छ । बजार स्थापनाको पछाडि निम्न अवस्थाहरू जिम्मेवार छन् ।

- सहकारी ऐनले कृषिको उत्पादन र कारोबार बेचबिखन भनी तोकेको अवस्था छ ।
- हाल नयाँ बजार प्रविधिहरू (सुपरमार्केट, मार्ट) का अवधारणाहरू आइरहेको अवस्था छ ।
- ठूला उत्पादकहरूको हालीमुहाली बढ्दो छ , जसका कारणले साना किसानहरू अझ बढी पछि पर्न सक्ने सम्भावना रहेको छ ।
- उपभोक्ताहरूले कृषि वस्तुहरू खरिद गर्दा स्थानीय उत्पादन र उचित मूल्यलाई प्राथमिकतामा राख्ने प्रवृत्तिको विकास भएको छ ।

चित्र न. १ : साना किसानद्वारा सञ्चालित उद्योग




- साना किसानहरूको उत्पादनको लागि सुनिश्चित बजार स्थापना गरी उनीहरूको उत्पादनको उचित मूल्य प्रदान गर्दै उनीहरूलाई व्यावसायीकरणतर्फ प्रेरित गर्नु पर्ने छ ।
- बजारको माग र साना किसानहरूको क्षमता र आवश्यकतालाई मध्यनजर गर्दै साना उत्पादकहरूलाई सहकारीमार्फत एकजुट गराई सहकारी बजारलाई दिगो रूपमा स्थापित गराउन सकिन्छ ।

## ७. सहकारी पसल स्थापनार्थ सञ्चालित मुख्य क्रियाकलापहरू:

कृषि उत्पादनलाई दिगो रूपमा बजारमा कसरी लैजान सकिन्छ भनेर यस सङ्घले विभिन्न किसिमका सर्वेक्षण तथा अनुसन्धान गरेको छ । त्यसैको नतिजा अनुशार रणनीतिहरू तयार गरी “किसानको पोको” कार्यक्रम र सहकारी पसल सञ्चालन गरेको छ ।

### ७.१. आधारभूत सर्वेक्षण

यो आधारभूत सर्वेक्षणमा १० जिल्लाका १०० वटा साना किसान कृषि सहकारी संस्थाहरूलाई समावेश गरिएको थियो । प्रत्येक सहकारीबाट १० जनाको दरले १००० जना सदस्यहरूसँग प्रश्नावली गरिएको थियो । यस सर्वेक्षणमार्फत निम्न कुराहरू अध्ययन गरिएको थियो ।

क) बजारको माग

ख) बजारीकरणका तहहरू

ग) आई.पि.एम. मा आधारित उत्पादनका परिमाण

घ) स्थानीय तहमा भएको प्राङ्गारिक उत्पादन

### ७.२. उपभोक्ता सर्वेक्षण

काठमाण्डौ उपत्यकाभित्रका ३ जिल्लाका ५०० उपभोक्ताहरूसँग उपभोग्य सामान खरिदको दर, प्रवत्ति , परिमाण आदिको बारेमा सर्वेक्षण गरिएको थियो । यस सर्वेक्षणमा तरकारी र डेरी सामग्रीहरू दैनिक रूपमा खरिद गर्नेहरू बढी थिए भने अन्य सङ्ग्रह गर्नसकिने चिजहरू साप्ताहिक तथा मासिक रूपमा खरिद गर्ने गरेको पाईयो । कुल सर्वे गरिएका ५०० जनामध्ये सबैभन्दा बढी २०० जनाले मासिक उपभोगमा ३००० देखि ८००० खर्च गर्ने गरेको पाईयो । करिब ७५ प्रतिशत उपभोक्ताहरूले प्राङगारिक उत्पादन बढी मूल्य तिरेर भए पनि उपभोग गर्न रुचाउने गरेको पाईयो ।

### ७.३ सुपर मार्केट सर्वेक्षण:

सुपरमार्केटमा बिक्री गरिने मुख्य कृषिजन्य उत्पादनहरूमा गेडागुडी, ताजा तरकारी तथा सागपातहरू, दाल, फलफूलगायत दुग्धजन्य उत्पादनहरू र मासुजन्य उत्पादनहरू रहेको पाईयो । कृषि उत्पादनहरू खरिद गर्दा उत्पादक किसानहरूसँग नभई बिचौलिया तथा आपूर्तिकर्ताहरूबाट खरिद गर्नेगरेको पाईयो ।

### ७.४ होटल तथा रेष्टुरेन्टहरूमा सर्वेक्षण:

होटल तथा रेष्टुरेन्टहरूमा विभिन्न प्रकारका कृषि बस्तुहरू उपभोग भैरहेको देखिन्छ । छिटो बिग्रने समग्रीहरू दैनिक रूपमा खरिद गरिएको र छिटो नबिग्रने कृषि वस्तुहरू पाक्षिक तथा मासिक रूपमा खरिद तथा भुक्तानी गरेको देखियो । कृषि उत्पादनहरू खरिद गर्दा तीनवटा तत्वहरूले महत्वपूर्ण भूमिका खेलेको पाईयो र ती तत्वहरू गुणस्तर, मूल्य र परिमाण रहेको पाइयो । सर्वेक्षण गरिएका अधिकांश होटल तथा रेष्टुरेन्टहरूले नजिकको बजार वा सुपरमार्केटबाट कृषि वस्तुहरू खरिद गरेको पाइयो ।


### ७.५ “किसानको पोको कार्यक्रम” सुरुवात:

गाँउमा उत्पादन हुने वस्तुहरूलाई एउटा ब्राण्ड नाम दिएर बजारमा लग्यो भने प्रभावकारी हुन्छ भने हेतुले “किसानको पोको कार्यक्रम” सुरुवात गरिएको छ । किसानले चाहेको वस्तुहरू पसलबाट वा उनीहरूले चाहेको स्थान वा घरमा नै पु¥याएर सेवा दिने गरिएको छ । यस कार्यक्रमको प्रभावकारीताको लागि कार्यशाला गोष्ठी गरिएको छ ।

### ७.६ सहकारी पसलको स्थापना:

कृषि उपजहरूलाई पसलमा राखेर बिक्री गर्ने उद्देश्यले ललितपुरका पुल्चोक, लगनखेल र धोवीघाटमा पसल सञ्चालन गरिएको छ । निकट भविष्यमा काठमाडौं भक्तपुर र चितवनमा पनि केन्द्रीय सङ्घले सटरको व्यवस्थापन गरी पसल सञ्चालन गर्ने योजना रहेको छ ।

**चित्र न. २ : बजार सर्बेक्षणको नतिजा**




| कृषि बस्तु | परिमाण - क्वीन्टल |
|---|---|
| चामल | ३२८२० |
| कफी | ५ |
| मकैको पिठो | ६५६८ |
| बोडी | १५७८ |
| आँप | ५२०० |

## ८. अन्तरसहकारी बजारीकरणको औचित्य

अन्तरसहकारी कारोबारबाट अन्तर सहकारी बजारको विकास हुन्छ । एक सहकारीको उत्पादन अन्य सहकारीका सदस्यहरूबाट प्रयोग हुन्छ। उत्पादक र उपभोक्ताबिचको दुरी कम भई सुनिश्चित बजार उपलब्ध हुन्छ। युवाहरू उत्पादनको कार्यमा लाग्छन र उत्पादनमा वृद्धि गर्छन् , जसले गर्दा आयात घट्छ। परिणमस्वरूप राष्ट्र उत्पादनमा आत्मनिर्भर हुने र गरिबी न्यूनिकरणमा केही योगदान पुग्ने देखिन्छ।

## ९. अन्तरसहकारी बजारीकरणका चरणहरू

सहकारीको उत्पादनलाई बजारसम्म पुऱ्याउन बिभिन्न चरणहरू पार गर्नुपर्ने हुन्छ। तलको चित्र नं. ३ मार्फत यसलाई प्रस्तुत गरिएको छ।


## १०. अन्तर सहकारीको बजारीकरणका अवसरहरू

अन्तरसहकारी बजारको कारण सहकारीहरूबिच सूचनाको पहुँच भई थोक आपूर्ति, संयुक्त व्यवस्थापन र सहमति गर्ने क्षमता अभिवृद्धि हुन्छ। कृषकहरूका लागि आवश्यक पर्ने कृषि सामग्रीहरू एकमुष्ठ र ठूलो मात्रामा खरिद गरेर र एकमुष्ठ ढुवानी गरेर कृषि सामग्रीहरूको खरिद मूल्य र लागत घटाउन कृषकहरूका उत्पादनलाई सामुहिक रूपमा जम्मा गरी सस्तो मूल्यमा ढुवानी गर्ने व्यवस्था हुन्छ। थोरै कृषकहरूको संलग्नतामा धेरै सामानहरू बजारसम्म पुऱ्याउने व्यवस्था गर्दा बजार व्यवस्थापन खर्च घट्न जान्छ । समूहगत जमिनको आधारमा सहज रूपमा ऋणको व्यवस्था गर्न सजिलो हुन जान्छ । समूहगत बजार व्यवस्थापनबाट कृषहरूको मोलमोलाई गर्ने शक्ति अभिवृद्धि हुन्छ।

## ११. सहकारीमार्फत कृषिको व्याव्सायीकरणका सम्भावना

कृषकहरूको उत्पादन तथा उत्पादकत्वमा वृद्धि भई मूल्य श्रृङ्खलामा सहकारीको सहभागिता भई क्षमता अभिवृद्धि हुन जान्छ । यसको माध्यमबाट कृषि बजरीकरण , भौतिक पूर्वाधारको विकास र रोजगारीको श्रृजना भई उत्पादनको उचित मूल्य पाउने सक्षमता प्राप्त हुन्छ । संस्थाहरूले आर्थिक मध्यस्थता गर्दै लगानीको अवसर जुटाउदछन् , जसले सामाजिक सेवा प्रदान र मानव श्रोतको विकास गर्न सहयोग पुग्दछ।

**चित्र न. ३ : अन्तरसहकारी बजारीकरणको चरणहरू**



## १२. मूल्य श्रृङ्खलामा कृषि सहकारीका चुनौतीहरू

वस्तुको उत्पादन गर्न आवश्यक सामग्रीको व्यवस्था र प्रकियादेखि उपभोक्ताको भान्सासम्म पुऱ्याउने चरणहरू पार गर्दा सहकारीले विभिन्न चुनौतीहरूको सामना गर्नु पर्दछ । जसलाई तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

### १२.१ स्थानीय स्तरको संस्था

स्थानीय स्तरको संस्था भएका कारण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा यसको कम पहुँच छ ,

### १२.२ कृषि भूमिको खण्डीकरण

परिवार सङ्ख्या बढने र टुकने गर्दा जग्गा विकासको नाममा घडेरीहरू विस्तार भएका कारण कृषि उत्पादन हुने भूमिको खण्डीकरण चुनौतीपूर्ण बन्दैगएको छ ।

### १२.३ कृषि अर्थव्यवस्था

यसले कृषि संरचनामा परिवर्तन, कृषकहरूको सङ्ख्यामा कमी, उत्पादनमा कमी, साना किसानहरूको फार्ममा कमी, किसानहरूको आम्दानीमा कमीजस्ता कुराहरू समेट्छ ।

### १२.४ न्यून पुँजी ।

सहकारीहरूमा उत्पादन गर्नेदेखि लिएर बजार र उपभोक्तासम्मको चरण पार गर्न गोदाम, सवारी साधन खरिद गर्ने पुँजी, जनशक्ति परिचालन आदिको आवश्यकता पर्दछ । सबै सहकारीहरूमा पुँजी पर्याप्त नहुन सक्छ जसले बजारीकरणमा समस्या आउन सक्छ ।

### १२.५ किसानको बजार नहुनु ।

ठूला बजारहरू ठूला व्यपारी र साहूहरूको पकडमा छ , किसानहरूको आफ्नै थोक तथा खुद्रा वस्तु बेच्ने बजार नहुँदा उत्पादित सामग्री प्रर्दशनी गर्न, बिक्री गर्न समस्या आउनेगरेको छ ।

### १२.६ युवाहरू पलायन हुनु

युवाहरू खेती कार्यमा लाग्नुभन्दा बैदेशिक रोजगारीलाई प्राथमिकता दिनथालेका छन् । यसले गर्दा उत्पादन वृद्धि गर्न र व्यावसायिकीकरण गर्न कठिन भएको छ ।

### १२.७ प्रतिष्पर्धा

सहकारी र ठूला उत्पादकहरूबिचको प्रतिष्पर्धा, आपूर्तिकर्तासँगको प्रतिष्पर्धा, राष्ट्रिय स्तरका बिक्रेता र खुद्रा बिक्रेताबिचको प्रतिष्पर्धा, प्रत्यक्ष, बिक्री, उत्पादकहरूद्वारा करार गरी गरिने बिक्रीगायतका पक्षहरूसँगको प्रतिस्पर्धा सामना गर्नुपर्ने अवस्था छ ।

### १२.८ प्रविधि

कृषिमा परिवर्तित प्रविधि, ईन्टरनेट बजारमा पहुँच, ई-व्यवसायमा पहुँच, ईन्टरनेट व्यापारमा पहुँच, प्रविधिमा तीव्र विकाश, कम्प्युटरयुगमा तीव्र प्रवेश र हाम्रा सदस्यहरूको सेवामा नयाँ प्रविधिको प्रयोगलगायतका कुराहरू सामना गर्नुपर्ने अवस्था छ ।

### १२.९ श्रम

कमदार काममा लगाउदा हुने समस्याहरू, सक्षम व्यक्तिहरूलाई दिगो रूपमा संस्थामा कायम राख्न हुने कठिनाईहरू, कामदारहरूको उपलब्धता, श्रमको मूल्य र व्यक्तिगत समस्यालगायतका कुराहरू यसमा समावेश छन् ।

## १३. सहकारी पसल सञ्चालनको अबको बाटो

सहकारी पसल सञ्चालनमा विभिन्न अवसर र चुनौतीहरू भए तापनि उत्पादक संस्था, त्यसका सदस्य र केन्द्रीय सङ्घले अबको दिनमा निम्न बुँदाहरूमा ध्यान दिदै अन्तरसहकारी व्यवसाय प्रवर्द्धन गर्नुपर्दछ ।

### १३.१ नीति

- फार्म/कृषि नीतिहरूको पुनरावलोकन तथा पुनर्मूल्याङ्कन ।
- सरकारको अनुदान नीति सरल हुनुपर्ने ।

### १३.२ क्षमता विकास

- सदस्यहरूको औपचारिक र अनौपचारिक तालिममार्फत मानव श्रोतको विकास ।
- तालिम तथा श्रोत केन्द्रहरूको विकास

### १३.३ उत्पादन

- सहकारी खेती ।
- दिगो र आत्मनिर्भर परियोजनाको कार्यान्वयन, contract farming मार्फत निर्यातमुखी उपजहरूको विकास गर्दै कृषि उत्पादनहरूको विविधिकरण ।
- बाली लगाउने बेलामा नै उत्पादनको मूल्य निर्धारण ।

### १३.४ बजार

- अन्तर सहकारी सम्बन्ध विस्तार
- प्रत्येक सहकारीमा गोदामको व्यवस्था गर्ने
- बजारीकरण र कृषि प्रशोधन उद्योगहरूको विकास ।
- कृषि बजारको विकास ।
- एक सहकारी, एक उद्योग, एक भण्डारण र एक शीतघरको अवधारण ।
- स्थानीय कच्चा पदार्थको प्रयोग ।
- एक सहकारीको उत्पादन अर्कोले प्रयोग गर्ने बानीको विकास

# सहकारी संस्थाको सफलताका लागि नेतृत्वमा हुनुपर्ने गुणहरू



✍डा. नवराज सिम्खडा*

गरिबी मानव समुदायको एक प्रमुख समस्या हो। संसारभरको अनुभवले के देखाएको छ भने गरिबी आफ्नै प्रयासले मात्र हटाउन सकिन्छ। आम्दानीको राम्रो व्यवस्थापन गर्‍यो, इमान्दारीतापूर्वक परिश्रम गर्‍यो र अनावश्यक वस्तुहरूमा हुने खर्च घटायो भने गरिबीका दुश्चक्रलाई तोड्न सकिन्छ। एक्लैले गर्न नसकिने साझा भलाइका काम सबै मिलेर गरेमा एक अर्काको आवश्यकताहरू पूरा गर्न तथा गरिबी निवारणमा मद्दत पुग्दछ। मिलेर एक अर्काको आवश्यकताहरू पूरा गर्ने परिपाटीले कालान्तरमा सहकारीको रूप लियो र संसारभर सहकारी संस्थाहरू स्थापना हुन थाले। नेपालमा पहिलो सहकारी संस्था वि.सं २०१३ सालमा स्थापना भएको थियो भने वि.सं २०७६ मा आइपुग्दा मुलुकभर करिब ३५ हजार सहकारी संस्थाहरू सञ्चालित छन्।

सहकारी संस्थाहरू सदस्यहरूद्वारा सदस्यहरूकै सामाजिक तथा आर्थिक आवश्यकता परिपूर्तिका लागि स्थापना भएका सामुदायिक सङ्गठन हुन् , जसमा व्यक्तिहरू एकजुट भई आफ्ना समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकताहरूको परिपूर्ति प्रजातान्त्रिक पद्धतिका आधारमा गर्दछन्। अनुभवले के देखाएको छ भने अन्य सङ्घ संस्थाको दाँजोमा सहकारी संस्थाहरू दुरदराजसम्म पुगेर सेवा दिन सक्षम रहेका छन् भने सहकारीद्वारा सञ्चालित कार्यक्रमहरू दिगो र प्रभावकारी छन्। सहकारी संस्थाहरूको यही सम्भाव्यतालाई बुझेर नेपाल सरकारले सहकारी सङ्घ संस्थाहरूलाई नेपाली अर्थव्यवस्थाको एक महत्वपूर्ण अङ्गको रूपमा लिएको छ। तर नेपालको सहकारी आन्दोलनलाई नियाल्ने हो भने कूल संस्थाहरूमध्ये केही संस्थाहरू सफल, सशक्त र दिगो देखिन्छन् भने आधा भन्दा बढी संस्थाहरू कमजोर छन्। सदस्य तथा समुदायको हितमा सदस्यहरूद्वारा स्थापित सहकारी संस्थाहरूमध्ये आधाभन्दा बढी संस्थाहरू किन कमजोर छन् र किन केही सहकारीहरू मात्र प्रभावकारी छन् ? किन सहकारीहरूले समुदायका आर्थिक रूपान्तरण गर्न सकेका छैनन् ? सफल तथा प्रभावकारी सहकारीका कारणहरूमध्ये पूर्वाधार, कार्यक्षेत्रको भौगोलिक अवस्था, लिङ्ग, टिम, नेतृत्व वा अन्य के के हुन ? नेपाल बाहिरको अध्ययनहरूले संस्थाको प्रगतिमा नेतृत्वको महत्वपूर्ण भूमिका देखिएको छ र त्यस्ता अध्ययनहरूले कुशल नेतृत्व भएका संस्थाहरू सफल तथा दिगो छन् र सदस्यहरूको आवश्यकता अनुसार सेवा दिने कार्यमा सशक्त छन भन्ने कुरा देखाएको छ। तर नेतृत्वको कस्ता गुणहरूले संस्थाको प्रगतिमा टेवा पुर्‍याउदछ भन्ने सम्बन्धमा नेपालमा खासै अध्ययन भएको छैन। यस लेखमा सफल तथा सशक्त सहकारी संस्थाका नेतृत्वमा के कस्ता गुणहरू हुन्छन् भनी खोतल्ने प्रयास गरिएको छ।

> मानव इतिहासलाई नियाल्ने हो भने सङ्घ/संस्थाको प्रगति र समुदायको समृद्धिको लागि नेतृत्वको अहम् भूमिका रहेको पाइन्छ । डुब्न लागेको संस्थालाई बचाउने कार्यमा संस्थाको नेतृत्व र देश तथा समुदायलाई समृद्धितिर डोर्‍याउने कार्यमा देशको नेतृत्वको महत्वपूर्ण भूमिका रहेको पाइन्छ ।

मानव इतिहासलाई नियाल्ने हो भने सङ्घ/संस्थाको प्रगति र समुदायको समृद्धिको लागि नेतृत्वको अहम् भूमिका रहेको पाइन्छ। डुब्न लागेको संस्थालाई बचाउने कार्यमा संस्थाको नेतृत्व र देश तथा समुदायलाई समृद्धितिर डोर्‍याउने कार्यमा देशको नेतृत्वको महत्वपूर्ण भूमिका रहेको पाइन्छ। हामीले संसारभर यस्ता धेरै उदाहरणहरू देखेका छौं जहाँ कुनै देश वा संस्थाले निरन्तर प्रगति गरेका छन् भने अन्यले उल्लेख्य प्रगति हासिल गर्न सकेका छैनन्। अझ भन्ने हो भने त कुनै संस्थाहरूको प्रगति दिनानुदिन खस्कदै गई बन्द हुने अवस्थामा पुग्न गएको छ। एकै स्थानमा सञ्चालित कुनै संस्था प्रगतिको पथमा सधैँ अगाडि छन् भने अन्य संस्थाहरू किन बन्द हुने अवस्थामा छन् र यसमा नेतृत्वको के भूमिका छ भन्ने कुराले धेरै अनुसन्धानकर्ताहरूको मस्तिष्कमा जिज्ञासा उत्पन्न गरेको छ। नेतृत्वसँग सम्वन्धित विभिन्न जिज्ञासाहरू जस्तै, संस्थाको सुशासन, व्यवस्थापन र प्रगतिमा नेतृत्वको के भूमिका रहन्छ ? के नेतृत्व र संस्थाको प्रगतिबिचमा सम्वन्ध छ ? यस्ता अनगिन्ती प्रश्नहरूले गर्दा नेतृत्व सम्बन्धी अनुसन्धानले धेरैको ध्यान आकर्षित गरेको छ र यस क्षेत्रमा धेरै अध्ययनहरू भएका छन्।

समुदायमा नेतृत्वको भूमिका अहम् रहेतापनि सफल नेतृत्व बन्न के कस्ता विषेशता वा गुणहरू हुनुपर्दछ भन्ने सम्बन्धमा सबैको एकै मत पाईदैन। जस्तो नेतृत्वका गुणहरू जन्मसिद्धरूपमा आएका हुन्छन् वा त्यस्ता गुणहरू अध्ययन, लगन र अनुभवबाट हासिल गरिन्छ ? के नेतृत्वकर्तासँग अन्य व्यक्तिहरूसँगभन्दा विशेष प्रकारका गुणहरू हुन्छन ? संस्थाको सफलता र प्रभावकारिता नेतृत्वका वा टिमका सदस्यका विशेषताहरूका कारणबाट हासिल भएका हुन्छन् वा संस्थाको विशेष अवस्थाको कारणबाट हासिल गर्न सकिन्छ भन्ने जस्ता धेरै प्रश्नहरू रहेका छन्। यदि टिमका सदस्यका गुण तथा क्षमताका कारणले गर्दा संस्थाको प्रभावकारितामा वृद्धि भएको भए टिमका सदस्यहरूका क्षमता बृद्धिका लागि नेतृत्वले के कस्ता भूमिका निभाउनु पर्दछ ? नेतृत्वका गुण तथा क्षमताहरूको कसरी मापन गर्ने वा संस्थाको प्रगतिमा नेतृत्वको भूमिका कति प्रतिशत हुन्छ र बाँकी पक्षहरूको भूमिका कति प्रतिशत रहन्छ ? कुन कुन तत्वहरूले नेतृत्वलाई सफल बनाउछ भन्ने जस्ता प्रश्नहरूले गर्दा नेतृत्वसँग सम्बन्धी अनुसन्धान निकै लोकप्रिय भएको छ।

* *नायब प्रमुख कार्यकारी अधिकृत, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.*

कुशल नेतृत्वको गुणहरूको बारेमा धेरै पौराणिक ग्रन्थहरूमा उल्लेख भए तापनि यस्को वैज्ञानिक अध्ययनको थालनी भने सन १९२० तिरबाट भएको हो । सुरुका अध्ययनहरूले प्रभावकारी र अप्रभावकारी वा सफल र असफल संस्थाका नेतृत्वका गुणहरू तुलना गर्दै सफल नेतृत्वका विशेषताहरू पहिचान गर्ने प्रयास गरेका थिए । अनुसन्धानहरूले के देखायो भने संस्थाको सफलता र असफलता नेतृत्वका गुणहरूका साथसाथै विभिन्न अवस्था र परिस्थितिमा निर्भर गर्दछ। नेतृत्वको विशेष गुणले सफल हुन मद्दत पुऱ्याउँछ , तर त्यतिले मात्र प्रभावकारी नेता बन्न भने पर्याप्त हुँदैन । सफल नेता बन्न तीन महत्वपूर्ण पक्षहरू: नेतृत्वको गुण, व्यवहार, शैली र परिस्थति सबैको भूमिका उतिकै महत्व हुन्छ । कुनै अवस्थामा प्रजातान्त्रिक र कुनै अवस्थामा अप्रजातान्त्रिक वा कडा स्वभावको नेतृत्व सफल हुन्छन् । नेतृत्वका सफलता र असफलता टिमको विशेषता संस्थाको विशेष अवस्था वा परिस्थितिमा निर्भर गर्दछ। एउटा अवस्थामा सफल नेतृत्व अर्को अवस्थामा सफलै हुन्छ भन्ने निश्चत छैन। जस्तो काम प्रति लगनशील र सक्षम कर्मचारी भएको संस्थामा प्रजातान्त्रिक नेतृत्व उपयुक्त हुन्छ भने अल्छी र अदक्ष कर्मचारी भएको अवस्थामा कडा स्वभावको र विज्ञ नेतृत्व सफल हुन्छ।


संस्थाको नेतृत्वका गुणहरू र संस्थाको प्रगतिबिचको सम्बन्ध पहिचान गर्ने सम्बन्धमा संसारमा धेरै अध्ययनहरू भएका छन् । नेपालको सम्बन्धमा भन्ने हो भने नेतृत्वको क्षेत्रमा धेरै कम मात्र अध्ययन भएको छ भने सहकारी संस्थाको नेतृत्वको गुणहरूको अध्ययन त भएकै छैन भन्दा पनि हुन्छ। नेपालको सहकारीको सन्दर्भमा हेर्ने हो भने पनि कुनै सहकारी संस्थाहरू सफल, प्रभावकारी छन् भने अन्य संस्थाहरू बन्द हुने अवस्थामा छन्। के कारणले गर्दा कुनै संस्था सफल र प्रभावकारी छन् र अन्य संस्थाहरू बन्द हुने अवस्थामा छन्। यसमा नेतृत्वको के भूमिका छ भन्ने बारेमा अध्ययन भएका छैनन्। तसर्थ यस लेखमा मैले २१० वटा सहकारी संस्थाहरूमा गरेको अध्ययनको आधारमा संस्थाको नेतृत्वको गुणहरूका विविध पक्षहरूको बारेमा प्रकाश पार्ने जमर्को गरेको छु।

सहकारी सञ्चालन र व्यवस्थापनमा सहकारी ऐन २०७४ ले साधारण सभा, सञ्चालक समिति, लेखा समिति, अन्य उपसमितिहरू र कर्मचारीहरूको काम कर्तव्य स्पष्ट पारेको छ । जसअनुसार साधारण सभाले सञ्चालक समिति र लेखा समितिको चयन गर्दछ भने अन्य उपसमितिहरू गठन र कर्मचारीहरूको छनौट सञ्चालक समितिले गर्दछ। सञ्चालक समितिको नेतृत्व अध्यक्षले गर्दछन् भने कर्मचारीहरूको नेतृत्व व्यवस्थापकले गर्दछन् । प्रभावकारी नेतृत्व भएको सहकारी संस्थाको समिति, उपसमिति र कर्मचारीहरू सक्रिय तथा कामप्रति लगनशील हुन्छन् र संस्था आफ्नो लक्ष्य प्राप्तिमा सफल हुन्छ । अन्तर्राष्ट्रिय विकास र सहयोगका लागि क्यानाडेलि संस्था (CECI) ले गरेको अध्ययन अनुसार दिगो तथा सफल संस्थाको रूपमा स्थापना हुने परिकल्पना गरी समुदायको विश्वसनीय र आदरणीय व्यक्तिले नेतृत्व गरेको सहकारीहरू अन्य सहकारी संस्थाको दाँजोमा प्रभावकारी र सफल हुन्छन् । कुशल नेतृत्वले संस्थाको परिकल्पना (ख्कक्ष्यल) तयार गरी उक्त परिकल्पना प्राप्तिका लागि टिमलाई उत्प्रेरित गर्दछ। लघुवित्त केन्द्रले सन २००३ मा गरेको अध्ययनले पनि यसै कुरालाई पुष्टि गरेको थियो। तसर्थ प्रष्ट परिकल्पना भएको, सक्रिय र समुदायको विश्वसनीय व्यक्तिले सुरु गरेको संस्था सफल भएको पाइएको थियो ।

मेरो आफ्नो अनुभवमा समेत समुदायको विश्वसनीय व्यक्तिले नेतृत्व गरेका संस्थाहरू अन्य संस्थाहरूको दाँजोमा सफल छन् । यी बाहेक नेतृत्वमा के कस्ता विशेषता वा गुणहरू हुन्छन् भन्ने मापन गर्न मैले नेपाली परिप्रेक्ष्यमा ४८ वटा सूचकहरू निर्माण गरेको थिएँ । हरेक बुँदा/सूचकलाई १ देखि ५ सम्मका अङ्क ( १. पूर्ण असहमत २. असहमत ३. ठिकै ठिकै ४. सहमत ५. पूर्ण सहमत) मा मापन गरिएको थियो। सूचना सङ्कलनका लागि २१० वटा सहकारी संस्थाहरू छानिएको थियो। प्रत्येक संस्थाबाट ६ जना सूचना दाताहरू (अध्यक्ष १, व्यवस्थापक १, सञ्चालक २ र कर्मचारी २) छानिएका थिए । अध्यक्ष र व्यवस्थापकले आफ्नो नेतृत्वको गुणहरूको आफैँले मापन गरेका थिए भने अध्यक्षको नेतृत्वको गुणहरूको मापन दुई जना सञ्चालकले गरेका थिए। व्यवस्थापकको नेतृत्वको गुणहरूको मापन दुई जना कर्मचारीले गरेका थिए। नेतृत्वको गुणहरूको यसरी मापन गर्दा सन्तुलित विचार आउने आशा गरिएको थियो।

अध्ययनपश्चात नेतृत्वका सूचकहरूको आधारमा विविध पक्षहरूको विश्लेषण (Factor analysis) गरिएको थियो। यस आधारमा नेतृत्वका गुणहरू मापन गर्ने सूचकहरूको विश्लेषण गर्दा जम्मा ४८ वटा सूचकहरूमध्ये ४३ वटा मात्र स्पष्ट सूचकको रूपमा देखिएको थियो।

**कुशल नेतृत्वका चार गुणहरू**



नेतृत्वका गुणहरू मापन गर्ने पक्षहरूलाई वर्गीकरण गर्दा कुशल नेतृत्वका मुख्य चारवटा गुणहरू पत्ता लगाइएको थियो । जस्मा (१) अनुकरणीय गुणहरू (चयभि ञयमभा) (२) टिमको सशक्तिकरण ( Empowering the Team) (३) कामको आधारमा पुरस्कार (Performance based Rewards )(४) सहकारीको वारेमा ज्ञान (Knowledge Abou Cooperative) । कुशल नेतृत्वका यी चार गुणहरू माथी चित्रमा देखाइएको छ ।

### अनुकरणीय (Role Model)

नेतृत्वको गुणहरू मापन गरी सङ्कलित सूचनालाई विश्लेषण गर्दा अनुकरणीय गुण प्रभावकारी नेतृत्वको महत्वपूर्ण गुणको रूपमा देखिएको थियो । अर्थात् नेतृत्व प्रभावकारी बन्न ऊसँग अनुकरणीय गुणहरू हुनुपर्दछ वा ऊ समाजको उदाहरणीय व्यक्ति (Examplary Person) बन्नु पर्दछ । अध्ययनले अनुकरणीय वा उदाहरणीय नेतृत्वसँग सदस्यहरूमा संस्थाप्रति अपनत्वको भावना वढाउन जोड दिने, व्यक्तिगत स्वार्थ त्यागी संस्थाको हितको लागि समर्पित हुने, संस्थामा भेदभावरहित संस्कार स्थापना गर्ने,टिमका सदस्यहरू समक्ष आत्मविश्वासका साथ प्रस्तुत हुने, सस्थाको सरोकारवालाहरूसँग विश्वसनीयता कायम राख्ने, संस्था सञ्चालनमा एकलभन्दा टिमकार्यमा जोड दिने, निर्णय गर्दा नैतिक मूल्य मान्यताहरू तथा दीर्घकालमा पर्न जाने असरप्रति सदैव सचेत रहने, सस्थाको स्पष्ट परिकल्पना (Vision) तय गर्ने र सोको बारेमा टिममा जानकारी गराउने, सस्थाको साझा लक्ष्य प्राप्त गर्न सामूहिक भावनामा जोड दिने, सस्थाको आचारसंहिताको पालना गर्ने र गराउने, आफ्ना व्यवहार र कर्मबाट समाजको आदरणीय व्यक्ति बन्न अग्रसर रहने, सदस्यहरूलाई नेतृत्वसँग नजिक रहँदा गौरवान्वित महसुश हुने वातावरण सिर्जना गर्ने जस्ता गुणहरू हुनुपर्दछ । अनुकरणीय गुण भएको नेतृत्व रूपान्तरणीय (Transformational) र दुर दृष्टि भएका हुन्छन् जसले आफ्ना असल गुणहरूबाट संस्थामा सकारात्मक परिवर्तन ल्याउन सफल हुन्छन् । यस्ता गुण भएका नेतृत्वले आफू उदाहरणीय बनी संस्थाले तय गरेका लक्ष्यहरू प्राप्तिका लागि वा देशको उन्नतिका लागि टिमका सदस्यहरूलाई उत्प्रेरित गर्दछन् । यस्ता नेतृत्वले अरूलाई अर्ति दिनेभन्दा पनि आफैँ उदाहरणीय बनेर देखाउने हुन्छन् । अनुकरणीय नेतृत्वले आफ्ना असल गुणहरू र व्यवहारहरूबाट सबैको मन जित्छन् । सबै मानिस यस्ता नेतृत्वसँग नजिक हुन चाहन्छन्, यस्ता नेतृत्व प्रेरणादायक हुन्छन् र यस्ता नेतृत्वले भनेको सबैले मान्छन् । शिक्षा, संस्कार आदि कुराहरूले कस्ता गुणहरू असल र अनुकरणीय हुन् र कस्ता होइनन् भन्ने निर्धारण गर्दछ । एउटा समाजको अनुकरणीय गुण अर्को समाजका लागि अनुकरणीय नहुन पनि सक्छ ।

### टिमको सशक्तिकरण (Empowering the Team)

संस्थाले तय गरेका लक्ष्यहरू प्राप्ति गर्न नेतृत्व आफू मात्र उदाहरणीय बनेर पुग्दैन, उसलाई योग्य, सशक्त र उत्प्रेरित टिमको पूर्ण सहयोग चाहिन्छ । सफल नेतृत्व त्यो हो जसले सदैव टिमको क्षमता अभिवृद्धि र सशक्तिकरणका लागि कार्य गर्दछ। टिमको क्षमता अभिवृद्धि र सशक्तिकरण गर्ने नेतृत्वमा टिमका सदस्यहरूसँग सौहार्द सम्बन्ध कायम गर्ने, पुरा गर्नुपर्ने लक्ष्यहरूको बारेमा उत्साहजनक तथा प्रेरक ढङ्गले टिममा छलफल गर्ने, टिमको क्षमता अभिवृद्धि र सशक्तिकरणमा जोड दिने, टिमका प्रत्येक सदस्यहरूको विशेष क्षमता विकासमा जोड दिने, नवीन र फरक विचारहरू व्यक्त गर्न टिमलाई प्रेरित गर्ने, वर्तमान मान्यता तथा काम गर्ने तौरतरिकाको वारेमा समालोचनात्मक विश्लेषण गर्न टिमलाई उत्साहित गर्ने, नयाँ दृष्टिकोणहरूबाट समस्याहरूको विश्लेषण गर्न तथा नयाँ तौरतरिका र प्रविधि अवलम्बन गरी समस्याहरू हल गर्न प्रोत्साहित गर्ने, निर्णय कार्यमा टिमको सक्रिय सहभागिताको लागि प्रोत्साहित गर्ने, दोस्रो पुस्ताको नेतृत्व विकासको लागि पूर्वतयारीका साथ काम गर्न जोड दिने, टिमको विचारहरू ध्यानपूर्वक सुनेर आफनो तर्कहरू साथ निर्णय दिने, समय र परिवेश सुहाँउदो नेतृत्व शैली अवलम्बन गर्नेजस्ता गुणहरू हुन्छन् । टिमको क्षमता अभिवृद्धि र सशक्तिकरण गर्ने नेतृत्वले नयाँ विचार र सोचलाई जोड दिने हुनाले नयाँ तौरतरिका र प्रविधिको विकासमा मद्दत पुग्दछ । जुन प्रविधि र तरिकाले काममा प्रभावकारिता ल्याउन र उत्पादकत्व बढाउन मद्दत पुग्दछ। जुन संस्थामा एक्लो व्यक्ति हाबी हुन्छ वा सबै काम एक्लैले गर्ने प्रयास गरिन्छ, त्यस्तो संस्थामा नेतृत्वले प्रत्येक मुद्दामा पर्याप्त समय दिन नसक्दा संस्था असफल हुन सक्छ । तसर्थ सफल नेतृत्वले संस्थाको समिति उपसमितिका पदाधिकारी तथा हरेक तहमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि, सशक्तिकरण र नेतृत्व विकासका लागि पर्याप्त स्रोत र साधन खर्च गर्नुपर्दछ र संस्थाको लक्ष्य प्राप्तिका लागि हरेक तहमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरूले सक्रियताका साथ आ-आफ्नो भूमिका निर्वाह गरेर मात्र सफलता हासिल गर्न सकिन्छ ।

टिमको सशक्तिकरण गर्ने र टिमका सदस्यहरूलाई उत्प्रेरित गर्ने एकै खाले तरिका सबैका लागि उत्तिकै प्रभावकारी नहुन सक्छ । कुनै पदाधिकारी र कर्मचारीहरू कामप्रति आफै लगनशील र जिम्मेवार हुन्छन् भने कसैलाई पटक पटक निर्देशन दिइरहनु पर्ने हुन्छ । आर्थिक सुविधा बढाएर कोही उत्प्रेरीत हुन्छन् भने कोही राम्रो व्यवहारबाट उत्प्रेरित हुने हुन्छन् । तसर्थ नेतृत्वले संस्थाभित्र कसलाई कसरी सशक्तिकरण र उत्प्रेरित गर्ने भन्ने बुझ्नुपर्दछ र सोही अनुसार नेतृत्वको शैली अवलम्बन गर्नुपर्दछ ।

### कामको आधारमा पुरस्कार (Performance based Reward))

कामको आधारमा पुरस्कार वा राम्रो काम गर्नेलाई उचित पुरस्कार र नराम्रो काम गर्नेलाई दण्ड दिइ मानव संशाधनको उचित परिचालन गर्ने प्रचलन धेरै पहिलेदेखि नै नेतृत्व र व्यवस्थापनमा प्रयोग हुँदैआएको हो । कामको आधारमा पुरस्कार प्रदान गर्ने नेतृत्वमा संस्थाको लक्ष्य प्राप्त हुनेगरी कर्मचारीहरूका सेवाका सर्तहरू (ToR) तोक्ने, कर्मचारी र पदाधिकारीहरूमा जिम्मेवारी र अधिकार प्रत्यायोजन गर्ने, नियमित अनुगमन गरी लक्ष्य र प्रगतिको तुलना गर्ने, अनुगमनको सिलसिलामा गल्ती कमजोरीहरूका बारेमा ध्यान दिने, भए गरेका गल्ती कमजोरीहरूका अभिलेख राख्ने व्यवस्था मिलाउने, गल्ती सुधारका लागि समयमा नै सुझाव दिने, बजारको दरभन्दा कम नहुने गरी कर्मचारीहरूलाई सेवा सुविधा प्रदान गर्न प्रयासरत रहने, कामको आधारमा उचित सुविधा/पुरस्कार दिने व्यवस्था गर्ने, तोकिएको लक्ष्य हासिल गर्न सफल कर्मचारी र पदाधिकारीप्रति सन्तुष्टि जाहेर गर्ने, सस्थाको लक्ष्य प्राप्तिका लागि बेलाबेलामा टिमको ध्यानाकर्षण गर्नेजस्ता विशेषताहरू हुन्छन् । राम्रो

काम गर्ने कर्मचारीलाई उचित पुरस्कार र नराम्रो काम गर्नेलाई दण्ड दिने रणनीति सधैँ प्रभावकारी नहुन पनि सक्छ। आफ्नो वृत्ति विकासको लागि मेहनत साथ काम गर्नेका लागि पुरस्कार र दण्डभन्दा पनि दीर्घकालीन लक्ष्य प्राप्ति उत्प्रेरणाको महत्वपूर्ण स्रोत हुन्छ। त्यस्ता कर्मचारीका लागि नेतृत्वले पुरस्कार र दण्डभन्दा पनि हौसला प्रदान गर्नु पर्दछ। त्यस्तो अवस्थामा अनुकरणीय र टिमको सशक्तिकरण गर्ने नेतृत्व सफल हुन्छ।

### सम्बन्धित क्षेत्रको ज्ञान (Leadership skills)

कुशल नेता बन्न प्राविधिक रूपमा दक्ष हुनैपर्छ भन्ने छैन। तर उसलाई सम्बन्धित क्षेत्रको वा आफूले नेतृत्व गर्ने क्षेत्रको बारेमा ज्ञान हुनुपर्दछ। अर्थात् आफूले नेतृत्व गर्ने क्षेत्रमा आन्तरिक र बाह्य रूपमा के कस्ता चुनौती र अवसरहरू छन्, आगामी ५-१० वर्षमा संस्थाको दृष्टिकोण के हुने र सफलताको लागि के कस्ता रणनीति लिनुपर्दछ भन्ने बारेमा नेतृत्व स्पष्ट हुनुपर्दछ। सहकारी संस्थाको नेतृत्वमा सहकारी सिद्धान्त, ऐन, नियम, विनियम र असल अभ्यासहरू, समय सापेक्ष नीति, नियम, पद्धति, संस्थाको प्रगति मापन गर्ने वित्तीय र गैरवित्तीय सूचकहरू, सम्बन्धित निकायहरूसँग सम्बन्ध कायम गरी स्रोत परिचालन, द्वन्द् व्यवस्थापनजस्ता विषयमा ज्ञानहरू हुनु पर्दछ। संस्थालाई प्रभावकारी रूपमा अगाडि बढाउन प्रविधि, वित्त, मानव संशाधन, व्यवस्थापन, बजार आदिमा दक्ष भएका कर्मचारीहरूको आवश्यकता पर्दछ। एउटै व्यक्ति वा नेतृत्व सबै कुरामा दक्ष हुनु सम्भव छैन। उसले दक्ष व्यक्तिहरू पहिचान गरी उनीहरूको सेवा प्राप्त गर्ने वातावरण बनाउनु पर्दछ। Certo & Certo (2006)ले प्रतिपादन गरेको सिद्धान्त अनुसार तल्लो तहको नेतृत्वमा प्रविधिक ज्ञान तथा दक्षता हुनुपर्दछ भने बिचको तहको नेतृत्वमा (Middle-level Leadership) मानव संशाधन, व्यवस्थापन बारेमा ज्ञान हुनुपर्दछ। माथिल्लो तहको नेतृत्वमा (Top-level Leadership) संस्थाको अवधारणात्मक (Conceptual clarity) जस्तो नियम–कानून, दुरदृष्टि, रणनीतिक सोच आदिको बारेमा ज्ञान हुनु पर्दछ।

> कुशल नेता बन्न प्राविधिक रूपमा दक्ष हुनैपर्छ भन्ने छैन। तर उसलाई सम्बन्धित क्षेत्रको वा आफूले नेतृत्व गर्ने क्षेत्रको बारेमा ज्ञान हुनुपर्दछ।

नेतृत्वका चार विशेषताहरू: अनुकरणीय गुण, टिमका सदस्यहरूको सशक्तिकरण, कामको आधारमा पुरस्कार र सम्बन्धित क्षेत्रको ज्ञानको बारेमा परापूर्वककालीन विद्वान तथा पौराणिक ग्रन्थहरूले समेत प्रकाश पारेका छन्। नेतृत्वका चार गुण वा विशेषताहरूमध्ये अनुकरणीय गुणको बारेमा पौराणिक ग्रन्थहरू र अध्ययनहरूले समेत सफल नेतृत्वमा हुनुपर्ने महत्वपूर्ण गुणको रूपमा चित्रण गरेको छ। राजा ऋतेन विवाविर्धे भनेर वेदले भनेको छ। अर्थात् राजा न्याय, सत्य र सत्मार्गमा हिंडे मात्र सफल र लोकप्रिय बन्नसक्दछ। गीताले भनेको छःयद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ॥ ३.२१। अर्थात्, ठूलाले जे काम गर्छन् सर्वसाधारणले त्यही अनुसरण गर्छन्। यदि ठूला व्यक्ति वा नेतृत्व विश्वासनीय र इमान्दार छन्, जे बोल्छन् त्यही पुऱ्याउछन् र उदाहरणीय छन् भने नेतृत्वको यस्ता व्यवहारले सबैलाई असल काम गर्न प्रेरित गर्छ। संस्थामा अनुकरणीय गुण भएका नेतृत्वले आफ्ना असल व्यवहार र गुणहरूबाट टिमका सदस्यलाई तोकिएको लक्ष्यभन्दा बढी प्रगति हासिल गर्न उत्प्रेरित गर्दछ। तसर्थ, जुन संस्थामा अनुकरणीय नेतृत्व हुन्छ त्यस्तो संस्था प्रतिस्पर्धामा सँधै अगाडि हुन्छ र लक्ष्य प्राप्तिमा सदैव अग्रसर हुन्छ।

परापूर्वकालका प्रख्यात विद्वान चाणक्यद्वारा लिखित कौटिल्य अर्थशास्त्रले पनि नेतृत्व उदाहरणीय र अनुकरणीय हुनुपर्नेमा जोड दिइएको छ। उनका अनुसार राजा अर्थात् नेतृत्व नैतिकवान, निस्वार्थी, विश्वसनीयजस्ता गुणहरूले सुशोभित भई जनता/सदस्यप्रति उदाहरणीय बन्नुपर्दछ। चाणक्यजस्तै कन्फुसियसले नैतिक, निस्वार्थ, अनुकरणीय व्यक्ति देशको राजा भएमा मात्र देशको सम्पूर्ण जनता असल बन्दछन् र त्यस्तो देश समद्ध बन्छ भनेर भनेका छन्। उनको अनुसार सबैभन्दा असल र उदाहरणीय व्यक्ति देशको राजा वा देशको नेता हुनुपर्दछ। पूर्वीय शास्त्रमा जस्तै पश्चिमा विद्वानहरू जस्तै म्यकिभेलियन (Machiavellin), शेक्सपियर(Shakespeare), प्लेटो(Plato), भोल्तेयर(Voltaire), कार्ल मार्क्स (Karl Marx) जस्ता विद्वानहरूले पनि उदाहरणीय र अनुकरणीय व्यक्ति देशको राजा वा नेता बन्नुपर्ने कुरामा जोड दिएका छन्।

नेतृत्व उदाहरणीय र अनुकरणीय भए पनि यदि उसलाई सक्षम र उत्प्रेरित टिमको पूर्ण सहयोग छैन भने ऊ सफल हुन सक्दैन। तसर्थ नेतृत्वले आफ्नो टिमलाई तालिम भ्रमण आदिको माध्यमबाट सशक्त बनाए मात्र सफल बन्न सक्छ। सशक्त टिमले नयाँनयाँ ढङ्गबाट समस्याहरूको समाधान गर्ने तरिकाहरू खोज्ने हुनाले यसले नयाँ तथा प्रभावकारी तौरतरिका आविष्कार गर्न समेत मद्दत गर्दछ। ज्ञान तथा प्रविधिमा छिटोछिटो परिवर्तन भइरहने वैज्ञानिक युगमा नेतृत्वले आफ्ना टिमलाई सधै सशक्त र सक्षम बनाइराख्नु पर्दछ। सहकारी संस्थाको सम्बन्धमा भन्ने हो भने, धेरैजसो संस्थामा तालिम प्राप्त र सक्षम सञ्चालक, समिति र उपसमितिका पदाधिकारीहरू र कर्मचारीहरू नहुन सक्छन्। यसर्थ सहकारी संस्थाका सम्पूर्ण टिमको क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ। त्यस्तै गरेर सहकारी संस्थाको मुख्य उद्देश्य सदस्यहरूको समृद्धि हो। सो प्राप्तिका लागि पनि सदस्यहरूको क्षमता अभिवृद्धि गर्नुपर्दछ। टिमको सशक्तिकरणको महत्व बारेमा गीतामा पनि महत्व दिइएको छ। गीताले भनेको छः यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते च यः। हर्षामर्षभयोद्वेगैर्मुक्तो यः स च मे प्रियः ॥ १२.१५। अर्थात्,संस्थाको सम्पूर्ण पदाधिकारीहरू र कर्मचारीहरू सशक्त र सक्षम भएमा जस्तोसुकै कठिन परिस्थितिलाई पनि डटेर समाधान गर्न सकिन्छ। किनभने सशक्त र सक्षम व्यक्ति सुख दुखमा नआत्तिई सोच पुऱ्याएर काम गर्छ र सत्य कुरा बोल्न डराउदैनन्। जसले गर्दा संस्थाका कमी कमजोरीका बारेमा समयमा नै छलफल भई यसले सम्भावित दुर्घटना हुनबाट संस्थालाई बचाउन मद्दत गर्दछ। कन्फुसियसको अनुसार सच्चा नेतृत्वले आफ्ना टिम सदस्यलाई सधैँ उत्प्रेरित र सशक्तिकरण गरी काम प्रति जिम्मेवार बनाइराख्छ जसले गर्दा नेतृत्व अनुपस्थिति हुँदा पनि उनीहरू मेहनतका साथ काम गर्दछन् र संस्था सफल बन्दछ।

कामको आधारमा पुरस्कार प्रदान गर्न नेतृत्वले विधिको शासन र पारदर्शीता कायम गरी संस्थामा हरेक व्यक्तिले गरेको कामको लेखाजोखा र मूल्याङ्कन गर्ने परिपाटी बसाल्दछ। कामको सही मूल्याङ्कन हुन सकेन

र गलत व्यक्तिलाई पुरस्कार दिइएमा यसको असर झन प्रत्यूत्पादक हुन जान्छ । त्यसको लागि हरेक कर्मचारीहरूलाई सेवाका सर्तहरू तोकी जिम्मेवारी पुरा गर्न अधिकार प्रत्यायोजन गर्नुपर्दछ र सम्पादन भएको कामको सही मूल्याङ्कन हुनुपर्दछ । कामको सही मूल्याङ्कन भएमा मात्र कर्मचारीहरू उत्प्रेरित भई काममा दत्तचित्त हुन्छन् र सो को नतिजा पनि सही निस्कन्छ ।

सम्बन्धित क्षेत्रको ज्ञानले नेतृत्वलाई आफूले नेतृत्व गर्ने क्षेत्रमा केकस्ता समस्या, चुनौती र अवसरहरू विद्यमान छन् र आगामी दिनहरूमा केकस्ता रणनीति अवलम्बन गरेमा सफलता हासिल हुन्छ भन्ने जानकारी लिन मद्दत गर्दछ । सम्बन्धित क्षेत्रको नीति, नियम बारे जानकारीले सुशासनमा सहयोग पुऱ्याउछ साथै संस्थाको प्रगति मापन गर्ने सूचकहरू बारेको जानकारीले संस्था सही गतिमा अगि बढे नबढेको थाहा हुन्छ । यसले सही निर्णय लिने कार्यमा सहयोग पुऱ्याउछ । मेहनतका साथ असल काम गरेमा सम्बन्धित क्षेत्रको सही तथा भित्री ज्ञान हासिल हुने कुरा गीताको श्लोक ३.८ मा भनिएको छः नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः।शरीरयात्रापि च ते न प्रसिद्धयेदकर्मणः ॥ ३.८ ॥ अर्थात् कुशल नेतृत्वले मेहनत साथ सही कर्म गरी अरूको मन जित्छन् । असल कर्म र मेहनत मानिसको साथी हो भने अल्छी मानिसको शत्रु हो । असल कर्म र मेहनत साथ हासिल गरिएको ज्ञानको दुरगामी असर रहन्छ र त्यस्तो ज्ञान चिरकालसम्म रहिरहन्छ । गीताले जस्तै कौटिल्य अर्थशास्त्रले पनि असल कर्महरूबाट ज्ञान हासिल गरेका सीपयुक्त र चरित्रवान शिक्षकले अध्यापन गराएमा त्यस्तो देश सम्पन्न बन्छ भनेर भनेको छ ।

मेरो अध्ययनले देखाए अनुसार सहकारी संस्थाको सफलताको लागि नेतृत्वकर्तामाथि उल्लेखित चार विशेषता वा गुणहरू हुनुपर्दछ । सहकारी संस्थाको मुख्य उद्देश्य भनेको सदस्यहरूका आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकताहरू पूरा गरी उनीहरूको सामाजिक तथा आर्थिक रूपान्तरण गर्नु हो । सहकारी आन्दोलन आजका दिनसम्म आईपुग्दा सहकारीको महत्व सम्बन्धी जनचेतना, संस्थागत विकास र वित्तीय दिगोपनका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गर्न सकेको भए पनि यसले सदस्यहरूका आर्थिक तथा सामाजिक रूपान्तरणका क्षेत्रमा भने उल्लेखनीय प्रगति हासिल गर्नसकेको छैन । तसर्थ सहकारी संस्थाको नेतृत्व लिएका सम्पुण टिमले (अध्यक्ष,व्यवस्थापक, सञ्चालक र कर्मचारीहरू) संस्थाको उद्देश्य प्राप्तिका लागि नेतृत्वका यी चार गुणहरूको विकास गर्दै सदस्यहरूका सामाजिक तथा आर्थिक रूपान्तरणका लागि कार्य गर्नुपर्दछ । त्यसो गर्न सकेमा मात्र अर्थतन्त्रको तीन खम्बे नीति र राज्यको निर्देशक सिद्धान्तले गरेको परिकल्पना अनुसार सहकारीलाई गरिबमुखी र सदस्यहरूको आर्थिक र सामाजिक रूपान्तरण गर्ने एक भरपर्दो सहयात्रीको रूपमा लिन सकिन्छ ।

निजी तथा सरकारी क्षेत्रले मात्र गरिबी निवारण तथा सदस्यहरूको आवश्यकता पुरा हुन सक्ने नदेखिएको हुनाले सहकारी आन्दोलनको बिजारोपण भएको हो । सहकारी आन्दोलनको सफलताको लागि सहकारी संस्था तथा सङ्घहरूले सहकारी सिद्धान्तहरूको साथसाथै सहकारीका आधारभूत मूल्य र मान्यताहरू जस्तै निश्पक्षता, समानता, इमान्दारिता, स्वावलम्बन, सामाजिक दायित्व आदिको पालना गर्नुपर्दछ । सहकारीका सिद्धान्त, मूल्य र मान्यताहरूको पालना गर्नु गराउनु नेतृत्वको दायित्व हो । सदस्यहरू तथा सर्वसाधारण जनतालाई सहकारीका सिद्धान्त, मूल्य र मान्यताहरूको पाठ पढाउनुभन्दा पहिले नेतृत्वकर्ताले आफ्नो व्यवहारमा यी मूल्य र मान्यताहरूको पालना गरेर देखाउनुपर्दछ । अनि मात्र नेतृत्वकर्ताप्रति वा नेतृत्वकर्ताले व्यक्त गरेको विचारप्रति सदस्यहरूले सहमति जनाउदछन् । यसका लागि नेतृत्वकर्तासँग माथि उल्लेखित चार गुणहरू हुनुपर्दछ । तसर्थ सहकारी संस्थाको नेतृत्व लिएका सम्पूर्ण टिमले माथि उल्लेखित नेतृत्वका चार गुण र प्रत्येक गुणहरू अन्तरगतका सूचकहरूको पालना भए नभएको समीक्षा गरी नेतृत्व विकासका लागि तालिम, सेमिनार, भ्रमणजस्ता कार्यहरू सञ्चालन गर्नुपर्दछ ।

## Reference Note


- Bass, 2008
- Bass & Riggio, 2006
- Yukl, 2006
- Bass, 2008
- Goffee and Jones, 2000; Yukl, 2006
- Daft, 2014
- Yong & Pearce, 2013: Foster, Barkus and Yavorsky, 2006
- Northhouse, 2013
- Zachariev, 2002, Pillai & Sivanandhan, 2015
- Yukl, 2006; Pillai & Sivanandhan, 2015; Stephen Zaccaro , 2001
- Green, 2018
- Stone, Russell & Patterson, 2003
- Tichy, 2007; Yukl, 2006
- Bass, 2008
- Shamasastry, 2013; Pillai & Sivanandhan, 2015
- Low & Zain, 2012
- Baker, 2018
- Thomas, 2006
- Thomas, 2006
- Bass, 2008

# संस्थाको रकम हिनामिना गर्ने पदाधिकारीलाई गर्नुपर्ने कानूनी कारबाही सम्बन्धी एक चर्चा

✍ पोषण राज लामिछाने*



## १. विषय प्रवेश

मुलुकको आर्थिक विकासका तीन खम्बामध्ये एक महत्वपूर्ण खम्बाको रूपमा सहकारी क्षेत्रलाई लिइएको पाइन्छ। साझा संस्था ऐन २०४१ र नियमहरू २०४३ खारेज गरी क्रमशः सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ आएको र उक्त ऐन नियम नै मुलुकको सहकारी सम्बन्धी कानूनी व्यवस्थाको रूपमा २५/२६ वर्षसम्म कायम रहेको पाईन्छ । मुलुकमा भएको राजनैतिक परिवर्तनका साथसाथै सहकारी विकासका लागि समेत साविकको सहकारी ऐन नियम अपर्याप्त भएको र उक्त ऐन नियममा समय सापेक्ष कतिपय व्यवस्थाहरू थप गरी नयाँ सहकारी ऐन नियमको तर्जुमा गर्नुपर्ने महसुस गरियो । यसैबिच मुलुकमा छरिएर रहेका केही सहकारी संस्थाहरूमा शेयर सदस्यहरूको बचत/निक्षेप रकम हिनामिना गर्ने, कर्जा लगानी एवम् असूली रकम हिनामिना गर्ने, विकृतिहरू क्रमशः देखा पर्न थाले । त्यसरी संस्थाको रकम हिनामिना गर्नेलाई वा संस्थालाई हानिनोक्सानी पुग्नजाने गरी काम गर्ने कर्मचारी/पदाधिकारीउपर गरिने कानूनी कारबाहीबारे साविकका सहकारी ऐन नियममा स्पष्ट व्यवस्था थिएन । तथापि तत्काल यसउपर सामान्य कानून अर्थात् तत्कालीन मुलुकी ऐन अन्तर्गत त्यस्तालाई ठगी अन्तर्गत अदालतमा फौजदारी मुद्दा दायर गरी कानूनी उपचार गर्नेगरिएको पाइन्छ । सहकारी संस्थामा हिनामिना गर्ने, हानिनोक्सानी पुऱ्याउनेलाई कानूनी दायरामा ल्याई कडा कारबाही गर्न सकिने व्यवस्था साविकको ऐन नियममा नभएको कुरालाई समेत मध्यनजर गरी मिति २०७४/०७/०१ गते प्रमाणीकरण भई सङ्घीय कानूनको रूपमा आएको सहकारी ऐन २०७४ को परिच्छेद १९ मा संस्थामा हिनामिना, हानिनोक्सानी पुऱ्याउने कुरा कसुर अन्तर्गत पर्ने र त्यस्तालाई दण्ड जरिबाना हुने व्यवस्था समेत स्पष्ट गरेको पाईन्छ । नेपालको संविधानलें सङ्घ, प्रदेश र स्थानीय तहले सहकारी ऐन,नियम बनाउन पाउने संवैधानिक व्यवस्था गरेको पाईन्छ। सो अनुसार प्रदेश र कतिपय स्थानीय तहमा सहकारी ऐनसम्म बनाएको पाइए तापनि सहकारी नियम अझैसम्म प्रदेश तथा स्थानीय तहमा बनिसकेको पाइदैन। सङ्घीय कानूनको रूपमा सहकारी ऐन २०७४ र नियमावली २०७५ बनिसकेको अवस्था छ । प्रदेश तथा स्थानीय तहमा बनाइने सहकारी ऐन,नियम सङ्घीय सहकारी ऐन नियमसँग बाझिन गएमा बाझेको हदसम्म सङ्घीय ऐन नियमअनुसार हुने व्यवस्था सङ्घीय सहकारी ऐन २०७४ मा भएको पाईन्छ ।

कतिपय सहकारी संस्थाहरूमा हिनामिना र संस्थालाई हानिनोक्सानी पुऱ्याउने काम संस्थामा कार्यरत कर्मचारी, प्रबन्धक, सञ्चालक, पदाधिकारीहरूबाटै भएको अवस्थामा पनि कुनकुन ऐन,नियम तथा प्रचलित कानुन प्रयोग गरी के कस्तो तरिका वा प्रक्रियाबाट हिनामिना गर्ने वा हानिनोक्सानी पुऱ्याउनेलाई कानूनी कारबाहीको दायरामा ल्याउन सकिन्छ र कडा कारबाही गर्न गराउन सकिन्छ भन्ने विषयमा संस्थाका पदाधिकारी/ कर्मचारी अझै पनि अन्यौलमा रहेका छन्। यसै सन्दर्भमा प्रस्तुत विषयमा चर्चा गर्ने प्रयास गरिएको छ ।

## २. हिनामिनाका घटना हुने कारणहरू

सहकारी संस्थाका प्रबन्धक तथा कर्मचारीहरूको तुलनामा प्रायः संस्थाका सञ्चालक र पदाधिकारीहरूको शैक्षिक योग्यता कम भएको र निजहरू प्रविधि मैत्री हुननसकेको पाइएको छ। कतिपय स्थानमा त ल्याप्चे लगाउने सञ्चालक पदाधिकारीहरू छन्। तिनीहरू सूचना प्रविधिमा खासै दखल नभएका कारण त्यसको गलत फाइदा लिँदै संस्थाका प्रबन्धक वा अन्य कर्मचारीहरूले काम गर्ने गरेकोले हिनामिनाका घटनाहरू दिन प्रतिदिन बढ्दै आएको पाइएको छ । संस्थाको सञ्चालक समितिको माइन्युट (निर्णय पुस्तिका) लेख्ने कामदेखि संस्थाको दैनिक आर्थिक, प्रशासनिक एवम् कर्जा लगानी, असूली गर्नेलगायतका सम्पूर्ण जिम्मेवारी प्रबन्धकलाई दिएको पाईन्छ । फलतः कतिपय संस्थाका प्रबन्धकले नै हिनामिना गरी संस्थालाई हानिनोक्सानी पुऱ्याएको घटना छापामा बढ्दो रूपमा आएको पाईन्छ। यदाकदा यस्ता हिनामिनाको घटना संस्थाको सञ्चालक समितिका अध्यक्ष वा सञ्चालक सदस्यहरूबाट समेत भए गरेको पाईन्छ । त्यसका अलावा संस्थामा कर्मचारीको अभाव हुनु, भएका कर्मचारीहरूलाई उचित पारिश्रमिक दिन सक्षम नहुनु, संस्थामा कार्यरत कतिपय कर्मचारी/पदाधिकारीको आर्थिक हैसियत कमजोर हुनु र संस्थामा नियमन तथा अनुगमन प्रभावकारी नहुनु, लेखा सुपरिवेक्षण समिति निष्कृय रहनु, सञ्चालक समिति तथा लेखा समितिलाई पनि लेखा तथा प्रविधि सम्बन्धी ज्ञानको कमी हुनु र आवश्यकताभन्दा बढी प्रबन्धकमाथि समितिहरूको विश्वास हुनु र मूलतः संस्थामा जसले जे गरे पनि हुन्छ, कारबाही हुँदैन भन्ने गलत धारणाको विकास हुनु पनि हिनामिनाका घटना घट्नुका कारण हुन् भन्ने यस पङ्तिकारको ठम्याई छ ।

सहकारी संस्थाका प्रबन्धक तथा कर्मचारीहरूको तुलनामा प्रायः संस्थाका सञ्चालक र पदाधिकारीहरूको शैक्षिक योग्यता कम भएको र निजहरू प्रविधि मैत्री हुननसकेको पाइएको छ ।

## ३. संस्थामा हिनामिना वा हानिनोक्सानी पुऱ्याउनेउपर गरिने कारबाही

संस्थामा हिनामिना वा हानिनोक्सानी पुऱ्याउने उपर गरिने कारबाही

* वरिष्ठ अधिवक्ता एवम् कानूनी सल्लाहकार, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

मूलत, आन्तरिक र वाह्य गरी २ किसिमका हुन्छन् ।

(३.१)आन्तरिक कारबाही

(३.२)वाह्य कारबाही

## ३.१. आन्तरिक कारबाही

### ३.१.१ निलम्बन (सस्पेण्ड) गर्ने

संस्थाको रकम हिनामिना गरेको वा संस्थालाई जुनसुकै तरिकाले हानिनोक्सानी पुऱ्याएको भन्ने कुरा अडिट रिपोर्ट वा निरीक्षण प्रतिवेदन जुनसुकै स्रोतबाट संस्थालाई थाहा हुनेवित्तिकै त्यस्ता प्रबन्धक/कर्मचारीको हकमा संस्थाको कर्मचारी सेवा सर्त सम्बन्धी नियम अनुसार अधिकारप्राप्त अधिकारी अर्थात् उक्त नियमले जसलाई विभागीय कारबाही गर्ने अधिकार दिएको छ उसैले निज कर्मचारीका सम्बन्धमा यस्तो-यस्तो गरेको पाइएकोले सो सम्बन्धमा छानबिन गर्नुपर्ने देखिएको र तपाईलाई ओहदामा राखी काम गर्न दिँदा सबुत प्रमाण नष्ट गर्नसक्ने सम्भावना भएको" भन्ने व्यहोरासमेत उल्लेख गरी प्रथम पटक तीन महिना र सोले नपुग भए थप तीन महिनाको अवधिसम्मका लागि निलम्बनमा राख्ने निर्णय गरी कर्मचारी सेवा सर्त सम्बन्धी नियममा निलम्बनमा राख्न पाउने सम्बन्धीत दफासमेत उल्लेख गरी अविलम्ब निलम्बनमा राखेको पत्र कर्मचारीलाई बुझाउनुपर्दछ । उक्त पत्रको बोधार्थ एवम् कार्यार्थका प्रति संस्थाको प्रशासन फाँटलाई,निजलाई हाजिर नगराउन र लेखा फाँटलाई, निजको पारिश्रमिक रोक्का राख्न वा नियमले निलम्बन अवधिमा निश्चित प्रतिशत पारिश्रमिक दिने व्यवस्था भएकोमा त्यस्ता कर्मचारीले पारिश्रमिक माग गरेका बखत सोही कानूनी व्यवस्था अनुसार गर्न आन्तरिक पत्र दिई सोको एक प्रति निजको कारबाही फाइलमा सुरक्षितसाथ राख्नु पर्दछ ।

### ३.१.२ छानबिन गराउने

संस्थामा हिनामिना भएको वा संस्थालाई हानिनोक्सानी पुऱ्याएको सूचना प्राप्त हुनासाथ सो सम्बन्धमा विस्तृत छानबिन गराई रायसहितको प्रतिवेदन पेश गर्न उपयुक्त ७ दिन वा १५ दिनको समय तोकी तीन सदस्यीय छानबिन समिति गठन गर्ने निर्णय सञ्चालक समितिबाट गरिनुपर्छ । सञ्चालक समितिका कुनै पदाधिकारी यस्तो कार्यमा संलग्न भए तिनीहरूको सम्बन्धमा समेत विस्तृत छानविन गराउनु पर्दछ । संस्थाभित्रैबाट छानबिन गराउन लेखा जान्ने, कम्प्युटर जान्ने र कर्जा कारोबार बुझेको व्यक्तिलाई छानबिन कमिटीमा राख्दा यथार्थ प्रतिवेदन आउन सक्ने हुन्छ । त्यस्तो कमिटीमा आवश्यकताअनुसार कानूनलगायतका अन्य विज्ञलाई आमन्त्रण गर्न सकिन्छ। संस्था भित्रबाटै छानबिन कमिटी गठन गर्न सम्भव नभए सहयोगका लागि नियमन गर्ने निकाय साना किसान सहकारी संस्थाको हकमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लिसँग , सहकारी हेर्ने स्थानीय निकायसँग सहयोग माग गर्न सकिन्छ। छानबिन कमिटीका सदस्यहरूले पनि मूलतः कुन विषयमा के कस्तो हिनामिना वा हानिनोक्सानी भए गरेको छ भन्ने सम्बन्धमा जस्तै नगद कारोबार, बचत जम्मा, कर्जा लगानी, कर्जा असुलीजस्ता विषयमा पृथकपृथक छुट्याई के कस्तो क्रियाकलाप हुनगएको हो ? संस्थाको कुन नीति, नियम वा आन्तरिक कार्यविधि वा प्रचलित कानुन अनुसार हुनुपर्ने वा गर्नुपर्ने कुरा भएन, वा गरिएन, वा के नहुनु वा के नगर्नु पर्ने कुरा भयो वा गरियो, सो कुरा केबाट पुष्टि हुन्छ ? पुष्टि गर्ने आधार प्रमाण कागजात के के छन ? ती सबै कुराहरूलाई क्रमबद्ध तरिकाले खुलाई आवश्यकता अनुसार सम्बन्धित कर्मचारी, पदाधिकारी, शेयर सदस्यसँग लिखित सोधपुछ वा मौखिक जानकारी लिनुपर्ने आवश्यक भए सोसमेत लिई सोको आधारमा के कस्तो काम कारबाही गरी के कति रकम हिनामिना वा के कति बिगो बराबर हानिनोक्सानी गरिएको देखियो ? त्यस्ता कर्मचारीका सम्बन्धमा कर्मचारी सेवा सर्त सम्बन्धी नियम अनुसार केकस्तो विभागीय कारबाही र प्रचलित कानून अनुसारको कानूनी कारबाही गर्नुपर्ने र सञ्चालक/पदाधिकारी तथा अन्य शेयर सदस्यसमेतको हकमा प्रचलित कानुनबमोजिम के कस्तो कानूनी कारबाही हुनु वा गर्नुपर्ने हो, सो कुरा खुलाई तोकिएको समयभित्र राय सहितको प्रतिवेदन संस्थामा दिनुपर्दछ । निर्धारित समय नपुग भए कामको प्रगतिको आधारमा थप म्यादका लागि सञ्चालक समितिसमक्ष अनुरोध गरी थप गरिएको म्यादभित्रै काम सम्पन्न गरी ठोस राय सुझावको प्रतिवेदन छानबिन कमिटीले दिनुपर्दछ । यो कानून अनुसार यो कारबाही हुनुपर्छ भनी छानबिन कमिटीका सदस्यहरूलाई जानकारी हुननसकेको अवस्थामा प्रचलित नियम कानून अनुसार कारबाही हुनुपर्छ भनी रायसहितको प्रतिवेदन दिनुपर्ने हुन्छ। यही प्रतिवेदन नै कारबाहीका लागि बलियो आधार प्रमाण हुने हुनाले यसतर्फ छानविन कमिटीले अत्यन्त सतर्कता अपनाउनुपर्ने हुन्छ। अस्पष्ट एवम् पुष्टि हुने प्रमाण कागजका अभावमा पेश गरिएको प्रतिवेदन कमजोर हुने हुँदा अन्ततोगत्वा अदालतमा मुद्दा चलेको अवस्थामा संस्थाको विपक्षमा फैसला हुनजानेतर्फ पनि छानबिन कमिटी अत्यन्त सजग हुनु अनिवार्य हुन्छ । अवस्था हेरी पहिले छानबिन गर्ने वा पहिले निलम्बन गर्नुपर्ने सम्बन्धमा कुन उपयुक्त हुन्छ भन्ने विषयमा विषयको गाम्भीर्यताको आधारमा सञ्चालक समितिले उचित निर्णय गर्नुपर्दछ। त्यसै आधारमा निलम्बन वा छानबिनमध्ये कुनै पनि कारबाही अघि वा पछि गर्न गराउन सकिन्छ ।

> अस्पष्ट एवम् पुष्टि हुने प्रमाण कागजका अभावमा पेश गरिएको प्रतिवेदन कमजोर हुने हुँदा अन्ततोगत्वा अदालतमा मुद्दा चलेको अवस्थामा संस्थाको विपक्षमा फैसला हुनजानेतर्फ पनि छानबिन कमिटी अत्यन्त सजग हुनु अनिवार्य हुन्छ ।

### ३.१.३ सफाई वा पहिलो स्पष्टिकरण सोध्ने

छानबिन प्रतिवेदन प्राप्त भएपछि त्यस्ता कर्मचारीउपर छानबिन प्रतिवेदमा उल्लेखित विषयवस्तु खुलाई अर्थात् यस्तो यस्तो गरी यती रकम, यसरी हिनामिना गरी वा यसरी संस्थालाई हानिनोक्सानी हुने कार्य गरेकोले तपाईउपर संस्थाको कर्मचारी सेवा सर्त सम्बन्धी नियमको फलानो दफा अनुसार विभागीय कारबाही किन नगर्ने यो पत्र प्राप्त भएको मितिले ७ दिनभित्र सफाई वा स्पष्टिकरणको जवाफ पेश गर्नुहोला । म्यादभित्र जवाफ पेश गर्नुभएन वा पेश गरेको जवाफ सन्तोषजनक भएन भने संस्थाको नियमअनुसार गरिने छ भनी विभागीय कारबाही गर्न अधिकार प्राप्त पदाधिकारी वा सञ्चालक समितिले निर्णय गरेर वा समितिबाट अधिकारप्राप्त अध्यक्ष वा सञ्चालकले उक्त पत्रमा दस्तखत गरी निलम्बन गरेको कर्मचारीको हकमा घर ठेगानामा पत्र पठाई पत्र बुझेको भर्पाई वा निस्सा फाइलमा राख्नु पर्छ । निलम्बन नगरिसकेको कर्मचारी भए निलम्बनको पत्र र पहिलो स्पष्टिकरणको पत्र निजको पद, नामसमेत उल्लेख गरीदिनुपर्ने हुन्छ ।

### ३.१.४ विभागीय कारबाही अन्तर्गतको दोस्रो स्पष्टिकरण सोध्ने सम्बन्धमा

उपर्युक्त बमोजिमको कसुर गर्ने कर्मचारी रहेछ र निज थुनुवामा पर्ने रहेछ भने थुनुवा अवधिभर स्वतः निलम्बन हुने हुँदा सो अवधिमा निलम्बनमा राख्ने निर्णय गरिराख्नु पर्दैन । थुनुवा मुक्त हुने र निलम्बनको अघि (थप गरेकोमा थप समेत) समाप्त नहुँदै त्यस्ता कर्मचारीउपर अधिकारप्राप्त अधिकारीले नोकरीबाट बरखास्त गर्नु अघि सजायको प्रस्तावसहितको दोस्रो स्पष्टिकरण सोध्नुपर्दछ । जसमा प्रथम स्पष्टिकरणमा यस्तो यस्तो भनी सोधिएकोमा तपाईले यस्तो यस्तो भनी जबाफ दिएकोमा सो जबाफ यो यति कारणले जबाफ सन्तोषजनक नदेखिएकोले ( जबाफ नै नदिएको हकमा म्यादभित्र जबाफ नदिई बसेकोले) संस्थाको कर्मचारी सेवा सर्त सम्बन्धी नियमको फलानो दफा अनुसारको फलानो अभियोगमा सोहि नियमको फलानो दफा अनुसार तपाईलाई भविष्यमा संस्थाको नोकरीको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त किननगर्ने ? यो पत्रप्राप्तभएको मितिले ७ दिनभित्र स्पष्टिकरणको जवाफ पेश गर्नुहोला । म्यादभित्र जबाफ पेश गर्नु भएन वा पेश गरेको जवाफ सन्तोषजनक भएन भने संस्थाको नियमअनुसार भईजाने व्यहोरा सूचित गरिन्छ भन्ने सञ्चालक समिति वा अधिकारप्राप्त पदाधिकारीबाट निर्णय गरी निर्णय अनुसारको जानकारी गराउन पत्र लेखी कर्मचारीलाई बुझाउनुपर्दछ । पत्र बुझ्न नमानेमा मुचुल्का गरी गराई पत्र बुझाउन जानेसँग प्रतिवेदन लिई फाइलमा संलग्न गरी राख्नुपर्दछ, वा हुलाकबाट रजष्ट्री गरी पठाउनुपर्दछ । पत्र बुझ्न नमानेमा वा हुलाकबाट फिर्ता भई आएमा सोही व्यहोरा खुलाई स्पष्टिकरण पेश गर्ने बारेको सम्बन्धित कर्मचारीका नाउँको सूचना सम्भव भएसम्म राष्ट्रियस्तरको पत्रिका नभए स्थानीयस्तरको पत्रिकामा प्रकाशन गरी फाईलमा सुरक्षित साथ राख्नुपर्दछ ।

### ३.१.५ नोकरीबाट बरखास्त गर्ने सम्बन्धमा

दोस्रो स्पष्टिकरणको जबाफ प्राप्त भएपछि वा म्याद समाप्त भएपछि प्राप्त जबाफ सन्तोषजनक नभएको आधारमा त्यस्ता कर्मचारीलाई निजको फलानो पदबाट भविष्यमा अयोग्य ठहरिने गरी बरखास्त गर्ने सम्बन्धमा संस्थाको कर्मचारी सेवा शर्त नियममा जे उल्लेख छ सम्बन्धित दफा खुलाई सञ्चालक समितिबाट निर्णय गराउनु पर्दछ । त्यस्तो निर्णय गर्दा पहिलो स्पष्टिकरणमा सोधेको ब्यहोरा सोमा निजले दिएको जबाफको व्यहोरा र दोस्रो स्पष्टिकरणमा सोधेको व्यहोरा र प्रस्तावित सजायसमेत सबै कुरा निर्णयमा उल्लेख गरी यस्तो-यस्तो गरेको अभियोगमा संस्थाको कर्मचारी सेवा सर्त नियमको फलानो दफा अनुसार निर्णय भएको मितिदेखि लागु हुने गरी भविष्यमा संस्थाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गर्ने निर्णय गरियो भन्ने ब्यहोराको पत्र सञ्चालक समितिबाट निर्णय गरी गराई सम्बन्धित कर्मचारीलाई समेत जानकारी दिनुपर्छ । सो उपर निजले कहाँ पुनरावेदन गर्न पाउने हो सेवा सर्त नियममा भएबमोजिमको व्यवस्थाबारे समेत निजलाई जानकारी गराउनुपर्छ । यस्ता कुरामा आवश्यकता अनुसार कानून विज्ञको सल्लाह लिनु उपयुक्त हुन्छ । प्रक्रियागत त्रुटीका कारण संस्थाको नोकरीबाट हटाईए वा बरखास्त गरिएका कर्मचारीहरूले त्यस्तो निर्णयउपर चित्त नबुझाई अदालतमा गई उपचार खोजेकोमा कुनै कुनै केसमा संस्थाको विपक्षमा फैसला भई पुनर्वहाली भएका अवस्था पनि देखिनआएको हुँदा विभागीय कारबाही तथा निर्णय गर्ने कुरामा संस्थाको सञ्चालक समिति होसियार भई विवेकशील निर्णय गर्नुपर्ने देखिन्छ ।

## ३.२. वाह्य कारबाही

वाह्य कारबाहीअन्तर्गत त्यस्ता कर्मचारी वा पदाधिकारी भए निजलाई प्रचलित सहकारी ऐन अन्तर्गत कानूनी कारबाही गर्नुपर्ने हुँदा त्यस्तो काम सहकारी ऐन २०७४ को दफा १२२ को देहाय (क) देखि (थ) सम्मको के कस्तो कसुर भए गरेको रहेछ सो यकिन गरी सोही ऐनको दफा १२४ मा कसुरको प्रकृति तथा बिगोको आधारमा १ वर्षसम्म कैद र १ लाख रूपैयाँसम्म जरिवाना गर्नेदेखि बढीमा रू. १० लाख जरिबाना गर्ने र बिगो भराई बिगो बमोजिम जरिबाना गर्ने व्यवस्था भएको हुँदा हिनामिना एवम् हानिनोक्सानीको रकम असूली गर्नका लागि यथासम्भव छिटो, सम्भव भएसम्म १ महिनाभित्रै (किनभने सहकारी ऐन २०७४ को दफा १३२ मा थाहा पाएको मितिले ९० दिन भित्र उजुरी दिनुपर्ने हदम्यादको व्यवस्था हुँदा) नजिकको प्रहरी कार्यालयमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को अनुसूची ५ को ढाँचामा (बुँदा नं १ देखि ७ सम्मका शीर्षक अनुसार नै विषयहरू स्पष्ट खुलाई ) हिनामिना वा हानिनोक्सानीको रकम बिगो वापत खुलाउँदा साँवा रकम रू. यति र हिनामिना गरेको मितिदेखि जाहेरी दरखास्त दर्ताका मितिसम्म संस्थाको नीति, नियम अनुसार लाग्ने ब्याजदरसमेत खुलाई साँवा तथा ब्याज समेत जोडी बिगो कायम गर्नुपर्दछ । तत्पश्चातको ब्याज प्रस्तुत सरकारवादी फौजदारी मुद्दा भएकोले संस्थाले जाहेरी दरखास्तमा उल्लेख गरेका ब्याज रकमभन्दा थप ब्याज रकम भरीभराउ गर्न नपाउने हुँदा सोहीअनुसार जाहेरी दरखास्तमा खुलाई जाहेरी दिनुपर्दछ र त्यसरी जाहेरी दरखास्त प्रहरी कार्यालयमा दर्तागरेको प्रमाण वा भर्पाई लिई फाइलमा संलग्न गरी राख्नुपर्दछ । किनकी सहकारी ऐन २०७४ को दफा १३० ले दफा १२४ बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दा नेपाल सरकारवादी हुने र नेपाल सरकारले नै संस्थाको तर्फबाट मुद्दामा पुर्पक्ष गर्नुपर्ने हुँदा सरकारी वकिलले नै उक्त मुद्दामा बहस पैरवी गर्ने कानूनी व्यवस्था छ । यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची १ भित्र पर्ने स्पष्ट उल्लेख गरिएको छ । सुरुमा सहकारी ऐन २०७४ आउँदा यस्तो मुद्दा स.मु.स. ऐन २०४९ को अनुसूची १ मा समावेश गरेको मानिने छ भनी उल्लेख भएकोमा मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि २०७४ भाद्र १ गतेदेखि लागू भएपछि उक्त स.मु.स. ऐन खारेज भएको हुँदा सुरुका दिनमा प्रहरीहरूलाई यो मुद्दा मुलुकी फौजदारी कार्यविधिको अनुसूचीभित्र पर्छ वा पर्दैन भनी स्पष्ट नभएको कारण सुरुका दिनमा जाहेरी दर्ता गर्न अन्यौलको अवस्था भए पनि सहकारी एने २०७४ को दफा १३० मा यो कुरा स्पष्ट रूपमा संशोधन भएर आइसकेको अवस्था छ । यति हुँदाहुँदै प्रहरी कार्यालयले जाहेरी लिन नमानेमा सरकारी वकिलको कार्यालयमा सम्पर्क गरी जाहेरी दर्ता गर्ने गराउनेतर्फ आवश्यक पहल गरी हिनामिना वा हानिनोक्सानी गर्ने जोकोहीलाई तत्काल पक्राउ गर्न लगाउनेतर्फ साधारण सदस्य वा सम्बन्धित पदाधिकारी वा कर्मचारी वा सरोकारवाला सम्बन्धित सबैले आ-आफ्नो स्थानबाट पहल गर्नुपर्दछ । संस्थाको हितको लागि यस्तो सूचना वा जाहेरी उल्लेखित जोकोहीले गर्न सक्ने हुँदा यस्तो कुरा जति छिटो गर्‍यो संस्था बिग्रनबाट उति छिटो बचाउन सकिन्छ त्यसतर्फ सबैको ध्यान जानु जरूरी छ ।

## ४. कस्तो कुरा कसूर मानिएको छ ?

सहकारी ऐन, २०७४, को दफा १२२ को देहाय (क) देखि (थ) सम्मको निम्न कार्यलाई सहकारी ऐन २०७४ अन्तर्गत कसूर गरेको मानिनेछ भन्ने व्यवस्था भएको पाईन्छ ।

(क) दर्ता नगरी वा खारेज भएको सहकारी संस्था सञ्चालन गरेमा वा

कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अङ्ग्रेजी रूपान्तरण राखी कुनै कारोबार, व्यावसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा,

(ग) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले सहकारी संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असुल हुननसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा सहकारी संस्थाको शेयर वा बचत रकम आफूखुशी परिचालन गरी सहकारी संस्थालाई हानिनोक्सानी पुऱ्याएमा,

(छ) झुठ्ठा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(ज) सहकारी संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम विनियम विपरीत लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(ञ) धितोको अस्वभाविक रूपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

(ट) झुठ्ठा विवरणको आधारमा परियोजनाको लागत अस्वभाविक रूपमा बढाई बढी ऋण लिएमा वा दिएमा,

(ठ) कुनै व्यक्ति वा सहकारी संस्थालाई एक पटक दिइसकेको सुरक्षण रितपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुन ऋण लिए वा दिएमा,

(ड) सहकारी संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

(ढ) सहकारी संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाई वा उडाई अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्नेजस्ता काम गरेबाट आफूलाई वा अरू कसैलाई फाइदा वा हानिनोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्ने वा अर्काको हानिनोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुठ्ठा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ण) ऋणको धितोस्वरुप राखिने चलअचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनका लागि मूल्याङ्कन गर्दा मुल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी सहकारी संस्थालाई हानिनोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,

(त) सहकारी संस्थालाई हानिनोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, बस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैरकानूनी लाभ वा हानि पुऱ्याउन बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै सहकारी संस्था वा सोको सदस्य वा बचतकर्ता वा तीमध्ये कसैलाई हानिनोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखा परीक्षण गरेको झुठ्ठो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

उपर्युक्त बमोजिम सञ्चालक समितिका सदस्यहरूले संस्थामा हिनामिना वा हानिनोक्सानी गरेको पाइएमा त्यस्ता सञ्चालक सदस्यलाई सञ्चालकको पदबाट हटाउन साधारण सभामा प्रस्ताव लैजानुपर्ने हुन्छ । त्यसका लागि निजलाई सफाईको मौका दिने प्रयोजनका लागि स्पष्टिकरण सोधी सोको जबाफसहित त्यस्ता सञ्चालकलाई सहकारी एने २०७४ को दफा ४५ बमोजिम सञ्चालकबाट हटाउन साधारण सभामा प्रस्ताव लगी बहुमतको निर्णयबाट हटाउने व्यवस्था समेत गर्नुपर्छ ।


## निष्कर्ष

यस पद्धतिकारले केही साना किसान सहकारी संस्थाको कर्मचारी सेवा शर्त सम्बन्धी नियमको अध्ययन गर्दा प्राप्त जानकारी अनुसार त्यस्ता कर्मचारीउपर विभागीय कारबाही गर्ने अधिकार सञ्चालक समिति वा सञ्चालक समितिले अधिकार दिएको पदाधिकारी (अध्यक्ष) लाई हुने व्यवस्था गरेको पाईन्छ । त्यसैले त्यस्ता कर्मचारीलाई निलम्बनमा राख्दा वा पहिलो स्पष्टिकरण र सजाय प्रस्ताव सहितको दोस्रो स्पष्टिकरण सोधी निजको प्राप्त जबाफ सहित निर्णयार्थ सञ्चालक समितिमा पेश गर्नेगरी सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक सदस्यलाई अधिकार प्रत्यायोजन गर्नसकिने देखिन्छ । तर नोकरीबाट हटाउने निर्णय गर्ने अख्तियारी समेत सञ्चालक समितिले अध्यक्ष वा अन्य सञ्चालकलाई नदिनु नै कानूनत, उपयुक्त हुने देखिन्छ । त्यसरी विभागीय कारबाही गरी नोकरीबाट हटाईएका वा बरखास्त गरेका कर्मचारीहरू केहीले त्यस्तो निर्णय उपर अदालतमा मुद्दा दिई प्रक्रियागत त्रुटिका कारण संस्थाको विपक्षमा यदाकदा मुद्दा फैसला भई पुर्नबहाली भएका घटनाहरू संस्थाले ब्यहोर्नुपरेको अवस्था देखिएको हुँदा विभागीय कारबाही सम्बन्धी संस्थाले छुट्टै आन्तरिक कार्यविधि जसमा निलम्बन गर्ने ब्यहोरा पहिलो र दोस्रो स्पष्टिकरण सोध्ने ब्यहोरा र निर्णय गर्नेजस्ता विषयका ढाँचा वा फर्मेटसहितको एउटा छुट्टै आन्तरिक कार्यविधि तर्जुमा गर्नुपर्ने महसुस गरिएको पाईन्छ । साथै सहकारी संस्थाको विद्यमान कर्मचारी सेवा शर्त सम्बन्धी नियममा पनि समय सापेक्ष संशोधन गर्नुपर्नेतर्फ सञ्चालक समितिको ध्यान जानुपर्ने देखिन्छ ।

अर्कोतर्फ वाह्य कारबाही अन्तर्गत गरिने कानूनी कारवाहीका लागि छानविन प्रतिवेदन स्पष्ट रूपमा संस्थाले प्राप्त गरी ऐनले तोकेको ढाँचामा नजिकको प्रहरी कार्यालयमा संस्थाको तर्फबाट जाहेरी दिई संस्थाको रकम हिनामिना गर्ने वा हानिनोक्सानी गर्ने कर्मचारी पदाधिकारी, शेयर सदस्य, जोकोहीउपर यथा समयमै कारबाही गर्न सकियो भने मात्र त्यस्ता संस्थाको अवस्थामा तत्काल सुधार हुने देखिन्छ । अन्यथा संस्थाको सञ्चालक समिति, कर्मचारी, संस्थाका अन्य पदाधिकारी, शेयर सदस्य सबैले पछि पछुताउनुपर्ने मात्र होइन त्यस्तो कारबाही अघि नबढाई गुपचुप (गोप्य) राख्ने सञ्चालक समिति समेत कानूनी कारबाहीको दायरामा आउन सक्ने हुँदा समयमै यसतर्फ सबैको ध्यान जान जरूरी छ ।

# प्रभावकारी बैठक व्यवस्थापन

✍ कृष्ण प्रसाद लामिछाने*



## १. पृष्ठभूमि

परिवार, गांऊँ, देश र विश्वको विकास प्रक्रिया, सुधार कार्यक्रम तथा समस्या समाधानको सफलता वा उपलब्धि त्यस सन्दर्भमा गरिने बैठकको कुशल व्यवस्थापन र निर्णय प्रक्रियाको जगमा आधारित हुन्छ। कुनै पनि मुलुकको विकास तथा समृद्धिलाई मापन गर्ने एउटा सूचकाङ्क समुचित बैठक व्यवस्थापन र निर्णय क्षमतालाई मान्न सकिन्छ। पारिवारिक कार्यमा समेत परिवारका सदस्यहरूको छलफलबाट हुने सहमति अनुसारको कामले बढी सफलता प्राप्त गर्दछ। हाम्रो समाजमा "बेलुकाको सल्लाह ठीक्क काम, बिहानको सल्लाह दिक्क काम" भन्ने भनाइ नै रहेको छ।

यसले पारिवारिकस्तरमा गरिने सही समयको बैठकको प्रभावकारिताको उचाईलाई निर्देश गर्दछ। त्यस्तै विकास योजनाको सञ्चालन तथा सङ्घ/संस्था र सङ्गठनहरूले राखेको लक्ष्य प्राप्ति एवम् दिनुपर्ने सेवा प्रवाहका काममा सरोकारवालाहरूको बैठकमा हुने छलफलको सामुहिक निष्कर्ष अनुसारको कार्ययोजना मुताविकको कामले मात्र सधैं उच्च, उत्कृष्ट र अपेक्षित प्रगति हासिल गर्न सक्दछ। एक्लैले गर्नसक्ने कुनैपनि काम गर्दा त, निकै सोचेर र बुद्धि पुऱ्याएर गर्नुपर्ने हुन्छ। झन् सामुहिक र सार्वजनिक भलाईका कार्यहरू गर्दा सरोकारवाला सबै पक्षलाई मान्य हुने मार्गचित्र, कार्ययोजना र कार्यान्वयन प्रक्रिया निर्धारण हुन आवश्यक हुन्छ। बैठक सही र उचित ढङ्गबाट हुन सकेन भने त्यसबाट समस्या समाधान तथा सुधार प्रक्रियामा सघाउ पुग्नुको सट्टा अवरोध बढी हुन्छ।

बैठकको इतिहास मानव जीवन सुरुवातसँगैको हुनुपर्दछ। नेपालमा घरको आँगन, पिँढी, कोठा, चौतारो, पाटीपौवामा मानिस भेला भई बैठक गर्ने चलन थियो र अहिलेसम्म पनि छ। नेपालको पुरातनवादी समाजमा घरमुली, मुखिया वा सामन्तले पाटीपौवा, चौतारो, चउर वा अरू तोकिएको बैठक बस्ने स्थान वा घरको बैठक कोठामा सम्बन्धितहरूलाई बोलाएर गरिने भेला वा छलफलबाट बैठकको परिपाटी सुरुभएको मान्न सकिन्छ। पहिले पहिले झारा (सरकारी, सित्तैमा गर्ने काम), सामाजिक काम, मुद्दा मामिला सम्बन्धी काम, कर वा चन्दा व्यवस्था आदीका लागि बैठक बोलाइने गरेको इतिहांस पाइन्छ।

## २. बैठकको परिभाषा

बैठक भनेको दुई वा दुईभन्दा बढी व्यक्तिहरू भेला भई कुनै एक वा एकभन्दा बढी विषयका सम्बन्धमा निर्णयका लागि गरिने छलफल हो। अर्को शब्दमा भन्ने हो भने एकभन्दा बढी व्यक्तिहरूका बिच छलफलका माध्यमबाट समान उद्देश्य प्राप्तिका लागि निर्णय गर्ने प्रक्रिया हो। बैठक समान लक्ष्य हासिल गर्ने सन्दर्भमा दुई वा दुईभन्दा बढी व्यक्तिहरू मिलेर गरिने मौखिक कुराकानी, अनुभव तथा सूचनाको आदान प्रदानको माध्यमबाट निचोडमा पुग्ने प्रक्रिया हो। बैठक आमने सामने कुराकानीका अलावा टेलीफोन वार्ता, कम्पयुटर इन्टरनेट वार्ता, भिडियो कन्फरेन्स आदी आधुनिक सञ्चारका माध्यमहरूको प्रयोगबाट पनि गर्न सकिन्छ।

## ३. बैठकका प्रकार

औपाचारिक र अनौपचारिक गरी बैठक दुई प्रकारका हुन्छन्। अझै उद्देश्यका हिसाबले सामान्यतः बैठक (क) अवस्था अद्यावधिक, (ख) सूचना आदान प्रदान, (ग) निर्णय, (घ) समस्या समाधन, (ङ) अन्वेषण वा नवीनतम खोज र (च) सामुहिक भावना निर्माण गरी ६ वटा प्रयोजनका लागि बस्ने गर्छ। बैठक गर्दा कुन प्रयोजनका लागि गरिदैछ वा बसिदैछ भन्ने कुरामा त्यसका सहभागीहरू जानकार हुनुपर्दछ। अद्यावधिक बैठक एक प्रकारको समीक्षा बैठक पनि हो। जहाँ अपेक्षित लक्ष्यमाथि भएको प्रगति, चुनौति र बाँकी काम पुरा गर्न लिइने वा चालिनुपर्ने कदमका सम्बन्धमा छलफल गरी निचोडमा पुग्न सकिन्छ। सूचना आदानप्रदानका लागि हुने बैठकमा प्रस्तुतिकरण, प्यानल छलफल, कि नोट आदिका माध्यमबाट लक्षित वर्गमा सूचना आदानप्रदान गरी लक्षित लक्ष्य हासिल गर्न उद्यत बनाइन्छ। अधिकांश व्यावसायिक निर्णयहरू बैठकका माध्यमबाट हुन्छन्। सामूहिक ऐक्यबद्धताका लागि निर्णय लिने सन्दर्भमा हुने बैठक निर्णय प्रकृयासँग सम्बन्धित बैठकमा पर्दछ। सूचना सङ्कलन र आदानप्रदानका माध्यमबाट निर्णयका लागि उन्नत छलफलका माध्यमबाट विकल्पहरूको वर्गीकरण गरी उत्तम विकल्पलाई छनोट गर्ने कार्य निर्णय प्रकृयासम्बन्धी बैठकमा हुन्छ। जटिल कार्य सम्पादनका लागि गरिने बैठक समस्या समाधान सम्बन्धी बैठकअन्तर्गत पर्दछ। जुन बैठक समस्याहरूको पहिचान गरी ती समस्या समाधानका लागि सम्भावनाहरूको खाजी, रणनीति तर्जुमा, कार्य योजना निर्माणसँग सम्बन्धित हुन्छ। अन्वेषण वा नवीनतम खोज वा सिर्जनशील बैठक ब्रेन स्टोमिङ्ग, संलग्नता र विचार आदान प्रदानको माध्यमबाट नयाँ कार्यको थालनी गरिन्छ। जसमा प्राप्त विचारहरूको मूल्याङ्कन गरी उचित र सही विचारमाथि निर्णय लिइन्छ। उपरोक्त सबैखाले बैठकले सामूहिक हित, चाहना र उपलब्धिलाई उच्चतम बनाउन सरोकारवाला समूहको कार्यसम्पादनमा योगदान दिने नै हो। साझा लक्ष्य प्राप्तिका लागि संस्थागत संस्कार, साझा जिम्मेवारी र सामूहिक भावनाको जागरणका माध्यमबाट सकारात्मक भावनाले ओतप्रोत भई प्रत्येक व्यक्ति, इकाइ, शाखा विभाग आदि साझा कामका लागि उत्तिकै महत्वका छन् भन्ने भावना जगाई समूहलाई नै सकारात्मक सोचसहित काममा लाग्न, स्तरीय कार्यसम्पादन गर्न र सन्तुष्टि प्राप्त गर्न उत्प्रेरित गर्न आवश्यक रणनीति लिन गरिने बैठक, सामूहिक भावना निर्माण सम्बन्धी बैठक अन्तर्गत पर्दछ।

*मुख्य प्रबन्धक, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

## ४. प्रभावकारी र सफल बैठक

प्रभावकारी र सफल बैठक व्यवस्थापन नै सङ्घ/संस्थाको उन्नति र त्यहाँका जनशक्तिको वैयक्तिक विकासको आधार हो । प्रभावकारी बैठकको देहाय अनुसार ५ विशषताहरू रहेका हुन्छन् ।

**(क) उद्देश्य केन्द्रित :** दायाँबायाँका कुराहरूलाई छोडी, स्पष्ट निर्णय लिने सन्दर्भसँग सम्बन्धित भई, तोकिएको लक्ष्य प्राप्तिमा आधारित रही, सबै सहभागीहरूबाट प्राप्त विचार , सुझाव तथा सूचनाहरूका आधारमा निर्णय लिइने ।

**(ख) सहभागिता :** मर्यादालाईभन्दा पनि विचारको उत्कृष्टतालाई प्राथमिकता, समान सहभागिताका लागि खुला अवसर, निर्णय पकृयाका लागि सहयोगी विचारहरूको प्रष्फुरण ।

**(ग) सहयोगी वातावरण :** विचार राख्नमा स्वतन्त्रता, खाजा/खाना व्यवस्था र छलफल मैत्री वातावरण ।

**(घ) निचोड वा निष्कर्ष :** सन्तुलित विचार, सही निचोड र निष्कर्षमा पुग्न सहयोगी सरल र स्पष्ट व्याख्या, तथ्यगत र तर्कपूर्ण निष्कर्षहरूको प्रस्तुति ।

**(ङ) प्रजातान्त्रिक नेतृत्व :** आदर्श बैठकका लागि सही नेतृत्व आवश्यक हुन्छ । नेतृत्वले आफ्नो विचार नलाद्ने, बैठकलाई विषयान्तर हुन नदिने र बैठकलाई प्रजातान्त्रिक ढङ्गबाट निष्कर्षमा पुऱ्याउने ।

## ५. बैठक व्यवस्थापन

बैठक बस्नुभन्दा पहिले प्रभावकारी बैठक कसरी हुनसक्छ भन्ने विषयमा गहन चिन्तन हुनु पर्दछ । किन र केका लागि बैठक बस्न गइरहेको छ भन्ने विषयमा स्पष्ट र निश्चित हुन जरुरी छ । बैठक बसीसकेपछि त्यसलाई निर्धारित विषयमा केन्द्रित गर्न सकिएन भने त्यसको नतिजा अपेक्षित नहुन सक्छ । विषय र उद्देश्य स्पष्ट नभएको अवस्थामा बैठकमा हुनुपर्ने छलफलले अनावश्यक मोड लिन गई समयको बर्बादी शिवाय अरू केही हात लाग्दैन । एकै व्यक्तिले बढी समय लिईदिने, समयमा सबै उपस्थित नभईदिने, बैठकमा उपलब्ध गराउनुपर्ने पूर्व सूचनाहरू उपलब्ध नगराइने, बैठकमा छलफलका क्रममा उपलब्ध हुनुपर्ने सबै सूचना तथा विवरणहरू आवश्यकता बमोजिम तयार नगरिने, बैठकका लागि चाहिने सहयोग सामाग्री तथा स्रोतहरूको व्यवस्था पर्याप्त नहुने आदी अवस्थामा गरिने बैठक निरर्थक हुन्छ । तसर्थ बैठक पूर्वको तयारी, बैठकका लागि तयारी र बैठक पश्चात के गर्ने भन्ने तीनै अवस्थाको समुचित तयारी गर्ने कार्य नै प्रभावकारी बैठक व्यवस्थापन हो । बैठक व्यवस्थापनलाई नजरअन्दाज गरी गरिने बैठकले कुनै नतिजा दिन सक्दैन । तसर्थ बैठकलाई अपेक्षित प्रतिफलमूलक, सकारात्मक, एवम् सिर्जनशील बनाउन बैठक व्यवस्थापनमा अपनाउनुपर्ने केही बुँदाहरूको चर्चा गर्ने प्रयास गरिएको छ ।

> बैठकमा बैठकपूर्व तयारी सामग्रीहरूको यथेष्ट प्रयोग गर्ने, सबैको भावनाको सम्मान तथा कदर गर्ने वातावरण बनाईनुपर्दछ ।

### ५.१ बैठकको योजना तथा पूर्व तयारी

बैठक किन र केका लागि राख्नु पर्ने हो भन्ने विषयमा निश्चित भईसकेपछि बैठकको पूर्व तयारीमा लाग्नु पर्दछ। बैठकको आवश्यकताको स्तरमूल्याङ्कन गरी प्रभावकारी र योजनाबद्ध ढङ्गबाट गरिने बैठकले अपेक्षित निर्णय हासिल गर्न सक्दछ । बैठक पूर्व तयारीका सन्दर्भमा गर्नुपर्ने पहिलो कार्य बैठक योजना तर्जुमा हो । बैठक योजना तर्जुमा गर्दा बैठक बस्ने मिति, समय र स्थानको निर्धारण गर्ने, आवश्यक स्रोत, सामग्री र सूचनाहरूको सङ्कलन तथा व्यवस्था गर्ने, सहभागीहरूको निर्धारण वा छनोट गर्ने, बैठकको अपेक्षा तथा लक्ष्य निर्धारण गर्ने, बैठकमा पेश हुने प्रस्तावहरूको प्राथमिकीकरण गर्ने, उपयुक्त र आवश्यक मात्र सहभागी सदस्यहरूको चयन गर्ने, बैठकलाई लक्ष्यमा केन्द्रित सजीब छलफल हुने वातावरण बनाउन सक्ने सक्षम नेतृत्व वा अध्यक्षको छनौट गर्ने, सहयोगी तथा विषय विज्ञहरूको छनोट गर्ने, स्रोत तथा बजेट व्यवस्था गर्ने आदी कार्यहरू बैठक योजना अन्तर्गत पर्दछन् । बैठक बोलाई गणपुरक सङ्ख्या नपुगी स्थगन गर्नुभन्दा बैठक नै नबोलाउनु बुद्धिमानी हुन्छ । तसर्थ बैठकको पूर्व तयारी अन्तर्गत नै सहभागीहरूलाई बैठक बस्ने वारेको सूचना दिई उपस्थित हुने नहुने एकिन गर्ने । प्रस्तावहरूमाथि छलफल हुने क्रममा लक्षित विषयमा छलफललाई केन्द्रित गर्नका लागि आवश्यक प्रमाणहरू सङ्कलन वा तयार गरी प्रस्तावसँगै संलग्न गर्ने, विस्तृत जानकारी सहितको छलफल हुने प्रस्ताव तथा त्यसका लागि आवश्यक प्रमाणहरू समेत समाबेश गरी बैठकपूर्व बैठकमा आमन्त्रित सहभागीहरूलाई अध्यनार्थ उपलब्ध गराउने जसले गर्दा बैठकमा अनावश्यक छलफल हुँदैन र समय खेर जाँदैन । बैठकमा प्रस्तुत गर्ने सामग्रीहरूको तयारी, प्रस्तुतिकरण औजारको छनौट आदी बैठकका पूर्व तयारीका कार्यहरू हुन् । यसैगरी सदस्य सचिब वा निर्णय टिपोटकर्ताका लागि आवश्यक पर्ने कलम, कापी वा ल्यापटप कम्प्युटर वा टेपरिकर्डरमध्ये बैठकको सारांश टिपोटका लागि कुन औजारको चयन उपयुक्त हुन्छ, त्यस सम्बन्धमा बैठकको निर्णय तयार गर्नुपर्ने व्यक्तिले आफुलाई सहज हुने टिपोट औजारको व्यवस्था गर्नुपर्दछ । साथै प्रस्तुतीकरणका लागि आवश्यक उपकरणहरूको पहिचान र व्यवस्था समेत गर्नुपर्दछ ।

### ५.२ बैठक सञ्चालन

बैठक सञ्चालनका क्रममा प्रभावकारी सहजीकरणको अवश्यकता पर्दछ। यसैगरी बैठकका सदस्य सचिब वा टिपोटकर्ताले सहभागीहरूको उपस्थिति गराउने, उपस्थिति गराउदा सहभागी सदस्यहरूको पहिचान गर्ने र बैठक शुरु भएको समय टिपोट गर्नु पर्दछ। बैठकको नेतृत्वकर्ताले बैठकलाई प्रभावकारी र प्रतिफलमूलक बनाउन, जीवन्त अन्तरक्रियाको लागि सहभागीहरूलाई खुला छलफलको अवसर दिनु पर्दछ । प्रस्तावित विषयहरूको पूर्व अवस्थाको समीक्षा गर्दै सञ्चालित बैठकमा राखिएको अपेक्षाहरू स्पष्टरूपमा पेश गर्न सक्नुपर्दछ । छलफललाई अनावश्यक दिशातर्फ जान नदिई प्रस्तावको लक्ष केन्द्रित बनाउन जरुरी हुन्छ। बैठक योजना तथा प्रस्ताव तर्जुमाको रूपरेखाभित्र बैठकलाई सही ढङ्गबाट अघि बढाउने भूमिका कुशलतापूर्वक निर्वाह गर्नुपर्ने हुन्छ । बैठकमा बैठकपूर्व तयारी सामग्रीहरूको यथेष्ट प्रयोग गर्ने, सबैको भावनाको सम्मान तथा कदर गर्ने वातावरण बनाईनुपर्दछ । बैठकमा सबैभन्दा बिचार पुऱ्याउनुपर्ने महत्वपूर्ण कुरा समय हो। ठीक समयमा बैठक शुरु गरी तोकिएको समयभित्र सम्पन्न गर्नु पर्दछ। बैठक सञ्चालनका क्रममा

छलफल ठीक ढङ्गबाट भए नभएको अनुगमन गर्नु पनि त्यत्तिकै आवश्यक छ । त्यसको लागि बैठक प्रभावकारी अनुगमन योजना हुनुपर्दछ । अनुगमन योजनामा प्राथमिकता अनुसार तोकिएका कार्यहरू भए/नभएको, छलफलमा सबैलाई बोल्ने अवसर उपलब्ध भए/नभएको, काम गर्ने समय वा लक्षित वर्ग वा लक्षित योजना अनुरुपका निष्कर्षहरू आए/नआएको, नतिजा निकाल्नमा भएको सर्वसम्मत सहमति वा बहुमतका तर्कहरू परिष्कृतरूपमा आए/नआएको र अन्तिम टुङ्गोमा नपुग्ने अवस्थामा आगामी बैठक सम्बन्धी निर्णय तथा शर्तहरूको छनौट र कामको बाँडफाँडका विषयहरू स्पष्ट भए/नभएको आदी विषय सम्बन्धी अनुगमन गर्नु जरुरी छ । सदस्य सचिब वा बैठकको निर्णय टिपोटकर्ताले व्यक्तिगत बिचारलाई कम महत्व दिँदै बहुमतको मुख्य बिचारहरू नछुट्ने गरी सामुहिक छलफलका क्रममा आएका मुख्य मुख्य विषयहरूको सिलसिलेवार टिपोट गर्दै निर्णयका लागि आवश्यक सामग्री तयार गर्ने कार्य गर्नुपर्दछ ।ः

> अरुका कुरालाई मजाकमा उडाईदिने, बैठकको एजेण्डा एउटा, कुरा अर्को विषयको बढी हुने, एकै व्यक्ति अनावश्यक बोल्ने, वरिष्ठहरु जो विषयका जानकार होइनन् तिनैले निर्णय दिने, सम्बन्धित र जुनियरहरुलाई महत्व नदिने, समयको ख्याल नगर्ने, सधै बैठक मात्र गर्ने, निर्णय कार्यान्वयनमा कहिल्यै मतलब नराख्ने आदि हाम्रो समाजमा हुने बैठकका विशेषताहरु हुन् ।

## ५.३ बैठक पश्चातका कार्यहरू

बैठक पश्चात तत्कालै बैठकको प्रभावकारिता मूल्याङ्कन तथा निर्णय समीक्षा गर्नु पर्दछ । त्यसपछि टिपोटकर्ताले तत्कालै निर्णयलाई टिपोटका आधारमा छलफलको निष्कर्षको भावना अनुरूप निर्णयको मस्यौदा तथा प्रतिवेदन तयार गरी बैठकका सहभागी सदस्यहरूसमक्ष अध्ययनका लागि पेश गर्नुपर्दछ । सबै सदस्यहरूबाट निर्णय ठीक भएको जानकारी प्राप्त भएपछि निणर्यलाई अन्तिम रूप दिई सबै सदस्यहरूलाई क्रमैसँग दस्तखत गराउनुपर्दछ । तत्पश्चात बैठक निर्णय कार्यान्वयनको प्रभावकारी रणनीति, कार्ययोजना, अनुगमन प्रणालीको निर्धारण, कामको जिम्मेवारी तथा बाँडफाँडको काम सम्पन्न गरी कार्यान्वयनको व्यवस्था गर्नुपर्दछ ।

## ४. निष्कर्ष

हाम्रोजस्तो विकासोन्मुख मुलुकमा, चाहे जुनसुकै तहका नेतृत्वमा होस् आफ्नो विचार बाहेक अरुको बिचार सुन्ने क्षमता अत्यन्तै न्युन हुने कारणले बैठकमा हुनुपर्ने सहभागितात्मक छलफल हुन सक्दैन । बैठकमा सहभागी हुनेहरूमा पनि ओहोदाका हिसाबले आवश्यकताभन्दा बढी मर्यादापालनको प्रबृत्ति हावी हुँदा मनको कुरा थाती राखी गलतै निर्णय हुने अवस्थामा पनि चुप लाग्नेको बाहुल्यता बढी पाइन्छ । आवश्यकताभन्दा बढी मर्यादामा रहने चाकडीयुक्त मानसिकताले सजीव छलफल गर्न खोज्नेहरूप्रति नेतृत्व सकारात्मक हुने स्थिति बनिसकेको छैन । आफूलाई मनमा लागेका राम्रा बिचारहरू बैठकमा राख्न हिच्किचाउने, कसैले केही भनिहाल्छकी भन्ने र किन आफुभन्दा ठूलालाई चिढाउने भन्ने प्रवृत्ति प्रशस्तै देखिन्छ । अरुका कुरालाई मजाकमा उडाईदिने, बैठकको एजेण्डा एउटा, कुरा अर्को विषयको बढी हुने, एकै व्यक्ति अनावश्यक बोल्ने, वरिष्ठहरू जो विषयका जानकार होइनन् तिनैले निर्णय दिने, सम्बन्धित र जुनियरहरूलाई महत्व नदिने, समयको ख्याल नगर्ने, सधै बैठक मात्र गर्ने, निर्णय कार्यान्वयनमा कहिल्यै मतलब नराख्ने आदि हाम्रो समाजमा हुने बैठकका विशेषताहरू हुन् । जसको परिणामस्वरुप बैठकको निर्णय कार्यान्वयन सधैं फितलो हुनेगरेको छ ।

राज्यले गर्ने अधिकांश विकासका कार्यमा समेत सरोकारवालाहरूसँग कुनै अन्तरक्रिया नै नगरी कोठाभित्र तयार गरिएको योजनाहरूलाई कम्पाइल गरी विकास योजनाहरू घोषणा हुने गरेका छन् । हरेकस्तरमा बनाइने योजना तथा गरिने निर्णयहरू प्रायः सत्ता र शक्तिको लहड र परम्परामा आधारित मात्र हुने गरेका छन् । लक्षित वर्ग र समस्याको जडबाट टाढा रही गरिने निर्णयहरूको कार्यान्वयन "कौवालाई बेल पाक्यो हर्ष न विस्माद" भन्ने खालका हुने गरेको छ । यो सबै हुनुको मुख्य कारण हरेक क्षेत्रमा भइरहेको अव्यवस्थित बैठक व्यवस्थापन पनि एक हो ।

प्रभावकारी बैठक सबैको विकासको आधार र सधैंका लागि अपरिहार्य विषय भने पक्कै हो । सर्वसम्मति वा बहुमतको विचार अनुरुप सरोकारवाला पक्षहरूको सहभागितामा हुने बैठकले विषयवस्तुको गहिराईसम्म पुग्नसकिन्छ । यस्ता बैठकहरू मात्र सजीव, जीवन्त एवम् सहभागितात्मक हुनेगर्छन् । यस्ता बैठकबाट मात्र छलफलको आधारमा विकास एवम् समस्या समाधानका लागि जस्तोसुकै बाधाहरू पन्छाउन सकिने कुरा निविर्वाद छ । बैठकमा निहित तत्वहरूमा उद्देश्य, प्रस्ताव र समयसीमाहरूको समुचित व्यवस्थापन गरी गरिएको बैठक प्रभावकारी एवम् प्रतिफलमूलक हुन्छ । प्रभावकारी बैठकबाट प्राप्त हुने निष्कर्षको आधारमा गरिएका निर्णयहरूबाट नै सही गन्तव्य प्राप्त हुन्छ र लक्ष्यमा पनि सहजै पुग्न सकिन्छ ।

# संस्था सुसञ्चालनमा व्यवस्थापनको भूमिका



✍ अञ्जु पाठक*

## भूमिका

कुनै पनि व्यावसायिक संस्थाका लगानीकर्ता, सञ्चालक समिति र व्यवस्थापन समूह त्यसका प्रमुख अङ्गहरू हुन् । लगानीकर्ताले साधारण सभा मार्फत सञ्चालक समितिको चयन गर्दछ भने सञ्चालक समितिले दैनिक कार्य सञ्चालन गर्नका लागि सञ्चालक समितिको प्रतिनिधिको रूपमा कार्यकारी प्रमुख नियुक्त गर्दछ । यी अङ्गहरूका संयोजनमा संस्था सञ्चालन हुने र संस्थाको तोकिएको लक्ष्य हासिल गर्न व्यवस्थापन पक्ष प्रयत्नशील रहेको हुन्छ । यी तीन संयत्रहरूको अन्तरसम्बन्ध र जिम्मेवारी सामान्यतय फरक फरक हुन्छन् । यो सम्बन्ध र जिम्मेवारी कानुनमा तोकिए बमोजिम हुन्छ ।


। संस्थाहरूको प्रकृति अनुसार संरचना र कार्यान्वयन प्रक्रियामा अन्तर देखिए तापनि आधारभूत मान्यताहरू समान हुन्छन् । सञ्चालक समितिले संस्था सुचारुरूपमा सञ्चालन गर्नका लागि नियमनकारी निकायहरूको निर्देशनको परिधिभित्र रही वार्षिक कार्ययोजनामा दैनिक कार्य सम्पादनका लागि आवश्यक मानव संशाधनको दरबन्दी स्वीकृत गर्दछ । उल्लेखित अङ्गहरूमध्ये व्यवस्थापनले व्यवसाय सञ्चालनमा भएका अवसरको उपयोग गरी, हुन सक्ने चुनौती, जोखिम, कमजोरीहरूको पहिचान गरी यस्को उचित व्यवस्थापन गर्ने गर्दछ । संस्थाको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य, प्राप्तिका साथै ग्राहक, लगानीकर्ता, तथा समुदायहरूको हितलाई ध्यानमा राखेर समितिले तर्जुमा गरेको नीति नियम, विनियमावलीहरू, व्यावसायिक योजना तथा स्वीकृत वार्षिक कार्य योजनाको आधारमा आवश्यक मानव संशाधनको व्यवस्थापन गरी व्यवसाय सञ्चालन गर्ने काम कार्यकारी प्रमुखबाट हुन्छ । सञ्चालक समितिले विशेष कार्यसम्पादन गर्न गैर-कार्यकारी सञ्चालकको संयोजकत्वमा तथा व्यवस्थापनबाट आवश्यकता अनुसार विभिन्न समिति/उपसमितिहरू गठन गरी प्रभावकारी रूपमा संस्था सञ्चालन गर्नेगरिन्छ ।

## व्यवसाय र मानव संशाधनको अन्तरसम्बन्ध

हालको प्रतिस्पर्धात्मक युगमा वस्तु र सेवाको उचित मूल्य, ग्राहकको चाहना अनुसारको गुणस्तरीय सेवा, लगानीको उच्च प्रतिफल, प्राप्त हुने गरी संस्था सञ्चालन हुनुपर्दछ, यस्को लागि योग्य, प्रतिबद्ध एवम् दक्ष कर्मचारीहरूको आवश्यकता पर्दछ । कार्यकुशल कर्मचारीको अभावमा संस्थाको परिकल्पना/लक्ष्य हासिल गर्न सकिदैन । कार्यकारी प्रमुखबाट कर्मचारीहरूको उच्च मनोबल कायम राख्दै उपयुक्त कर्मचारीलाई उपयुक्त स्थानमा पदस्थापन गरी संस्थाको लक्ष्य प्राप्तिमा परिचालन गर्ने काम भईरहेको हुन्छ । संस्थाको लक्ष प्राप्तिको लागि वार्षिक कार्यक्रम अनुसार, योग्य कर्मचारी छनौट गर्ने, उत्प्रेरणा प्रदान गर्ने, समयसापेक्ष तालिम प्रदान गर्ने, कार्यसम्पादन मूल्याङ्कन गर्ने, नियन्त्रण र उचित मुल्याङ्कन, उत्प्रेरणा गरेर, पुरस्कार तथा दण्डको व्यवस्थाजस्ता आवश्यक नीति नियमहरू अवलम्बन गरिन्छ । कर्मचारीहरूलाई प्रतिस्पर्धी बनाई, काम प्रति लगाव तथा सहभागिता गराई उच्च मनोबलका साथ व्यवसाय सञ्चालन गर्न उपयुक्त निर्णय लिने गरिन्छ । कर्मचारीको सुरक्षित भविश्यको वातावरण तयार गरी संस्थाप्रति प्रतिबद्धता अभिवृद्धि गर्ने कुरामा जोड दिने गरिन्छ । संस्था र कर्मचारीबिचको अन्तरसम्बन्धलाई व्यावसायिक रणनीतिसँग समिश्रण गरिएको हुन्छ । व्यवस्थापकीय तहदेखि सहयोगी तहसम्मका कर्मचारीहरू आफू आबद्ध संस्थामा संस्थागत स्वार्थका साथ काम गर्दा संस्थाको उद्देश्य पूरा गर्न सफलता प्राप्त हुने कुरामा विश्वस्त हुन्छन् । सम्भावित समस्याहरूको समाधानका लागि पूर्व तयारी गर्ने र यस्ता समस्याहरूको फरक/फरक भन्दा पनि एकत्रित रूपमा व्यवस्थापन गरी संस्थको उद्देश्य प्राप्त गर्न कार्यमा अग्रसर हुनु आवश्यक छ ।

## तहगत व्यवस्थापन र आवश्यक दक्षता

व्यवस्थापन विज्ञ Robert Ketzको Ketz's 3 Skills Approach अनुसार व्यवस्थापनका विभिन्न तहका कर्मचारीहरूमा तीन प्रकारको आधारभूत Conceptual Skills, HumanSkills,TechnicalSkills दक्षता हुनुपर्दछ । उच्च व्यवस्थापन (Top Management) तहका कर्मचारीमा Technical दक्षताभन्दा Conceptual, Human दक्षता बढी आवश्यकता पर्दछ । मध्यम व्यवस्थापन (Middle Management) तहका कर्मचारीहरूमा Human, Technical दक्षता बराबरी आवश्यक पर्दछ भने तुलनात्मक रूपमा Conceptual दक्षता कम आवश्यक पर्दछ । त्यसैगरी सुपरिवेक्षक (Supervisory Management) तहका कर्मचारीहरूमा Human, Technical दक्षताका तुलनामा Technical दक्षता बढी आवश्यकता पर्दछ । यसलाई




* मुख्य प्रबन्धक, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

तलको तालिकामा देखाइएको छ ।

**Conceptual Skill** अन्तरगत निम्न दक्षताहरू पर्दछन् :

- Ability to work with ideas and concepts: the mental work
- Ability to articulate goals, visions and principles well
- Very important in strategic planning and vision creation
- Most important at top and middle management

**HumanSkill** अन्तरगत निम्न दक्षताहरू पर्दछन् :

- People skills
- Being cognizant of your views as well as that of others
- Ability to foster an environment of trust, ease of communication
- and employee involvement in decision making
- Important at all three levels

**TechnicalSkill** अन्तरगत निम्न दक्षताहरू पर्दछन् :

- Specialized knowledge and skill
- Ability to use relevant tools and techniques
- Most important at lower & middle management usually depends on skilled subordinates to handle technical issues

माथि उल्लेख भएका दक्षताहरूका साथसाथै कर्मचारी आफनो जिम्मेवारीप्रति अनुशासित र वफादार रही कर्मचारीले पालना गर्नुपर्ने आचार संहितालाई पूर्णरूपमा पालना गर्न प्रतिबद्ध हुनुपर्छ। यसका साथै तपसिलका बुँदाप्रति सजक रहेर कार्यसम्पादन गर्नुपर्ने हुन्छ । संस्थाका सबै तहका कर्मचारीहरूले आफूलाई संस्थाको महत्वपूर्ण अङ्गको रूपमा सम्झनुपर्दछ। ध्वनीको गतिभन्दा पनि छिटो उड्ने Super Sonic Aircraft को संरचनाको कुनै एक भाग कमजोर भएको अवस्थामा त्यसलाई आफनो गन्तव्यमा पुग्न कठिनाई हुन्छ । यस्तो अवस्थामा जहाजको पार्टपूर्जा मर्मत गरेपछि मात्र गन्तव्यमा पुगिन्छ । त्यस्तै कर्मचारीहरू आफ्नो जिम्मेवारीबोधका साथै कार्य सम्पादन गर्न कर्मचारीको एकता र टिमवर्कबाट त्यस्को पूर्ति गर्नुपर्ने हुन्छ। यसबाट संस्थाको परिकल्पना सहजताका साथ साकार पार्न सकिन्छ भने अर्कोतर्फ कर्मचारीको वृत्ति विकासको लागि आवश्यक आधारहरू पनि तयार हुँदै जान्छ ।

## संस्थाको लक्ष प्राप्तिको लागि तीन तहका व्यवस्थापनमा आवश्यक गुणहरू

- **सकारात्मक सोच :** कर्मचारीको काममा भित्री र बाहिरी रूपमा फरक फरक भूमिका रहेको हुन्छ । दुबै क्षेत्रमा खुसी र बेखुसी दुबै भई नै रहन्छ । नकारात्मक सोच भनेको विनासको उर्वर भूमि हो । यस्ले कुनै पनि क्षेत्रमा अघि बढ्न दिदैन त्यसैले सधैं सकारात्मक रहने र निस्कृय नरहने गर्नुपर्दछ । जस्ले मानिसलाई शारीरिक र मानसिक रूपमा स्वस्थ राखी राम्रो नतिजा हासिल गर्न सकिन्छ । यस्को प्रत्यक्ष असर कार्यक्षेत्रमा पर्न जाने हुन्छ जसले कार्य क्षमताको वृद्धि हुन जान्छ । सकारात्मक सोचबाट असहज परिस्थितिमा पनि उपयुक्त उपायको सोचले परिस्थितिलाई सहज पार्न मद्दत पुऱ्याउँछ ।

- **नेतृत्वको क्षमता विकास :** नेतृत्व आफैंमा अन्तरनिहित क्षमतामा भर पर्दछ। यस्मा कुनै जादु हुँदैन यस्मा कुनै चमत्कारको आवश्यकता पर्दैन । यो त आफूले -आफूलाई विकास गर्दै लैजाने चिज हो । हामीले कति कर्मचारी देखेका छौं जसले जुनसुकै तहको नेतृत्वमा पनि सहज रूपमा सफलतापूर्वक आफ्नो जिम्मेवारी निर्वाह गरेका छन् । जुन उसको अन्तरनिहित क्षमताले गर्दा भएको हो । अरूको सहयोगबाट नेतृत्वमा पुगेकाहरू स्थान समय बदलिनासाथ नेतृत्वमा असफल भएका छन् । त्यसैले आफनो नेतृत्वसीप आफ्नै कार्यक्षमताले आर्जन गरेकाहरू जस्तोसुकै असहज अवस्थामा पनि सफल भएका धेरै उदाहरणहरू देख्न सकिन्छ ।

- **दोहोरो संवाद :** सफल कर्मचारी हुनमा दोहोरो संवादले महत्वपूर्ण योगदान पुऱ्याउछ । हामी एक आपसमा जति स्पस्ट हुन सक्दछौं हाम्रो कामको गति पनि त्यति नै तीव्र हुन्छ । जसले गर्दा हाम्रो आन्तरिक क्षमता पनि बढ्दै जान्छ । एकआपसमा रहने तिक्तता भन्दा सहयोग, सद्भाव, र कर्मचारीबिचको दोहोरो संवादले कर्मचारी स्वयंमका साथ-साथै संस्थालाई समेत सफलताका साथ अघि बढ्न सघाउ पुऱ्याउँछ ।

> सफल कर्मचारीले समस्याहरू समाधान गर्ने क्रममा अन्य कर्मचारीहरूसँग समेत सल्लाह गरेर उपयुक्त समाधान निकाल्नुपर्ने हुन्छ । यसबाट संस्था, कर्मचारी, समुदायका साथै समग्र राष्ट्रलाई कुनै न कुनै रूपमा फाइदा पुगेको हुनुपर्दछ ।

- **पदको सही सदुपयोग :** पदबाट प्राप्त हुने शक्तिका कारण कुनै पद प्राप्त हुनासाथ तद्अनुरुपको अधिकार प्रयोग गर्न सकिन्छ । तर यस प्रकारको शक्ति प्रयोग गर्दा निकै नै सावधानीपूर्वक अपनाउनुपर्ने हुन्छ। प्राप्त अधिकारको दुरुपयोग भएमा यसको नकारात्मक असर पर्न जाने हुन्छ ।

- **स्वअध्ययन :** आफ्नो जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्न कर्मचारीमा स्वअध्ययनको बानी अपरिहार्य हुन्छ। अध्ययनका लागि विभिन्न प्रकारको माध्यमहरू सहजै उपलब्ध हुने हालको समयमा आफनो पेशासँग सम्वन्धित विषयलाई प्राथमिकता दिनुका साथ साथै समयसापेक्ष अरू विषयको पनि स्वअध्ययनबाट आफूलाई अपडेट गर्दै लान सकेको अवस्थामा अपठ्यारो परिस्थितिलाई आत्मविश्वासका साथ समाधान गर्न सकिन्छ ।

- **निर्णय गर्ने क्षमता :** सही समयमा सही निर्णय गर्न सक्नु सफल कर्मचारीको विशेषता हो । निर्णय गर्दा भविश्यमा पर्ने असरको समेत विश्लेषण गरेर गर्नुपर्ने हुन्छ। कतिपय निर्णयहरू नजिरको रूपमा रहने हुनाले त्यस्को दीर्घकालीन असरमाथि पनि विचार पुऱ्याउनुपर्ने हुन्छ । सफल कर्मचारीले समस्याहरू समाधान गर्ने क्रममा अन्य कर्मचारीहरूसँग समेत सल्लाह गरेर उपयुक्त

समाधान निकाल्नुपर्ने हुन्छ । यसबाट संस्था, कर्मचारी, समुदायका साथै समग्र राष्ट्रलाई कुनै न कुनै रूपमा फाइदा पुगेको हुनुपर्दछ । गलत निर्णयले दिने प्रतिफल पनि नकारात्मक नै हुन्छ । नीति निमार्ण होस् वा कार्यान्वयन सही र गलतको पहिचान गरी निर्णय गर्न सक्ने क्षमता हासिल गर्न सक्नुपर्दछ ।

- **उच्च व्यवस्थापनको जिम्मेवारी :** गुणस्तरीय सेवा कुनै एक व्यक्ति विभाग वा इकाईको मात्र जिम्मेवारी होइन । कुनै समय थियो जतिवेला संस्था प्रमुखलाई मात्र जिम्मेवारी दिइन्थ्यो, तर वर्तमान समयमा संस्थाको प्रमुखमा भएको जिम्मेवारी चेन अफ कमान्ड अनुसार कर्मचारीहरूमा जिम्मेवारी बाँडफाँड गर्नुपर्दछ । तोकिएको जिम्मेवारीको आधारमा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्दछ । वर्तमान समय प्रतिष्पर्धाको समय हो र प्रतिष्पर्धामा खरो उत्रन सक्ने संस्था मात्र अगाडि बढ्ने कारणले गर्दा संस्थाको परिकल्पना साकार तुल्याउन ग्राहकमाझ ग्राहकको चाहना अनुसारका सेवा/सुविधा प्रदान गरी ग्राहकको विश्वास प्राप्त वातावरण सृजना गर्नुपर्दछ ।

संस्थाको परिकल्पना साकार पार्न सक्ने, ग्राहकको चाहना अनुसारको भरपर्दो छिटो छरितो सेवा साथै लगानीकर्ताको अपेक्षा पूरा गर्नसक्ने सक्षम जनशक्ति तयार पार्नु पर्ने हुन्छ । कर्मचारीलाई जिम्मेवारीका साथसाथै सीप साधन तालिम प्रदान गरी आफनो जिम्मेवारीको बारेमा सजग गराउनुपर्दछ, जसबाट कार्यसम्पादन सहजताका साथ सम्पन्न गरी ग्राहकलाई गुणस्तरीय सेवा प्रदान गर्न सकिन्छ । प्रतिस्पर्धी बजारमा संस्थाको सबल उपस्थिति कायम राख्नु कर्मचारीहरूको दायित्व हुन जान्छ । यस्का लागि उच्च मनोबलका साथ कार्य सम्पादन गर्नका लागि कर्मचारीलाई प्रदान गरिने आधारभूत सेवा सुविधाको उचित तवरले व्यवस्थापन गर्नुपर्दछ ।

क्षमतावान कर्मचारी जहिले पनि जोखिमपूर्ण निर्णय लिन सक्ने, बढी उत्तरदायित्व लिने क्षमता भएका र अर्थपूर्ण काम मात्र गर्न सक्ने भएकाले यस्ता क्षमतावान कर्मचारीलाई संस्थाप्रति आकर्षित गरी कर्मचारीको क्षमताको उच्चतम सदुपयोग गर्नेतर्फ व्यवस्थापन सजग हुनुपर्ने देखिन्छ । संस्थामा वर्तमान तथा भविश्यमा चाहिने योग्य तथा अनुभवी कर्मचारीहरूको माग र पूर्तिको स्थितिलाई सन्तुलनमा राख्न क्षमतावान, योग्य, वफादार, अनुभवी कर्मचारीहरूको खाँचो हुन नदिनेतर्फ सजग हुनुपर्दछ । उपयुक्त कर्मचारीलाई उपयुक्त जिम्मेवारीहरूमा अभ्यस्त गराउनुका साथै उपयुक्त किसिमको हस्तान्तरण योजना (Successor Plan) तयार गर्नुपर्ने हुन्छ । सस्थाले कर्मचारीहरूलाई समय सापेक्ष सूचना प्रविधि सम्बन्धी साधन श्रोतको व्यवस्था गरेर काम गर्ने सहज वातावरण प्रदान गर्नुपर्दछ ।

संस्थाको नीति निर्माण, योजना तर्जुमा तथा कार्यविधि निर्माणमा योगदान गर्नसक्ने खास विषय/क्षेत्रमा विशिष्ट क्षमता वा योग्यता भएका कर्मचारीहरूलाई त्यस्ता पदहरूमा पदस्थापना गर्ने नीतिगत व्यवस्था गर्नुपर्दछ । औचित्यता, आवश्यकता र संस्थाको व्यवसाय अनुकूल हुनेगरी कर्मचारीहरूको सरुवा, पदस्थापना र बढुवा प्रकृयालाई निरन्तरता दिने नीतिगत व्यवस्था गर्नुपर्ने हुन्छ । कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि स्वदेशी तथा वैदेशिक तालिम, अध्ययन भ्रमण, उच्च शिक्षा अध्ययन तथा एक्सोपजर भ्रमणजस्ता वृत्ति विकासका अवसर निष्पक्ष रूपमा प्रदान गर्नुपर्दछ । कर्मचारीहरूको क्षमता र सीप अभिवृद्धिका लागि Job Rotation को नीतिगत व्यवस्था गरी सबै किसिमको काम गर्ने अवसर प्रदान गर्नु पर्दछ । सरूवा नीति निर्माण गरी सकेसम्म सबै कर्मचारीले पालैपालो सबै कार्यालय र विभागहरूमा रही सबै किसिमको काम गर्ने अवसर प्रदान गर्नुपर्दछ । हरेक कर्मचारीको काम, कर्तव्य र जिम्मेवारी (Duties & Responsibilities) तोकी सोही आधारमा कार्यसम्पादन मूल्याङ्कन (Performance Appraisal) गर्नुपर्दछ । कार्यसम्पादन मूल्याङ्कनले कर्मचारीहरूले कति प्रभावकारी ढङ्गमा काम गरीरहेका छन् भन्ने कुरा धेरै हदसम्म निश्चित गर्दछ । कार्यसम्पादनमा आधारित पारितोषिक व्यवस्था (Performance Based Incentive System) सम्बन्धी नीतिगत व्यवस्था गर्नुपर्दछ, जस्ले गर्दा कर्मचारीहरू उच्च मनोबलका साथ कार्य सम्पादनका लागि अग्रसर हुनेछन् । संस्थाको हित विपरीत तथा कर्मचारीको आचार संहिता विपरीत कार्य गर्ने कर्मचारीलाई सजायको नीतिगत व्यवस्था हुनुपर्दछ । विश्वसनीयता, प्रभावकारिता र समय, श्रम बचतका साथै समयसापेक्ष रूपमा संस्थालाई स्तर वृद्धि गर्न सूचना प्रविधिको यथोचित अधिकतम प्रयोगका लागि प्रोत्साहन गर्नुपर्दछ ।

विश्वसनीयता, प्रभावकारिता र समय, श्रम बचतका साथै समयसापेक्ष रूपमा संस्थालाई स्तर वृद्धि गर्न सूचना प्रविधिको यथोचित अधिकतम प्रयोगका लागि प्रोत्साहन गर्नुपर्दछ ।

## निष्कर्ष

समाजको आवश्यकतालाई ध्यानमा राखी ती आवश्यकता पूरा गर्ने उद्देश्यहरू लिई सङ्घ संस्था र सङ्गठनहरू स्थापना भएका हुन्छन् । यी उद्देश्यहरू हासिल गर्नका लागि त्यस्ता सङ्घ/संस्था सञ्चलन गर्न सञ्चालक समितिको व्यवस्था गरिएको हुन्छ । दैनिक कार्य सञ्चालन गर्न समितिले आफनो प्रतिनिधिको रूपमा कार्यकारी प्रमुख नियुक्त गरेको हुन्छ । समितिले संस्थाको उद्देश्य साकार पार्न आवश्यक नीतिगत व्यवस्था गर्नेगर्दछ । कार्यकारी प्रमुखबाट योग्य र सक्षम कर्मचारीहरूको पूर्ति गरेर संस्थाको उद्देश्य प्राप्त गर्न अनवरत प्रयास गर्नुपर्छ । कर्मचारीहरूको सही व्यवस्थापनबाट उनीहरूको क्षमतामा अभिवृद्धि भई उनीहरू संस्थाप्रति प्रतिबद्ध (Commitment) हुनेछन् । संस्थाको उद्देश्य प्राप्तिमा कर्मचारीहरूको टिमवर्कले अहम भूमिका खेल्ने भएकोले सबै कर्मचारी यसतर्फ प्रतिबद्ध हुनुपर्छ । यही प्रतिबद्धताबाट संस्थामा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्ने क्षमता पनि अभिवृद्धि हुन जान्छ ।

# ग्रामीण स्वावलम्बन कोष : आरम्भदेखि विलयसम्म



✍ गोकुल चन्द्र अधिकारी*

## विषय प्रवेश

२०४६ सालको राजनैतिक परिवर्तनपछि गठन भएको अन्तरिम सरकारले वार्षिक बजेटमार्फत अगाडि सारेका आर्थिक कार्यक्रमहरूमा दुईवटा नौला विषयले प्रवेश पाए । ती थिए भारतीय युनिट ट्रष्टको अवधारणालाई अनुसरण गर्दै स्थापना गरिने भनिएको नागरिक लगानी कोष अनि ग्रामीण क्षेत्रका अति गरिब समुदायमा लक्षित ग्रामीण स्वावलम्बन कोष ।

आजभन्दा २९ वर्ष अगाडि नयाँ अवधारणाका रूपमा देखापरेका यी दुवै कार्यक्रमले त्यतिबेला धेरै चर्चा र उच्च प्रशंसा पाएका थिए । यी दुवै कोषको स्थापना गरेर कामसमेत आरम्भ गरिसकेपछि त, सम्बन्धित क्षेत्रका विश्लेषकहरूले गर्नेगरेको प्रशंसाको घनत्व अझ बढेको थियो । यी दुई कोषहरूमध्ये नागरिक लगानी कोषले आफ्नो सेवालाई यही नामबाट आजसम्म निरन्तरता दिइरहेको छ । ग्रामीण स्वावलम्बन कोष भने आफ्नो तीन दशकको यात्रा सम्पन्न गरी २०७६ असार ३१ देखि साना किसान विकास लघुवित्त वित्तीय संस्थाको गर्तमा औपचारिक रूपमै विलय हुनपुगेको छ । प्रस्तुत लेखमा ग्रामीण स्वावलम्बन कोषको यही तीन दशक लामो यात्राको सानो चित्र प्रस्तुत गर्ने प्रयत्न गरिएको छ । लेखमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.लाई छोट्करीमा यसको पुरानै र चलनचल्तीको नाम "साना किसान बैंक" भनी उल्लेख गरिएको छ ।

## कोष स्थापना र पुंजी संरचना

ग्रामीण स्वावलम्बन कोषको स्थापना तत्कालीन सरकारको कार्यकारी आदेशबाट २०४७ फागुन १७ गते गरिएको थियो । आर्थिक वर्ष २०४७ ।४८ मा रू. एक करोडको पुँजीबाट स्थापना गरिएको सो कोषलाई आर्थिक वर्ष २०४८ । ४९ मा अर्को एक करोड थपेर दुई करोड पुऱ्याइएको थियो । त्यसको एक दशकपछि आर्थिक वर्ष २०५८ । ५९ मा सो कोषमा नेपाल राष्ट्र बैंकले रू. १० करोड थपिदिएपछि कोषको आकारलाई उल्लेख्य रूपमा वृद्धि गर्न सघाउ पुग्यो । अझ , आर्थिक वर्ष २०६० । ६१ मा सरकारले पुन दुई करोड पुँजीगत अनुदान उपलब्ध गराएपछि उक्त कोषमा सरकारको सहभागिता ४ करोडको र पुँजीको आकार १४ करोडको हुनपुग्यो ।

त्यसपछिका समयमा पनि यो कोषको आकारलाई फराकिलो तुल्याउने प्रयत्न जारी नै रह्यो । नेपाल राष्ट्र बैंकले हरेक वर्ष आफ्नो मुनाफाको ५ प्रतिशत सो कोषमा राख्दै जाने निर्णय गरेपछि त, देशमा लघुवित्तका लागि आवश्यक स्रोतको ठूलो अंश यही कोषमार्फत परिपूर्ति हुन सक्ने आँकलन पनि गर्न थालियो । नेपाल राष्ट्र बैंकले आफ्नो निर्णयलाई कार्यान्वयन गर्दै हरेक वर्ष रकम थप्दैजाँदा सो बैंकको तर्फबाट उक्त कोषमा २५ करोड ३४ लाख रूपैयाँ बीज पुँजीको रूपमा जम्मा भैसकेको थियो र उसले यो कामलाई निरन्तरता दिइरहेको थियो । तर विदेशी दातृ निकायहरूले केन्द्रीय बैंकको यो नीतिलाई आफ्नो मूलधारको काम नभएको भन्दै यसबाट पछि हट्न सल्लाह दिएपछि अन्ततः केन्द्रीय बैंकले आफ्नो मुनाफाबाट उक्त कोषमा रकम जम्मा गर्ने कार्यलाई बन्द गऱ्यो । पछिल्लो समयसम्म आइपुग्दा यो कोष नेपाल सरकारको तर्फबाट प्राप्त ५४ करोड तथा नेपाल राष्ट्र बैंकबाट प्राप्त २५ करोड ३४ लाख गरेर जम्मा ७९ करोड ३४ लाखको भैसकेको थियो ।

कोष स्थापना भएपछि यसको सचिवालयको काम नेपाल राष्ट्र बैंकबाटै हुने व्यवस्था मिलाइयो । केन्द्रीयस्तरमा सो बैंकको लघुवित्त सम्बन्धी काम गर्ने विभागबाट तथा शाखास्तरमा शाखा कार्यालयको अनुसन्धान एकाईबाट कोषसँग सम्बन्धित सबै काम हुन थाल्यो । यस सम्बन्धी कामका लागि भएका कतिपय खर्चको शोधभर्ना कोषबाट हुनेगरेको भए पनि धेरै कामहरू नेपाल राष्ट्र बैंकबाट अभिभावकीय रूपमा हुने गरेकाले कोषको सञ्चालन खर्च न्यून हुनपुगेको थियो ।

## लक्षित समुदाय र कर्जा प्रक्रिया

नेपालमा लघुवित्त क्षेत्रलाई आवश्यक पर्ने दीर्घकालीन पुँजीको जोहो गर्न भनेर स्थापना गरिएको ग्रामीण स्ववलम्बन कोषबाट न्यून आय भएका विपन्न परिवारलाई आयमूलक एवम् उत्पादनमूलक कामका लागि वित्तीय श्रोत प्रदान गर्ने गरिएको थियो । यस कोषबाट ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न समुदायले तरकारीखेती, कुखुरापालन, पशुपालनलगायतका ससाना परियोजनाका लागि सजिलो प्रक्रियाबाट कर्जा प्राप्त गर्नेगर्दथे ।

कोषले तयार पारेको निर्देशिकाबमोजिम निम्न प्रकृतिका संस्थाहरू उक्त कोषको रकम उपयोग गर्न योग्य मानिन्थे ।

१. सहकारी ऐन २०४८ अनुसार दर्ता भएका संस्थाहरू

२. संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता भई नेपाल राष्ट्र बैंकबाट वित्तीय मध्यस्थताको लागि इजाजत प्राप्तगरेका गैरसरकारी संस्थाहरू

३. कृषि विकास बैंक

४. लघुवित्त विकास बैंकहरू

कर्जा उपभोग गर्ने संस्थाको क्षमताको आधारमा मात्र यस्तो कर्जा प्रदान गर्नेगरिएको थियो । यो कोषबाट कर्जा प्राप्त गर्ने संस्थाले आफ्नो प्राथमिक पुँजीको अधिकतमा २० गुणासम्म मात्र कर्जा प्राप्त गर्न सक्थे । सम्बन्धित ऋणीले माग गरेको रकमको ८० प्रतिशत मात्र कोषबाट प्रवाह गर्ने गरिएको थियो भने बाँकी २० प्रतिशतचैं संस्था आफैंले

*पूर्व उप निर्देशक : नेपाल राष्ट्र बैंक

बेहोर्नुपर्ने व्यवस्था गरिएको थियो । कोषको सचिवालयमा निवेदन प्राप्त भएपछि निवेदक संस्था तथा कर्जा आवेदनकर्ताहरूको प्रस्तावित परियोजनाबारे स्थलगत निरीक्षण गर्ने र नेपाल राष्ट्र बैंकका तर्फबाट खटिएका कर्मचारीले तयार गरेको निरीक्षण प्रतिवेदनको आधारमा मात्र कोषले कर्जा स्वीकृत गर्ने परिपाटी कायम गरिएको थियो । पहिलो किस्ता कर्जा सदुपयोग भए नभएको सम्बन्धमा पनि नेपाल राष्ट्र बैंकका कर्मचारीद्वारा निरीक्षण गरेर मात्र दोस्रो किस्ता प्रदान गरिने व्यवस्था गरिएको थियो ।

यसबाहेक उक्त कोषबाट केही मात्रामा दीर्घकालीन कर्जा पनि उपलब्ध गराइएको थियो । लाइन अफ केडिट तथा यस्तै अन्य प्रकियाबाट कृषि विकास बैंक, साना किसान विकास बैंक,ग्रामीण विकास बैंकजस्ता गनेचुनेका वित्तीय संस्थामार्फत विपन्न वर्गलाई चियाखेती अलैंची खेती, कोल्ड स्टोरेज आदि जस्ता परियोजनाका लागि दीर्घकालीन कर्जासमेत उक्त कोषबाट प्रवाह गरिएको थियो ।

यी विभिन्न प्रकारका संस्थाहरू कोषका सहयोगी हातका रूपमा रहेका भए पनि पछिल्ला दिनमा भने कोषले लगभग सबैजसो रकम सहकारी संस्थाहरूबाट मात्र प्रवाह गर्नेगरेको थियो । यसप्रकार समय बित्दैजाँदा ग्रामीण स्वावलम्बन कोषले आफ्नो परिचयलाई गरिब समुदायका वरिपरि रहेका ग्रामीण क्षेत्रका सहकारी संस्थाका माध्यमबाट गरिबको उद्यमशीलताका लागि कर्जा प्रवाह गर्ने संस्थाको रूपमा मात्र केन्द्रित गरेको थियो ।

कोषले सहभागी संस्थालाई ८ प्रतिशत ब्याजमा थोककर्जाको रूपमा लगानी गर्ने अनि तोकिएको समयभित्रै कर्जा भुक्तानी गर्ने संस्थालाई यसरी भुक्तान गरेको ब्याजको ७५ प्रतिशतले हुने रकम प्रशासनिक अनुदानवापत फिर्ता दिने व्यवस्था गरेको थियो । यसप्रकार न्यून ब्याजदर,प्रशासनिक अनुदानको व्यवस्था र लक्षित वर्गमा कर्जाको प्रवाह आदि यसका विशेषता थिए ।

*कोष स्थापना र सञ्चालन पद्धतिको आधारमा यो कोष दक्षिण एशियाकै नमूनाको रूपमा रहेको लघुवित्त थोककर्जा कार्यक्रम हो भनेर पनि सम्बन्धित क्षेत्रका विश्लेषकहरू यसको उच्च प्रशंसा गर्ने गर्थे ।*

स्थलगत अनुगमनका क्रममा देखिएका समस्या तथा विभिन्न समीक्षा बैठकहरूमार्फत प्राप्त सुझावलाई सङ्कलन गर्दै कोषले आफ्नो लगानी प्रकियालाई पनि समसामयिक तुल्याउँदै वा परिमार्जन गर्दैलगेको थियो । पछिल्लो समय यो कोषको सञ्चालन ग्रामीण स्वावलम्बन कोष सञ्चालन निर्देशिका २०६९ अनुसार गर्न थालिएको थियो । कोष सञ्चालनका लागि कोष सञ्चालक समिति र उप समितिहरू गठन गरिएको थियो । सो निर्देशिकामा उल्लिखित योग्यता पुगेका ग्रामीण क्षेत्रका सहकारी संस्थाहरूलाई मात्र यो कोषको रकम प्रवाह गर्ने गरिएको थियो । कोष स्थापना र सञ्चालन पद्धतिको आधारमा यो कोष दक्षिण एशियाकै नमूनाको रूपमा रहेको लघुवित्त थोककर्जा कार्यक्रम हो भनेर पनि सम्बन्धित क्षेत्रका विश्लेषकहरू यसको उच्च प्रशंसा गर्ने गर्थे ।

कर्जा निर्देशिकामा व्यवस्था गरिएको निम्न बमोजिमका दण्ड जरिबाना अथवा प्रोत्साहनकै कारणले यस कोषबाट प्रवाह भएको कर्जाको असूली दर उच्च रहनेगरेको थियो ।

क) कर्जा उपभोग गर्ने संस्थाले तोकिएको समयभित्र कर्जा भुक्तान नगरेमा संस्थाका पदाधिकारीहरू व्यक्तिगत रूपमै त्यसको लागि जिम्मेवारी हुने गरी तमसुक तयार गर्ने गरिएको ।

ख) कर्जाको सही सदुपयोग गरी भुक्तानी तालिकाबमोजिम किस्ता बुझाउने संस्थालाई कोषलाई भुक्तानी गरेको ब्याजको ७५ प्रतिशत रकम प्रशासनिक खर्च अनुदानवापत भनी सोही संस्थालाई फिर्ता दिने गरिएको ।

ग) संस्थाका सञ्चालका वा लेखा समितिका पदाधिकारीहरू कालोसूचीमा परेका संस्थाले यस्तो कर्जा नै नपाउने व्यवस्था गरिएको ।

घ) चुस्त व्यवस्थापन र उचित सुशासन कायम भएका संस्थालाई मात्र कर्जा प्रदान गर्ने गरिएको ।

## प्रतिष्ठाको विषय

यो कोषको रकम उपयोग गर्ने सहकारी संस्थाहरूले आफूलाई सामाजिक प्रतिष्ठासँग पनि जोड्ने गर्थे । यो कोष मूलतः नेपाल राष्ट्र बैंकमार्फत सञ्चालन हुनेगरेको,कोषमा सो बैंकको उच्च लगानी रहेको तथा राष्ट्र बैंकको आफ्नो कार्यालयभित्रको लघुवित्त विभाग वा डेस्क नै कोषको सचिवालयको रूपमा रहेका कारण यो कोषबाट रकम प्राप्त गर्नुलाई ती संस्थाहरूले नेपाल राष्ट्र बैंकबाटै कर्जा प्राप्त गरेसरह ठान्ने गर्थे । ग्रामीण तहमा सामान्य ढङ्गले काम गरिरहेका सहकारी संस्थाहरूलाई नेपाल राष्ट्रबैंकसँग वास्तविक रूपमै जोड्ने काम यो कोषले प्रत्यक्ष रूपमा गरेको थियो । कोषको तर्फबाट नेपाल राष्ट्र बैंकका कर्मचारीले ती सहकारी संस्थाको व्यवस्थापन, वित्तीय विवरण र सुशासनको अवस्थालाई स्थलगत रूपमै नियालेर लामो निरीक्षण प्रतिवेदन तयार गरी त्यसको आधारमा मात्र कर्जा प्रदान गरिनुले पनि यो कुरालाई पुष्टि गरेको थियो ।

त्यस अघिसम्म प्रत्यक्ष सम्बन्ध नभएको देशको केन्द्रीय बैंकको दृष्टिमा आफ्नो संस्था सो बैंकले सञ्चालन गरेको स्वावलम्बन कोषबाट कर्जा लिन लायक बन्नुलाई सहकारी सञ्चालकहरूले गौरवको विषय ठान्नु र आफ्नो साख अभिवृद्धि भएको महशूस गर्नु स्वभाविकै थियो ।

संस्थागत सुशासनमा कमजोर वा यसरी प्राप्त रकमको दुरपयोग गर्ने आशय राखेर कर्जा लिन चाहने सहकारीकर्मीहरूका लागि भने कोषले तय गरेका शर्तहरू ज्यादै अप्रिय हुने गर्थे । कोषबाट कर्जा लिने जानकारीका लागि नेपाल राष्ट्र बैंकसम्म आइपुगेका कतिपय सहकारीकर्मीहरू कर्जा असूल हुन नसके आफ्नो घरघरानाबाट तिर्नुपर्ने भन्ने शर्त तमसुकमा लेखिनेछ भन्ने कुरा थाहा पाउनासाथ कर्जा उपयोग गर्ने उत्साहबाट विमुख हुनपुग्थे । तर असल नियत भएका र संस्थागत सुशासनमा बसेरै संस्था सञ्चालन गर्ने बानी परेका सञ्चालकहरूलाई भने यस्ता शर्तहरू बोझिला बन्दैनथे । उनीहरू खुशी र उत्साहपूर्वक यस्ता सर्तमा दस्तखत गर्थे र समयभित्रै कर्जा फर्काउथें ।

## थोककर्जा प्रदायक संस्थाको रूपमा कोष

ग्रा.स्वा.कोष नेपालको पहिलो थोककर्जा प्रदायक संस्था हो । किनकी यो कोष स्थापनाभन्दा अगाडि थोककर्जाको अवधारणा आइसकेको थिएन । २०४७ सालमा यो कोषको स्थापना भएपछि मात्र आरएमडीसी (२०५६साल) साना किसान विकास बैंक (२०५८ साल) फस्ट माइक्रोफाइनान्स (२०६६ साल) र आरएसडीसी (२०७०साल) स्थापना भएका थिए । यद्यपि यसलाई कोष मात्र भनियो थोककर्जा संस्था भनिएन । तर यसले काम भने थोककर्जाकै मात्र गरिरह्यो ।

देशमा थोककर्जा प्रदायक संस्थाहरूको सङ्ख्या औंलामा गन्न सकिने अवस्थामा मात्र रहेको तथा लघुवित्त संस्थाहरूको सङ्ख्या प्रशस्त मात्रामा विस्तार भई थोककर्जाको माग निरन्तर बढीरहेको पृष्ठभूमिमा यस कोषलाई देशमा थोककर्जा प्रदान गर्ने पाँचौ नम्बरको नयाँ कम्पनीको स्वरूप प्रदान गरेर नेपाल राष्ट्र बैंकको भूमिकालाई अन्य ४ वटा थोककर्जा प्रदायकलाई जस्तै नियामकको रूपमा मात्र राखिनुपर्छ भन्ने सुझावसमेत कतिपय विज्ञहरूले दिएका थिए । पछिल्ला केही वर्ष यता यो कोष सञ्चालनका सन्दर्भमा नेपाल राष्ट्र बैंक आफैं सचिवालयको रूपमा रही काम गरीरहनु शोभनीय हुँदैन, यसलाई केन्द्रीय बैंकको पर्खालभन्दा बाहिर ल्याउनुपर्छ भन्ने आवाज निरन्तर उठिरहेको थियो । कतिपय जानकारहरूले लघुवित्त क्षेत्रमा स्रोतको जोहो गर्न लघुवित्त कोषको नाममा अलग्गै कोष खडा गर्नुपर्छ र स्वावलम्बन कोषमा रहेको रकमलाई पनि त्यसैमा समावेश गर्नुपर्छ भन्नेगरेका थिए भने कतिपयले लघुवित्त ऐनमार्फत प्रस्ताव गरिएको सेकेण्ड टायर इन्स्टीच्यूटमा कोषको रकमलाई शेयर पुँजीको रूपमा रहने व्यवस्था मिलाई यसको सञ्चालन राष्ट्र बैंकभन्दा बाहिरबाट हुने व्यवस्था मिलाउनुपर्छ भन्ने सुझाव दिनेगरेका थिए । लघुवित्त र ग्रामीण विकासका जानकारहरूमध्ये जसले जसरी सुझाए पनि यो कोषको सञ्चालन प्रक्रियाबाट केन्द्रीय बैंक टाढा रहनुपर्छ ,उसले नियामकको काम मात्र गर्नुपर्छ भन्ने आग्रह सबैको एक साथ रहेको थियो ।

## कोष हस्तान्तरणपछिको अवस्था

नेपाल सरकार,नेपाल राष्ट्र बैंक र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.बिच भएको त्रिपक्षीय सम्झौताका सबै कुराहरू विस्तृतरूपमा प्रकाशमा आइनसकेको तथा साना किसान विकास बैंक यतिबेला यो रकम लगानी गर्न तयार पार्नुपर्ने निर्देशिका र कार्यविधि निर्माण एवम् कार्यान्वयन सम्बन्धी औपचारिक प्रक्रियाको चरणमा रहेकाले यस सम्बन्धी टिप्पणी वा प्रशंसा गर्ने आधार तयार भैसकेको छैन ।

अब कोषमा रहेको सबै रकम उपयोग गर्ने जिम्मेवारी यो संस्थाले पाएको छ । अति विपन्न नागरिकलाई इलमी बनाउने र आत्मनिर्भर तुल्याउने पवित्र उद्देश्यका साथ जोहो गरिएको उक्त रकम उपयोग गर्ने जिम्मेवारी पाइसकेपछि सोही किसिमले कार्ययोजना बनाएर त्यसको सदुपयोग गर्नु यस संस्थाको कर्तव्य हो । सो बैंकका तर्फबाट सार्वजनिक भएका थोरै र छोटा अभिव्यक्तिका आधारमा अब यो रकमको उपयोग पहिलेभन्दा अझ प्रभावकारी रूपमा र गरिब समुदाय अझ बढी लाभन्वित हुनसक्ने ढङ्गले हुने कुरामा भने ढुक्क हुन सकिन्छ ।

जे भए पनि ग्रामीण स्वावलम्बन कोष नामको ऐतिहासिक आर्थिक कार्यक्रम अब इतिहास बनेको छ । नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त ७१ वटा लघुवित्त वित्तीय संस्थाहरूको सूचीमध्ये छैठौं नम्बरमा रहेको एक लघुवित्त संस्थालाई यो रकम हस्तान्तरण गरिएको छ । कोषको रकम उपभोग गर्ने यो अभिभारासँगै सो वित्तीय संस्थाको साख र गरिमा बढेको मात्र होइन धेरै चुनौती र जिम्मेवारी पनि थपिएको छ , जसलाई निम्न बुँदामार्फत प्रष्ट पार्ने प्रयास गरिन्छ ।

## जिम्मेवारीको सान्दर्भिकता

क) ग्रामीण स्वावलम्बन कोष भन्ने नामबाट हुनेगरेको थोककर्जाको कारोबार साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. नामको अर्को थोककर्जा प्रदायक कम्पनीलाई हस्तान्तरण गरिनुले दुई अलग अलग संस्थाबाट हुनेगरेको काम एकै संस्थामा एकीकृत हुनपुगेको छ । एकै प्रकृतिका काम गर्ने धेरैवटा संस्थालाई एक ठाउँमा गाभ्ने वा एक अर्कामा विलय गनुपर्ने वर्तमान अवश्यकतालाई पनि यसले सघाउ पुऱ्याएको छ । यस अर्थमा यो समसामयिक कदम हो ।

ख) ग्रामीण स्वावलम्बन कोषको नाममा रहेको यो रकम त्यस्तो संस्थाले प्राप्त गरेको छ जुन संस्थामा ४४ प्रतिशत शेयर स्वामित्व ग्रामीण क्षेत्रमा रहेका साना किसानहरूले स्थापना गरेका साना किसान कृषि सहकारी संस्थाहरूको रहेको छ । यस अर्थमा उक्त कोषको रकम सञ्चालनको जिम्मेवारी ग्रामीण क्षेत्रमा रहेका साना किसानहरूले नै स्थापना गरेको उनीहरूकै अभिभावक संस्थामा आइपरेको देखिन्छ ।

ग) ग्रामीण स्वावलम्बन कोषको रकम वित्तीय मध्यस्थाता ऐन बमोजिम स्थापना भएका गैर सरकारी संस्था, लघुवित्तको काम गर्ने वित्तीय संस्था तथा सहकारी संस्थाहरूमार्फत प्रवाह गरिने भनिए पनि पछिल्लो समय कोषले आफ्ना सारा गतिविधिलाई ग्रामीण क्षेत्रमा रहेर लघुवित्तको कामसमेत गर्ने सहकारी संस्थाहरूमै केन्द्रित गरेको तथा कर्जाको अधिकांश अंश सहकारीमार्फत नै लक्षित समुदायमा प्रवाह भएको हुँदा यो कोषको चिनारी नै ग्रामीण क्षेत्रका सहकारी संस्थामार्फत गरिबलाई कर्जा प्रवाह गर्ने कोषको रूपमा भैसकेको थियो । ग्रामीण क्षेत्रमा रहेका गरिब समुदाय भन्नु नै नेपालको परिप्रेक्ष्यामा अर्काको जमीन कमाई गरी खाने वा आफ्नो सानो टुका मात्र जमीन रहेका र त्यसको आम्दानीले वर्षभरि खान नपुग्ने हैसियतका किसानहरू हुन् भनेर पनि बुझ्न सकिन्छ ।

साना किसान विकास बैंक भनेको पनि ग्रामीण क्षेत्रमा रहेका थोरै जग्गा भएका किसानहरूले स्थापना गरेका कृषि सहकारी संस्थामार्फत साना र विपन्न किसानलाई कर्जा प्रवाह गर्ने संस्था हो । यस अर्थमा ग्रामीण स्वावलम्बन कोषले गरिआएका सबै काम साना किसान बैंकले पनि समानान्तर रूपमा गर्नेगरेको भनी बुझ्न सकिन्छ । यसरी एकै प्रकृतिका काम गर्ने निकायहरू एकअर्कामा विलय हुनुलाई सान्दर्भिक र स्वभाविक मान्न सकिन्छ ।

घ) "अब खुद्रा कर्जा उपभोग गर्ने किसानले पहिलेभन्दा कम ब्याजदरमा यो कोषको रकम हामीमार्फत पाउनेछन् । सहकारी संस्थाभन्दा साना

किसानहरू ज्यादा लाभन्वित हुने गरी यो रकमलाई प्रवाह गर्ने प्रयत्न हाम्रो हुनेछ " साना किसान विकास बैंकको तर्फबाट व्यक्त यस्ता सन्देशले यो रकमको उपयोग पहिलेभन्दा अझ उत्पादनशील रूपमा हुनेछ भनी आशा गर्न सकिन्छ । पहिले २० प्रतिशतभन्दा ज्यादा ब्याज तिरेर कर्जा उपभोग गरिरहेका विपन्न वर्ग र साना किसानले अब १० प्रतिशतभन्दा कम ब्याजमै यो रकम उपभोग गर्न पाउने यस किसिमका अभिव्यक्तिले केही उत्साह थपेको छ । कार्यान्वयन प्रक्रिया भनेजस्तै भयो भने यसलाई अत्यन्तै राम्रो कदम मान्नुपर्ने हुन्छ ।

> यस्तो रकमलाई बढी सामाजिक भएर वा कल्याणकारी सोच राखेर प्रवाह गर्ने हो भने प्रतिफल वा ब्याज आर्जन न्यून हुनजान्छ । आर्जनलाई बढी वजन प्रदान गरेर व्यावसायिक उद्देश्यका लागि लगानी गर्दा यसमा रहेको सामाजिक भावना ह्रास हुनजान्छ अर्थात् वास्तविक गरिबलाई सस्तो ब्याजदरमा प्रवाह गर्न सक्ने अवस्था रहँदैन । अतः यो रकमको स्वीकारोक्तिसँगै यी दुवै अवस्थाको उचित सन्तुलनमा रहेर प्राप्त रकमको व्यवस्थापन गर्नुपर्ने चुनौती यस वित्तीय संस्थामा थपिएको छ ।

## अबका चुनौतीहरू

ग्रामीण स्वावलम्बन कोष नामको प्रतिष्ठित कोषको रकम सोही प्रकृतिको काम गर्ने संस्थाको नाताले सरकारले आफ्ना पोल्टामा राखिदिनु साना किसान विकास लघुवित्त वित्तीय संस्थाका लागि महत्वपूर्ण अवसर र उपलब्धि हो । यो कदमले यो बैंकको गरिमालाई अभिवृद्धि त गरेको छ, यससँगै केही चुनौतीहरू पनि थपिएका छन् । सरकार र केन्द्रीय बैंकको यति ठूलो विश्वास प्राप्त गर्न सफल यो वित्तीय संस्थाले त्यो विश्वासलाई कायम राखिरहन र आफ्नो वित्तीय साखलाई जोगाइरहन निम्न कुरामा सजगता अपनाउनुपर्ने देखिन्छ ।

(क) साना किसान विकास लघुवित्त वित्तीय संस्थाले उपयोग गर्ने यो रकम निश्चित समयावधिपश्चात सम्बन्धित निकायलाई तोकिएको ब्याजसहित फिर्ता गर्नुपर्ने हुन्छ । यस्तो रकमलाई बढी सामाजिक भएर वा कल्याणकारी सोच राखेर प्रवाह गर्ने हो भने प्रतिफल वा ब्याज आर्जन न्यून हुनजान्छ । आर्जनलाई बढी वजन प्रदान गरेर व्यावसायिक उद्देश्यका लागि लगानी गर्दा यसमा रहेको सामाजिक भावना ह्रास हुनजान्छ अर्थात् वास्तविक गरिबलाई सस्तो ब्याजदरमा प्रवाह गर्न सक्ने अवस्था रहँदैन । अतः यो रकमको स्वीकारोक्तिसँगै यी दुवै अवस्थाको उचित सन्तुलनमा रहेर प्राप्त रकमको व्यवस्थापन गर्नुपर्ने चुनौती यस वित्तीय संस्थामा थपिएको छ ।

(ख) कोषद्वारा प्रवाह गरिएको कर्जा सबै जिल्लामा समानुपातिक रूपमा पुग्न सकेको छैन । तराई र सुगम पहाडी जिल्लाहरूमा त्यसको घनत्व ज्यादा छ भने विकट जिल्लाहरूमा कम छ । सरकार र नेपाल राष्ट्र बैंकको आशा र भरोसा भएको संस्थाको नाताले उच्च पहाडी र हिमाली क्षेत्रमा समेत यो रकम प्रवाह गरेर त्यहाँका गरिब समुदायलाई उत्पादनशील तुल्याउनुपर्ने अर्को जिम्मेवारी र चुनौती यस वित्तीय संस्था सामू थपिन गएको छ ।

(ग) साना किसान विकास लघुवित्त वित्तीय संस्था भनेको ग्रामीण क्षेत्रका साना तथा गरिब किसानको संस्था मात्र नभएर सट्टाबजारमा कर्जा लगानी गरेर शीघ्र प्रतिफलको अपेक्षा गर्ने समुदायको पनि ३० प्रतिशत लगानी भएको संस्था हो । यसबाहेक यो संस्थामा कृषि विकास बैंक (२२प्रतिशत), नविल बैंक लि.( ३ प्रतिशत) र नेपाल बैंक लि.(१ प्रतिशत) जस्ता वाणिज्य बैंकहरूको पनि लगानी छ । यी वाणिज्य बैकहरू भनेका सिद्धान्त तथा व्यवहार दुवै दृष्टिकोणले नाफा आर्जन गर्न सञ्चालित संस्था हुन् ।

यसका इक्वीटीहोल्डरका रूपमा रहेका सर्वसाधारण शेयरधनी तथा वाणिज्य बैंक दुवैको स्वार्थ भनेको कम्पनीले बढीभन्दा बढी व्यावसायिक लगानी गरेर उच्च प्रतिफल दिनुपर्छ भन्ने हो । यस्तो व्यावसायिक सोचको अगाडि कम्पनीका क्रियाकलाप गरिबमुखी बन्नुपर्छ, सामाजिक बैंकको अवधारणामा हिँड्नुपर्छ र सामाजिक कल्याणलाई मध्यनजर गर्दै धेरथोर जोखिमपूर्ण लगानी पनि गर्नुपर्छ भन्ने कुरा व्यावहारिक हुँदैन । प्राप्त भएको स्रोतलाई कम्पनीले सकेसम्म व्यावसायिकरूपमा उपयोग गर्नुपर्छ भन्ने दबाब इक्वीटीहोल्डरको त्यस्तो समुदायबाट निरन्तर आउनसक्छ । समाजका गरिब समुदायमा प्रवाह गर्नुपर्ने मान्यतालाई शिरोपर गरेर प्राप्तगरेको स्वावलम्बन कोषको रकम परिचालनको कार्यलाई यस्ता दबाबबाट मुक्त राखेर निर्वाध रूपमा अगाडि बढाउनुपर्ने अर्को चुनौती यो वित्तीय संस्थामाथि आउने देखिन्छ ।

(घ) यस वित्तीय संस्थाको आर्थिक वर्ष २०७५ । ७६ को वित्तीय विवरणमा उल्लेख भएअनुसार संस्थाको खराब कर्जाको अंश ०.०४ प्रतिशत मात्र रहेको छ । यस्ता धेरै परिसूचकहरूले संस्थाको वित्तीय स्वास्थ्य बलियो रहेको कुरालाई पुष्टि गरेका छन् । यस्तै गुणात्मक परिसूचकहरूका कारणले पनि यो वित्तीय संस्था सो कोषको रकम प्राप्त गर्न लायक संस्था बनेको हो । तर कोषको रकमसँगै एकहजारको हाराहारीमा रहेका सहकारी एवम् गैर सरकारी संस्थाका कर्जा फायलहरू पनि यो बैंकमा भित्रिएका छन् । किस्ता भुक्तानीका दृष्टिले सबै संस्थाहरू इमान्दार वा नियमित छन् भन्न सकिन्न । कोषद्वारा प्रवाह भएको कूल कर्जामा केही वर्ष अगाडिसम्म १० प्रतिशतको हाराहारीमा खराब कर्जा रहेको थियो । ती फायलसँगै भित्रिएका यी खराब कर्जालाई संस्थाले अब आफूले लगानी गरेका सहकारी संस्थामा देखिने खराब कर्जाकै हैसियतमा स्विकार्नुपर्ने हुन्छ ।

यसो हुनु भनेको यस वित्तीय संस्थाको वासलातमा खराब कर्जाको उपस्थिति वृद्धि हुनु हो । यसरी हस्तान्तरण भइ आएका कतिपय संस्थाले भुक्तानी तालिका बमोजिम कर्जाको किस्ता तिर्न सकेनन् भने यस बैंकको समग्र कर्जाको गुणस्तरमा नै त्यसको असर पर्न सक्छ ।

हाल १७ अर्ब कूल बाँकी कर्जा रहेको संस्थामा यसरी हस्तान्तरण भई आएका दुईचार सहकारीका केही लाख वा करोड खराब कर्जाले कूल प्रतिशतको हिसाबमा खासै वृद्धि त, नगर्ला तर पनि खराब कर्जा एक प्रतिशतभन्दा न्यून रहेको हालको गौरवपूर्ण अवस्थालाई

यसले केही हानी पुऱ्याउन सक्छ । यसतर्फ भने यो बैंकको कर्जा एवम् असूली संयन्त्र सजग रहनुपर्ने देखिन्छ ।

(ङ) यो बैंकले हालसम्म आफैँले असल संस्कार दिएर हुर्काएका साना किसानका संस्थाहरूलाई मात्र कर्जा प्रवाह गर्नेगरेको तथा ती संस्थाहरूले पनि यस बैंकलाई हुर्काई बढाई गर्ने अभिभावक संस्थाको रूपमा हेर्ने गरेकाले नीति नियम र सुशासनका सम्बन्धमा तिनले आज्ञाकारी शिष्यको भूमिका निर्वाह गरिरहेका देखिन्छन् । यसैको फलस्वरुप ती सहकारी संस्थाहरूको व्यवस्थापन चुस्त छ, सुशासनको अवस्था सग्लो छ र कर्जा अनुशासन प्रशंसनीय छ । अब भने स्वावलम्बन कोषको रकम उपयोग गर्ने हजार जति संस्थाहरू पनि यस बैंकका ग्राहक सदस्य बनेका छन् । यीमध्ये कतिपय संस्थाहरूमा त्यस्तो संस्कार नरहेको हुन सक्छ । अतः त्यस्ता संस्थामा कर्जाको बाँकी किस्ता प्रवाह गर्ने र निर्धारित तालिकाबमोजिम असूल उपर गर्ने काममा सजगता अपनाउनुपर्ने हुन्छ । नत्र त्यसबाट कर्जाको गुणस्तरमा नकारात्मक असर पर्न जान्छ । यसतर्फ पनि यस वित्तीय संस्थाको सजगता आवश्यक देखिन्छ ।

२०४७ फागुन १७ गते तत्कालीन सरकारको कार्यकारी आदेशबाट गठन गरिएको ग्रामीण स्वावलम्बन कोषलाई २९ वर्ष पछाडि २०७५ मङ्सीर २४ को मन्त्रीपरिषदकै निर्णयबाट साना किसान विकास लघुवित्त वित्तीय संस्थामा हस्तान्तरण गरिएको छ । विपन्न वर्ग उत्थानका लागि भनेर पवित्र भावनाले जोहो गरिएको कोषमा रहेको रकम अब पनि सोही क्षेत्रमा विवेकपूर्णरूपमा नै उपयोग हुनेछ । उक्त कोष अब अस्तित्वमा नरहे पनि नेपालमा थोककर्जा र गरिबी निवारणका प्रयत्नबारे अध्ययन गर्नेहरुका लागि भने यो विषय छुटाउनै नहुने महत्वपूर्ण घटना बनेर रहिरहने छ ।

च) कोषको रकम प्रवाह गर्ने सन्दर्भमा यस अघि नेपाल राष्ट्र बैंकबाटै धेरै काम भइआएका कारण सञ्चालन खर्च न्यून थियो । शर्त सम्झौतामा उल्लेख गरिएका कतिपय काम गर्न र दुर्गम ठाउँसम्म यो रकमको प्रवाह गर्न संस्थाले केही सञ्चालन खर्च पनि गर्नुपर्ने हुन सक्छ । जसको असर यस वित्तीय संस्थाको नाफानोक्सान खातामा देखापर्न सक्छ ।

## अन्तमा

२०४७ फागुन १७ गते तत्कालीन सरकारको कार्यकारी आदेशबाट गठन गरिएको ग्रामीण स्वावलम्बन कोषलाई २९ वर्ष पछाडि २०७५ मङ्सीर २४ को मन्त्रीपरिषदकै निर्णयबाट साना किसान विकास लघुवित्त वित्तीय संस्थामा हस्तान्तरण गरिएको छ । विपन्न वर्ग उत्थानका लागि भनेर पवित्र भावनाले जोहो गरिएको कोषमा रहेको रकम अब पनि सोही क्षेत्रमा विवेकपूर्णरूपमा नै उपयोग हुनेछ । उक्त कोष अब अस्तित्वमा नरहे पनि नेपालमा थोककर्जा र गरिबी निवारणका प्रयत्नबारे अध्ययन गर्नेहरूका लागि भने यो विषय छुटाउनै नहुने महत्वपूर्ण घटना बनेर रहिरहने छ ।

यो २९ वर्षको अवधिमा उक्त कोषबाट ७० जिल्लाका ५३ गैर सरकारी संस्था र ११३५ सहकारी संस्था गरी कूल ११८८ संस्थामार्फत समाजका अति विपन्न वर्गमा कर्जा प्रवाह भएको देखिन्छ । यसबाट देशका विभिन्न भूभागका ६१ हजार १६७ परिवार लाभन्वित भएको तथ्याङ्कहरूले देखाएका छन् ।

पछिल्लो समय ग्रामीण स्वावलम्बन कोषका गतिविधि सम्बन्धमा रकमको परिचालन दुर्गमस्थानसम्म हुननसकेको, सहकारी संस्था ज्यादा र लक्षित समुदाय कम लभन्वित हुनेगरी रकमको उपयोग गरिएको आदिजस्ता विषयले चर्चा पाइरहेको अवस्थामा साना किसानमै समर्पित वित्तीय संस्थाले यो रकमको उपयोग गर्ने जिम्मेवारी ग्रहण गरेको छ । देशका लगभग सबै भौगोलिक क्षेत्रमा यस वित्तीय संस्थाको उपस्थिति भैसकेको तथा सहकारी संस्थाभन्दा ज्यादा साना किसानहरू लाभन्वित हुने गरी यो रकमको उपयोग गरिने कार्ययोजनासमेत सो बैंकले अगाडि सारिसकेको हुँदा उक्त रकमको उपयोग पहिलेभन्दा प्रभावकारीरूपमा हुनसक्ने कुरामा ढुक्क हुन सकिन्छ ।

यो वित्तीय संस्था साना किसानहरूकै प्रयत्नबाट स्थापित साना किसान सहकारी संस्थाहरूलाई मात्र थोककर्जा प्रदान गर्ने वित्तीय संस्था हो । त्यसैले आफ्नो लामो अनुभवका आधारमा पनि यस संस्थाले यो रकम गरिबलाई उद्यमशील तुल्याउदै उनीहरूका घरआगनसम्म सहजै पुऱ्याउने कुरामा विश्वस्त हुन सकिन्छ । यस संस्थाप्रति सरकार तथा नेपाल राष्ट्र बैंकले गरेको यो विश्वास अनि सम्बन्धित क्षेत्रका विश्लेषकहरूले गरेको यस्तो अनुमान सार्थक भयो भएन भनी हेर्न भने केही वर्षको अभ्यासलाई कुर्नुपर्ने हुन्छ । आशा गरौं यस वित्तीय संस्थाले अवलम्बन गर्ने कर्जा प्रकियाबाट उक्त रकमको उपयोग पहिलेभन्दा प्रभावकारी रूपमा हुनेछ अनि ग्रामीण क्षेत्रका गरिब समुदाय अझ बढी उद्यमशील बनेको दृश्य छिट्टै देख्न पाइनेछ ।

# मेरो दृष्टिमा साना किसान विकास बैंक - सहकारी नेतृत्वकर्ताहरूको अनुभव

## प्रदेश १



*मिना ढकाल*
*अध्यक्ष, साना किसान कृषि सहकारी संस्था लि.*
*महारानीझोडा, गौरादह, झापा*

झापा जिल्लाको महारानीझोडामा कृषि विकास बैंकले साना किसान विकास आयोजनाको कार्यक्रम शुरुवात गरी वि.सं. २०५९ पुसमा साना किसान कृषि सहकारी संस्था लि.महारानीझोडा दर्ता भएपश्चात उक्त अयोजनाको सम्पूर्ण सम्पत्ति तथा दायित्व यसै सहकारी संस्थालाई हस्तान्तरण गरिएको छ । वि.सं. २०५८ मा साना किसान बैंकको स्थापना भईसकेको हुनाले यस सहकारी सस्थाले साना किसान बैंकको अभिभावकत्व प्रारम्भदेखि नै निरन्तर प्राप्त गर्दै आएको छ । अहिले यसलाई साना किसान विकास लघुवित्त संस्था भन्छन्, तर हामीचैं साना किसान बैंक नै भन्छौं ।

साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट साना किसान कृषि सहकारी संस्थाहरूलाई विभिन्न किसिमका सेवा प्रदान गर्नेगरिन्छ । महारानीझोडामा रहेको हाम्रो सहकारी संस्थाले सो संस्थाबाट कुन कुन सेवा केकस्तो रूपमा प्राप्त गरी लाभान्वित हुनसेकेको छ भन्ने बारेको छोटो विवरण यहाँ प्रस्तुत गर्ने प्रयत्न गर्दछु ।

### वित्तीय स्रोत तर्फ

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले मूलत, हाम्राजस्ता साना किसान कृषि सहकारी संस्थाहरू सबैलाई थोककर्जाको सेवा प्रदान गर्नेगरेको छ । यो सेवा अन्तर्गत लघुकर्जा, नविकरणीयऊर्जा कर्जा तथा सहुलियत ब्याजदरका कृषि व्यवसायसँग सम्वन्धित कर्जा हामीलाई यस वित्तीय संस्थाबाट प्राप्तभएको छ ।

हाम्रो सहकारी स्थापना भएदेखि हाल (२०७६ पुष) सम्म कूल ७८ करोड रूपैयाँ कर्जा हाम्रो यस सहकारी संस्थाले सो बैंकबाट प्राप्त गरिसकेको छ भने यसमध्ये रू.६२ करोड फिर्ता गरिसकेको छ । हाल सो वित्तीय संस्थालाई बुझाउन बाँकी कर्जा रू.१६ करोड रहेको छ । यसरी लिएको कर्जामा भाखा नाघेको कर्जा रकम आजसम्म शून्य रहनेगरेको छ । यस सहकारी संस्थाबाट हाल लगानीमा रहिरहेको कर्जा रू.३१ करोड छ । सहकारीका ऋणी सदस्यहरूमा लगानी भइरहेको यो रकममध्ये साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट प्राप्त थोककर्जा ५१.६१ प्रतिशत (रू.१६ करोड) रहेको छ । यो कर्जा रकमबाट हाम्रा ऋणी सदस्यहरू पशुपालन, तरकारी खेतीलगायतका विभिन्न कृषि परियोजनाहरू सञ्चालन गरी लाभान्वित भएका छन् ।

### क्षमता विकास तर्फ

विभिन्न विषयका तालिम, र गोष्ठीका साथै भ्रमण एवम् सम्मेलनहरूको आयोजना गरेर साना किसानलाई त्यसमा सहभागी गराउने काम यस वित्तीय संस्थाले गर्नेगरेको छ । हाम्रो कृषि सहकारी संस्थाले पनि त्यस किसिमका केही कार्यक्रममा सहभागी हुने अवसर पाएको छ । हाम्रा सञ्चालकहरू,लेखा समितिका सदस्यहरू तथा कर्मचारीहरू यस किसिमको सेवाबाट लाभान्वित हुनपुगेका छन् ।

संस्थागत सुशासनतर्फ :त्यस वित्तीय संस्थाबाट मासिक प्रगति विवरण माग गरी सुझाव प्रदान गर्नु , अनि सञ्चालक र कर्मचारीको कार्यशैलीको मूल्याङ्कन र विश्लेषण गरिनु संस्थागत सुशासनका दृष्टिले महत्वपूर्ण कार्य हो । हाम्रो सहकारीको स्थापनाकालदेखि नै त्यस वित्तीय संस्थाबाट हामीलाई यस किसिमको सेवा निरन्तर प्राप्त छ । जसले गर्दा हामीले आफ्नो संस्थामा सुशासनको अवस्थालाई दरिलो तुल्याउन सकेका छौं ।

### बिमा व्यवस्थातर्फ

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले नेपाल सरकारसँग समन्वय गरी सबै साना किसान सहकारी संस्थामा यो सेवा सञ्चालनका लागि वातावरण तयार गरिदिएको छ । यस्तो कार्यक्रमबाट हाम्रो सहकारी संस्था पनि धेरै लाभान्वित भएको छ ।

### सामाजिक सामुदायिक कार्यक्रमतर्फ

यस वित्तीय संस्थाले सञ्चालन गर्नेगरेको सामाजिक सामुदायिक कार्यकम सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तहरूमध्येको सातौं सिद्धान्तका रूपमा रहेको समुदायप्रतिको चासोलाई व्यवहारमा कार्यान्वयन गर्ने महत्वपूर्ण अभियान हो । यो कार्यक्रम अन्तर्गत हाम्रो सहकारी संस्थालाई पनि त्यस वित्तीय संस्थाले केही बजेट उपलब्ध गराउनेगरेको छ । त्यो रकमबाट हामीले पनि स्थानीयस्तरमा शिक्षा,स्वास्थ्य, सरसफाईलगायतका ससाना सामाजिक आर्थिक कार्यक्रमहरू सम्पन्न गर्नेगरेका छौं ।

प्रत्येक सहकारी संस्थाले एउटा प्रमुख परियोजना छनौट गरी सञ्चालन गर्ने वातावरण वनाउन सके हरेक कृषि सहकारी संस्थाको छुट्टै पहिचान कायम हुनसक्ने भएकाले त्यसका लागि यस वित्तीय संस्थाले सहजीकरणको भूमिका निर्वाह गरिदिए राम्रो हुने थियो । यसबाहेक किसानद्वारा उत्पादित वस्तुको बिमा गराउने, सुलभ ब्याजदरका कर्जाको दायरालाई बढाउने, सहकारी संस्थामा आबद्ध सम्पूर्ण सेयर सदस्यहरूका लागि बिमा गर्ने सम्बन्धी छुट्टै कार्यक्रमसमेत सञ्चालन हुँदै जानु आवश्यक देखिन्छ । यसका लागि पनि त्यस वित्तीय संस्थाबाट सहजीकरणको अपेक्षा गरिन्छ ।

## प्रदेश २




### रामदेव महतो
*अध्यक्ष : साना किसान कृषि सहकारी संस्था लि.*
*नक्टाझिझ, मिथिला नगरपालिका २ धनुषा*


हाम्रो सहकारी संस्था २०५७ सालदेखि साना किसान विकास लघुवित्त वित्तीय संस्थासँग जोडिएको हो। यतिबेला हाम्रो सहकारीले रू.२३ करोड कर्जा प्रवाह गरेको छ। यसरी प्रवाह भएको कर्जा रकमको ३३ प्रतिशत हिस्सा साना किसान लघुवित्त वित्तीय संस्थाबाट प्राप्तभएको थोककर्जा नै हो।

यस वित्तीय संस्थाबाट हालसम्म रू.६८ करोड थोककर्जा हाम्रो सहकारी संस्थालाई प्राप्त भईसकेको छ। हामीले मागेको बेला संस्थालाई चाहिएजति रकम यस वित्तीय संस्थाले दिनेगरेको छ।

हाम्रो सहकारीलाई आवश्यक पर्ने स्रोत जुटाउन अन्य वित्तीय संस्थामा जानुपर्दा धेरैखालका प्रक्रियाहरू पूरा गर्नुपर्ने हुन्छ र त्यो झन्झटिलो हुन्छ। धितो सम्बन्धी प्रक्रिया नै लामो हुनजान्छ। तर यो वित्तीय संस्थाले हामीलाई धितो विना पनि कर्जा पत्याइदिन्छ। यो नै यस वित्तीय संस्थाले हामीलाई लगाएको ठूलो गुण हो। यस वित्तीय संस्थासँगको यस किसिमको विश्वासलाई हामी कायम राखिरहन चाहन्छौं। यस वित्तीय संस्थाले हाम्रो सहकारी संस्थालाई थोककर्जा बाहेक अन्य विभिन्न किसिमका सेवा पनि प्रदान गर्नेगरेको छ। क्षमता विकासलगायतका विविध सहयोग हामीले पाउनसकेका छौं। यस वित्तीय संस्थाले सञ्चालन गरेका विभिन्न विषयका तालिमहरूमा यस सहकारी संस्थाका सञ्चालक एवम् कर्मचारीहरू सहभागी भएर लाभान्वित हुने अवसर पाएका छन्।

यसरी प्राप्त थोककर्जालाई हाम्रो सहकारी संस्थाले विशेषरूपमा मासुजन्य र दुधजन्य कृषि उत्पादनका लागि साना किसानहरूमा प्रवाह गर्नेगरेको छ। हाम्रो सहकारी संस्थाका सदस्यका रूपमा रहेका हजारौं साना किसानहरू यस किसिमको कर्जा उपभोग गरेर लाभान्वित भैसकेका र भइरहेका छन्।

## बागमती प्रदेश




### महेश्वर सुवेदी
*अध्यक्ष : साना किसान कृषि सहकारी संस्था लि.*
*वज्रबाराही, मकवानपुर*


हाम्रो सहकारी संस्था २०६३ असारमा दर्ता भएदेखि नै हामी साना किसान विकास लघुवित्त वित्तीय संस्थासँग जोडिएका हौं। २०७६ पुष मसान्तको विवरण अनुसार यस सहकारी संस्थाले त्यस वित्तीय संस्थाबाट प्राप्तगरेको थोककर्जा रू.८ करोड रहेको छ भने हालसम्म सो वित्तीय संस्थाबाट रू. ६४ करोड कर्जा हाम्रो सहकारी संस्थाले उपयोग गरिसकेको छ।

कर्जाबाहेक हाम्रो संस्थालाई आवश्यक पर्ने अन्य सेवा र सुविधा पनि यो वित्तीय संस्थाले उपलब्ध गराउँदैआएको छ। सामाजिक सामुदायिक कार्यक्रम अन्तर्गत केही आर्थिक सहयोग पनि हामीले पाउनेगरेका छौ। यस किसिमको सहयोगबाट पुलपुलेसा तयार गर्ने, खानेपानीको व्यवस्था गर्ने, तर्कारी सङ्कलन केन्द्र निर्माण गर्नेलगायतका कामहरू हामीले गर्नपाएका छौं। यसबाट हाम्रा कृषक सदस्यहरू केही मात्रामा लाभान्वित हुनपाएका छन्।

हाम्रो यस सहकारी संस्थाको भवन निर्माण गर्दा पनि त्यस वित्तीय संस्थाले केही रकम आर्थिक सहयोग गरेको थियो। कहिले वित्तीय सुशासन सम्बन्धी, कहिले सहकारी व्यवस्थापन सम्बन्धी अनि कहिले लेखा व्यवस्थापन सम्बन्धी तालिममा यस संस्थाका सदस्य एवम् पदाधिकारीहरूलाई आमन्त्रण गरेर ती विषयहरूमा आफ्नो ज्ञानलाई विस्तार गर्ने अवसर समेत यस संस्थाले हामीलाई प्रदान गरेको छ। त्यस वित्तीय संस्थाबाट आयोजना गरिएको पशु स्वास्थ्य सम्बन्धी तालिमबाट भने यस सहकारीका सदस्यहरू अलि ज्यादै लाभान्वित हुनपुगेका छन्। यसैगरी सो वित्तीय संस्थामार्फत यस सहकारी संस्थाका १८ जना युवा कृषकहरूले इजरायलमा गएर कृषि तालिम लिने अवसर पाइसकेका छन्। तीमध्ये १५ जना स्वदेशमा फर्केर कृषि इलम गरेर बसेका छन् भने बाँकी ३ जना तालिम लिइरहेका छन्।

विभिन्न खालका तालिमका अवसरलाई अझ व्यापक पार्नुका साथै हामीलाई प्रदान गरिने थोककर्जाको ब्याजदरमा केही कम गरिदिए यसबाट अन्ततः साना किसानहरू नै लाभान्वित हुन सक्ने थिए। किसानका लागि नेपाल सरकारले पनि विभिन्न सहयोगका कार्यक्रम अगाडि सारेको सुन्नेगरिन्छ। इजरायलमा पुगी कृषि तालिम सम्पन्न गरेर फर्केका तन्नेरी किसानलाई त्यस्ता सहुलियतपूर्ण कर्जा कार्यक्रममा जोड्न सके त्यस्ता कार्यक्रमको प्रभावकारिता अझ बढ्न जाने देखिन्छ। यसका लागि पनि साना किसान विकास लघुवित्त वित्तीय संस्थाले किसान र सरकारको बिचमा रहेर समन्वयकारी भूमिका निर्वाह गरिरहनुपर्छ भन्ने हाम्रो सुझाव छ।

## गण्डकी प्रदेश




### सविना अधिकारी
*अध्यक्ष : साना किसान कृषि सहकारी संस्था लि.*
*कुमारवर्ती, कावासोती नगरपालिका १७*


साना किसान कृषि सहकारी संस्था लि. कुमारवर्तीको स्थापना २०६१ सालमा भयो । यस सहकारी संस्थाले स्थापनाकालदेखि नै साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट विभिन्न खालका साथ सहयोग प्राप्त गरिआएको छ । बुटवलमा रहेको त्यस वित्तीय संस्थाको इलाका कार्यलयमार्फत हामीले कर्जालगायतका विभिन्न सेवाहरू प्राप्त गर्नेगरेका छौँ । त्यस वित्तीय संस्थाबाट हाम्रो सहकारीलाई आवश्यक पर्ने थोककर्जा सजिलै पाउनेगरेका छौँ । २०७६ पुष मसान्तमा यस सहकारी संस्थले कुल ३१ करोड ४५ लाख रूपैयाँ कर्जा प्रवाह गरेको छ । यसमध्येको रू.१८ करोड , अर्थात् ५७.२३ प्रतिशत अंश साना किसान लघुवित्त वित्तीय संस्थाबाट प्राप्त थोककर्जाको रहेको छ ।

त्यस वित्तीय संस्थाबाट थोककर्जाका साथै विभिन्न किसिमका तालिमका अवसरहरू पनि हाम्रो सहकारीका सदस्यहरूले पाउनेगरेका छन् । कतिपय तालिममा त,अध्यक्षको रूपमा सहभागी हुन म स्वयं पनि काठमाडौं पुगेकी छु । यसैगरी कहिले संस्थाका व्यवस्थापकका लागि त कहिले कर्मचारीका लागि यस्ता गोष्ठीहरू आयोजना गरेर हामीलाई आमन्त्रण गरिन्छ । त्यस्ता तालिमबाट पशुबिमाको आवश्यक्ता र बिमा कसरी गर्ने, गाई तथा बाखाका लागि गोठको सुधार कुन रूपमा गर्ने ? आदिजस्ता विषयमा यस सहकारीका सदस्यहरूले आफ्नो क्षमता विकास गर्नपाएका र आफ्नो व्यवसायलाई वढाउन सकेका छन् । किसानका उत्पादनलाई प्रशोधन गर्न हाम्रो सहकारी स्वयंले सानो मिल पनि सञ्चालन गरेको छ । यस कार्यका लागि पनि हामीलाई प्रोत्साहित गर्दै उक्त वित्तीय संस्थाले आर्थिक सहयोग गरेको थियो । हाम्रो सहकारीका लागि कार्यालय भवन बनाउदा पनि केही आर्थिक सहयोग त्यहाँबाट पाइयो ।

ज्ञान र अनुभवको कमी रहेका हामीजस्ता सहकारीकर्मीले सञ्चालन गरेका सहकारीमा निरीक्षण तथा अनुगमन अलि बाक्लै भैदिए अझ प्रभावकारी सेवा प्रदान गर्न सक्ने थियौं र कुनै समस्या भए बेलैमा सच्याउने प्रयत्न गर्न सक्नेथियौं । किसानलाई सरकारले अनुदान पनि दिनेगरेको कुरा सुनेका छौँ । तर हामीले त्यो अनुभूति गर्न पाएका छैनौं । साना किसानकै हितका लागि संरक्षक भएर रहेको यस वित्तीय संस्थाले सरकारका लागि सहजीकरण गरिदिएर त्यस्तो सुविधा साना किसानसमक्ष ल्याइपुऱ्याउन महत्वपूर्ण भूमिका खेल्नुपर्छ भन्ने हाम्रो सुझाव छ ।

## प्रदेश ५




### हरिप्रसाद छन्तेल
*अध्यक्ष : साना किसान कृषि सहकारी संस्था लि.*
*वडागाउँ, गुल्मी*


साना किसान कृषि सहकारी संस्था लि. बडागाउँ २०६१ सालमा दर्ता भई सञ्चालन हुन थालेदेखि नै हामी संस्थागत रूपमा साना किसान विकास लघुवित्त वित्तीय संस्थासँग आबद्ध छौँ । यस वित्तीय संस्थाले स्थापनाकालदेखि आजसम्म हामीलाई निरन्तर रूपमा सघाउ पुऱ्याउने काम गरिआएको छ । यो वित्तीय संस्था हाम्रो सहकारीको सबैभन्दा नजिकको अभिभावक हो । यसले हामीलाई निम्न दुई किसिमबाट सहयोग गर्नेगरेको छ । (क) कर्जा प्रदायक संस्थाको रूपमा ( ख) मार्गदर्शक एवम् सामाजिक साझेदारको रूपमा

### कर्जा सम्बन्धी सहयोगतर्फ

हाम्रो सहकारीले कारोबार आरम्भ गरेको वर्षदेखि आजसम्ममा त्यस वित्तीय संस्थाबाट कुल १७ करोड रूपैयाँको थोककर्जा प्राप्त गरिसकेको छ । हाल यस सहकारीबाट लगानीमा रहिरहेको कर्जा रू. दस करोड छ । यसमध्येको एक करोड ९३ लाख साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट प्राप्त कर्जा रकम हो । सो वित्तीय संस्थाबाट प्राप्त थोककर्जामध्ये धेरैजसो रकम हामीले बाखापालन र भैसीपालनजस्ता परियोजनाका लागि सदस्य ऋणीलाई प्रदान गर्नेगरेका छौँ । बाँकी केही अंशचैं तरकारीखेती र अन्नबालीजस्ता परियोजनाका लागि प्रवाह गर्नेगरेका छौँ । त्यस वित्तीय संस्थाबाट नियमित कर्जाबाहेक सहुलियतपूर्ण कर्जा पनि बेलाबेलामा पाउनेगरेका छौँ । शुरुका दिनमा मासुजन्य परियोजनाका लागि भनेर ५ प्रतिशत ब्याजमा पनि केही रकम हामीले पाएका थियौं । यस्तो सरल ब्याजदरको ऋणबाट त्यतिबेला हाम्रा धेरै किसानहरू लाभन्वित भएका थिए ।

### कर्जा बाहेकका सहयोगतर्फ

त्यस वित्तीय संस्थाबाट हाम्रो सहकारीको अनुगमन र निरीक्षण समेत हुनेगरेको छ । यस किसिमको निरीक्षणबाट नियम कानून नमिलेका कतिपय विषयमा मूल्यवान सुझाव र यथोचित सल्लाह पाउने गरिएको छ । यसैगरी विद्यालयको फर्निचर बनाउने कामका लागि, कुलो बनाउन, तरकारी खेतीका लागि सिँचाई गर्न शुरुका वर्षमा ठूलो रकम अनुदानको रूपमा पायौं । यही वर्ष पनि हामीले ५० हजार रुपैयाँ किसानको सिप विकासका लागि पायौँ । यो रकमबाट हामीले १०० जनालाई प्रशिक्षित गऱ्यौ । त्यस संस्थाको पहलमा हाम्रो संस्थाबाट एकजनाले इजरायलमा गएर कृषि तालिम लिने अवसर पनि पाएका छन् ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था हाम्रो मार्गदर्शक हो । त्यसैले न्यूनतम पनि अर्धवार्षिक रूपमा सो संस्थाबाट अनुगमन हुनसकोस् भन्ने हाम्रो आग्रह छ । यसो हुन सके कुनै त्रुटीहरू भएमा बेलैमा त्यो थाहा हुन्छ र सुधारको प्रक्रिया समयमै आरम्भ गर्न सकिन्छ ।

## कर्णाली प्रदेश



**शेरबहादुर परियार**
*अध्यक्ष : लेखफर्सा साना किसान सहकारी संस्था लि.*
*सुर्खेत*

हाम्रो सहकारी संस्था विगत १४ वर्षदेखि साना किसान विकास लघुवित्त वित्तीय संस्थासँग जोडिएको छ। २०६२ सालमा लेखफर्सा साना किसान कृषि सहकारी संस्था दर्ता भएर सञ्चालनमा आएदेखि नै त्यस वित्तीय संस्थाको माया र संरक्षण हाम्रो संस्थालाई प्राप्त छ। हाम्रो नजिकमा रहेको त्यस वित्तीय संस्थाको सुर्खेतस्थित इलाका कार्यालयमार्फत हामीलाई थोककर्जाको सेवा प्राप्त हुनेगरेको छ । स्थापनाकालदेखि आजसम्ममा यस सहकारी संस्थाले साना किसान विकास लघुवित्त वित्तीय संस्थासँग रू २० करोड थोककर्जा उपभोग गरिसकेको छ । हाल ( २०७६ पुष मसान्तमा) हामीले यस वित्तीय संस्थाबाट उपयोग गरिराखेको कर्जा ६ करोड रूपैयाँ रहेको छ ।

त्यस वित्तीय संस्थाबाट थोककर्जाबाहेक पनि विभिन्न किसिमका सेवाहरू यस सहकारीले प्राप्त गरेको छ । कहिले कर्मचारीका लागि त, कहिले सञ्चालकका लागि भनेर तालिममा सहभागी हुने अवसर त्यस वित्तीय संस्थाले हामीलाई दिनेगरेको छ । विभिन्न समयमा सम्पन्न त्यस्ता तालिमबाट वित्तीय साक्षरता कसरी विस्तार गर्ने ? सहकारी सम्बन्धी शिक्षा र ज्ञानलाई कसरी अभिवृद्धि गर्ने ? ऋणी सदस्यले गर्नेगरेको तर्कारी खेतीलाई कसरी बढी व्यावसायिक तुल्याउने ? पशुपालन र दाना व्यवस्थापन कसरी गर्ने ? आदिजस्ता विषयमा यस सहकारीका सदस्यहरूले आफ्नो ज्ञान र क्षमतालाई विस्तार गर्नसकेका छन् । यस सहकारीका ९ जना सदस्यले हालसम्म इजरायलमा गएर कृषि तालिम लिने अवसरसमेत त्यस संस्थाको सहयोगबाट पाइसकेका छन् ।

यो वित्तीय संस्थाले यस किसिमका क्षमता विकास सम्बन्धी तालिमका साथै यस सहकारी संस्थालाई आवश्यक पर्ने वित्तीय स्रोत प्रदान गर्ने काम निरन्तर गरिरहनुपर्छ भन्ने हाम्रो सुझाव छ ।

## सुदूरपश्चिम प्रदेश



**पद्मराज रिजाल**
*अध्यक्ष : साना किसान कृषि सहकारी संस्था लि.*
*बौनिया, कैलाली*

साना किसान कृषि सहकारी संस्था लि. बौनिया २०६४ साउनदेखि साना किसान विकास लघुवित्त वित्तीय संस्थासँग आबद्ध भएको हो । त्यस वित्तीय संस्थाबाट यो सहकारी संस्थाले निम्नानुसार पाँच किसिमका सेवाहरू निरन्तर रूपमा पाउने गरेको छ ।

१) ऋणी सदस्यलाई कर्जा लगानी गर्न आवश्यक पर्ने स्रोत अर्थात् थोककर्जा ।
२) साना किसानको सङ्गठन निर्माण सम्बन्धी सल्लाह एवम् सहजीकरण ।
३) तालिम तथा भ्रमणको अवसर ।
४) अनुगमन एवम् निरीक्षण ।
५) सामाजिक / सामुदायिक सेवा ।
६) अन्य ।

यीमध्ये हाम्रो सहकारी संस्थाले निम्न सहयोग निम्नानुसार पाएको छ ।

### थोककर्जातर्फ

यस सहकारीको स्थापनाकालदेखि नै कर्जा लगानीको लागि आवश्यक स्रोतका लागि हामी यस वित्तीय संस्थासँग निर्भर रहनेगरेका छौं । लगानीको लागि नपुग स्रोतको खाँचो यही संस्थाले पूरा गरिदिने गरेको छ । लघु उद्यम तथा व्यवसायको लागि लघुकर्जा, पशुपालनका लागि पशुपालन कर्जा, विद्युत नपुगेको ठाउँका लागि वैकल्पिक ऊर्जा कर्जा, तरकारी खेतीलाई व्यावसायिक तुल्याउन तरकारीखेती कर्जा आदिलगायतका शीर्षकहरूमा हामीले यस वित्तीय संस्थाबाट थोककर्जा प्राप्त गर्नेगरेका छौं । हालसम्म ६० करोड रूपैयाँभन्दा ज्यादा थोककर्जा यस वित्तीय संस्थाबाट हाम्रो सहकारीले प्राप्त गरिसकेको छ ।

### सङ्गठन निर्माणतर्फ

गाउँगाउँमा छरिएर रहेका सीमान्तकृत साना तथा भूमिहिन किसानलाई एक घर एक सदस्य अभियान अन्तर्गत साना किसानको आफ्नै संस्था निर्माण गर्न सहयोग प्राप्त हुनेगरेको छ ।

### तालिम तथा भ्रमणतर्फ

त्यस वित्तीय संस्थामार्फत कहिले संस्था सञ्चालन विषयमा, कहिले लेखा समितिलाई चुस्ता तुल्याउने सम्बन्धमा, कहिले कर्जा व्यवस्थापन सम्बन्धमा, कहिले पशुधन सुरक्षण सम्बन्धमा, कहिले संस्थागत सुशासन सम्बन्धमा अनि कहिलेचैं व्यावसायिक योजना निर्माण सम्बन्धमा विभिन्न किसिमका तालिमहरू त्यस वित्तीय संस्थाबाट हामीले पाउनेगरेका छौं । यसबाहेक सहकारी संस्थाका सञ्चालक एवम् कर्मचारीहरूलाई अवलोकन भ्रमणसमेत यदाकदा गराउने गरिएको छ ।

### अनुगमन एवम् निरीक्षणतर्फ

साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट यस सहकारीमा नियमित तथा आकस्मिक रूपमा निरीक्षण एवम् सुपरिवेक्षण हुनेगरेको छ। यस्तो अनुगमनसँगै महत्वपूर्ण सुझाव समेत त्यस वित्तीय संस्थाबाट हामीले पाउनेगरेका छौं ।

### सामाजिक एवम् सामुदायिक सेवातर्फ

विभिन्न किसिमका सामाजिक र सामुदायिक कामका लागि पनि हामीलाई त्यस वित्तीय संस्थाले सहयोग गर्नेगरेको छ । हाम्रो कार्यालय भवन निर्माणदेखि लिएर ग्रावेल सडक तयार गर्नेसम्मका काममा यस वित्तीय संस्थाको सहयोग हामीलाई प्राप्त छ । यसैगरी पाठापाठी साटासाट अभियानदेखि लिएर धारा ट्याङ्की वितरणसम्मका कार्यक्रमहरू ल्याएर त्यस संस्थाले हामीलाई सहयोग गर्नेगरेको छ ।

### अन्य सेवा

यसबाहेक कृषि सहकारीका सदस्यहरूलाई छनौटको आधारमा कृषि प्रशिक्षणका लागि इजरायलयका विभिन्न कलेजहरूमा लैजाने र उनीहरूलाई कृषिकर्ममा केही हदसम्म दीक्षित बनाएर ल्याउनेसम्मका सेवा साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट प्राप्त हुनेगरेको छ। हाम्रो यस सहकारी संस्थाको तर्फबाट मात्र १७ जना साना किसान प्रशिक्षणका लागि छनौट भई इजरायलबाट कृषि तालिम सम्पन्न गरी फर्किसकेका छन् भने ३ जना तालिम लिइरहेका छन् । यसैगरी यस वित्तीय संस्थाले गर्नेगरेको जिल्लास्तरीय समीक्षा कार्यक्रमहरूका माध्यमबाट समेत हाम्रो सहकारी संस्था लाभान्वित हुनपाएको छ ।

*सामग्री संयोजन : गोकुल चन्द्र अधिकारी*

# इजरायल पुगेर मैले के सिकें? : साना किसान कृषि प्रशिक्षार्थीहरुको अनुभव

(साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले तन्नेरी उमेरका साना किसानलाई इजरायलका विभिन्न कृषि कलेजहरूमार्फत कृषिसम्बन्धी सैद्धान्तिक र व्यावहारिक तालिम प्रदान गर्ने काम विगत ७ वर्षदेखि नियमितरूपमा गर्नेगरेको छ । यस वित्तीय संस्थासँग सहकार्य गरिरहेका मुलुकका जुनसुकै साना किसान कृषि सहकारी संस्थाका सदस्य किसानहरू यस प्रशिक्षण कार्यमा संलग्न हुन पाउछन् । उक्त कार्यक्रमअन्तर्गत यस वित्तीय संस्थाको तर्फबाट छनौट भई कूल ३ हजार १ सय ६१ जना साना किसानहरूले हालसम्म प्रशिक्षण लिइसकेका छन् भने ४ सय ८४ जना युवा किसानहरू यतिबेला इजरायलका विभिन्न कलेजहरूमा तालिम लिइरहेका छन् । तालिम सम्पन्न गरेर फर्केपछि उनीहरू आफूले पाएको ज्ञानको उपयोग गर्दै आधुनिक ढङ्गबाट कृषि व्यवसाय गर्नेगर्छन् । यसरी इजरायल पुगेका हाम्रा युवा किसानहरूले एक वर्षसम्मको तालिम अवधिमा के के सिके ? कृषि सम्बन्धी प्राविधिक ज्ञानदेखि बाहेक अरू केकस्ता व्यावसायिक संस्कारहरू देख्न र जान्न पाए ? त्यहाँ पुग्नु अगाडि र फर्केर आएपछि उनीहरूको दृष्टिकोणमा कस्तो परिवर्तन आयो त ? त्यहाँबाट प्रशिक्षण लिएर फर्केका कृषकहरूमध्ये सातै प्रदेशबाट प्रतिनिधिमूलक रूपमा एकएक व्यक्ति हामीले छनौट गरेका थियौँ । प्रस्तुत छ , "इजरायल पुगेर मैले के जानेँ ?" भन्ने विषयमा यस विशेषाङ्कका अतिथि सम्पादक गोकुल चन्द्र अधिकारीले तयार पार्नुभएको उनीहरूसँगको कुराकानीमा आधारित सामग्री )

## प्रदेश १



**प्रवीण राजवंशी**
*रङ्गेली नगरपालिका-१ मोरङ*
*प्रदेश नम्बर-१*

सन् २०१५ मा मलाई कृषि सम्बन्धी तालिमका लागि इजरायल जाने मौका प्राप्त भयो । त्यहाँ पुगेर मैले एघार महिनाको तालिम लिएँ । इजरायलमा रहेको किन्नरेट कलेजबाट केही सैद्धान्तिक ज्ञान प्राप्त हुनुको साथै जोर्डनभ्यालीमा रहेको चिकिलिवाइज नामको कृषिफर्ममा संलग्न भई व्यवहारिक ज्ञान प्राप्त गर्ने अवसर समेत मलाई मिल्यो । सो कृषिफर्मभित्र रहेर मैले टमाटर उत्पादन सम्बन्धी ज्ञान विशेष रूपले प्राप्त गरें । साना किसान विकास लघुवित्त वित्तीय संस्थामार्फत मलाई यो अवसर प्राप्त भयो ।

इजरायलमा पुगेर मैले समयको महत्वलाई बुझ्ने मौका पाएँ । दैनिक न्यूनतम पनि १० घन्टा काम गर्ने बानी परेर फर्किएँ । जुन काम गर्ने हो त्यसमा मात्र केन्द्रित हुनुपर्ने रहेछ । अर्थात् काम फेरिरहनुभन्दा एउटै कामलाई मात्र प्राथमिकतामा राखेर गर्नुपर्ने रहेछ , अनि मात्र सफल हुनसकिने रहेछ भन्ने पाठ राम्रैसँग पढेर फर्किएँ । त्यहाँ त, मालिकहरू स्वयं पनि डटेर काम गर्दारहेछन् । यसरी काम गर्दा उनीहरूलाई लाज लाग्दो रहेनछ । त्यहाँ इमान्दारीपूर्वक काम गर्नेलाई छोराछोरी सरह माया गर्ने अनि काम बिगारेमा मनोवैज्ञानिक ढङ्गले सजाय दिने चलन रहेछ । उनीहरूको काम लगाउने यो तरिकाबाट पनि म निकै प्रभावित भएको छु ।

इजरायलको उक्त प्रशिक्षणबाट थोरै पानी र सानो आकारको जमीनबाट पनि धेरै उत्पादन कसरी गर्न सकिन्छ भन्ने कुराको समेत ज्ञान भयो । मेरो घर (वियाविर्ता)भन्दा पूर्व रहेको नहरबाट प्राप्त हुने पानी मेरो खेतका लागि पहिले पर्याप्त थिएन । अहिले त्यति नै पानीले पहिलेभन्दा ज्यादा तर्कारी उमार्न सक्ने भएको छु । बिरुवालाई चाहिनेजति मात्र पानीको उपयोग गर्नसक्ने भएको छु । यो नै इजरायलबाट मैले पाएको सबैभन्दा महत्वपूर्ण ज्ञान हो । हाल म मोरङ जिल्लाको रङ्गेली नगरपालिका वडा नम्बर १ मा प्लास्टिकघरभित्र बेमौसमी तर्कारी खेती गरेर इजारायलबाट प्राप्त ज्ञानलाई उपयोग गर्ने प्रयत्न गरिरहेको छु ।

## प्रदेश २



**राकेश कुमर महतो**
*नक्टाझिझ, धनुषा*
*प्रदेश नम्बर २*

म कृषि तालिमसँगै पाइने थोरै पारिश्रमिकले समेत लोभिएर इजरायल गएको थिएँ । तर फर्किदा पैसाको थैलीभन्दा पनि ज्ञान र चेतनाको थैलीचैं धेरै भरिएछ । "नेपालमै कृषि व्यवसाय गरेर राम्ररी बाँच्नसकिन्छ, पैसाकै लागि भनेर विदेशिनुपर्ने रहेनछ " भन्ने ज्ञान राम्रैसँग बोकेर फर्किएँ ।

म सन् २०१८ मा त्यहाँको किन्नरेट कलेजमा कृषि सम्बन्धी तालिमका लागि गएको थिएँ । कलेजले केही सैद्धान्तिक ज्ञान दियो भने त्यहाँको कार्मेल कृषिफर्मले व्यवहारिक ज्ञान प्राप्त गर्ने अवसर प्रदान गऱ्यो । धनुषाको नक्टाझिझमा रहेको साना किसान कृषि सहकारी संस्थाबाट छनौट भई साना किसान बैंकमार्फत इजरायल पुग्ने अवसर मलाई प्राप्त भयो । त्यहाँ पुगेपछि समयको महत्व बुझ्ने अवसर पाएँ । आफ्नो गाउँमा रहँदा बिहान ८ बजेपछि मात्र काममा जाने गरिएकोमा त्यहाँ रहँदा मिर्मिरे उज्यालो भएदेखि बेलुका अबेरसम्म काम गर्न अभ्यस्त भएँ ।

त्यहाँको कृषिफर्ममा रहँदा तर्कारीको बेर्ना हुर्काउने विषयमा उच्चस्तरको ज्ञान आर्जन गर्ने मौका प्राप्त भयो । थोपा सिँचाई सम्बन्धी प्रविधि मैले नदेखेको र नजानेको विषय हो । त्यहाँ पुगेर यो नयाँ पद्धति सिक्न र जान्न पाएँ । ग्रीनहाउस सम्बन्धी प्रविधिबारे पनि परिचित हुने अवसर मिल्यो । अब म आफूले गर्नेगरेको कृषिवालीलाई पनि ग्रीनहाउस प्रविधिमा लाने विचार गर्दैछु ।

## बागमती प्रदेश



### राजेन्द्र ढुङ्गाना

*बछ्यौली, चितवन*
*बागमती प्रदेश*

चितवन जिल्लामा रहेको साना किसान कृषि सहकारी संस्था लि. बछ्यौलीमार्फत छनौट भई मैले पनि इजरायलमा पुगेर एक वर्षसम्म कृषिसम्बन्धी प्रशिक्षण कार्यमा सहभागी हुने अवसर पाएँ । त्यहाँको आस्कलन कलेजबाट मैले सैद्धान्तिक ज्ञान पाउनुको साथै ग्लीक्सम्यान इन्भेष्टमेन्ट ग्रुपले सञ्चालन गरेको पोल्टीफर्ममा रहेर कुखुरापालन सम्बन्धी व्यावहारिक ज्ञान समेत प्राप्त गर्ने मौका मलाई मिल्यो ।

नेपालमा त, ससाना पोल्ट्रीफर्महरूमात्र देखेको थिएँ। त्यहाँ पुगेपछि तीन, चार लाख कुखुरा भएको संसारकै प्रसिद्ध पोल्टीफर्ममा संलग्न भएर यस सम्बन्धी धेरै कुरा देख्न र जान्न पाएँ। संभवतः विश्वकै सबैभन्दा ज्यादा अण्डा उत्पादन गर्ने फर्मको रूपमा परिचित यस कम्पनीमा रहेर काम गर्ने अवसर मलाई प्राप्त भयो । फर्मभित्र रहँदा कुखुरालाई भ्याक्सिन लगाउने काममा मलाई धेरै संलग्न गाइएको हुँदा यही भ्याक्सिन सम्बन्धी ज्ञान विशेष रूपमा सँगालेर म नेपाल फर्किएँ। यसबाहेक अरू पनि केही कृषि फर्म अवलोकन गर्ने अवसर मलाई प्राप्त भयो । जसबाट कृषि सम्बन्धी मेरो सोचाई र दृष्टिकोण अझ फराकिलो हुनपुग्यो ।

काममा केन्द्रित हुँदैजाँदा एक सेकेण्ड समयको पनि महत्व हुँदोरहेछ भन्ने समेत बुझियो। यसैगरी कुनैपनि काम सानो वा ठूलो हुँदोरहेनछ, काम भनेको कामै हो , जस्तोसुकै काम गर्दा पनि यसबाट पाइने ज्ञान मेरो आफ्नैलागि हो,अरुका लागि होइन भनी सोचेर गर्नुपर्ने रहेछ भन्ने पनि जानें ।

त्यहाँ उत्पादनको मूल्य किसान स्वयंले निर्धारण गर्नेरहेछन् । यहाँको जस्तो बिचौलियाले निर्धारण गर्ने रहेनछन् । यो पनि मेरा लागि नयाँ अनुभव थियो । आफ्नो भूभागको खासखास क्षेत्र खासखास कृषि उत्पादनको लागि छुट्याउनुपर्ने रहेछ र सरकारले त्यसका लागि नीति निर्धारण गर्नुपर्ने रहेछ भन्ने पनि इजरायलको एक वर्षे प्रशिक्षणका क्रममा जानकारी भयो । हाल म यहीँ चितवनमा कुखुरापालनको साथै बाखापालनको समेत काम गरिरहेको छु ।

## गण्डकी प्रदेश




### शिव कुमार आले

*भिमाद, तनहुँ*
*गण्डकी प्रदेश*

इजरायलको रामात नेगेभ कृषि तालिम केन्द्रमा पुगेर १० महिनासम्म कृषि सम्बन्धी तालिम लिने अवसर मलाई साना किसान विकास बैंकको माध्यमबाट सन् २०१७ मा प्राप्त भयो । त्यहाँबाट फर्किएपछि यस क्षेत्रमा काम गर्ने मेरो हौसला पनि बढ्यो । इजरायलमा रहेर तालिम लिने क्रममा मैले व्यवस्थित तरिकाले बाखा पालन गरिरहेका धेरैवटा फर्महरू हेर्ने मौका प्राप्त गरें। यसबाट मलाई केही मात्रामा व्यावसायिक ज्ञानसमेत प्राप्त भयो । बाखा पालेर पनि पर्यटकलाई आकर्षित गर्न सकिदोरहेछ भन्ने थाहा पाएँ। घाँस नै नभएको मरूभूमिमा पनि त्यति धेरै बाखा पालिन्छ र पर्यटकलाई लोभ्याउन सकिन्छ भने मेरो देश जहाँ लहलह घाँस उम्रन्छ त्यहाँ त, झन् राम्रोसँग यस्तो व्यवसाय गर्न सकिन्छ भन्ने आत्मविश्वास जागृत भयो ।

मैले स्थापना गरेको बाखाफर्म अहिले मेरो गाउँका ७७ घरधूरीका बाखापालक किसानको स्रोत केन्द्र बनेको छ। कसैकसैले त,यो फर्मलाई निजी र सामुदायिक लगानीमा सञ्चालित नेपालको नमूना बोयर बाखा फर्म पनि भन्नेगर्छन्। इजरायलबाट मैले प्राप्त गरेको ज्ञानलाई उपयोग गर्दै म अब कृषिलाई पर्यटनसँग आबद्ध गर्ने प्रयत्नमा लागेको छु।

## प्रदेश ५



### अनन्त न्यौपाने

*मधवलीया, रुपन्देही*
*प्रदेश नम्बर ५*

रुपन्देही जिल्लामा रहेको साना किसान कृषि सहकारी संस्था लि. मधबीलयाबाट सन् २०१८मा छनौट भई मैले इजरायलमा पुगेर एघार महिनाको कृषि तालिम लिने अवसर प्राप्त गरें । त्यहाँको "रामातनेगेभ"नामको कलेजले मलाई सैद्धान्तिक र व्यावहारिक दुबै किसिमको ज्ञान दियो। एघार महिनाको प्रशिक्षण अवधिमा व्यावहारिक ज्ञानका लागि मलाई उक्त कलेजले इजरायलमा रहेको 'जीमान कृषि फर्म'मा पुऱ्यायो अनि सोही फर्मभित्र रहेर टमाटरखेतीमा संलग्न हुने अवसर प्रदान गऱ्यो ।

नेपालमा रहँदा दुःख के हो भन्ने बुझेको थिइन । यहाँ त, अल्छी लागेमा गरिरहेको काम छाडेर हिंड्दा पनि हुन्थ्यो । त्यहाँ पुगेपछि दस बाह्रघन्टासम्म खटेर काम गर्ने बानी परें । त्यो बानीले अहिले मलाई धेरै सघाउ पुऱ्याएको छ । यसलाई म इजरायलले मलाई सिकाएको असल अभ्यास हो भन्नेगर्छु। खटेर काम गर्दा प्रतिफल पनि आकर्षक हुँदोरहेछ, कृषि कार्यमा प्रविधिको प्रयोग जथाभावीरूपमा गर्न नहुने रहेछ , मल बिउको प्रयोग गर्दा धेरै कुरा बुझेर त्यस ठाउँको माटो र हावापानी सुहाउँदो हुनेगरी गर्नुपर्दोरहेछ भन्ने कुरा राम्ररी बुझ्ने अवसर पाएँ। ग्रीनहाउस बनाएर बेमौसमी तर्कारी राम्ररी उत्पादन गर्न सकिदोरहेछ भन्ने पनि सिकें । पहिले कुनै नयाँ कृषि कार्य गर्दा आँट आउदैनथ्यो । सफल हुन सकिएला कि नसकिएला भनेर अलमलमा पर्नेगथैं । इजरायलबाट फर्केपछि जोखिम लिएरै भए पनि यस्ता कृषि कार्य गर्नुपर्ने रहेछ भन्ने आँट र हिम्मत पलाएको छ ।

## प्रदेश ५



### कञ्चन चौधरी
पाताभार,बर्दिया
प्रदेश नम्बर ५

बर्दिया जिल्लामा रहेको साना किसान कृषि सहकारी संस्था लि.पाताभारबाट छनौट भई सन् २०१८मा मैले इजरायलमा पुगेर कृषि तालिममा संलग्न हुने अवसर पाएँ। झन्डै एक वर्षसम्म त्यहाँ रहँदा मैले त्यहाँका मान्छेले गर्नेगरेको मेहनतलाई नजिकबाट हेर्न र देख्न पाएँ । त्यहाँका मान्छे त,विश्राम गर्नै जान्दैनन् भने पनि हुन्छ। हामीकहाँ व्यावसायिक फर्मको बोस वा म्यानेजरले अरुलाई अह्राउने, हप्काउने मात्र गरेको देखेको थिएँ। त्यहाँ त,उनीहरू आफैँ पनि काममा खटिरहँदारहेछन्। आफू पनि काम गर्ने र अरूलाई पनि गर्न लगाइरहँदा रहेछन्।

यसप्रकार मैले कृषिसम्बन्धी प्राविधिक ज्ञानभन्दा ज्यादा मेहनतपूर्वक कृषि कर्म गर्नुपर्ने रहेछ भन्ने विद्या इजरायलबाट सिकेँ। त्यहाँ पुगेपछि ठूलाठूला टनेल बनाएर खेती गरेको समेत देख्ने अवसर पाइयो । यो सबै देखेपछि नेपाल फर्किएर म पनि आधुनिक तरिकाले खेती गर्न सक्छु भन्ने आँट पलायो ।

इजरायलमा रहेको 'सेदोत नेगेभ! नामको कलेजले थोरै सैद्धान्तिक र धेरै व्यावहारिक ज्ञान प्रदान गऱ्यो । व्यावहारिक ज्ञानका लागि मलाई 'वेनी अभिटाक' नाम गरेको फर्ममा लगिएको थियो । त्यहाँ रहेर सुन्तला,प्याजलगायतका कृषि वस्तुहरूको प्याकेजिङ सम्बन्धी कामको अभ्यास गर्ने अवसर मैले प्राप्त गरेँ । बृहत् रूपमा उत्पादन हुने कृषि वस्तुको प्याकेजिङ आधुनिक मेशीनबाट कुन रूपमा कसरी गर्न सकिदोरहेछ भन्ने कुराको ज्ञान र जानकारी मलाई प्राप्त भयो। नेपाल फर्किएपछि अहिले म तर्कारीखेती र कुखुरा फर्मजस्ता कृषि पेशामा संलग्न छु। अहिले त,भर्खर अभ्यासकै चरणमा छु। इजरायलीहरूजस्तै मेहनतपूर्वक काम गर्दै जानेछु र भविष्यमा आफ्ना थोरै उत्पादनलाई पनि राम्ररी र आकर्षकरूपमा प्याकिङ गरेर बजारमा पठाउने छु।

## कर्णाली प्रदेश



### निशान चन्द
लाटिकोइली, सुर्खेत
कर्णाली प्रदेश

सुर्खेत जिल्लामा रहेको साना किसान कृषि सहकारी संस्था लि.लाटिकोइलीमार्फत छनौट भएर मैले इजरायल पुग्ने अवसर पाएँ । इजरायल बसाइको एक वर्षको अवधिमा मैले त्यहाँको रामात कलेजमार्फत च्यारन चेरी नाम गरेको कृषि फर्ममा पुगेर तर्कारीखेती सम्बन्धी केही व्यावहारिक ज्ञान प्राप्त गरेँ। च्यारन उक्त फर्मको बोसको नाम रहेछ र चेरी उनकी श्रीमतीको नाम।

तर्कारीखेतीमा त्यहाँ पनि यहींको जस्तो लौका, घिरौंला, भिन्दी, बोडी आदी फलाइदोरहेछ । त्यस्ता तर्कारीबाली यहाँ सानो आकारमा मात्र गरेको देखेको हुँ। त्यहाँ त,अत्यन्तै वृहत् आकारमा पो खेती गरिदोरहेछ। विषादीको प्रयोग जथाभावी गर्न नहुने,थोरै पानीलाई पनि व्यवस्थित रूपमा उपयोग गरेर धेरै उत्पादन गर्न सकिने, प्लास्टिक टनेलको उपयोग गर्न सकेमा रोगकीराको प्रकोपबाट बिरुवालाई जोगाउन सकिने आदिजस्ता ज्ञान इजरायलको उक्त तर्कारीफर्ममा रहँदा मैले राम्रोसँग पाएँ ।

यसैगरी व्यवस्थित तरिकाले खेती गर्न सके श्रम र समय पनि थोरै खर्च हुने अनि लागत कम पर्न गई उच्च आम्दानी हुनसक्ने रहेछ भन्ने पनि बुझ्ने अवसर पाएँ । असल प्रविधिकै अभावमा हाम्रा गाउँघरहरू पछि परेका रहेछन् भन्ने कुरा पनि मैले इजरायलमा पुगेपछि थाहा पाएँ । त्यस्ता केही प्रविधि भित्र्याउन सके हामी आफ्नो देशमा पनि कृषिबाट अहिलेभन्दा धेरै गुणा उत्पादन बढाउन सक्छौं जस्तो लाग्छ। यस किसिमको सोच मलाई इजरायलको त्यही कृषिफर्ममा रहेर प्रशिक्षण लिदैजाँदा प्राप्त भएको हो। यसैगरी एकछिन पनि खाली बस्नु हुँदैन र मेहनती बन्नुपर्छ भन्ने चेत पनि इजरायलबाट नेपाल फर्कदा मैले सिकी जानी ल्याएको महत्वपूर्ण कोसेली हो।

## सुदूरपश्चिम प्रदेश



### ईश्वरी खडायत
दैजी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश


कञ्चनपुर जिल्लामा रहेको साना किसान कृषि सहकारी संस्था लि. दैजीको माध्यमबाट छनौटमा परी मैले सन् २०१८मा कृषि सम्बन्धी तालिमका लागि इजरायल जाने अवसर पाएको हुँ । एघार महिनाको इजरायल बसाइमा कृषि प्रविधि सम्बन्धी केही व्यावहारिक ज्ञान आर्जन गर्ने मौका पाइयो। कृषि क्षेत्रमा प्रयोगमा आएका नयाँ नयाँ प्रविधिहरूलाई नजिकबाट हेर्न र बुझ्न पाइयो । यस्ता प्रविधिको प्रयोग गर्दैजाँदा थोरै पानीको प्रयोगबाट पनि माटोमा अवश्यक चिस्यान दिएर उच्च उत्पादन गर्न सकिदोरहेछ भन्ने ज्ञान प्रप्त भयो । थोरै श्रमशक्ति खर्च गरेर पनि धेरै उत्पादन गर्नसकिने तरिका थाहा भयो ।

त्यहाँ रहँदा सरकारले किसानलाई कसरी प्रोत्साहन गर्दोरहेछ भन्ने पनि जान्ने मौका पाइयो। इजरायलको सेदोतनेगेभ नामको कलेजले मलाई व्यावहारिक ज्ञानका लागि एउटा तर्कारी फर्ममा पठायो। राखामीम हर्ब्स नामक उक्त फर्ममा रहेर मैले आधुनिक तरिकाले तर्कारी खेती कसरी गरिदोरहेछ भन्ने देख्न पाएँ। नेपालमा मैले देखेजानेको र त्यहाँको खेती गर्ने तरिकामा साह्रै ठूलो फरक रहेछ।


इजरायल जानु अगाडि पढेलेखेका मान्छेले खेतीपाती वा कृषि पेशा गर्नुहुँदैन भन्ने लाग्थ्यो। उताबाट फर्केपछि मेरो त्यो सोचाई र दृष्टिकोण पनि फेरिएको छ । त्यहाँ त, हाम्रोभन्दा कम उर्वर भूभागमा पानी पनि थोरै मात्र प्रयोग गरेर पनि धेरै उत्पादन गर्दारहेछन्। हामीकहाँ जहाँको माटो पनि उर्वर छ अनि पानी पनि प्रशस्त छ , यस्तो भूभागमा त्यस किसिमको मेहनत गर्न सके त्योभन्दा धेरै उत्पादन गर्न सक्नेछौं। अब म त्यहाँ पाएको ज्ञानलाई यहाँ उपयोग गर्ने तर्खर गरिरहेको छु।

# तथ्यहरूमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

## आबद्ध संस्था सङ्ख्या





## आबद्ध संस्थामा सदस्य सङ्ख्या





## लगानीमा रहिरहेको कर्जा

रकम रु लाखमा





## ब्याज आम्दानी, ब्याज खर्च, कर्मचारी प्रशासनिक खर्च र खुद नाफा


रकम रु करोडमा




## वित्तीय संस्थाको लररमा भाका नाघेको ऋणको प्रतिशत




## वित्तीय संस्थाले लिएको ऋण सापटीको अवस्था





## प्रदेश अनुसार आबद्ध संस्था सङ्ख्या

(२०७६ असार सम्म)





## प्रदेश अनुसार सेवा पुगेको पालिका सङ्ख्या


(२०७६ असार सम्म)




## पुंजीको संरचना




## वित्तीय स्रोतको अवस्था



# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

## केन्द्रीय कार्यालय

सुविधानगर, तिनकुने, काठमाडौं

फोन : ०१–४१११७५२ / ४१११८२८

फ्याक्स : ०१–४१११९०१

इमेल : info@skbbl.com.np

वेभसाइट : www.skbbl.com.np

## इलाका कार्यालयहरू

| | | |
|---|---|---|
| विर्तामोड | फोन | : ०२३–५४२७२८ / ५४२१७३ |
| इटहरी | फोन | : ०२५–५८४३३४ / ५८८६०० |
| बर्दिबास | फोन | : ०४४–५५०४०३ |
| हेटौडा | फोन | : ०५७–५२५३८८ / ५२४१२२ |
| बुटवल | फोन | : ०७१–४२०५०० / ४२०५०१ |
| गजुरी | फोन | : ०१०–४०२०८० / ४०२११७ |
| पोखरा | फोन | : ०६१–५३८३३५ / ५३९४१३ |
| नेपालगञ्ज | फोन | : ०८१–४१५२९१ / ४१५१३६ |
| अत्तरिया | फोन | : ०९१–५५१३१८ |
| वीरेन्द्रनगर | फोन | : ०८३–५२३९२५ |
| बनेपा | फोन | : ०११–६६००९५ |

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**

**केन्द्रीय कार्यालय, सुविधानगर, काठमाडौं, नेपाल**

सुविधानगर, तिनकुने, काठमाडौं
फोन नं ०९७७-१-४१११७५२/ ४१११९२३/ ४१११८२८
email: info@skbbl.com.np
URL: skbbl.com.np

Design: www.colornpixel.com